२९३

# भक्तपुर

मासिक

Bhaktapur Monthly

चैत्र २०७७

ISSN 2705-4454




## अन्तर नगर बुद्धिचाल तथा नगरव्यापी विद्यालय खेलकुद प्रतियोगिता






नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ अन्तर नगर बुद्धिचाल तथा नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समुद्घाटन गर्नुहुँदै (फागुन २९ गते)




अन्तर नगर बुद्धिचाल तथा नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समापन समारोहका प्रमुख अतिथि नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालगायत मञ्चासीन अतिथिहरू (चैत्र ३ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक


जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #* ★ cÆ % ★ g]; ‡!!$! ★ lj÷; ‡@)&&r }| ★ A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

> ‘स्त्रीको अवस्थामा सुधार नहुन्जेलसम्म विश्व कल्याणको कुनै बाटो छैन । कुनै पंक्षीलाई एउटा पखेटाको सहारामा उडाउन नितान्त असंभव छ ।’ – विवेकानन्द

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भाषा र राजनीति | नारायणमान बिजुक्छेँ | ३ |
| २) | ‘महिलाहरूले पूँजीवादविरुद्ध लड्ने अठोट नगरेसम्म समाजमा परिवर्तन आउने छैन’ | सुनिल प्रजापति | ५ |
| ३) | मकवानपुर, विजयपुर र चौदण्डीका सेनवंशी राज्यहरू | डा. बलराम कायस्थ | ७ |
| ४) | ज्याप् जातिमा मृत्यु संस्कार | डा. हरिराम सुवाल | ११ |
| ५) | निद्रा | राजेन्द्रबहादुर कायष्ठ | १७ |
| ६) | प्राचीन नगरको नवीन अभ्यास | उपेन्द्र लामिछाने | १९ |
| ७) | क्युवाको प्राङ्गारिक कृषि प्रणाली– | सबिन ख्याजु | २३ |
| ८) | किम इल सङको संस्मरण : शताब्दीका साथ (५) | – | २६ |
| ९) | हेनरी किसिञ्जरको आँखामा चीन (३) | – | ३२ |
| १०) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ३७ |
| ११) | **अन्तर नगर बुद्धिचाल तथा नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता** | – | ४५ |
| १२) | नगरपालिका गतिविधि | – | ८० |
| १३) | प्रमुख सुनिल प्रजापति विभिन्न स्थानीय तहसँग अनुभव आदान प्रदानमा | – | ९१ |
| १४) | प्रमुख प्रजापति सञ्चार माध्यममा (सिनर्जी एफएम र रेडियो बीरगञ्ज) | – | ९२ |
| १५) | अध्यक्ष रोहितसँग ललितपुर महानपाका प्रमुख चिरिबाबु महर्जनको भेट | – | ९४ |
| १६) | विविध समाचार | – | ९५ |
| १७) | निर्भिक बुद्धिजीवी प्राध्यापक माणिकलाल श्रेष्ठको निधन | – | ११२ |
| | – माणिकलाल जु जिं स्यू कथं – सांसद भाजु नारायणमान बिजुक्छेँ | – | ११३ |
| | – प्राध्यापक माणिकलाल श्रेष्ठप्रति नेमकिपाका नेता–कार्यकर्ताद्वारा श्रद्धाञ्जली | – | ११५ |
| | – प्राध्यापक माणिकलाल श्रेष्ठप्रति श्रद्धाञ्जली | – | ११६ |
| | – स्व. प्रा. माणिकलालमा त:मुंज्याको श्रद्धाञ्जली | – | ११७ |
| १८) | उद्देश्य पूर्तिमा सही र ठोस पाइला (सम्पादकको पृष्ठ) | – | १२४ |

**साथमा –** रङ्गीन पृष्ठ –६१/बसिबियाँलो–७४/नेपालमा कोरोना सङ्क्रमण–९०/पाठक पत्र–१०९/हाम्रो स्वास्थ्य–१११/विश्वमा कोभिड १९ को स्थिति–११९/स्थानीय सरकार सञ्चालन ऐन २०७४ (१७)–१२१/आफन्तीको कथा –१२२/Sketches From Nipal (58) - Henry Ambros Oldfield-123 ।




# भाषा र राजनीति

– नारायणमान बिजुक्छेँ



भाषा मानिसको भावनाको अभिव्यक्ति र संवादको माध्यम हो। मानिसको शारीरिक र भौतिक विकास सँगसँगै भाषाको पनि विकास हुँदै गयो। यसमा श्रमको ठूलो भूमिका थियो। पशुबाट मानिसको विकाससम्ममा लाखौँ वर्ष लाग्यो। त्यस अवधिका सबभन्दा ठूलो उपलब्धिमध्ये एउटा भाषा पनि हो। मिहिनेत र अनुभवले मानव समाजलाई पशुपन्छीभन्दा माथि उठायो। त्यसैकारण मानिसलाई प्राणीहरूकै मुकुट भनिएको हो।

हरेक जात-जातिको ठूलो परिश्रम, अभिव्यक्तिको उत्सुकता र अनुभवले विकास गरेका संसारका सबै भाषाहरू मानव सभ्यताकै सम्पत्ति हुन्। भाषाले नै साहित्य, कला, संस्कृति र संसारका आश्चर्यजनक भौतिक उपलब्धिहरूमा अत्यन्त ठूलो भूमिका खेल्यो। भाषाकै कारण गीत-सङ्गीत र अभिव्यक्तिले मानिसलाई रुवाउँछ, हसाउँछ र करुणा जगाउँछ। भाषाबाटै द्वेष, रिस-राग र शत्रुता जगाउँछ, भाषाले नै मित्रता र शान्ति प्राप्तिमा भूमिका खेल्छ। संसारका वेद, पुराण, महाकाव्य, दर्शन, विज्ञान र प्रविधि पनि भाषाकै कारण लेखिन सम्भव भयो। भाषाकै कारण मानिस ब्रह्माण्डमा पुग्यो।

यस्तो सर्वपक्षीय प्रगति र उपलब्धिको स्मारक र स्रोतहरूलाई जोगाउनु सबै सचेत र संवेदनशील देश र समाजकै भविष्यप्रतिको जागरुकता हो। मानिसले बाऱ्हखरी र एकदेखि सयसम्मको सङ्ख्या बिर्सेमा मानव समुदायले बाटो बिराएजस्तै हुन्छ। यसकारण, हरेक भाषाको उत्पत्ति र विकासलाई प्राणीको उत्पत्ति र विकास मानिनुपर्छ। आज विज्ञान र प्रविधिबाट मानव समाजले नयाँ-नयाँ आविष्कार र चमत्कारहरूको निम्ति ज्ञान हासिल गरेजस्तै भाषाबाटै मानव जातिका विभिन्न पक्षका जानकारीहरूबाट समाजले नयाँ सेवा प्राप्त गर्नेछ। पशुपन्छीहरूको हाडखोरहरूबाट डार्विनले जीव विकासको मेसो पाएजस्तै भाषाहरूकै अध्ययनले मानव समाजका विभिन्न जात-जाति र भाषा-भाषीहरूले सभ्यतामा थप योगदान पत्ता लगाउनेछन्।

भाषालाई जोगाउनुको अर्थ मानव सभ्यताको हिजोको ज्ञान र भोलिको प्रगतिको बाटो पहिल्याउनु हो। हरेक देश र समाज विभिन्न जात-जाति र भाषा-भाषीहरूमा विभाजित छन्। धर्म र वर्गमा पनि राज्यहरू विभाजित छन्। शासक वर्ग सत्ताको मातले अन्धो भएर अन्य जात-जाति र भाषा-भाषीहरूलाई दबाएर अन्य आक्रान्त जातिहरूलाई समाप्त पार्न पहिले तिनीहरूको भाषालाई निमिट्यान्न पार्न खोज्छ। तर, त्यस अत्याचारले आफ्नै बगैँचामा फुलेका सबै फूलहरूलाई मासेर आफूलाई मनपर्ने फूलको बोट-बिरुवालाई मात्रै स्याहार्नुजस्तै हो भन्ने व्यापक र गम्भीर नहुने शासक वर्ग र व्यवस्था इतिहासमा अन्ततः पराजित भएका छन्।

आ-आफ्नो अस्तित्वको निम्ति विभिन्न देशमा राज्यको अत्याचारको विरोधमा विभिन्न जात-जाति र भाषा-भाषीहरूले सङ्घर्ष गर्दै छन् भने केही देशमा भाषाको निम्ति सङ्घर्ष गर्दै छन्। नत्र, तिनीहरूको अलग सांस्कृतिक पहिचान र त्यसले भविष्यमा मानव जातिलाई दिने प्रत्यक्ष र अप्रत्यक्ष योगदानबाट वञ्चित हुनेछ।

समय र परिस्थितिअनुसार आ-आफ्नो वर्गीय र राजनैतिक उद्देश्यको निम्ति आन्दोलन भएजस्तै भाषा र साहित्यको जगेर्ना र विकासलाई पनि राजनीतिक आन्दोलनसँग जोडिन्छ, किनभने हरेक व्यक्ति जुनसुकै भाषा-भाषी भए पनि मानिस एक राजनैतिक प्राणी हो, ऊ राजनीतिबाट भाग्न सक्दैन।

के नेपालमा 'नेपाली भाषा' बोल्ने जनताले मात्रै

संसदीय र स्थानीय निर्वाचनमा मतदानमा भाग लिन्छन् ? के अन्य जात-जाति र भाषा-भाषीले मतदानमा भाग लिँदैनन् ? अँध्यारोको निम्ति प्रकाशको आवश्यकता भएजस्तै भाषा र साहित्यको निम्ति पनि राजनैतिक आन्दोलनसँग एकाकार हुनु आवश्यक छ। बेलायती साम्राज्यवाद र उपनिवेशवादविरोधी बङ्गाली जनताले भाषाको साथसाथै राजनैतिक सङ्घर्ष नगरेका भए बङ्गाली भाषा र साहित्यको विकासको निम्ति थप समय लाग्ने थियो।

भाषा र संस्कृति एउटै सिक्काका दुई पाटा हुन्। भाषा अभिव्यक्तिको माध्यम हो भने संस्कृति त्यसको मूर्त रूप हो। सांस्कृतिक गतिविधि नभई भाषामा सम्बन्धित 'शब्द' हुँदैन। रीतिरिवाज र नाचगान नभई त्यससँग सम्बन्धित 'शब्द' र साहित्य पनि लेखिन्न। नेवार समुदायमा गरिने 'इहि यायूगु' अर्थात् 'बेल विवाह' अन्य जातिमा छैन। समाजमा एक जाति र भाषा-भाषीको रीतिरिवाज र भाषा अर्को जाति र भाषा-भाषीमा रूपान्तरण पनि हुने गर्छ।

- **हरेक भाषाको उत्पत्ति र विकासलाई प्राणीको उत्पत्ति र विकास मानिनुपर्छ।**
- **अँध्यारोको निम्ति प्रकाशको आवश्यकता भएजस्तै भाषा र साहित्यको निम्ति पनि राजनैतिक आन्दोलनसँग एकाकार हुनु आवश्यक छ।**
- **नेपाली साहित्य र प्रचारमाध्यममा अनुवादभन्दा विदेशी "शब्द" र "भाषा" लाई आँखा चिम्लेर प्रचार गर्नाले पछि जटिल समस्या देशले भोग्नुपर्ने प्रस्ट छ।**

नेवारी अर्थात नेपाल भाषाका वास्तुकलाका शब्दहरू नेपाली भाषामा प्रयोग भएका छन् भने नेवारहरूलाई रीतिरिवाजले नै चिनाउँछ। जुम्लाका नेवारहरूले नेवारी भाषा बिर्सिसके। जुम्ला खलङ्गा मूलबजारको पश्चिमका नेवारहरू इन्द्रजात्रा मान्छन् र पूर्वतिरका नेवारहरू 'भोटो देखाउने' जात्रा मान्छन्। यसरी तिनीहरू काठमाडौं र ललितपुरबाट गएका हुन् भनी चिनिए। त्यस्तै बिस्केट वा वैशाखमा लिङ्गो ढाल्ने र घिन्ताङघिसी (गाईजात्रा) दैलेखका नेवारहरूले मान्दारहेछन्, तिनीहरूले आफूलाई भक्तपुरे सम्झन्छन्।

त्यस्तै पूर्वका कति जिल्लाका नेवारहरू 'श्रेष्ठ' र 'प्रधान' आदि लेख्छन् तर नेवारी भाषा बोल्दैनन्। कसरी नेवार भनी चिन्ने प्रश्नको उत्तरमा उनीहरू भन्छन्, हामी 'बाह्रा तयेगु' वा 'गुफा' राख्छौँ। यसरी संस्कृतिको पनि जाति वा भाषा-भाषीको पहिचान हुन्छ। थप अनुसन्धानहरूले धेरै कुरा खुल्दै जानेछन्।

फ्रान्सेलीहरू आफ्नो भाषामा थोरै सचेत हुनुको कारण सांस्कृतिक आक्रमण मान्छन्। फ्रान्सेली क्रान्तिभन्दा पहिले फ्रान्समा बेलायती भाषा, साहित्य र संस्कृतिको प्रभावसँगसँगै बेलायतले फ्रान्समाथि आक्रमण गऱ्यो। जर्मनीको सांस्कृतिक प्रभावले विस्मार्कले 'पेरिस कम्युन' को बेला फ्रान्समाथि आक्रमण गरे।

धर्म पनि बलियो सांस्कृतिक पक्ष भएको हुनाले क्याथोलिक र प्रोटेस्टेन्ट धर्म मान्ने, हिन्दु र मुसलमान, सुन्नी र सिया आदि धार्मिक, सांस्कृतिक कारण अनेक देशमा र एउटै देशमा पनि युद्ध र गृहयुद्ध भएको इतिहास छ।

नेपाली साहित्य र प्रचारमाध्यममा अनुवादभन्दा विदेशी 'शब्द' र 'भाषा' लाई आँखा चिम्लेर प्रचार गर्नाले पछि जटिल समस्या देशले भोग्नुपर्ने प्रस्ट छ। यसका धेरै उदाहरणहरू छन्।

राजा-महाराजाको बेलाको साहित्यमा राजा-महाराजाहरूकै गुणगान हुन्छ। रामायण र महाभारत पनि राजा-महाराजाहरूकै दुःख-सुख र पराक्रमका बखानहरू हुन्, तल्लो जात र गरिबहरू भनी हेला गरिएका कथा र उपकथाहरू छन्।

वर्तमान समाजमा शोषक र शासकहरूको विरोधमा जनतालाई उत्साहित गर्नु आवश्यक छ। पुरानो र मक्किसकेको व्यवस्थामा कामदार जनतालाई हेलाहोचो हुन्छ। समाजविरोधी वर्ग र व्यक्ति अनि त्यस्ता बन्दोबस्तलाई छ्यास्नु र उदाङ्ग्याउनैपर्छ। राम्रा देश एवम् कामदार जनताका पक्षमा लड्ने वीरहरूको प्रशंसा गर्ने र कमजोरीहरूलाई सच्याउनुपर्छ। नयाँ व्यवस्था (समाजवाद र साम्यवाद) को प्रचार-प्रचार कलात्मक ढङ्गले गर्नु आवश्यक छ।

निराशावादी होइन, भविष्यमा आशावादी भावना जगाउने साहित्यको रचना गर्नु आवश्यक छ।

*स्रोत : अनलाइन मजदुर, फागुन २१*

# ‘महिलाहरूले पूँजीवादविरुद्ध लड्ने अठोट नगरेसम्म समाजमा परिवर्तन आउने छैन’

– सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

आज १११ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस। आजभन्दा ११० वर्ष अगाडि ८ घण्टाको काम, समान ज्यालाको बन्दोबस्तको माग राख्दै महिलाहरूले आन्दोलन अगाडि नबढाएका भए सायद समाजमा महिला आज यति अगाडि बढ्ने थिएन होला।

अहिले पनि सामन्तवादी र पूँजीवादी देशहरूमा महिलालाई नाफासँग जोडेर हेर्ने गरिन्छ। महिलाहरूलाई कमसल सामानहरूको झिलिमिली विज्ञापनमा प्रयोग गर्ने, विभिन्न पसलहरूमा ग्राहकहरूलाई आकर्षित गर्न तथा कति यौन व्यवसाय सञ्चालनको लागि प्रयोग गर्ने गरिएको पाइन्छ। मानव समाजको इतिहासमा युगौँदेखि सामन्त र पूँजीपति वर्गले महिलालाई नाफा कमाउने व्यापारिक वस्तुको रूपमा प्रयोग गर्दै आएका छन्।

तुलनात्मकरूपमा हाम्रो देशमा अहिले पनि महिलाहरू पुरुषहरूभन्दा शिक्षा र रोजगारमा पछाडि नै छन्। शिक्षामा पछि परेकाले अधिकांश महिलाहरू आत्मनिर्भर हुन सकेका छैनन्। महिलाहरूको बेरोजगारीबाट मानव तस्करहरूले फाइदा लिइरहेका छन्। आकर्षक रोजगारीको प्रलोभनमा पारेर भारत, मलेसिया, कुवेत, इरानलगायतका देशहरूमा महिलाहरू बेचिन पुगेका थुप्रै उदाहरणहरू छन्। कैयौँ महिलाहरूले विदेशी भूमिमा नारकीय जीवन बिताइरहेका धेरै घटना सञ्चार माध्यममार्फत सार्वजनिक हुँदै आएका छन्।

पूँजीवादी देशहरूले नाफालाई प्राथमिकता दिने हुँदा निजी व्यवसाय वा कम्पनीहरूले महिलाहरूलाई सकेसम्म काममै राख्न चाहँदैनन्, दिइहाले पनि महत्त्वपूर्ण पदमा राख्ने गर्दैनन्। बच्चा जन्मेपछि सुत्केरी बिदाको सुविधा दिनुपर्ला भनेर तिनीहरू त्यसो गर्छन्। कतिपय महिलाहरू सुत्केरी बिदा लिएकै कारण जागिरबाट निकालिएका उदाहरणहरू पनि छन्।

यसको मुख्य कारण वर्गीय समाज हो। **समाजमा वर्ग रहेसम्म महिला र पुरुषबीचको भेदभावको अन्त्य हुनेछैन।** नेपालको संविधानले सङ्घ, प्रदेश सभामा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ। राजनीतिमा व्यापक महिलाको सहभागिता नहुँदा अझै पनि श्रमिक महिलाहरू पछाडि नै छन्। कानुनले आरक्षणको व्यवस्था गर्दैमा महिलाहरूको सिङ्गो समूह अगाडि आउँछ भन्ने




होइन। **राजनीतिक गतिविधिमा व्यापक महिलाको सहभागिताले मात्रै समाज अगाडि बढ्न मद्दत गर्छ।**

अझै पनि कतिपय मानिसहरू महिलाहरू पछाडि पर्नाको मुख्य कारण शोषणमा आधारित पूँजीवादी राज्य व्यवस्था हो भन्ने बुझ्दैनन्। **पूँजीवादी महिलाहरू पुरुषकै कारण महिलाहरू पछाडि परेको भ्रम फैलाउँदै एकतर्फी पुरुषहरूको विरोध गर्छन्।** यो सामन्तवादी र पूँजीवादी चिन्तन हो। पूँजीवादी राजनैतिक व्यवस्थामा कामदार वर्गका पुरुषहरू स्वयम् पीडित हुने गर्छन्। त्यसैले श्रमिक महिलाहरूले शोषणमा आधारित पुजीवादी व्यवस्थाविरुद्ध पुरुषहरूसँगै मिलेर लड्ने अठोट नगरेसम्म सिङ्गो समाजमा परिवर्तन आउँदैन।

समाजवादी व्यवस्था स्थापना भएका देशहरू सोभियत सङ्घ, चीन, प्रजग कोरिया, क्युवालगायतका देशहरूमा कहिले पनि असमानताका कुराहरू उठेनन्। किनभने त्यहाँ महिला र पुरुषमा पूर्ण समानता दिइएको हुन्छ। कानुन र व्यवहारमा समानता समाजवादी देशहरूमा मात्रै हुने हुँदा हामी वैज्ञानिक

समाजवादको पक्षमा लडिरहेका छौँ ।

राज्यले देशभरका वडा वडामा शिशुस्याहार केन्द्रहरू स्थापना गरिदिएको भए धेरै महिलाहरूको श्रम शक्तिको सदुपयोग हुने थियो र लाखौँ महिलाहरूले रोजगारी पाउने थिए । यसबारे नेपाल मजदुर किसान पार्टीले पटक पटक सरकारको ध्यानाकर्षण गरायो । तर, सरकारले यसबारे ध्यान दिएन ।

भक्तपुर नगरपालिकाले वडा वडामा शिशुस्याहार केन्द्रहरू स्थापना गरेर सञ्चालन गरिरहेको छ । त्यसले श्रमिक महिलाहरूको लागि सहज र बच्चाहरूको शारीरिक र मानसिक विकासमा मद्दत पुगिरहेको छ ।

हाम्रो समाज कता जाँदै छ ? यसबारे बौद्धिक समुदायले चिन्तन गर्नु आवश्यक छ । **सामाजिक सञ्जालको कारण हाम्रो समाजमा धेरै विकृतिहरू पनि भित्रिँदै छन् ।** केही समयअघि भोजपुरका एकजना १५ वर्षकी केटी मध्यपुरको एउटा कोठामा १० महिनादेखि बन्धक बनाइरहेको घटना सार्वजनिक भयो । सामाजिक सञ्जालमार्फत अपरिचित व्यक्तिसँगको सम्पर्कमा पुग्दा त्यस्तो भएको थाहा भयो ।

हामी शिक्षक प्राध्यापकहरू पनि यस्ता घटनामा कहीं न कहीं जिम्मेवार हुन्छौं । हाम्रा विद्यार्थीहरूलाई कानुनविपरीत सामाजिक सञ्जाल सञ्चालन गर्न नहुनेबारे सचेत पार्नु आवश्यक छ । कुनै पनि व्यक्तिको फोटो सार्वजनिक गर्न कानुनअनुसार निज व्यक्तिको अनुमति लिनु अनिवार्य छ अन्यथा दण्डभागी हुनेछ । भारतमा सन् २०१२ को चर्चित बलात्कारको घटनापछि बलात्कारीलाई मृत्युदण्डको कानूनी व्यवस्था गरियो । त्यस घटनामा संलग्नमध्ये एक जनाले जेलमै आत्महत्या गऱ्यो, नाबालक एकजनालाई बाल सुधारगृहमा पठाइयो भने बाँकीलाई मृत्युदण्ड दिइयो । तर, पनि बलात्कार घटनामा भने कमी आएन । सन् २०१७ मा उत्तर प्रदेशमा ४२०० बलात्कारको घटना दर्ता भएको देखाइएको छ । बलात्कार घटना न्यूनीकरण गर्न विभिन्न देशले कडा कानुनहरू निर्माण गरी लागु गरेका छन् ।

पाकिस्तानमा बलात्कारको घटनामा संलग्नहरूलाई नपुंसक बनाउने कानुन बनाइयो । नेपालमा पनि मृत्युदण्डसम्बन्धी र नपुंसक बनाउने कानुन निर्माणबारे कुरा उठिरहेको छ । तर, संयुक्त राष्ट्रसङ्घमा मृत्युदण्डसम्बन्धी कानुन नबनाउने सम्झौतामा नेपाल सरकारले हस्ताक्षर गरेको हुँदा सरकारले चाहेर पनि कानुन बनाउन नसक्ने अवस्था छ ।

नेपालमा बितेको ३० महिनामा ५,६३४ बलात्कारका घटनाहरू भएको रेकर्ड (अभिलेख) छ । यो दैनिक ७ ओटा घटनाहरू हुन् । त्यस अवधिमा १६ जनाको ज्यान गएको रेकर्ड छ । त्यो दुई महिनाको १ जनाको दरले हुन आउँछ । महिलाहरू वर्षको ८/१० हजार विदेशमा बेचिएको बताइन्छ । जतिसुकै कडा कानुन निर्माण गरे पनि अपराधको सङ्ख्यामा कमी आउनुको सट्टा झन्झन् बढ्दो छ ।

मुख्य कुरा राजनैतिक चेतनास्तर उठाउनु हो । हामी **अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई जनताको राजनैतिक चेतनास्तर उठाउने अवसर**को रूपमा लिएर यस्ता प्रवचन कार्यक्रमहरू गर्दैछौँ ।

*(भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा ख्वप सर्कलको आयोजनामा भक्तपुरको देकोचामा फागुन २४ गते भएको प्रवचन कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# कोरोना महामारी

## जतातते फैलिरहेकोले




अत्यावश्यक काममा बाहेक घर बाहिर नजाऔँ, मास्कबिना जाँदै नजाऔँ ।

बाहिरी वस्तु छोएपछि हरेक पटक साबुन पानीले हात धुन वा सानिटाइजर लगाउन नबिर्सौं ।



भौतिक दूरीको सधैँ ख्याल गरौं,



अरुसँग मास्क झिकेर कहिल्यै कुरा नगरौं ।

हात नधोई आँखा नमिचौं, नाक नकोट्याऔँ र मुख नछोऔं ।

सावधानी, सचेतता र सतर्कताको स्वस्थकर बानी बसालेर आफू बचौं र अरुलाई पनि बचाऔँ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# मकवानपुर, विजयपुर र चौदण्डीका सेनवंशी राज्यहरू



डा. बलराम कायस्थ

**पृष्ठभूमि–** उत्तरमध्यकालीन नेपालको इतिहासमा पश्चिममा बाइसी, चौबिसीलगायत गोरखा, मुस्ताङ राज्यहरू अनि नेपाल उपत्यकामा भक्तपुर, कान्तिपुर, ललितपुर राज्यहरू भएजस्तै पूर्वमा सेनवंशी मकवानपुर, विजयपुर र चौदण्डी राज्यहरू थिए। मकवानपुर फुटेर नै विजयपुर राज्य बनेको र पछि विजयपुर पनि टुक्रेर चौदण्डी राज्य बनेको थियो। वर्तमान नेपालका पहाड, तराई र भित्री मधेसका गरी विभिन्न बाइस जिल्लाहरू एवं सीमापारीका विहार र बङ्गालका केही भूभागहरू समेत त्यसबेला यस सेनवंशी राज्यअन्तर्गत पर्दथे। विहार र बङ्गालका नवाबहरूका साथै नेपाल उपत्यकाका मल्ल राजाहरूसित यी मकवानपुरका सेनवंशी राजाहरूको एकदम राम्रो सम्बन्ध थियो। आफ्नो राज्यमा कुनै समस्या आइपर्दा मकवानपुरले अनेक पल्ट उपत्यकाका मल्ल राजाहरूबाट सहायता प्राप्त गरेका थिए। उपत्यकाका मल्ल राजाहरू पनि मकवानपुरका सेन राजाहरूसित मिलेर तराईका जङ्गलमा हात्ती खेदा गर्न (पक्रन) जान्थे। त्यसबेला जङ्गली हात्ती पक्रेर ल्याउनु ठूलो पुरुषार्थको कार्य मानिन्थ्यो। यो कार्य मल्ल राजाहरूका लागि वीरता र गर्वको विषय बन्दथ्यो। त्यस्तै पूर्वको सेनवंशी राज्य चौदण्डीले पनि भक्तपुरलाई गोरखाली आक्रमणका विरुद्ध लड्न किराती सैनिकहरू पठाई सहयोग गरेको थियो। वास्तवमै दक्षिणतिरबाट नेपाल उपत्यका प्रवेश गर्ने मूलद्वार भनेकै मकवानपुर थियो। कृषियोग्य तराईका समथल जमीन अनि घना जङ्गल आदिका कारणले गर्दा यो राज्य धनधान्यले पूर्ण थियो। सैन्य दृष्टिले पनि शक्तिशाली थियो। यसैकारण चौबिसीहरूबाट अपहेलित एवं निर्धन गोरखाले सम्पन्न मकवानपुरसँग वैवाहिक सम्बन्ध कायम गरेर आफ्नो इज्जत, प्रतिष्ठा वृद्धि गर्न खोजेको थियो। तर पहाड र मधेसबीचको भिन्न सांस्कृतिक परम्पराले गर्दा दुवै राज्यकाबीच शुरुमै विवाद उत्पन्न भयो, जुन विवाद पछि गएर ठूलो राजनीतिक दुश्मनीमा परिणत भयो। यसैले नेपाल उपत्यकामाथि आर्थिक नाकाबन्दी लगाउने क्रममा गोरखाले उपत्यकाको दक्षिणी ढोकाको रूपमा रहेको मकवानपुरलाई हस्तगत गर्नै पर्ने भएकोले वि.सं. १८१९ मा आक्रमण गरी कब्जा गरे। यसपछि मकवानपुरका राजा दिगबन्धन सेनले भागेर बङ्गालका नवाब मीर कासिमसँग सहायता माग्न पुगे। मीर कासिमले गुर्गिन खाँको नेतृत्वमा लगभग तीन हजार मुस्लिम सेना गोरखालीसँग लड्न पठाएपनि गोरखाली फौजका सामु तिनको केही लागेन। यसैले अन्तमा राजा दिगबन्धन सेनले पृथ्वीनारायण शाहसमक्ष आत्मसमर्पण गरेपछि मकवानपुर एकिकृत नेपालमा गाभियो।

**मकवानपुर राज्यको उदय–** चौबिसी राज्यहरूमा पाल्पा विशेष महत्त्वको थियो। सेनवंशी राजा मुकुन्दसेन प्रथम (कुनै–कुनै सामग्रीमा मुकुन्दसेन द्वितीय पनि भनिएको छ।) को समयमा पाल्पा विस्तृत भूभागमा फैलिएर पूर्वमा मोरङसम्म पुगेको थियो। मुकुन्दसेनको शासनकाल वि.सं. १५७५ देखि १६१० सम्म मानिन्छ। उनी एउटा विजेता थिए। यसैले विशाल क्षेत्रमा आफ्नो साम्राज्य विस्तार गर्न उनी सफल भए। उनले काठमाडौं उपत्यकामा समेत आक्रमण गरेका थिए। तर आफ्नो अन्तिम समयमा मुकुन्दसेनले आफ्नो राज्य आफ्ना छोराहरूमा बाँडी दिए। जसअनुसार कान्छा छोरा लोहाङ्गसेनको भागमा मकवानपुर परेको थियो। त्यसैगरी पाल्पा, तनहुँ र बुटवल भने क्रमशः मानिकसेन, भृङ्गीसेन र विनायकसेनलाई परेको थियो।

नेपाल उपत्यकाको दक्षिणमा पर्ने भित्रीमधेसस्थित मकवानपुर इलाकामा सोह्रौँ शताब्दीमा नै सेनहरूको स्वतन्त्र राज्य थियो। यहींका सेनहरू पछि पाल्पामा गएर त्यहाँ राज्य स्थापना गरे भन्ने भनाई पनि पाइन्छ, जसबाट पाल्पाका सेन र मकवानपुरका सेन एउटै भएको थाहा हुन आउँछ। र यी सेनवंशी राजाहरूका पुर्खा भारतको चित्तौडबाट आएका थिए। सेनवंशी राजाहरूको वंशावलीमा चित्तौडका राजा रत्नसेनका सन्तान रुद्रसेन नेपालका सेनवंशका प्रवर्तक भनी उल्लेख छ। जेहोस्, पाल्पा राज्यको विखण्डनपश्चात् नै मकवानपुर स्वतन्त्र राज्य बनेर अस्तित्वमा आएको देखिन्छ।

**स्वतन्त्र मकवानपुर–** स्वतन्त्र मकवानपुर राज्यका प्रथम राजा लोहाङ्गसेन थिए। लोहाङ्गसेन पनि आफ्ना बाबु मुकुन्दसेन जस्तै पराक्रमी थिए। मकवानपुर राज्यअन्तर्गत पर्सा, बारा, रौतहट, सर्लाही आदि भूभागहरू पहिले नै समावेश थिए। त्यसमाथि लोहाङ्गसेनले महोत्तरी, धनुषा, सिराहा, सप्तरीका स्थानीय सामन्त शासकहरूलाई पराजित गरी आफ्नो राज्यको

सीमा विस्तार गरेर पूर्वमा कोशी नदीसम्म पुऱ्याए। कोशीपारी पूर्व मोरङमा राजा विजयनारायणको राज्य थियो। विजयनारायणले खेवाङका छोरा सिंहराईलाई हात लिए। खेवाङ किरातहरूका हाङ अर्थात् वंशानुगत मुखिया थिए। उनले सिंहराईको सहयोगमा मोरङदेखि उत्तरका पहाडी क्षेत्रहरूमाथि आफ्नो नियन्त्रण कायम गरेपछि धरानको सिरानमा विजयपुर शहरको स्थापना गरी राजधानी बनाए। तर पछि उनले सिंहराईलाई गाईको मासु खाएको र हिन्दू महिलालाई भ्रष्ट गरेको आरोपमा मृत्युदण्ड दिए। यसैले उनका छोरा बाजिराई त्यहाँबाट भागेर मकवानपुरका राजासमक्ष पुगेर आफ्नो बाबुको हत्यारालाई विनाश गर्न सहयोग गरेमा आफ्ना सम्पूर्ण किराती सेनासहित सेनराजासित मिल्ने प्रतिज्ञा गरे। यो शर्त स्वीकृत गरियो। राईहरूको वंशानुगत हाङ (मुख्यमन्त्री)को पदलाई वैधानिकता प्रदान गरियो।

लोहाङ्गसेन कोशीका किनारमा पुगेपछि विजयपुरमा राजा विजयनारायणको मृत्यु भयो। लोहाङ्गसेनले आफ्ना सेना पठाई विजयपुर जितेर चौदण्डी पनि आफ्नो अधीन गरे। चौदण्डी राज्य आफ्नो अधीन गरेपछि त्यहाँका राईहरूलाई उनले आफ्नो मन्त्री पदमा नियुक्त गरी त्यहाँको शासन चलाए। लोहाङ्गसेनको शासनको अन्तिम समयसम्म मकवानपुर राज्यको सिमाना पश्चिममा अदिया नदीदेखि पूर्वमा महानन्दा नदीसम्म त्यस्तै उत्तरमा महाभारत पहाडी श्रृङ्खलादेखि दक्षिण र दक्षिणपूर्वमा क्रमशः तिरहुत र पूर्णिया क्षेत्रसम्म फैलिएको थियो। भनिन्छ कि लोहाङ्गसेनले आफ्नो नामबाट लोहङ्ग भन्ने एउटा बस्ती बसालेका थिए, जुन बस्ती वर्तमान समयमा पूर्व पश्चिम राजमार्गमा पर्ने सिराहाको लहान नामले परिचित छ। उनले विजयपुरदेखि पश्चिममा पर्ने चतराबाट केही उत्तरतिर सप्तकोशीको किनारमा भगवान वराहको मूर्ति स्थापित गरी मन्दिर बनाउन लगाएका थिए, जुन स्थान अहिले वराहक्षेत्र धामले प्रसिद्ध रहेको छ।

लोहाङ्गसेनको मृत्युपछि उनका जेठा छोरा राघवनरेन्द्र मकवानपुरका राजा भए। उनी लोकप्रिय राजा थिए। त्यसपछि हरिहरइन्द्रसेन राजा भए। हरिहरइन्द्र पनि ज्यादै पराक्रमी थिए। उनले सिन्धुलीको सामरिक दृष्टिले महत्त्वपूर्ण रहेको ठाउँमा आफ्नो नामबाट बस्ती बसालेर किल्ला पनि निर्माण गरे, जुन किल्लालाई हरिहरपुरगढी भन्ने गरिन्छ। उनले विहारमाथि आक्रमण गरी त्यहाँका राजालाई युद्धबन्दी बनाई आफ्नो राज्यको सीमा गङ्गासम्म पुऱ्याएका थिए। साथै पूर्णियाका नवावको सैन्यमाथि विजय गरी आफ्नो क्षेत्रमा मुस्लिमहरूको प्रभाव रोक्ने कार्यमा सफलता प्राप्त गरेकाले उनले हिन्दूपतिको उपाधि धारण गरेका थिए। उनी कान्तिपुरका राजा प्रतापमल्लका समकालीन थिए। अझ उनकी रानी र प्रतापमल्लकी रानी दुवै दिदी बहिनी थिइन्। दुवै भारतको कूचविहार राज्यका राजकुमारी थिइन्। हरिहरइन्द्रको वृद्धावस्थामा उनका कान्छा छोरा शुभसेनले आफ्नो बाबु छँदै सत्ताका लागि विद्रोह गरेका थिए। उनलाई प्रताप मल्लले उत्प्रेरित गरेका थिए, जो आफ्नै बाबु राजा लक्ष्मीनरसिंह मल्ललाई कैद गरी कान्तिपुरका राजा बनेका थिए। यसरी मकवानपुरको राजपरिवारमा शक्तिका लागि सङ्घर्ष प्रारम्भ भयो।

राजा हरिहरसेन आफ्ना पूर्वजले झैँ आफ्नो राज्य विभाजन गर्न चाहँदैनथे। उनी आफ्ना जेठा छोरा छत्रपतिसेनलाई नै राज्य सुम्पन चाहन्थे। अर्कोतर्फ प्रताप मल्लकासाथै उपत्यकाका अन्य राजाहरू तथा बाहिरी राज्यहरूसमेतले शुभसेनको पक्षमा मकवानपुरमाथि आक्रमण गर्न थाले। राजा हरिहरसेन यसको सामना गर्न सक्थे, तर स्वयं आफ्नै छोरा विद्रोही भई देखापरेकाले उनले आफ्नो राजगद्दीलाई मकवानपुरबाट सामरिक दृष्टिले सुरक्षित स्थान मोरङमा लिएर गए। सम्भावित खतरासँग सामना गर्न सैन्य सङ्गठन गर्न लागे। वि.सं. १७२८ मा शुभसेन मद्दतकालागि काठमाडौं आए। काठमाडौंका भारदार एवं गोरखाका मुरारि शाहका सैनिकहरू संयुक्तरूपमा मकवानपुरतर्फ युद्धका लागि प्रस्थान गरे। मकवानपुर राज्यको मोरङ क्षेत्रमा गरिएको आक्रमणमा हरिहरसेन पराजित भए। र उनका जेठा छोरा छत्रपतिसेनसहित उनी गिरफ्तार गरिए। छत्रपतिसेन कैदमा नै दिवंगत भए। हरिहरसेनलाई कैदी अवस्थामा नै राज्य विभाजन गर्न बाध्य तुल्याइयो। जसअनुसार राजधानी मकवानपुरसहित कोशी नदीदेखि पश्चिमी भूभाग शुभसेनलाई दिइयो भने कोशीभन्दा पूर्वको मोरङ भाग छत्रपतिसेनका नवजात पुत्र इन्द्रविधातासेनलाई दिइयो। संभवतः राज्यविभाजनको शर्तमा हरिहरसेनलाई कैद मुक्त गरिएको थियो। र अब उनी शिशु इन्दविधातासेनका अभिभावकका रूपमा रहन थाले। राज्यविभाजनदेखि उनी सन्तुष्ट थिएनन्। यसैले सैनिक अभियान गरी मकवानपुर क्षेत्रका सत्र गाउँहरूमाथि अधिकार कायम गरे। तर तुरुन्त नै शुभसेनको सहायतार्थ आएका काठमाडौं र तनहुँका संयुक्त सैन्यले आक्रमण गरी हरिहरसेनको अधीनमा रहेको सत्र गाउँकासाथै रावा, हलेसी समेत विजय गरी शुभसेनलाई प्रदान गरे। यस खुसियालीमा शुभसेनले ललितपुरका राजा श्रीनिवास मल्ललाई चारवटा हात्ती उपहारस्वरूप प्रदान गरे। यहाँनेर बुझ्नु पर्ने कुरा के छ भने प्रतापमल्लको मृत्युपछि श्रीनिवासमल्लले नै शुभसेनलाई मुख्यरूपले समर्थन गरिरहेका थिए। यिनले पनि आफ्ना बाबु राजा सिद्धिनरसिंह मल्लका विरुद्ध विद्रोह गरी ललितपुरको शासन हात पारेका थिए।

पारिवारिक कलह, छोरा शुभसेनको विद्रोह, जेठो

छोरा छत्रपतिसेनको मृत्यु, ईच्छा विपरीत राज्य विभाजन, निरन्तर युद्ध र पराजय जस्ता आघातहरू सहन नसकेर राजा हरिहरसेनको वि.सं. १७३३ मा मृत्यु भयो । तर पछि हुँदैजाँदा शुभसेन र इन्द्रविधातासेनबीचको आपसी मनोमालिन्य दूर हुन गएकाले दुवै राज्यबीचको जुन सिमाना विभाजन थियो, त्यसको कुनै अर्थ रहेन ।

आफ्नो शासनकालको लगभग एकतीस वर्षपछि मकवानपुरका राजा शुभसेनको आफ्ना एकजना भारदारसँग विवाद हुँदा र त्यसमा अन्य भारदार पनि सम्मिलित भएपछि ती राजद्रोही भारदारहरूले राजालाई पक्रेर पूर्णियाका नवाबसमक्ष बुझाउने निश्चय गरे । उता बालिग भइसकेका विजयपुरका राजा इन्द्रविधातासेनले काकामाथि सङ्कट उत्पन्न भएको थाहा पाएपछि नवाब र राजद्रोही भारदारहरूका विरुद्ध सैनिक अभियान थाले । तर अन्तमा ती भारदारहरूले षडयन्त्रद्वारा काका शुभसेन र भतिजा इन्द्रविधातासेन दुवैलाई पक्रेर नवाबसमक्ष बुझाइयो । त्यसपछि दिल्ली पठाइयो, जहाँ तिनलाई जातिच्युत गरी वि.सं. १७६३ मा हत्यासमेत गरियो । यसपछि शुभसेनका विश्वासपात्र एवं प्रभावशाली मन्त्री प्रवोधदासले शुभसेनका दुवै छोरालाई लिएर किरातक्षेत्रमा शरण लिन पुगे । किरात विद्याचन्द्र राईको सहयोगमा मन्त्री प्रबोधदास र विद्याचन्द्र राई बीच भएको सहमतिअनुसार सेनराज्यलाई दुई भागमा विभाजित गरियो । यसपटक कमला नदीलाई सिमाना तोकी पूर्वको भाग विजयपुर राज्यको तथा पश्चिमको भाग मकवानपुर राज्यको क्षेत्र निर्धारित गरियो । पहाडी भागमा भने दूधकोशी नदीलाई सिमाना तोकिएको थियो । शुभसेनका जेठा छोरा मान्धातासेन विजयपुरका र कान्छा छोरा माणिकसेन मकवानपुरका गद्दीमा आसिन गराइएको थियो । यो विभाजन वि.सं. १७६४ मा भएको थियो । यस अघिको शुभसेनको दबाबमा गरिएको विभाजन अर्थहीन साबित भइसकेको थियो । किनकि इन्द्रविधातासेन निसन्तान मरेका थिए ।

माणिकसेनपछि उनका छोरा हेमकर्णसेन मकवानपुरका राजा भए । हेमकर्णसेनका एक छोरा दिगबन्धनसेन र एक छोरी इन्द्रकुमारी थिए । यिनले आफ्नी छोरीको विवाह वि.सं. १७९३ मा गोरखाका पृथ्वीनारायण शाहसँग गरिदिएका थिए । तर शुरुमै दुलही अन्माउने कुरामा दुवैका बीच मतभिन्नता उत्पन्न भयो । यसमा विवाहको लगतै पछि दुलही अन्माएर नपठाउने मधेसी चलन र विवाह हुनेवितिकै दुलही लिएर जानु पर्ने पहाडी चलनको अन्तरले गर्दा मकवानपुर र गोरखा दुवै राज्यकाबीच विवाद उत्पन्न भयो । यसैले पृथ्वीनारायण शाह दुलही नलिइकनै गोरखा फर्के । दोश्रो पटक दुलही लिन पृथ्वीनारायण शाह जन्तीसहित मकवानपुर पुगे । तर यसपटक पनि मकवानपुर दरबार दुलही पठाउन र दाइजोमा दिनु पर्ने नौलखा हार र एक दन्ते हात्ती दिन तयार भएनन् । साथै मकवानपुरका सिपाहींहरूले आफूलाई जुत्ता नफुकालिकनै सलाम गरेकाले पृथ्वीनारायण शाहको रीसले सीमा नाघ्यो । तुरुन्तै आफ्नो तरवार निकालेर उनले ती सिपाहींलाई काटी दिए । यस विवादले उनका जेठान दिगबन्धनसेनसँग झगडा समेत भयो । 'तरवारकै बलले दुलही लाने' धम्की दिँदै उनी जन्तीसहित रित्तै गोरखा फर्के । हेमकर्णसेनको मृत्युपछि उनका छोरा दिगबन्धनसेन वि.सं. १८१६ मा राजा भए । उनी मकवानपुरका अन्तिम राजा थिए ।

मकवानपुरको नेपाल उपत्यकाका राज्यहरूसँग राम्रो सम्बन्ध थियो । यी राज्यहरू एकअर्काका छिमेकी थिए । त्यतिखेर पृथ्वीनारायणशाह उपत्यका विजय गर्ने क्रममा उपत्यकामाथि आर्थिक नाकाबन्दीको नीति अपनाउँदै थिए । अर्कोतिर, मकवानपुर राज्य आर्थिक र सैनिक दुवै दृष्टिले सक्षम र सबल थियो । यस परिप्रेक्षमा उपत्यकाका शासकहरूले मकवानपुरबाट सहायता प्राप्त गर्न सक्तथे । यसैले त्यसअघि नै मकवानपुरमाथि आधिपत्य कायम गर्नु गोरखाका लागि आवश्यक थियो । यस सन्दर्भमा गोरखालीले सङ्घर्षको निहुँ खोजी हाले तथा दाइजोमा बहुमूल्य नौलखा हार र एकदन्ते हात्तीको माग गरे । यो मागलाई मकवानपुरका मन्त्री कनकसिंह बानियाँले अस्वीकार गरिदिए । यसको बदलामा गोरखाली सेनाले मकवानपुरमाथि आक्रमण गरेर आफ्नो कब्जामा लिए । दिगबन्धनसेनका परिवारहरू मकवानपुरदेखि लगभग ४० कि.मी. पूर्वमा पर्ने हरिहरपुरगढीमा स्थानान्तरित गरिएर राखिएका थिए । गोरखाली सेनाले पूर्वतर्फ समेत अभियान गरे । सिन्धुलीगढीका साथै हरिहरपुरगढी गोरखालीको अधीनमा आयो । यसप्रकार सेनवंशको शासनसहित मकवानपुर राज्यको अस्तित्व समाप्त भयो । यसपछि राजा दिगबन्धनसेनले मन्त्री कनकसिंह बानियाँका साथ बंगालका नवाब मीर कासिमसँग गोरखाली विरुद्ध सहायता मागे । यसमा नवाबले गुरगिन खाँको नेतृत्वमा सैनिक सहायता पठाएका थिए । तर नवाबको सेनालाई गोरखाली सेनाले नराम्रोसँग पराजित गरिदिए । यसरी सबैतिरबाट असहाय भइसकेपछि एवं आफ्नो परिवारसमेत पृथ्वीनारायण शाहको नियन्त्रणमा परिसकेकाले अन्त्यमा दिगबन्धनसेनले पृथ्वीनारायणसमक्ष आत्मसमर्पण गरिदिएका थिए ।

**विजयपुर राज्य (वि.सं.१७६४-१८३१)–** कमला नदीदेखि पूर्वको भूभाग विजयपुर भनिन्थ्यो । त्यहाँ किरात (राई,लिम्बु)हरू अत्यन्त शक्तिशाली थिए । वि.सं. १७६४ मा विजयपुर राज्य स्थापना भएपछि त्यहाँ मान्धातासेन राजा भए । त्यहाँ राजा सेन वंशको र मन्त्री राई वंशको हुने वंशानुगत परम्परा थियो । अझ त्यहाँ राजाभन्दा मन्त्री शक्तिशाली थिए ।

किनकि त्यो किरात बाहुल्य क्षेत्र थियो । मान्धातासेनले लगभग २० वर्ष शासन चलाएपछि उनका छोरा कामदत्तसेन विजयपुरका राजा भए । तर शुरुदेखि नै राजा कामदत्तसेनको आफ्ना मन्त्री विचित्र राईसित मेल थिएन । राजा र मन्त्रीबीचको वैमनस्यताले गर्दा एकपटक कामदत्तसेनले राज्य छोडेर भाग्नु परेको थियो । कामदत्तसेन राज्य छोडी भागेपछि मन्त्री विचित्र राईले मकवानपुरका राजा हेमकर्णसेनका भाइ जगतसेनलाई विजयपुरका राजा तुल्याए । यी जगतसेन मान्धातासेनका भतिजा थिए । यताबाट जगतसेन र कामदत्तसेन दाजुभाइका सन्तान भएको बुझिन्छ । आफू राजा भएपछि जगतसेनले कामदत्तसेन र विचित्र राईबीच मेल गराए । यो मेलको परिणामस्वरूप कामदत्तसेनले आफ्नो राजगद्दी फिर्ता त पाए, तर उनले आफ्नो राज्यको एक हिस्सा जगतसेनलाई उपहारस्वरूप दिनु पर्‍यो । यसलेगर्दा विजयपुर राज्य विखण्डित भई दुईओटा राज्य बन्यो– विजयपुर र चौदण्डी । कोशीदेखि पूर्व टिस्टासम्मको भूभाग विजयपुर राज्यकै रूपमा कायम रह्यो भने कोशीदेखि पश्चिम कमला नदीसम्मको भूभाग अब चौदण्डी राज्यको रूपमा अगाडि आयो । यो विभाजन वि.सं. १७९२ मा भएको थियो । जगतसेन चौदण्डीका प्रथम राजा भए ।

उता विजयपुरमा विचित्र राईको मृत्युपछि उनका छोरा बुद्धिकर्ण राई मन्त्री भए । यिनका साथ पनि राजा कामदत्तसेनको सम्बन्ध राम्रो रहेन । राजा र मन्त्रीबीचको वैमनस्यताले गर्दा कहिले राजाले राज्य छोडी भाग्नु पर्‍यो भने कहिले मन्त्रीले राज्य छोडी भाग्नु पर्‍यो । यस्तैमा एकपटक कामदत्तसेन पलायन भएर ब्रिटिश इष्ट इण्डिया कम्पनीको क्षेत्रमा पुगे । उनी कलकत्तासम्म गए, तर गवर्नर–जनरलबाट अपेक्षित सहयोग नपाएकाले फर्केर आफ्नो राज्यको सिमानामा आइबसे । त्यसपछि उनले स्थानीय मानिसहरूलाई सङ्गठित गरी तिनकै सहयोगबाट आफ्नो राजगद्दी पुनः प्राप्त गर्न सफल भएका थिए ।

कामदत्तसेन राज्यबाट भागेका बखत सेनवंशका विसन्तरसेनलाई विजयपुरको राजा बनाइएको थियो । त्यसबखत राजा र मन्त्रीबीचको सम्बन्ध अत्यन्त राम्रो रहेको थियो । संभवतः त्यसबेला राजाले आफ्ना सम्पूर्ण अधिकार मन्त्रीलाई सुम्पिदिएका थिए ।

वि.सं. १८१३ देखि १८२२ सम्मका आठओटा अभिलेखहरू प्रकाशित भएका छन्, जसमध्ये चार राजा कामदत्तसेनद्वारा जारी गरिएका छन् भने दुई सिरिकान्त राई र दुई जसकर्ण राईद्वारा जारी गरिएका छन् । यी दुवै मन्त्रीहरू सिरिकान्त राई र जसकर्ण राई अत्यन्त शक्तिशाली थिए । तिनीहरू राजा नभएको बखत राजाका सबै अधिकारहरूको उपभोग गर्दथे । मन्त्री बुद्धिकर्ण राईको समयमा राजा र मन्त्रीबीचको सम्बन्ध साह्रै बिग्रियो । राजा कादत्तसेनले मन्त्रीका भाइलाई मार्न लगाए । यसपछि बुद्धिकर्ण राई वि.सं. १८२५ मा भागेर ब्रिटिश इष्ट इण्डिया कम्पनीको क्षेत्र पूर्णियातर्फ गए । उनले त्यहीँबाट राजासित बदला लिने योजना बनाए । वि.सं. १८२६ मा उनले आफ्ना मानिसहरूद्वारा राजा कामदत्तसेनको हत्या गराए । यसपछि कामदत्तसेनका काका रघुनाथसेनले राजगद्दी प्राप्त गर्ने प्रयत्न गरेपनि सफल हुन सकेनन् । बुद्धिकर्ण राईले चौदण्डीका राजा कर्णसेनलाई बोलाएर विजयपुरका राजा बनाए । र आफू स्वयंलाई 'राजभारसमर्थ' घोषणा गरी राज्यको वास्तविक शासन आफ्नो हातमा लिए । वि.सं. १८३० मा गोरखाली फौजद्वारा चौदण्डीमाथि अधिकार गरेपछि वि.सं. १८३१ मा थोरै सङ्घर्षपश्चात् विजयपुरमाथि गोरखालीहरूको अधिकार स्थापित भएको थियो ।

**चौदण्डी राज्य (वि.सं. १७९२–१८३०)–** सेन राजा र राई मन्त्री बीचको आपसी कलहपूर्ण सम्बन्धबाट उत्पन्न राजनैतिक परिस्थितिको फलस्वरूप मोरङको विजयपुर राज्य विभाजन भई वि.सं. १७९२ मा चौदण्डी राज्यको जन्म भएको थियो । राजा जगतसेनले आफ्ना मन्त्री अजित राईसित मिलेर यो राज्यको स्थापना गरेका थिए ।

चौदण्डी राज्यको सिमाना पहाडमा पौवागढीदेखि अरुण नदीसम्म एवं माझकिरात क्षेत्रको सुनकोशी नदीदेखि दक्षिणमा दूधकोशी नदीसम्म तथा तराई क्षेत्रमा कमला नदीदेखि कोशी नदीसम्मका वर्तमान सिराहा र सप्तरी जिल्लाका भूभागहरू पर्दथे । राजधानीको रूपमा चौदण्डीको स्थापना उदयपुर जिल्लाको दक्षिणी भेगमा भएको थियो । तराई क्षेत्रमा चौदण्डी राज्यको प्रमुख केन्द्र अम्बरपुर थियो, जुन स्थान अहिले सप्तरी जिल्लामा पर्दछ ।

चौदण्डीका राजा जगतसेन मकवानपुरका राजा हेमकर्णसेनका भाइ थिए । उनी वि.सं. १७९२ मा चौदण्डीका राजा भएका थिए । उनका कुनै छोरा नभएकाले उनको देहान्तपछि उनका भाइ विक्रमसेन चौदण्डीको राजगद्दीमा बसेका थिए । वि.सं. १८२३ मा विक्रमसेनको देहान्तपछि उनका छोरा कर्णसेन राजा भए । वि.सं. १८३० मा गोरखाली फौजद्वारा आक्रमण गरेर यसलाई आफ्नो नियन्त्रणमा लिएपछि त्यसैबेलादेखि यो चौदण्डी राज्य एकिकृत नेपालमा गाभियो । चौदण्डी राज्यमाथि आधिपत्य कायम गर्न गोरखालीहरूलाई स्थानीय एकजना ब्राम्हण हरिनन्द पोखरेलले निक्कै ठूलो सहयोग गरेका थिए । उनी चौदण्डीका राजा कर्णसेनका एकजना भारदारका भाइ थिए । उनको राजासित व्यक्तिगत ईर्ष्या थियो । यसैले उनले गोरखालीलाई चौदण्डी अभियानमा आर्थिक तथा व्यक्तिगतरूपमा समेत सघाउ पुऱ्याएका थिए । ➲

# ज्यापू जातिमा मृत्यु संस्कार



डा. हरिराम सुवाल,
वडाध्यक्ष, भनपा वडा नं. ६

हिन्दु धर्ममा मानिसको जीवनमा गरिने अन्तिम संस्कार अन्त्येष्टि संस्कार हो । मानिसहरू मरेपछि गरिने संस्कार नै मृत्यु संस्कार हो । **राजबलि पाण्डेय**को शब्दमा–
"The last sacrament in the life of a Hindu is the *Antyesti* of the Funeral with which he closes the concluding chapter of his worldly career. While living, a Hindu consecrates his wordly life by performing various rites and ceremonies at the different stages of his progress. At his departure from this world, his survirors consecrate his death for his future felicity in the next world" (Pandey, 2013, p. 234)

अर्थात् मानिसको जीवनको अन्तिम धार्मिक विधि भनेको मृत्यु संस्कार हो । बाँचुञ्जेल जीवनमा विभिन्न संस्कार र समारोह हिन्दु धर्ममा गर्नु पर्दछ । मरेपछि अर्को विश्वमा सक्षम भएर बाँच्नको लागि कामना गरिन्छ । नेवार समुदायमा बच्चा जन्मनु अघिदेखि नमरेसम्म मात्र होइन कि मानिस मरिसकेपछि पनि विभिन्न संस्कारहरू गर्नु पर्दछ । ज्यापू जातिमा पनि बच्चा जन्मनु अघिदेखि नमरेसम्म र मरिसकेपछि पनि विभिन्न संस्कारहरू गर्ने गरिन्छ । ज्यापू जातिमा मानिस मर्न लाग्दा छिटोछिटो घरको छिँडीमा ल्याउने गर्दछन् । सम्भव भएसम्म मानिसले घरको माथिल्लो तलामा प्राण त्याग नगरोस् भने चलन रहेको छ । त्यसैले मर्ने सङ्केत पाउनासाथ घर र टोलका मानिसहरू मिलेर मर्न लागेको मानिसलाई बोकेर छिँडीमा सुताउने गरिन्छ । अहिलेको समयमा मानिसमा सचेतता आइसकेकाले प्रायः बिरामी हुने वित्तिकै अस्पताल लाने प्रचलन

---

➲ **उपसंहार–** वर्तमान नेपालमा मकवानपुर एउटा सामान्य जिल्लाको रूपमा रहेको भए पनि इतिहासको कुनै कालखण्डमा यसले विस्तृत भूभागमा फैलिएको एउटा शक्तिशाली राज्यको हैसियत राख्दथ्यो । महाभारत पर्वतश्रृङ्खलादेखि शिवालिग, चुरे हुँदै तराईका विशाल फाँटहरूमा यसको सीमा फैलिएको थियो । उपत्यकाका मल्लराजाहरूदेखि मुगल नवाबहरू पछि गएर अङ्ग्रेज ईष्ट इण्डिया कम्पनी यसका छिमेकी थिए । खाद्यान्न उत्पादनको प्रचुरता, अनेक प्रकारका वनस्पति, जीवजन्तु, खनिजजन्य श्रोत आदिद्वारा यो राज्य आर्थिक रूपले सम्पन्न थियो । सैन्य दृष्टिले शक्तिशाली थियो । मौलिक परम्परा, सामाजिक रीतिस्थिति जस्ता कुरामा समृद्ध थियो । तर पछि गएर सेन राजाहरूको पारिवारिक कलहले गर्दा यो राज्य विखण्डित बन्न पुग्यो । त्यसमाथि गोरखाको राज्य विस्तार अभियानका क्रममा अघि बढ्दै आएको गोरखाली फौजसँग पराजित भएपछि यी राज्य र यहाँका बासिन्दाहरूको स्वतन्त्र अस्तित्व सदाका लागि समाप्त हुन गयो । एउटा कुरा के भने जुनसुकै ठाउँको इतिहास अध्ययन गरेपनि विजेताले पराजितहरूको इतिहासलाई समाप्त पार्ने चेष्टा गरेकै हुन्छ । यहाँ पनि आफ्नो नियन्त्रणमा लिइसकेपछि गोरखालीहरूले मकवानपुर किल्लामा आगो लगाइ दिएर त्यहाँका महत्त्वपूर्ण ऐतिहासिक दस्तावेजहरूलाई नष्ट पार्ने काम गरे । जुन कार्य नेपाली इतिहासकै लागि दुर्भाग्यपूर्ण रहयो । साथै वि.सं. १८९० र १९९० का महाभूकम्प र वि.सं. १९९६ को भीषण अग्निकाण्डले गर्दा मकवानपुर दरबारका कतिपय ऐतिहासिक सामग्रीहरू नष्ट हुन गए । त्यस्तै कोशी नदीमा बर्सेनि आउने बाढीका कारणले पनि सेनवंशी राज्य अन्तर्गतका कतिपय पुरातात्त्विक स्थल र सम्पदाहरूमाथि क्षति पुग्न गएको देखिन्छ । अस्तु ।

## सन्दर्भग्रन्थ सूची

आचार्य, बाबुराम, **नेपालको सङ्क्षिप्त वृतान्त**, भाग १, काठमाडौंः शम्शेर र प्यासी, वि.सं. २०२२ ।

दास, वासुदेवलाल, **मकवानपुरको ऐतिहासिक रूपरेखा**, वीरगञ्ज, भारती निलय, वि.सं. २०६८ ।

नेपाल, ज्ञानमणि, **नेपाल निरुक्त**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४० ।

राजवंशी, शङ्करमान(सं.),**सेन वंशावली**, काठमाडौंः श्री ५ को सरकार, पुरातत्त्व विभाग, वि.सं. २०२० ।

राजवंशी, शङ्करमान(सं.), **पुरातत्त्व पत्रसङ्ग्रह**, भाग ३, काठमाडौंः श्री ५ को सरकार, पुरातत्त्व विभाग, वि.सं. २०१८–२० ।

रेग्मी, जगदीशचन्द्र, **नेपालको वैधानिक परम्परा**, काठमाडौंः पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ई.सं. १९७९ ।

रेग्मी, डिल्लीरमण, **मोडर्न नेपाल**, भाग १, कलकत्ताः के. एल. मुखोपाध्याय, ई.सं. १९७५ ।

स्टिलर, लुडविग एफ., **दि राइज अफ हाउस अफ गोरखा**, न्यु दिल्लीः मञ्जुश्री पब्लिसिङ

हाउस, ई.सं. १९७३ ।

श्रेष्ठ, शिवकुमार, **लिम्बुआनको ऐतिहासिक अध्ययन**, धनकुटाः श्रीमती गंगादेवी श्रेष्ठ, वि.सं. २०४२ ।

कोइराला, कुलचन्द्र, 'सेनवंशी राजाहरूको ऐतिहासिक परिचर्चा र पूर्वी पहाडका केही ब्राम्हण वंश', **प्राचीन नेपाल,** सङ्ख्या १२५ (ई.सं. १९८८) ।

बढेकाले घरमा मर्ने क्रम घटेको पाइन्छ। अस्पतालमा कोही मरेमा सिधै घाटमा लगेर जलाउने चलन रहेको छ। घरमा मरेको खण्डमा कुतोः बनाई शवयात्रा गरेर घाटमा लाने चलन रहेको छ।

कसैको घरमा मानिस मर्ने बित्तिकै घरको मानिसले गुथि पालो परेकालाई खबर गर्ने गर्छन्। त्यसपछि पालो परेको व्यक्तिले गुथियारहरूलाई मरेको घरमा जम्मा हुनलाई खबर गर्दछन्। यसरी गुथियारहरूले जानकारी पाउनासाथ आफू जुन काममा गएको भएपनि वा गरिरहेको भएपनि मरेको घरमा पुग्नुपर्दछ। जम्मा भएका गुथियारहरूले कुतोः बनाउने र अन्य सरसामानहरूको जोरजाम गर्दछन्। त्यही सरसामानहरू जोरजाम गरिरहेको समयमा केही गुथियारहरू मिलेर मरेको मानिसलाई म्हाः गेकेगु गर्ने चलन छ। "म्हाः गेकेगु" भनेको मरेको मानिसलाई जिउँदो मानिसजस्तै सिँगार पटार गर्ने चलन हो। दुई जनाले खुट्टाबाट तेल लगाई माथि ल्याउने गर्दछन्। त्यसपछि कावाय् गरिन्छ। त्यही कावाय् भुलांमा राख्ने गरिन्छ। मरेको मानिसलाई भुईँमा सुताएपछि दाहिने हातमा चामल र बायाँ हातमा छुचं (पीठो) राखिन्छ। अनि आन्ज लगाउने र निधारमा भुई सिन्हं लगाउने गरिन्छ। जातः (चिना) निधारमा राखि दिन्छ। छोरी र गुथिको दुईवटा देवंले ढाकिदिने वा ओढाइदिने गर्दछन्। मरेको मानिस स्वर्ग जाँदा राम्रो अवस्थामा होस् भनी यस्तो गर्ने चलन चलेको बताइन्छ। साथै मर्न लाग्दा वा बिरामी चर्को अवस्थामा हुँदा पनि नेपाली घर बुनाको कपडा लगाउन दिने र खल्तीमा पैसा हालिदिने पनि चलन छ। यसरी पैसा हालिदिँदा मरिसकेपछि स्वर्गको यात्राको क्रममा पैसाको अभाव नहोस् भनी जिउँदो अवस्थामा नै पैसा हालि दिँदा पैसासँगै लान पाउने विश्वास नेवार समाजमा कायम छ।

दागः (माटोले बनाएको बत्ती) बनाएर बाल्ने गरिन्छ। हाल यस्तो बत्ती बाल्ने चलन लोप भइसक्यो। वर्तमान समयमा बाटो बाटोमा नै बत्तीहरू भएकाले दागको चलन हटेको हुनुपर्छ। गुथियारहरूले "कुतोः" बनाएर तयार गरिसकेपछि गुथि नाइकेको आदेश पाएपछि लास कुतोःमा बेरेर र्द्येबाले छोपेर लाने गरिन्छ। यसैलाई सिथं यङ्केगु (शवयात्रा) भनिन्छ। शवयात्राको क्रममा परिवारका मानिसहरू रोएर र गुथियारहरू र छरछिमेकी लासको पछाडि  जान्छन्। यसरी मरेको मानिसको लाशलाई जलाउनको लागि मसानघाटमा लैजान्छन्। यसरी लानेक्रममा छोरीहरूले ल्याएको मुस्यां: चा बालेर लाने गरिन्छ। साथै दागः माटो गोलो पारेर त्यसको एक छेउमा तेलमा डुबाएको कपडा राखिन्छ र चालुँचा (एक जातको मानिस) ले समाएर बाटो देखाउने गरिन्छ। घरबाट शव लगिसकेपछि घरका आइमाईले छ्वालीले बाहिर सबै सफा गरी फोहोर भित्र ल्याउने गरिन्छ। त्यसलाई दूब्यंकेगु भनिन्छ। मानिस मर्दा वा मरेको घर वा ठाउँमा जाँदा जुत्ता, टोपी लगाउनु हुँदैन (**राजवंशी**, २०६५, पृ. ५७)।



मसानघाटमा पुगेपछि लासलाई "गया ल्हों" (अलि ठूलो ढुङ्गा) मा राखिन्छ। दागबत्ती दिनेले मा बौ (भूसलाई खानाको रूपमा मरेको मानिसलाई चढाउने) दिन लगाइन्छ र कुसा (पातले बनाएको छाता) ले लासलाई बेरेर राखिन्छ। मलामीहरूले मरेको मानिसलाई नदीबाट पानी ल्याई खुवाउने चलन छ। त्यसपछि बुबालाई भए जेठो छोराले र आमालाई भए कान्छो छोराले दागबत्ती दिने चलन छ। दागबत्ती दिएपछि लासलाई तीन चक्कर घुमेर खुट्टा ढोग्न लगाइन्छ। आगो लगाएपछि गुथियारबाहेक अन्य मलामी घर फर्कन्छन्। फर्कनेक्रममा छ्वाली वा पराल बालेर आगो तापेर आ-आफ्नो घर फर्कन्छन्। यसरी आगो ताप्नु भनेको शुद्ध गर्नु हो भन्ने विश्वास गरिन्छ। लासलाई तीन चार घण्टासम्म पोलेर शरीरलाई खरानी हुने गरी जलाएपछि  सबै घर फर्कन्छन्। गुथियारहरू आ-आफ्नो घरमा फर्कन्छन्। टोलमा पुगेपछि घरका श्रीमती वा थकालीले तीन ओटा सलीमा कपास, मा बजि (भुस मिसिएको चिउरा), ह्यँगो, बत्ती राखेर दागबत्ती दिनेलाई लासोकोस गर्ने (छर्कने) गर्ने गरिन्छ। त्यसपछि भाँडा सफा गरेर चुपी चा (फलामको चक्कु) दिने गरिन्छ। अनि महिलाहरू रोएर माथि जाने चलन छ। मृतक आत्माको चिरशान्ति तथा श्रद्धाञ्जली स्वरूप महिलाहरू रोएर माथि जाने चलन रहेको पाइन्छ। मृतकका परिवारजनका महिलाहरू र आफन्त पर्ने महिलाहरू रुने चलन रहेको पाइन्छ।

### छ्वास वायेगु

हरेक टोलमा नेवारहरूको छ्वास हुन्छ  (**राजवंशी**, २०६५, पृ. ५९)। टोलमा कोही मरेमा घरका मानिसहरूले आइमाईको मृत्यु भएमा उसको प्रासी (फरिया) र लुगा तथा

केटा भएमा गा (खास्टो) र लुगा छ्वासमा (घर अगाडिको दोबाटोमा) लगेर फाल्न लैजान्छन्। साथै काँचो ईँटा पनि फाल्न लैजान्छ। यसरी छ्वासमा फाल्नु भनेको एक किसिमको मुत्यृ दर्ता गर्नुजस्तै हो। अर्को अर्थमा  छ्वास अजिमासँग मृतक व्यक्तिको अब उप्रान्त केही सम्बन्ध नरहेको बुझाउनका लागि पनि हो।

**चिपं थीक वानेगु (खाजा खुवाउन जाने)**

मृतकलाई पोलेर घर फर्केपछि विवाहित छोरी, भान्जीहरूले रक्सी, रोटी, चिउरा लगी मरेको घरमा जुठो परेकाहरूलाई खुवाउन जान्छन्। यसलाई नै चिपं थीकः वानेगु भनिन्छ। यसरी खानेकुरा खुवाउन जाँदा मृतकलाई सबभन्दा पहिले भाग छुट्याइन्छ।  मृतकलाई पहिले भाग नराखीकन अरूलाई भाग राख्न हुँदैन। मरेको मानिसको आत्माले पनि स्वर्गमा पेटभरि खान पाऊन् भन्ने हिसाबले यस्तो भाग राख्ने गरेको भनाइ पाइन्छ। मरेको घरमा जुठो बार्नु परेकाले मृतकका घरको परिवार आफैले पकाएर खान र सफासुग्घर गर्न नसकिने भएकाले अन्य दाजुभाइले चार दिनसम्म पालैपालो खाना पकाएर ल्याई खुवाउँछन् र विवाहित छोरी आएर आवश्यक सहयोग गरिदिन्छन्। यस्तो बेलामा छर छिमेकीहरू पनि सहयोग गर्न आउँछन्। चिपं थीकः वनेगु (खाजा खुवाउन जाने) चलन पहिले पहिले थिएन। अहिले आएर मात्र यो चलन चल्न थालेको हो।

**बिचाः वइगु (समवेदना प्रकट गर्न आउने)**

मृतकको घरमा भोलिपल्ट देखि नै आफन्त, साथीभाइ तथा इष्टमित्रहरू शोक व्यक्त गर्न आउने गर्छन्। यसलाई बिचाः वइगु भनिन्छ। यसरी बिचाः आउँदा घरका मानिसहरू रूनु पर्ने चलन छ। तर हाल घरका मूली महिलामात्र रूने गर्दछन्। यसरी बिचाः आउँदा केही न केही सामानहरू लिएर आउँछन्। पहिले यस्तो चलन थिएन। यसरी आएकाहरूलाई पनि घरका चेली बेटीले चिया, फलफुल आदि खुवाएर पठाउने चलन छ।

शवयात्राको भोलिपल्ट बिहान सबेरै सीगुथि वा बिचाः गुथिका सबै गुठियार, आफन्त, छरछिमेकीहरू मृतकको घरमा जान्छन्। यसलाई बिचाः फयेगु भनिन्छ (**राजवंशी**, २०६५, पृ. ६३)।

**बाखँा कानेगु  (कथा हाल्ने)**

घरमा मानिस मरेको दिनबाट नै गरुड पुराण वाचन सुरु गर्ने चलन छ। यस चलनलाई नै "बाखाँ कानेगु" भनिन्छ। मरेको मानिसलाई वैतरणी नदी तार्नको लागि अर्थात् स्वर्गमा पुऱ्याउनको लागि बाखाँ सुनाउने चलन छ। यस्तो कथा वाचन नवौं दिनसम्म चल्छ। यस कथा वाचनको क्रममा बजु (पुरेत) ले मानिस मर्दा के हुन्छ, कहाँ जन्म हुन्छ, पुनर्जन्मको कुरा, वैतरणी नदी पार गर्ने आदि विषयको बाखाँ (गरुड पुराण) सुनाउँछन्। कथाको अन्तमा बजुलाई पैसा, लुगा, चामल तथा अन्य वस्तुहरू दिएर पठाउने चलन छ।

**सुथय् ख्वयगु (बिहान रूने चलन)**

मानिस मरेको भोलिपल्ट देखि नै घरका परिवारका सदस्यहरू एका बिहानै रूने चलन छ। बिहान कुखुरा बासेपछि नै परिवारका मानिसहरू सामूहिकरूपमा बसी रूने गर्दछन्। यस्तो रूनेक्रम एकै छिनमात्र हुन्छ। अनि रून बन्द गरिन्छ। मरेको दिनदेखि दस दिनसम्म यस्तो रूने चलन अझै बाँकी नै छ। तर आजकल घरका मूली मान्छेमात्र रूने चलन छ। घर परिवारका महिला सदस्यहरू मृतकको चौथो, सातौँ, दसौँ दिनमा अन्य नाता कुटुम्बसँग सँगै रून्छन्।

**ल्वः चाः फयेगु (लक्च गर्ने)**

"मरेको चौथो दिनमा ल्वः चाः फयेगु गरिन्छ। श्रेष्ठ बाहेकको अन्य जातिका परम्पराअनुसार मानिस मरेको घरमा साँझपख विवाहिता छोरीहरू, भान्जीहरू मरेको घर बाहिरदेखि रुँदै जान्छन्। यसलाई ल्वः चाः यायेगु भनिन्छ (**राजवंशी**, २०६५, पृ. ६५)।" लक्चको दिनमा सबै आफन्तहरू,छरछिमेक, साथीभाइ आदि साँझतिर घरको अगाडि जम्मा हुन्छन्। बस्नलाई सुकुल ओछ्याइ राख्छन्। यस काममा चेलीबेटी तथा ज्वाइँ खटिन्छन्। मकलमा काठका टुक्राहरू राखेर जलाउँछन्। यसरी बाल्नुको अर्थ आएका सबै मानिसहरूमा आगोबाट निस्केको धुवाँ परोस् भने हिसाबले आगो बाल्ने गरिन्छ। घरका छोरीहरू आ-आफ्नो घरबाट रोएर घरमा छिर्छन्। बुबा मरेको भए जेठी छोरी पहिले रोएर घर भित्र छिर्छन् र आमा मरेको भए कान्छी छोरी पहिले घरभित्र छिर्छन्। यही क्रममा घरबाहिर निस्कन्छन्। अन्य चेलीबेटीहरू टोलको निश्चित ठाउँमा जम्मा हुन्छन् र रोएर घरभित्र छिर्छन्। त्यसपछि घरका मानिसहरूको कपालमा छोएर रोएर नै बाहिर निस्कन्छन्। इनार वा धारा भएको ठाउँमा गएर पानी लिई आँखा, मुख धुन्छन् वा चोख्याउँछन्। घरकी छोरी चाहिँ आफ्नो घरसम्म नै रोएर जान्छिन्। त्यसपछि मात्र रून बन्द हुन्छ। उनीहरू रोएर गइसकेपछि लक्च सकिन्छ। सबै मानिसहरू उठेर जान्छन्। त्यसपछि घरका परिवार नजीकका नातेदारलाई खुवाउने गरिन्छ।

**न्हयन्हुमा व पाखा जा तयेगु (न्हयन्हुमा र पाखा जा राख्नु)**

मरेको सातौँ दिनमा विवाहिता छोरीहरू चोखोनिती गरी भात र सात प्रकारका परिकार पकाई पिखालाखीमा राख्छन्। यसलाई न्हयन्हुमा तयेगु भनिन्छ। केही ज्यापू जातिमा

पाँचौं दिनमा पनि न्हयन्हुमा गर्ने चलन छ। यसरी पाँचौं दिनमा गरेमा सातौं दिनमा गर्न आवश्यक छैन। न्हयन्हुको एक दिन अगाडि नै रोटी र अरू तरकारीहरू बनाउने गरिन्छ। आजकल यो चलन छैन।

न्हयन्हुमाको दिन नातेदारहरू मृतकको घरलाई सहयोगस्वरूप चामल, चिउरा, दाललगायत सात प्रकारका गेडागुडी लिएर आउँछन्। फुकी (दाजुभाइ) सबैलाई त्यही चामलको भात खुवाउने गरिन्छ। का वा गरेको तेछो (जौ), जाकी (चामल), बजी (चिउरा), कु (कोदालो) लिएर गई भुलांचामा राख्न लैजाने गर्दछन्। फर्कनेक्रममा कुचु (कोदालाको बिँड) त्यही छोडेर आउँछन्। यता घरमा भात खाँदाखाँदै तल्लो तलामा आगो बाल्ने गरिन्छ। आगो बालेर आएको धुवाँले शुद्ध हुन्छ भने विश्वास गरिन्छ। कङासचा (भिजेको केराउ पिसेको), व (भिजेको दाल पिसेर गरम तावामा राखेर पकाएको गोलो परिकार बारा), फसीगुली (फर्सीको टुक्रा), वाउँचा (हरियो साग), गुन्द्रुक (हरियो साग सुकाएर बनाएको परिकार), ला (मासु), माछा, चाकुमरी (एक प्रकारको गुलियो रोटी), कत थ्वं कोचा (जाँडको कच्चा पदार्थ जुन चामल पकाएर बनाएको हुन्छ), मनापु (चामल पकाएर जाँड बनाउन राखिने सेतो गोलो वस्तु), सबुं राखी रोएर भात पकाउने गरिन्छ। बुबा मरेको भए जेठी छोरीले र आमा मरेको भए कान्छी छोरीले भात पकाउने गरिन्छ। छोरीहरू नभए नजिकको नातेदारको चेलीले भात पकाउने गरिन्छ। यसैलाई नै न्हयनुमा जा थुयगु वा पाखा जा थुयगु (सातौं दिनमा छाना मुनि राख्ने भात बनाउने) भनिन्छ। एक जना साथी बसेर सहयोग गर्दछिन्। माछा सात ओटा र अण्डा ५ ओटा उसिन्ने गरिन्छ। त्यसबेलासम्म बजु आइपुग्छन्। पिचा (जाँडको लागि भात पकाउँदा वास्पीकरणको लागि राखिने परालको सामान), कुसालप्ते (पात र बाँसबाट बनाएको घुमाउरो छाता), गङ्गाजल, गाईका दूध, भैंसीको दूध, दही पनि चाहिन्छ। जुगीचा (कपाली जसले फोहोर तथा अपशकुनका सामानहरू फाल्न लाने काम गर्दछन्) पनि आइपुग्छ। ती सबै सात भागमा बाँडिन्छ र जुगीचाले बाहिर लिएर जान्छ। बजुले सङ्कल्प गर्छन्। पानी खुवाउँछन्। सबभन्दा पहिले कोजा (कागको लागि राख्ने भात) र त्यसपछि पाखा जा को लागि अलग्ग गरिन्छ। अरू बाँकी पिकालाखीमा राखिन्छ। त्यसैलाई नै पाखा जा राखेको भनिन्छ। यसरी राखेको वस्तुहरू कुकुर वा अन्य पशुपंक्षीले खान आउँछन्। मरेको मानिस कुकुर वा अरू पशुपंक्षीमा डुबेर नआई अरू कुकुरले खान आउँदैन भने विश्वास गरिन्छ। यसरी खान आएमा मरेको मानिसले खान आएको विश्वास गरिन्छ। नखाएको चिज जुगीचाले आफ्नो घरमा लिएर जान्छ। यसरी लिएर जाँदा घर पुगेपछि मरेको मानिसको आत्मा नआओस् भनेर खग (ढोका लगाउने काठको आग्लो) पूजा गरेर भित्र लान्छन्। बजुले पनि यसरी नै पूजा गरेपछि मात्र घरभित्र लान्छन्। कोजा राख्न जाँदा भोजको परिकार लिएर जान्छन्। यसरी लिएर जाँदा मरेको मानिसलाई मन परेका परिकारहरू र अरू वस्तुहरू पनि राखेर लाने चलन छ। खुसी (खोला) मा पुगेपछि त्यही परिकार मरेको मानिसले खाओस् भनेर राखिदिने गरिन्छ। परिकार भएको लप्ते खुसीमा राख्ने बित्तिकै कागहरू झुम्मिने गर्दछन्। जब मरेको मानिसको आत्मा एक कागमा पसेर खाँदैन, अरू कागले ती परिकारहरू खाँदैन भन्ने विश्वास गरिन्छ। त्यस भोजको परिकारमा मर्ने मानिसलाई मन पर्ने वस्तु राखी नदिएमा कागले ती परिकारहरू खाँदैन भने विश्वास गरिन्छ। सुरूमा एक कागले मन परेको एक चिज खाएपछि अरू कागहरू खान थाल्छन्। त्यसपछि खोलाको पानीले बाटा सफा गरी जल छर्केर फर्किन्छन्।

**दूब्यंकेगु (शुद्ध गर्नु)**

ज्याप् जातिमा १० औं दिनमा दूब्यंकेगु गरिन्छ। दूब्यंकेगु भनेको शुद्ध गर्नु हो। त्यस दिनमा चेलीबेटीहरू र ज्वाईंहरू बिहानै घरमा आउँछन्। त्यस दिन बिहानै घरमा सफा सुग्घर, लिपपोत गर्ने र नुहाएर सफा लुगा लगाउने गरिन्छ। भाचा (एक जात) पनि त्यस दिन बोलाइन्छ। साथै बजु बोलाएर खोलामा गई श्राद्ध गरिन्छ। श्राद्धको लागि जसीचा (खाना बनाउने भाँडा), डाचाखुसी, मारिचा, गङ्गाजल, दूध, ताँफः, सिन स्वं, त ला, भ्य ला (श्राद्ध गर्दा नभई नहुने एक प्रकारको फूल), वस्त्र आदि चाहिन्छ। मारिचाले श्राद्ध गरिन्छ। दागबत्ती दिनेले भात पकाउने गरिन्छ। आफन्त र परिवारका सबै केटा मानिसहरू खोलामा गएर कपाल नौ (नापित) बाट खौरिन्छ। त्यहीं छोराहरूलाई बजुले बर्खीको लुगा लगाउन दिन्छन् र अर्घ (दूध पानी) ले छर्कन्छन्। बजुबाट ज्वाला न्हायकँ देखाइन्छ। खौ (पीना) ले सबैले नुहाउँछन्। यस्तो बर्खीको सेतो लुगा एक वर्षसम्म लगाउनु पर्दछ। विवाहिता लोग्ने मान्छे मरेको भए मृतककी विधवा पत्नीले पनि एक वर्षसम्म बर्खी बसेर सेतो लुगा लगाउनु पर्छ। तर अचेल नोकरी, वैदेशिक रोजगार तथा अन्य विशेष परिस्थितिमा १३ दिन वा ४५ दिनसम्म मात्र बर्खी बस्ने प्रचलन पनि बढ्दो छ।

केटाहरू खुसी (खोला वा नदी) जाने बेलामा घरमा भएका आइमाईहरू रून्छन्। केही बेर रोएपछि घरमा गोबरले लिपपोत गरिन्छ। छ्वालीले बढार्छन्। खोलाबाट आएकालाई स्वागत गर्नको लागि बत्ति, हयोंग (गोल), भुस, कपास आदिले, पे अर्थात् लासो कसो गरेर भित्र्याउँछन्। त्यसबेला पनि आइमाई रोएर माथि जान्छन्।

त्यही दिनमा साँझपख खुसीमा सोनचा (भऱ्याङ) राख्न जान्छन्। सोनचा राख्न जाँदा त्यसमा एउटा प्वाल नभएको सियो पनि राख्ने गरिन्छ। सिँढी राख्दा उल्टो राखिन्छ। मरेको मानिसले सिँढी चढ्न खोज्दा सिँढी उल्टो पाउँछ, अनि लुगा सिउन खोज्दा सियोमा प्वाल हुँदैन, खाना खान खोज्दा काँचो चामल र भुस भएको पाएपछि मृतक व्यक्तिले अनिमात्र आफू मरिसकेको चाल पाउँछ भन्ने विश्वास गरिन्छ। मरेको मानिसको आत्मा यो अवधिमा भूमण्डलमै भौंतारिरहने विश्वास नेवारहरूमा अहिलेसम्म पनि छ। यही विश्वासको आधारमा मृतकलाई अब उनी यो संसारमा छैनन्, उनको मृत्यु भइसक्यो भन्ने बोध गराउन यस प्रकारले सिँढी झुण्ड्याउन गइन्छ।

त्यसपछि "एक्कारसिचा बोयगु" गरिन्छ। यसमा छ्याला (मासुको परिकार), सबु, बजि राखेर एक्कारसिचा बोयगु गरिन्छ। यसमा एघार परिकारहरू हुन्छन्। एघार ठाउँमा अलग अलग डोलाचामा राख्ने गरिन्छ। घरको छिँडीमा यसरी राखेर दुई तीन घण्टा छोडिन्छ। यस बेलामा मरेको मानिसको आत्मा आई आफूलाई मन परेको परिकार खान आउँछ भन्ने विश्वास गरिन्छ। नखाए सबै वस्तुहरू राति भाचाकहाँ पुऱ्याउन लगिन्छ। भाचा नबोलाउनेहरूले सो एक्कारसिचा भाग पनि मृतकका नाममा सङ्कल्प गरी खोलामा अर्पण गर्छन्। नेवारहरूको जुनसुकै शुभकार्यका जीवनसंस्कार गर्दा नुहाउने, गोडाको नङ काट्ने, अनि ......नदीमा जानुअघि घरको सबैतिर बढारेर, खाना पकाउने भाँडाकुँडा सबै सफा गरेर, भुइँ लिपिन्छ। यसै कार्यलाई दूब्यंकेगु भनिन्छ (**राजवंशी**, २०६५, पृ. ६९)।

**सोम ल्वेगु (नुहाउने)**

एघारौँ दिनमा सोम ल्वेगु गरिन्छ। यस दिन बिहानै घर बाहिर बसेर सामूहिक रूपमा आइमाईहरू नुहाउँछन्। छ्वालीबाट पूरै घरमा सफा गरिन्छ। केटाहरू खोलामा जाने चलन छ। खोलामा बजु आउँछन्। बजुले सुकुन्दा बाली छुचुंबाट श्राद्ध गर्ने गर्दछन्। सर्वखौले केटाहरू सबैले नुहाउँछन। यसबेला गाईको दूध, भैँसीको दूध आवश्यक हुन्छ।

**ल्हा पानेगु (आगो ताप्ने)**

यस दिन चेलीबेटीले पूजा राख्छन्। चेलीबेटी र ज्वाइँहरू बिहानै घरमा आउँछन्। ज्वाइँहरू आवश्यक किनमेल गर्दछन्। चिनीचा (एक जातको मानिस) आउँछन्। सबु, मुस्या, माछा राख्ने गरिन्छ। यस दिन आगो बालेर ताप्ने गरिन्छ। केही ज्यापूहरूले त्यसको भोलिपल्ट अर्थात् बाह्रौं दिनमा लत्या गर्ने चलन छ भने कसैले पैंतालीस दिनमा गर्छन्।

**लत्या (पैंतालीस दिनको श्राद्ध)**

मानिस मरेको बाह्रौं दिनमा अथवा डेढ महिनापछि मरेको मानिसको लत्या गर्ने चलन छ। लत्या भनेको नेवार ज्यापूहरूमा मरेको डेढ महिना पुगेपछि घरमा बजु ल्याई श्राद्ध गर्ने र बेलुका आफ्ना नातेदार, इष्टमित्र सबैलाई भोज खुवाउने चलनलाई लत्या भनिन्छ।

लत्याको एक दिन अगाडिको दिनमा बेलुका सबै ज्वाइँहरूलाई बोलाई छलफल गरिन्छ। यही छलफलको क्रममा भिजेको केराउ र फसी चो अर्थात् फर्सी र फर्सीको टुपा घरको पछाडि सगाले (घरको पछाडि फोहोर फाल्ने ठाउँमा) खसाल्ने गरिन्छ। यसरी खसाल्नु भनेको मरेका पितृहरूलाई भोजको निम्तो दिनु हो भन्ने विश्वास गरिन्छ। छलफल सकिएपछि ज्वाइँहरू सबै आफ्ना इष्टमित्रहरूलाई प्यंकिको निम्तो भन्न जाने चलन छ। यो चलन हाल पनि कायमै छ। तर आजकल लत्याको भोजको निम्ता कार्ड दिने चलन चल्न थालिसकेको छ। जुन पहिले चलन थिएन, ज्वाइँहरूले नै सबै इष्टमित्रहरूलाई बोलाउन जाने चलन थियो।

लत्याको दिनमा घरमा बजु बोलाई प्योंथये गर्ने चलन छ। यसलाई खोर्सी प्योंथये अर्थात् श्राद्ध गर्ने पनि भनिन्छ। यस दिन बिहानै नुहाउने गरिन्छ र घरमा लिपपोत गरिन्छ। प्योंथये भनेको घरमा मरेको आफ्ना बुबा बाजे तथा वंशजलाई खुवाउने चलन हो। साथै टोलभरिका जति पनि मानिस मरेका छन् उनीहरूको आत्मालाई खुवाउन श्राद्ध गर्दा नाम लिएर पीठो चढाउँछन्। यसरी गरेमा घरमा पितृले दुःख दिँदैन भन्ने विश्वास गरिन्छ। लत्याको दिनमा बजुलाई आफ्नो मनसुबा अनुसार दान दिने गरिन्छ। दानको क्रममा बजुलाई दान दिएको सबै वस्त्र लगाई खाटमा बसाउने गरिन्छ। बजुले पनि ती सबै वस्तुहरू घरमा लुखा पूजा (ढोकाको पूजा) गरी घरमा लाने गर्छन्। आजकल पैसा दिने चलन पनि यदाकदा चल्न थालेको छ।

श्राद्ध सकिएपछि नजिकैको खोलामा भोज लप्तेमा राखी बाटामा राखेर चढाउन जान्छन्। खोलामा भएको पानीले अनुहार र हात खुट्टा सफा गरी घर फर्कन्छन्। घरमा आएपछि सबैलाई सम्हे खुवाइन्छ। त्यसको केही समयपछि कलां वागु गर्नलाई भोज खुवाउने गरिन्छ। बेलुका पनि इष्टमित्रहरू सबैलाई भोज खुवाउने गरिन्छ।

**खुला (छ महिना)**

मरेको ६ महिना पुगेको दिनमा मरेको मानिसलाई निसला दिने कार्यलाई खुला गर्ने भनिन्छ। खुला भनेको नेवार ज्यापूहरूमा मरेको छ महिना पुगेपछि घरमा बजु बोलाई श्राद्ध गर्ने र बेलुका आफ्ना चेलीबेटीलाई भोज खुवाउने गरिन्छ। खुलाको एक दिन अगाडिको दिनमा बेलुका सबै ज्वाइँहरूलाई बोलाई छलफल गरिन्छ। यही छलफलको क्रममा भिजेको

केराउ र फसी चो अर्थात् फर्सी र फर्सीको टुप्पा घरको पछाडि सगालेमा खसाल्ने गरिन्छ। छलफल सकिएपछि ज्वाइँहरू सबै आफ्ना इष्टमित्रहरूलाई प्यंकिको निम्ति भन्न जाने चलन छ। यो चलन हाल पनि कायमै छ। तर आजकल खुलाको भोज खुवाउनको लागि कार्ड वितरण गर्ने चलन छ, जुन पहिले चलन थिएन। ज्वाइँहरूले नै सबै इष्टमित्रहरूलाई बोलाउन जाने चलन थियो।

खुलाको दिनमा घरमा बजु बोलाई प्योंथये गर्ने चलन छ। यस दिन बिहानै नुहाउने गरिन्छ र घरमा लिपपोत गरिन्छ। श्राद्ध सकिएपछि नजिकैको खोलामा भोज लप्तेमा पिण्ड राखी बाटामा राखेर चढाउन जान्छन्। खोलामा भएको पानीले अनुहार र हात खुट्टा सफागरि घर फर्कन्छन्। घरमा आएपछि सबैलाई सम्हे खुवाइन्छ। त्यसको केही समयपछि कलां वाय्गु गर्नलाई भोज खुवाउने  गरिन्छ। बेलुका पनि चेलीबेटी र ज्वाइँहरू सबैलाई भोज खुवाउने चलन छ। यस दिन जुगी जा (जुगीको लागि अलग्गै बनाएको भात) बनाएर जुगीचालाई दिने चलन पनि छ। आजकल जुगी जा नलिई पैसा लिने चलन छ। प्रायः ज्यापू जातिमा मृतकको नाममा गरिने छ महिनाको श्राद्ध (खुला) सामान्य किसिमले गरिन थालिएको छ। खुला खु यो छ्वेगु (जसोतसो गरेर छल्ने) भनेर जुगी जा मात्र दिने प्रचलन पनि बढ्दो छ।

**दाकिला (वार्षिकी)**

दाकिला अर्थात् मरेको एक वर्ष पुगेको दिनमा बजु बोलाई घरमा श्राद्ध गरिन्छ। बिहान नुहाइ धुवाइ गरी टोलको कुल देवताकहाँ पूजा गरिन्छ। सबै सरसामानहरू जोरजाम भएपछि बजु आएर मरेको मानिसको नाममा श्राद्ध गरिन्छ। यही समयमा  नै बर्खीको सेतो लुगा फुकाली नयाँ रङ्गीन लुगा लगाउन दिन्छन्। बजुले नयाँ लुगा लल्हाय् (हस्तान्तरण प्रक्रिया) गरेर दिन्छन्। त्यस दिनमा पनि श्राद्ध सकेपछि खोलामा गएर मरेको मानिसको नाममा लप्तेमा भोज राखेर खुवाउने चलन छ। खोलामा भोज भएको लप्ते राख्दा काग वा अन्य पशुपंक्षीले जुन वस्तु पहिले खान आउँछ, मृत आत्माले पहिले रुचाएर खाएको विश्वास गरिन्छ। त्यस दिन पनि बेलुका इष्टमित्र तथा आफन्तहरू सबैलाई भोज खुवाउने चलन छ। भोलिपल्ट घरका आइमाई र केटा मान्छेले चिकं (तेल) राख्ने गरिन्छ।

दाकिलाको एक दिन अगाडिको बेलुका पनि सबै ज्वाइँहरूलाई बोलाई छलफल गर्ने, मरेका पितृहरूलाई भोजको निम्तोस्वरूप भिजेको केराउ र फसी चो सगालेमा खसाल्ने गरिन्छ। ज्वाइँहरूले प्यंकि भन्न जाने चलन हाल पनि कायमै छ। आजकल दाकिलाको भोजको पनि कार्ड दिने चलन आइसकेको छ।

**नेदाया तिथि (दुई वर्षको तिथि)**

नेदाया तिथि अर्थात् मरेको दुई वर्ष पुगेको दिनमा बजु बोलाई घरमा श्राद्ध गरिन्छ। बिहान नुहाइधुवाइ गरी पूजा राखेर टोलको कूल देवतालाई पूजा गरिन्छ। सबै सरसामानहरू जोरजाम भएपछि बजु आएर मरेको मानिसको नाममा श्राद्ध गरिन्छ। त्यस दिनमा पनि श्राद्ध सकेपछि खोलामा गएर मरेको मानिसलाई लप्तेमा भोज राखेर खुवाउने चलन छ। त्यस दिन पनि बेलुका इष्टमित्र तथा आफन्तहरू सबैलाई भोज खुवाउने चलन छ।

तिथिको एक दिन अगाडि अन्य तिथिमा झैँ ज्वाइँहरूलाई बोलाई छलफल गर्ने, भिजेको केराउ र फसी चो पछाडि सगालेमा खसाल्ने, ज्वाइँहरूले  प्यंकिको निम्तो भन्न जाने चलन हाल पनि कायमै छ।

**जलदान**

घरको कुनै सदस्यको मृत्युमा निजका छोराले महिनाको एकपटक जलदान गर्ने गर्दछन्। जलदान भनेको मरेको मानिसलाई पानी अर्पण गर्नु (जलदान) हो। यस दिन कसै कसैले केश खौरने पनि गर्छन्। बुबाको मृत्यु भएमा जेठो छोराले र आमाको मृत्यु भएमा कान्छो छोराले जलदान दिने गर्दछन्। मृतकको मासिक तिथि अनुसार गरिने जलदान मृतकका नाममा गरिने मासिक श्राद्ध नै हो। यस दिन मृतकका छोरा वा छोराहरूले नुहाइधुवाइ, पूजा आजा गरी बजु (पूरेत) बोलाई श्राद्ध गरेर क्षमताअनुसार फलफूल, भेटी सिदा दान गर्छन्। कसैले व्यावहारिक सहजताका लागि बजु कहाँ नै गएर विधिपूर्वक मासिक श्राद्ध गरी सिदा दान भेटी र जलदान पनि गर्छन्।

भक्तपुर नगरका ज्यापूहरूको लोक संस्कार विभिन्नतायुक्त रहेको छ। ज्यापूहरूमा आमाको गर्भमा रहँदादेखि नै विभिन्न कर्म संस्कारहरू गर्नु पर्दछ। बच्चा स्वस्थ्यसँग जन्मोस् भन्ने हिसाबले यस्ता संस्कारहरू चलिरहेको देखिन्छ। साथै यस संस्कारमा वैज्ञानिकता पनि जोडिएको छ। यसैकारणले अहिलेसम्म पनि यस्तो चलन चलिरहनुमा युवा पुस्ता सचेत भएर नै भएको हो भने पुष्टि हुन्छ। बच्चा जन्मने बित्तिकै देखि नमरुन्जेलसम्म विभिन्न संस्कार  हुन्छ। त्यहि भएर ज्यापूहरू संस्कारमा धनी रहेको छ।

**सन्दर्भ सामग्री सूची**

राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी**, ललितपुरः नागार्जुन पब्लिकेशन प्रा. लि.।

Pandey, R. (2013). **Hindu samskaras**, Varanasi: Motilal Banarsidass Publishers Pvt. Ltd.

**स्रोत व्यक्तिहरू :** विष्णु सुवाल, सुनमाया सुवाल, सुनकेशरी ग्वाछा, तुल्सीनारायण सुवाल, पुण्यश्वरी सुवाल, डा. सत्यनारायण सुवाल, सुलोचना अवाल, राज्यलक्ष्मी सुवाल, राज्यलक्ष्मी कुम्पाख।

# निद्रा



राजेन्द्रबहादुर कायष्ठ

**परिचय :** मानिसहरू बाँच्नको लागि खाना जस्तै निद्राको पनि आवश्यक हुन्छ । निद्रा वंशाणुगत गुणबाट प्राप्त हुन्छ । यो प्राकृतिक र निरन्तर दोहोरिने क्रिया हो । निद्रा अवस्थामा मानिसको स्नायु प्रणाली सामान्यतया निष्क्रिय हुने, माँशपेसीहरू शिथिल हुने, आँखा बन्द हुने, चेतना प्रणाली लगभग स्थगित हुने आदि हुन्छ । निद्रा राती केही घण्टासम्म लाग्ने गर्दछ । स्वास्थ्य विज्ञानअनुसार निद्रा विभिन्न जन्तुहरू लगायत मानव शरीरले आराम लिने क्रिया हो । वैज्ञानिकहरूका अनुसार निद्रा मानिसहरूको लागि अत्यन्त आवश्यक क्रिया हो । वयस्क मानिसको लागि ७ देखि ८ घण्टासम्मको निद्रामा लगभग २ घण्टा जति गाढा निद्रा हुनु आवश्यक हुन्छ । राती १२ बजे अघिको निद्रा त्यसपछिको निद्रा भन्दा शरीरको लागि दोब्बर फाइदाजनक हुन्छ । सामान्यतया राती १० बजेतिर सुत्नु बढी लाभदायक हुन्छ । तर शरीरको लागि सुत्नु ३ घण्टा अघि खाना खानु पर्दछ । खाना खानासाथ सुत्नाले शरीरको तौल बढ्ने, चिनीरोग हुने, रक्तचाप बढ्ने आदि समस्या देखापर्दछ । निद्राले मानिसको मष्तिकको कार्यमा सकारात्मक प्रभाव पार्दछ । गहिरो र आवश्यक समयको निद्राले मानिसको स्मृति र सिकाइको वृद्धि गर्ने, मानसिक एकाग्रता र सृजनात्मक सोच बढाउने, निर्णय क्षमता वृद्धि गर्ने आदि कार्य गर्दछ । हालसम्म वैज्ञानिकहरूले कति समयसम्म मानिस नसुतिकन बाँच्न सक्छ भनी पत्ता लगाउन सकेको छैन । निद्राले दिनभरिको थकानबाट मुक्ति प्रदान गर्दछ । निद्रा के हो ? भन्ने बारे वैज्ञानिक, दर्शनशास्त्री, डाक्टर वा औषधीविज्ञले हालसम्म केही भन्न सकेका छैनन् । तर प्रत्येकले यसको प्रशंसा गर्छन् र दैनिक जीवनमा यसको भूमिका महत्त्वपूर्ण रहेको सबैले स्वीकारेका छन् । निद्राले मानिसको मष्तिस्कका अङ्गहरूको कार्यमा पुनर्ताजगी प्रदान गर्दछ । पर्याप्त निद्राविना मष्तिस्कलगायत शरीरका अङ्गहरूले राम्ररी कार्य गर्न सक्दैन ।

**अनिद्राका असरहरू :** सामान्यतया दैनिक जीवनमा राती निद्रा राम्ररी नलाग्नुलाई अनिद्रा भनिन्छ । विशेष गरी मानसिक तनाव हुँदा, केही नयाँ काम शुरु गर्दा, धेरै खुशी हुँदा, कोहीसँग झगडा हुँदा, काममा असफल हुँदा आदि अवस्थामा अनिद्रा हुन्छ । तर यो व्यक्तिअनुसार फरक फरक हुन्छ । व्यक्तिको स्वास्थ्यमा अनिद्राको ठूलो असर पर्छ । यसले मानिसलाई दिनभरी नै अल्छि लाग्ने, दिक्क लाग्ने, केही काम गर्न जाँगर नहुने, अनुहारमा स्फुर्ति नदेखिने, हाइ आइरहने आदि हुनजान्छ । यसको कारणले टाउको दुख्ने, आँखा भारी हुने, मुखमा पानी आउने, आलस्यता आउने आदि हुन्छ । यसबाहेक दाँत दुख्ने, कान चिलाउने र रुघा लाग्ने पनि हुन्छ ।

**निद्रा लाग्ने औषधी खानु हुन्नः** हिजोआज मानिसहरू अनिद्रा हटाउन निद्रा लाग्ने औषधी सेवन गर्ने गर्दछन् । विशेषगरी निद्रा नलाग्ने धेरै मानिसहरू निद्रा लाग्ने औषधी प्रयोग गर्दछन् । यस्तो औषधीको प्रयोगले मानिस निदाउँदा शरीरमा शिथिलता उत्पन्न गर्दछ । प्राकृतिक निद्राले शरीरका सबै अङ्गलाई आराम दिने गर्दछ । जसले गर्दा प्राकृतिक निद्राले शरीरमा स्फुर्ति र शक्ति प्रदान गर्दछ भने निद्रा लाग्ने औषधीले शरीरका अङ्गहरूमा शिथिलता ल्याउने भएकोले मानिसमा शारीरिक कमजोरी ल्याउँछ । औषधीले मानिसको प्रत्येक अङ्गलाई कमजोर बनाउँछ । यसकारण सकभर निद्रा लाग्ने औषधी प्रयोग गर्नु हुँदैन ।

**निद्रा नलाग्नुको कारणहरू :** सामान्यतया दैनिक रूपमा शारीरिक परिश्रम गर्ने, तनावरहित अवस्था, सकारात्मक सोच, समयमा खाना खाने, समयमा सुत्ने (राती ९ बजेदेखि १० बजे) आदि बानी भएका मानिसहरूमा निद्रा राम्रोसँग लाग्ने हुन्छ । मानिसको दैनिकी जीवन प्रक्रियाअनुसार पनि निद्रा फरक फरक हुन्छ । तर कोही मानिसहरूमा राती निद्रा नलाग्ने समस्याहरू हुन्छ । यसको लागि सबभन्दा पहिले निद्रा नलाग्नुको कारण पत्ता लगाउनु पर्दछ । विशेष गरी निम्न अवस्थामा मानिसलाई निद्रा लाग्दैन ।

क) मानसिक तनावको अवस्थामा
ख) नकारात्मक सोच बढी हुँदा
ग) स्वास्थ्य अवस्था ठीक नहुँदा
घ) कब्जियत भएमा
ङ) धेरै कफि पिएमा र सुत्नु अघि कफि पिएमा
च) दिउँसो धेरैबेर सुत्दा
छ) राती छिनछिनमा पिसाब आउने बानी भएमा
ज) चिन्ता, डिप्रेसन, कार्य व्यस्तता आदि भएमा
झ) मसालादार खाना, धेरै चिल्लो भएको खाना, मादक पदार्थ आदि बेलुका खानाले
ञ) निस्क्रीय दैनिकी बिताउने गर्नाले र शारीरिक व्यायामको कमिले आदि ।



सुताइका फरक तरिका

**निद्रा कसरी उत्पन्न गर्ने ? :** मिठो निद्रा प्राप्त गर्नको लागि सर्वप्रथम निद्रा नलाग्नुको कारण पत्ता लगाउनु पर्छ। यसको कारण पत्ता लगाएपछि त्यसको समाधानको उपायतिर लाग्न सकिन्छ। सामान्यतया निम्न कार्यहरूबाट निद्रा उत्पन्न गर्न सकिन्छ –

**क)** तपाइँ मानसिक तनावमा हुनुहुन्छ भने यसबाट मुक्त हुनुपर्दछ। एउटा कुरा तनाव वा चिन्ताले कुनै पनि समस्याको समाधान गर्दैन। विशेषगरी कुनै डर, शङ्का, भविष्यको जीवन आदिले गर्दा मानसिक तनाव हुन जान्छ। मानिसको जीवनको प्रत्येक चरणमा कुनै न कुनै सङ्कट हुन्छ नै, यसलाई डटेर सामना गर्छु भन्ने आत्मविश्वास र जाँगर हुनुपर्दछ।

**ख)** स्वस्थ रहने कामहरू गर्नुस्। विशेषगरी कुनै पनि कार्य गर्दा वा खाना खाँदा स्वास्थ्यलाई हानी हुने कार्य गर्न बन्द गर्नुस्।

**ग)** शरीरलाई सधैँ सक्रिय र क्रियाशिल बनाइराख्नुस्। आफ्नो क्षमताअनुसारको कामहरू दैनिक रूपमा गरिराख्नुस्। यसले मानसिक तनाव घटाउने र शरीरका अङ्गहरूलाई सक्रिय बनाइराख्दछ। दैनिक कम्तिमा ३० मिनेट छिटो हिँडाइले निद्रा लाग्नमा सहयोग गर्दछ।

**घ)** चाँडो सुत्ने र सधैँ एउटै समयमा उठ्ने।

**ङ)** मादक पदार्थको सेवन कम गर्ने।

**च)** नियमित व्यायाम गर्ने।

**छ)** सुत्नु अघि पिउने र खाने नगर्ने।

**ज)** सुत्ने कोठामा उपयुक्त सुत्ने वातारण बनाउने। जस्तै : कोठाको ताफक्रम, सरसफाइ, हावाको वहाव आदि।

**झ)** ओछ्यान भनेको सुत्नको लागि हो। यसमा बसेर टेलिभिजन हेर्ने, लामो समय फोनमा कुरा गर्ने, रेडियो सुन्ने आदि कार्यहरू गरेमा निद्रा राम्रोसँग लाग्दैन। यसकारण ओछ्यानमा बसेर उल्लेखित कार्यहरू गर्नु मीठो निद्राको लागि राम्रो मानिंदैन।

**ञ)** बेलुका हल्का र सादा खाना सुत्नुभन्दा कम्तिमा २ वा ३ घण्टा अघि खाने।

**ट)** नियमित नुहाउने।

**ठ)** सुत्नु १ वा २ घण्टा अघि मोबाइल वा टेलिभिजन प्रयोग नगर्ने।

**ड)** बत्ति निभाएर सुत्ने।

**ढ)** ध्वनि प्रदूषणबाट बच्ने।

**निद्रा लगाउने केही खानाहरू :**

**क) चेरी :** यो एकप्रकारको स्वादिष्ट फल हो। यसमा भएको मेलाटोनिन तत्वले गर्दा मानिसमा राम्रो निद्रा पार्ने गर्दछ। यो तत्वले मानिसलाई नियमित सुत्ने र उठ्ने क्षमताको विकास गर्दछ। यसलाई ठोस रूपमा भन्दा जुसको रूपमा पिउँदा मेलाटोनिन शरीरले बढी प्राप्त गर्न सक्दछ। यसले गाढा निद्रा सुत्नमा सहयोग गर्दछ। यसलाई दैनिक रूपमा सलादको रूपमा खान सकिन्छ।

**ख) बदाम :** निद्राको अर्को प्राकृतिक खाना बदाम हो। यसको सेवनले अनिद्रा हटाउने र निद्रा बढ्ने गर्दछ। यसमा हुने म्याग्नेसियम तत्वले निद्रा बढाउने गर्दछ। म्याग्नेसियमले शरीरका माँशपेशीहरूलाई बलियो बनाउने र प्राकृतिक आराम दिने कार्य गर्दछ। यसले गर्दा राती राम्रो निद्रा लाग्ने गर्दछ। बदामलाई मात्रा मिलाएर नियमित सेवन गर्दा समयमै सुत्न मन लाग्ने र राती गाढा निद्रा लाग्ने हुन्छ। यसलाई स्नाक्सको रूपमा खाँदा वा दूधसँग खानु उपयोगी मानिन्छ। विशेषतया बुढेसकालमा यस्को सेवन बढी उपयोगी हुन्छ।

**ग) ओट्स :** ओट्समा प्रशस्त मात्रामा कार्वोहाइड्रेड र फाइवर हुन्छ। यसको साथै निद्रा लगाउने तत्वहरू म्याग्नेसियम र पोटासियम पनि हुन्छ। यी तत्वहरूले गर्दा मानिसमा राती राम्रो निद्रा लाग्ने गर्दछ। पोषणविद्का अनुसार यसलाई बेलुका खानामा समावेश गर्नु बढी फाइदाजनक हुन्छ। यसलाई दाल वा दूधसँग मिसाएर खान विज्ञहरू सल्लाह दिन्छन्।

**घ) केरा :** यो एक तागतिलो फल हो। यसमा भएको म्याग्नेसियम, पोटासियम र ट्रिपटोफान तत्वहरूले गर्दा मानिसहरूमा राती गहिरो निद्रामा सुत्न सहयोग गर्दछ। यसको सेवनले शरीरलाई शक्ति प्रदान गर्नुको साथै राती राम्रो निद्रा लाग्ने पोषणविद्को विश्वास छ।

**गरे के हुँदैन :**

# प्राचीन नगरको नवीन अभ्यास



उपेन्द्र लामिछाने

नगरको मूल ढोकाबाट भक्तपुर जति आकर्षक देखिन्छ त्योभन्दा बढी आकर्षक देखिन्छन् सर्वसाधारणको ढोकाबाट चियाइरहेका जीवनशैली र विकासका नवीन अभ्यासहरू। कोरोनाको सङ्कटकालमा अन्य नगर 'हब्बेकब्बे' भएको अवस्थामा यो सहरले आफूलाई विभिन्न क्षेत्रमा 'भव्य' बनाउन सफल भयो। नगर भव्य बन्नुमा यहाँको प्राचीन संस्कृति र कलामात्र हैन, जनप्रतिनिधिले ल्याएका विकासका नवीन अभ्यास उत्तिकै महत्त्वपूर्ण भेटिए। आधुनिक शिक्षासँगै परम्परागत ज्ञानको जगेर्ना गरेर भत्किएका सम्पदा थप बलियो बनाउने कामले प्रतिकूल अवस्थामा पनि तीव्रता पाएको छ। यहाँ रोगीको लागि अस्पताल बनाउने मात्र हैन, निरोगी रहनलाई सार्वजनिक ठाउँमा व्यायामशालासमेत व्यवस्था गरिएको छ। बहुआयामिक सोचका साथ अगाडि बढेको नगरपालिका नेतृत्वलाई फराकिलो सोच राख्ने सर्वसाधारणले उत्तिकै साथ दिएका छन्। त्यसैले कोरोनाकालमा भैरवको रथ तान्ने भिड नदेखिए पनि विकासको रथ भने निरन्तर अगाडि बढेको छ।

भक्तपुरको पुरानो नगरलाई अष्टमातृकाका आठ देवीले संरक्षण गर्दै आएको प्राचीन मान्यता छ। सम्पदा र संस्कृतिले भव्य यो सहरमा यति बेला भने १० वटा वडा रहेको नगरपालिकाले संरक्षण गरेको नवीन मान्यता भेटिन्छ।

*'हामी नगरवासीको साझा भावनालाई लिएर एक पाइलामात्र अगाडि बढेका हौँ,'* नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भने, *'हेर्दाहेर्दै विकासको रथ धकेल्ने भिड तयार भयो।'* आफ्नै लागि काम गरेको भन्ने नगरवासीमा विश्वास पलाउनु नै हरेक सफलताको सूत्र भएको उनले सुनाए।

अन्य नगरले चासो नदिएकाससाना कुरालाई समेत भक्तपुर नगरपालिकाले प्राथमिकतामा राखेर काम गर्दा जनता थप खुसी भएका छन्। जस्तो कि *'अन्य नगरमा भत्ताका लागि*

---

➲ **निद्रा लगाउने केही योगका क्रियाहरू :**

**क)** एउटा रुमाल लिनुहोस्। यसलाई चिसो पानीमा भिजाएर निचोर्नुहोस्। यो रुमाल वा टावेललाई पेट र कम्मरमा बेर्नुहोस्। यसको माथि शल वा न्यानो कपडाले ढाक्नुहोस्। यो एकघण्टा जति राख्नुहोस्। यदि एकहप्तासम्म गर्नुभएमा तपाईंलाई आफै निद्रा लाग्नेछ।

**ख)** नाक सफा गर्ने जलनेती विधि पनि निद्राको लागि उपयोगी हुन्छ। यसले नाक सफा राख्ने र दिमागको तनाव घटाउने गर्दछ। यसको साथै यसले गहिरो र स्वस्थ निद्रा उत्पन्न गर्दछ।

**ग)** सभासनको अभ्यासले निद्रा लाग्नमा सहयोग गर्दछ। यो आसनले शरीर र दिमागलाई स्फूर्ति प्रदान गर्ने र तनावबाट टाढा राख्दछ। यो आसन गर्नको लागि ब्लांकेट वा कार्पेटमा उत्तानो परेर सुत्नुहोस्। शरीरका सबै भागमा ध्यान लगाई तिनीहरूलाई आनन्दित पार्नुहोस्। प्राकृतिक तरीकाले श्वास फेर्नुहोस्। यो आसनमा तीनदेखि तीस मिनेटसम्म रहनुहोस्।

**कहिले र कति सुत्ने ? :** वयस्क मानिसहरूको लागि बेलुका १० बजेसम्ममा सुत्नु सबैभन्दा राम्रो मानिन्छ। सामान्यतया वयस्क मानिसहरू दैनिक ६ देखि ७ घण्टासम्म सुत्नु शरीरको लागि फाइदाजनक हुन्छ। हामीले विशेष ध्यान दिनुपर्ने कुरा के छ भने राती १२ बजे अघिको निद्राको फाइदा राती १२ बजे पछिको भन्दा दोब्बर हुन्छ। यसकारण स्वास्थ्यको दृष्टिकोणले ढीलो सुत्नु शरीरको लागि फाइदा हुँदैन। समयमा सुत्नाले शरीरलाई स्वस्थ राख्न, फुर्तिलो बनाउनुको साथै दैनिक कार्य सम्पादनमा पनि सहयोग गर्दछ। उमेरअनुसार सुत्नुपर्ने समय निम्नअनुसार रहेको छ –

| उमेर | दैनिक सुत्नुपर्ने समय (घण्टामा) |
|---|---|
| जन्मदेखि ३ महिना | १६ देखि २० घण्टा |
| ४ देखि ११ महिना | १२ देखि १५ घण्टा |
| १ देखि २ वर्ष | ११ देखि १४ घण्टा |
| ३ देखि ५ वर्ष | १० देखि १३ घण्टा |
| ६ देखि १३ वर्ष | ९ देखि ११ घण्टा |
| १४ देखि १७ वर्ष | ८ देखि १० घण्टा |
| १८ देखि ६४ वर्ष | ७ देखि ९ घण्टा |
| ६५ वर्षदेखि माथि | ७ देखि ८ घण्टा |

स्रोत : National Sleep Foundation US

**सन्दर्भ सामग्री :**

१) स्वास्थ्य रहस्य : डा. राजेन्द्र केसी
२) नयाँ पत्रिका, वर्ष १४ अङ्क ३२१ ३) विज्ञान प्रगति
४) साइन्स मास्टर ५) गुगल

*जेष्ठ नागरिक बैंकको दैलो धाउनुपर्ने अवस्था छ,'* ८२ वर्षीया पुन्यकेशरी नागा भन्छिन्, *'हाम्रो नगरले बैंकलाई नै घरदैलोमा ल्याउने काम गरेर नागरिकको मन जितेको छ ।'* यतिमात्र हैन, यहाँका बुढाबुढी अस्पताल जानुभन्दा पहिल्यै नर्सहरू घरमै आइपुग्छन् । अन्य नगरले सङ्घीयताको अभ्यास भर्खरैजस्तो थालेका हुन् । तर यो नगरले लामो समयदेखि स्थानीय तहको अधिकारको अधिकतम उपयोग गर्दै आएको छ । नगर विकासका लागि केन्द्रको मुख नताकेर आफ्नै आम्दानी खर्चंदै आएका कारण यो स्वतन्त्र नगरको रूपमा अगाडि बढेको छ ।

जनतासँग जोडिएर पारदर्शी ढङ्गले काम गरेर अगाडि बढेका कारण नगरको कार्यलाई धेरैले सकारात्मक ढङ्गले हेरेका छन् । नगर आम्दानीका प्रमुख स्रोत पर्यटक हुन् । तर पर्यटकको आगमन ठप्प भएको समयमा समेत श्रमदानमार्फत काम हुनु नगरवासीको सफलता रहेको मेयर प्रजापति सुनाउँछन् ।

- कोरोनाकालमा भैरवको रथ तान्ने भिड नदेखिए पनि विकासको रथ भने निरन्तर अगाडि बढेको छ ।
- प्राचीन सभ्यताले समृद्ध भक्तपुर नगरले बहुआयामिक विकाससँगै भव्य फड्को मारेको छ ।

त्यस्तै लकडाउनका बेलामा कतिपय नगरका कर्मचारी काम नभएको भन्दै आराम गरेर बसे । तर यस नगरले मध्य लकडाउनको बेलामा नगरवासीको स्वास्थ्यलाई ध्यानमा राख्दै क्वारेन्टिन स्थल निर्माण, घरघरमा पुगेर सर्वसाधारणको अवस्थाबारे दैनिक जानकारी राख्नेदेखि कोभिड लागेका बिरामीको उचित व्यवस्थापनमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ, जुन अझै जारी राखेको छ ।

विदेशबाट आएकाका लागि क्वारेन्टिइन व्यवस्था, नगरपालिकाकै ७५ बेडको आइसोलेसन केन्द्र स्थापना, घरघरमा एकान्तबास बसेकाका लागि उचित व्यवस्थापन गर्न नगरपालिकाले सक्दो सहयोग पुऱ्याएको मेयर प्रजापतिले बताए । कोभिड १९ सङ्क्रमण समुदायस्तरमा फैलिन नदिन एवं सङ्क्रमितहरूको उपचार, कन्ट्याक्ट ट्रेसिङ र आइसोलेसन व्यवस्थापनका लागि २ करोड ३१ लाखभन्दा बढी रकम खर्चेको नगरपालिकाले जनाएको छ । जसमा नगरले कोरोना रोगथाम र नियन्त्रणको लागि जनस्तरबाट सहयोगको आह्वानसमेत गरेको थियो ।

शिक्षा, स्वास्थ्य, सम्पदा क्षेत्रमा मारेको फड्कोले त जो कोही पनि प्रभावित बन्ने गरेका छन् । त्यसैगरी संस्कृति जगेर्ना, रोजगारमूलक तालिम, पुस्तकालय सञ्चालन, खेलकुद प्रशिक्षणलगायत विभिन्न क्षेत्रमा नगरले देखाएको अग्रसरताले नगरवासी दङ्ग छन् । प्राचीन सभ्यताले समृद्ध भक्तपुर नगरले बाहुआयामिक विकाससँगै भव्य फड्को मारेको छ । कला संस्कृतिको प्राचीन सहरमा विकासको बिगुल फुक्न नगरपालिका सक्षम भएको छ । नगरको मूल ढोकाबाट भक्तपुर जति आकर्षक देखिन्छ त्योभन्दा बढी आकर्षक देखिन्छ सर्वसाधारणको ढोकाबाट चियाइने जीवनशैली, यहाँ भएका विकासका नवीन कार्यहरू । यस अर्थमा भक्तपुरभित्रको भक्तपुर झनै जीवन्त छ ।

**शिक्षा**

विद्यालय तथा कलेज स्थापना तथा सञ्चालनमा नगरले देखाएको बुद्धिमताका कारण यहाँका गल्लीगल्लीमा इन्जिनियर रहेको चर्चा चल्ने गरेको छ । नगरका चोकचोकमा स्नातक तथा स्नाकोत्तर अध्ययन गरेका छोरीहरू भेटिन थालेका छन् । *'सर्वसाधारण जनताका छोराछोरीले कम शुल्कमा उच्च शिक्षा हासिल गरुन् भन्ने उद्देश्यले सञ्चालनमा ल्याइएको शिक्षालयले नयाँ पुस्तालाई नयाँ चुनौती सामना गर्न सक्षम बनाउँदै गएको छ,'* मेयर प्रजापतिले भने, *'शिक्षालाई उत्पादन श्रमसँग मिलाउन सहयोग गर्न तथा श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न हामी सक्षम भएका छौँ ।'*

उनले भनेजस्तै दक्ष इन्जिनियर तथा आर्किटेक्ट तयार गर्ने उद्देश्यले २०५८ सालमा स्थापित ख्वप इन्जिनियरिङ कलेज नगरको सान हो । यो कलेजमा स्थापनाकालदेखि हालसम्म स्नातकदेखि स्नातकोत्तर तहमा देशभरिका (मनाङबाहेक) ४ हजारभन्दा बढी विद्यार्थी भर्ना भएको तथ्याङ्क छ । जसमा स्नातक तहको सिभिलमा ७ सय ५०, आर्किटेक्चरमा २ सय ८४, कम्प्युटरमा ३ सय ६५, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसनमा ३ सय ६२ गरी १ हजार ७ सयजना उत्तीर्ण हुन सफल भएका छन् ।

- भक्तपुरका गल्लीगल्लीमा इन्जिनियर रहेको चर्चा चल्ने गरेको छ । नगरका चोकचोकमा स्नातक तथा स्नाकोत्तर अध्ययन गरेका छोरीहरु भेटिन थालेका छन् ।
- नगरवासी झनै स्वस्थ रहने विश्वास बढेको छ ।

त्यस्तै २०६५ सालबाट सञ्चालनमा आएको ख्वप कलेज अफ इन्जिनियरिङमा मनाङ र धनकुटाबाहेक ७५ जिल्लाबाट १ हजार ८ सय ७१ विद्यार्थीले अध्ययन गरेका छन् । जसमा भक्तपुर नगरपालिकामा ५ सय ४१ छन् । नगरपालिकाले भर्ना भएका मध्येबाट उत्कृष्टलाई शतप्रतिशत

छात्रवृत्ति दिने गरेको छ भने भक्तपुर नगरपालिकाभित्रका गरिब तथा जेहेन्दारलाई पनि छात्रवृत्ति कार्यक्रममा समेट्दै आएको छ। त्यस्तै नगरले सञ्चालनमा ल्याएको ख्वप कलेजका कारण नगरमा स्नातक गर्ने चेलीको सङ्ख्या बढ्दै गएको छ। यहाँ स्नातक तहमा बिबिएस, बिए, बिएस्सी, बिबिएम तथा स्नातकोत्तर तहमा एमएस्सी, एमबिएस र एमएको पढाइ हुने गरेको छ। स्नातक तहमा अध्ययनरत १ हजार २ सय विद्यार्थीमध्ये ८ सय २२ छात्रा रहेको कलेजले जनाएको छ।

त्यस्तै नगरले ख्वप माध्यमिक विद्यालय तथा ख्वप बहुप्राविधिक अध्ययन संस्थानसमेत सञ्चालनमा ल्याएको छ। २०६१ सालबाट सुरु भएको ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा स्टाफ नर्स तथा डिप्लोमा इन सिभिल इन्जिनियरिङको पढाइ हुँदै आएको छ।

योसँगै बालबालिकाका लागि खोलिएका शिशु स्याहार केन्द्रले एकल परिवारका अभिभावकलाई धेरै सहयोग पुगेको छ। साना नानीहरूलाई नगरका विभिन्न वडामा रहेका स्याहार केन्द्रमा राखेर उनीहरू निर्धक्क काममा जान थालेका छन्। आफ्नो जिम्मेवारी र पेसालाई निरन्तरता दिन पाउँदा अभिभावक खुसी भएको शिशु स्याहार केन्द्रका शाखा अधिकृत दीपेन्द्र प्रजापतिले जानकारी दिए। नगरका ६ स्थानमा शिशु स्याहार केन्द्र सञ्चालनमा छन्। प्रत्येक शिशु केन्द्रमा २ जना शिक्षिका र २ जना आया दिदीहरूको व्यवस्था गरिएको छ।

**स्वास्थ्य**

नगरपालिकाले भर्खरै भक्तपुरमा नेपालकै पहिलो र एकमात्र श्वासप्रश्वास केन्द्र सञ्चालनमा ल्याइएको छ। भक्तपुर नगरपालिका–९ तुमुचो डुगुरेमा सो केन्द्र स्थापना गरिएको छ। नेपालमा दिनप्रतिदिन दीर्घरोगी बिरामीको सङ्ख्या बढ्दै गइरहेकाले न्यूनीकरण गर्न पुनर्स्थापना केन्द्र स्थापना गरी सेवा सुरु गरिएको अस्पतालले जनाएको छ।

नगरपालिकाले च्यामासिंह र ब्यासीमा रहेका जनस्वास्थ्य केन्द्रमार्फत नगरवासीलाई २४ सै घन्टा सेवा दिँदै आएको छ। जहाँ विशेषज्ञ चिकित्सक १४, मेडिकल अफिसर १७, स्टाफ नर्स १६ लगायतका स्वास्थकर्मी तथा कर्मचारी कार्यरत छन्।

त्यस्तै नगरपालिकाले २०६२ सालमा तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा जिल्ला सामुदायिक आखा केन्द्र सञ्चालनमा ल्याएको छ। आयुर्वेदिक केन्द्रको सहकार्यमा नगरपालिकाले आयुर्वेदिक उपचार सेवा सञ्चालनमा ल्याएको छ। त्यस्तै ख्वप अस्पताल निर्माणाधीन अवस्थामा छ।

- भूकम्पको धूलो टकटकाएजस्तै सफा सुन्दर सांस्कृतिक नगरी यति बेला चिटिक्क देखिएको छ।
- परम्परागत सीपको ज्ञान राख्ने ज्येष्ठ नागरिकलाई समेत उचित सम्मान दिएर नयाँ पिँढीको हातमा सीप हस्तान्तरण गर्ने कार्यमा नगरपालिकाले सफलता हासिल गरेको छ।
- कलासंस्कृतिप्रति युवाहरुमा देखिएको मोहले भक्तपुरलाई भक्तपुर नै बनाइराख्न सघाउने निश्चित छ।

रोगीलाई अस्पतालमा मात्र हैन, उनीहरूको उचित स्वास्थ्यका लागि घरदैलोमै नर्सिङ सेवा पनि उपलब्ध गराएको छ। २०७४ सालमा सुरु भएको यस सेवामा स्वास्थ्यसम्बन्धी पारिवारिक विवरण तयार गर्ने, अशक्त तथा वृद्धवृद्धाको हेरचार गर्ने, गर्भवती आमाहरूको स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यकताअनुसार स्वास्थ्य संस्थामा रेफर गरिन्छ। यसका लागि नगरका सबै वडामा एकएकजना नर्स र स्वास्थ्य स्वयंसेविका परिचालित छन्।

अझ निरोगी बन्न तयार भएको व्यायामशालाले नगरको रौनक झनै बढाएको छ। २०७५ सालदेखि नगरका १ देखि १० वडाका विभिन्न स्थानमा राखिएका व्यायामशालामा केटाकेटीदेखि वृद्धवृद्धासम्मले कसरत गर्ने गरेका छन्। यसले नगरवासी झनै स्वस्थ रहने विश्वास नगरपालिकाले लिएको छ।

**सम्पदा संस्कृति**

२०७२ वैशाख १२ को भूकम्पले बिथोलिएको भक्तपुर नगर सम्पदा पुनर्निर्माणको तीव्रतासँगै आफ्नै लयमा फर्किंदैछ। भूकम्पको धूलो टकटकाएजस्तै सफा सुन्दर सांस्कृतिक नगरी यति बेला चिटिक्क देखिएको छ। भूकम्पले क्षति पुऱ्याएकामध्ये २३ मन्दिर, ४० पाटी, ६ द्योछैं (देवघर) र तीन प्रवेशद्वार पुनर्निर्माण सम्पन्न भइसकेको छ। त्यस्तै आठओटा पोखरी, सातओटा इनार, आठओटा सत्तल, सातओटा ढुङ्गेधाराको जीर्णोद्धार तथा पुनर्निर्माण कार्य सम्पन्न भएसँगै नगर थप सुन्दर देखिएको छ। इतिहासका जानकार र संस्कृतिविद्को सल्लाहमा मौलिकता नगुम्ने गरी नगरलाई थप सुन्दर र आकर्षक बनाउन पाएकामा नगरवासी दङ्ग रहेको मेयर प्रजापति बताउँछन्। यस कार्यका लागि उनीहरूले विदेशीको सहयोगसमेत लिएनन्। विदेशीलाई खासमा यहाँको मौलिक शैलीबारे जानकारी नहुने अनि उनीहरूका सर्त मान्दा हामीले आफ्ना सम्पदाको मूल्यमा समेत सम्झौता गर्नुपर्ने भएकाले आफै काम गर्ने प्रयास गरेको उनले बताए। नगरले सम्पदा संरक्षणमा नगरवासीको सहयोग लिएको छ।

परम्परागत सीपको ज्ञान राख्ने ज्येष्ठ नागरिकलाई समेत उचित सम्मान दिएर नयाँ पिँढीको हातमा सीप हस्तान्तरण गर्ने कार्यमा नगरपालिकाले सफलता हासिल गरेको छ । आफ्नै जिल्लामा उत्पादन भएका डकर्मी र इन्जिनियरको सहयोगमा सम्पदाको उत्कृष्ट पुनर्निर्माण हुँदैछ । यहाँका सर्वसाधारणको सीपको लाभ छिमेकी जिल्लाले समेत पाएको छ । काठमाडौंको प्रसिद्ध रानीपोखरीको पुनर्निर्माणमा भक्तपुरे महिलाको उल्लेखनीय योगदान रह्यो ।

भक्तपुर नगरपालिकाको आम्दानीको स्रोत नगर घुम्न आउने पर्यटकबाट उठाइएको शुल्क पनि हो । यसैबाट नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा टेवा पुऱ्याउँदै आएको हो । लकडाउनका कारण पछिल्लो समय पर्यटक नआउँदा आम्दानीमा कमी आएको छ । तर नगरवासीले सम्पदा संरक्षणमा उत्साह देखाएको कारण पुनर्निर्माण कार्य रोकिएको छैन । त्यस्तै यसबाहेक भक्तपुर नगरले परम्परागत स्वरूप जोगाउन निजी घरको पुनर्निर्माण र नयाँ घर निर्माणमा नगरको मापदण्ड कडाइसाथ लागू गरिएको छ । नगरले विश्वसम्पदा तथा सांस्कृतिक क्षेत्रभित्र निजी आवास भवन बनाउँदा मोहडाको निर्माणमा ३५ प्रतिशत लागत खर्च अनुदानस्वरुप दिने गरेको छ । जसले नगरमा परम्परागत ढङ्गबाट घर निर्माण गर्ने अभियान नै चलेको छ ।

नगर क्षेत्रका भित्री सडकमा पिच गर्न पहिलेदेखि नै रोक लगाइएको थियो । इँटा बिछ्याएका सडक फोहोर हुन थालेपछि अहिले ढुङ्गा बिछ्याउन थालिएको छ । यसले नगरको सौन्दर्यमा थप वृद्धि भएको छ ।

त्यस्तै नगरपालिकाले कला संस्कृतिको क्षेत्रमा उल्लेख्य काम गरेको छ । पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति भन्ने मूल नारा आत्मसात् गर्दै नगरपालिका यसको संरक्षणमा अगाडि बढेको छ । संस्कृति संरक्षणका लागि हरेक वर्ष विभिन्न प्रतियोगिता आयोजना गर्ने गरेको छ । त्यस्तै स्थानीय पाठ्यक्रममा 'ख्वपको पहिचान' मा यहाँका बाजागाजा, नाचगान, परम्परागत खेलहरूको जानकारी दिइएको छ । जसका कारण नयाँ पिँढीले हराउँदै गएको परम्पराबारे सिक्ने अवसर पाएका छन् ।

नगरपालिकाले यहाँका चाडपर्व, मौलिक जीवनशैली, संस्कार, दाफा भजन, गुठी, परम्परागत बाजागाजा तथा नृत्यलगायत मूर्त अमूर्त कलाको संरक्षणमा विशेष ध्यान पुऱ्याएको संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले बताए । *'कला, संस्कृति र सम्पदाको संरक्षणले भक्तपुर नेपालकै मौलिक सहरका रूपमा जीवित छ,'* उनी भन्छन्, *'यहाँको मौलिक जीवनशैली र सम्पदाले देशीविदेशी सबैको मन लोभ्याउने गरेको छ ।'* त्यस्तै संस्कृति जगेर्नामा पछिल्लो समय युवा सहभागिता भने बढ्दो छ । कलासंस्कृतिप्रति उनीहरूमा देखिएको मोहले भक्तपुरलाई भक्तपुर नै बनाइराख्न सघाउने निश्चित छ । जसले भक्तपुरको वैभवमात्र जोगाउँदैन, तिनै युवाको भविष्य पनि सुनौलो हुन्छ । जात्रालाई भनेर टोलटोलमा धिमे बजाउने अभ्यास, रथको डोरी तान्न उत्साहपूर्वक सहभागी हुन युवाका रुचि आशलाग्दा छन् । मानौं, उनीहरू रथको डोरीमात्रै हैन, संस्कृति पनि सँगसँगै तानिरहेका छन् ।

## रोजगारी

खेती किसानीका लागि समेत चर्चित यो सहरमा पछिल्लो समय बढ्दो सहरीकरणसँगै कृषि सङ्कटमा परेको छ । तर नगरपालिकाले सर्वसाधारणको आय आर्जनका लागि वैकल्पिक अवस्थाबारे सोचिसकेको छ । उसले युवाहरूलाई लक्षित गर्दै नगर घुम्न आउने पर्यटकलाई सहयोग हुने उद्देश्यले गाइड तालिम, चिनीयाँलगायत विभिन्न भाषाको प्रशिक्षण दिएको छ । त्यस्तै काष्ठकला, बुटिक, फोटोग्राफी, प्लम्बिङ, विद्युतीबारे तालिम लिदएर युवालाई सीपयुक्त बनाउन थालेको छ । जसले गर्दा परम्परागत निर्माण कार्यमा डकर्मी, सिकर्मीको समस्या भएन । त्यस्तै भाषा ज्ञानका कारण पथप्रदर्शनका लागि थप सजिलो भएको छ । पाक शिक्षाका तालिमका कारण होटल रेस्टुरेन्ट व्यवसाय फस्टाएको छ । *'समग्रमा यो सहर आफ्नै खुट्टामा उभिएको छ,'* नगरप्रमुख प्रजापति भन्छन्, *'नगरवासीको सहयोगले नगर झनै मजबुत भएको छ ।'*

## धार्मिक सद्‌भाव

भक्तपुरमा बौद्ध धर्मावलम्बी र हिन्दु धर्मावलम्बीबीच सदियौँदेखि एकअर्काप्रति अगाध स्नेह छ । एकै ठाउँमा मिलेर बसेका मन्दिर र चैत्यले आपसी भाइचाराको सन्देश प्रवाह गरिरहेको भान हुन्छ । अन्य धार्मिक सम्प्रदायबीच पनि उत्तिकै मिलाप छ । नगरका एकै पाटीमा विभिन्न धर्मावलम्बी लस्करै बसेर बात मार्दै गरेको दृश्य यहाँ सामान्य लाग्छ । हरेक समुदायको जात्रा र पर्वमा नगरपालिकाले मन फुकाएर सहयोग गर्ने गरेको छ ।

## उज्यालो भक्तपुर

नगरलाई उज्यालो बनाउन नगरपालिकाले मुख्य ढोकामा आकर्षक बत्तीको व्यवस्था गरेको छ । बिस्तारै अन्य सम्पदामा पनि बिजुली बत्ती राख्ने प्रयास भइरहेको मेयर प्रजापति सुनाउँछन् । *'सिङ्गो नगरलाई उज्यालो बनाइराख्न नगरपालिका प्रतिबद्ध छ,'* मेयर प्रजापति भन्छन्, *'बत्तीसँगै विकासको उज्यालोले नगरवासीको अनुहार उज्यालो बनाउन नगरपालिका प्रतिबद्ध छ ।'*

*स्रोत : नागरिक, ८ फागुन २०७७*

# क्युवाको प्राङ्गारिक कृषि प्रणाली



सबिन ख्याजू

ल्याटिन अमेरिकी देश क्युवा सानो टापू देश हो । कम्युनिष्ट नेता फिडेल क्यास्ट्रो नेतृत्वमा सन् १९५९ को सम्पन्न समाजवादी क्रान्ति पछि क्युवाको चिनारी फेरिएको छ । संरा अमेरिकाको पिछलग्गु बाटिस्टा सरकारको पतनपश्चात क्युवाले संरा अमेरिकाको कडा नाकाबन्दी व्यहोरिरहेको छ । लामो समयसम्म अमेरिकाले क्युवामा लगाएको नाकाबन्दीको चुनौतीलाई क्युवाले कसरी सदुपयोग गर्दै वातावरणमैत्री सफल कृषिमा परिणत गऱ्यो भन्ने सन्देश अहिले विश्वको लागि महत्त्वपूर्ण शिक्षा हो । क्युवाको प्राङ्गारिक कृषिको सफल रहस्य पढी नेपालको कृषि क्षेत्रको लागि क्युवाबाट केही पाठ सिक्नुपर्ने देखिन्छ । क्युवाले रासायनिक खेतीलाई विस्थापित गर्दै वातावरण मैत्री प्राङ्गारिक खेती उत्तम विकल्प हो भन्ने कुरा विश्वका लागि नै महत्त्वपूर्ण सन्देश हो ।



समाजवादी क्रान्तिलगत्तै क्युवाको नजिकको मित्र सोभियत सङ्घले क्युवालाई कृषिमा रूपान्तरण गर्नको लागि कृषि औजार, उपकरण, इन्धन, सामग्रीहरू प्रदान गरेको थियो । त्यस समय क्युवामा कृषि उत्पादनमा रासायनिक मल र विषादीको अधिकत्तम प्रयोग भएको थियो । एक समय क्युवाको उत्पादन र उत्पादकत्व निकै माथि उठेको थियो । सन् १९३० को समयमा क्युवा संसारकै सबैभन्दा धेरै उखु उत्पादन गर्ने मुलुक बन्यो । क्युवाको चिनी सोभियत सङ्घले खरिद गरेवापत क्युवाले खाद्यान्न, पेट्रोलियम पदार्थ र अन्य सामानहरू आयात गर्थ्यो । सन् १९८९ मा सोभियत सङ्घ विघटन सुरूपश्चात सोभियत सङ्घबाट क्युवाले पाउँदै आएको सहयोग बन्द भयो र सुविधाहरू पनि खारेज भए । यस परिस्थितिले क्युवाको अर्थतन्त्रमा नयाँ सङ्कट सुरु भयो । नेता क्यास्ट्रोको क्युवाली सरकारले सङ्कटको सामना गर्न शान्तिपूर्ण विशेष समयको घोषणा गऱ्यो । रासायनिक विषादी र मलको आयात ८० प्रतिशतले झरेको थियो । खाद्यान्नको कमीकै कारण क्युवाका हजारौँ नागरिकहरूले आँखाको ज्योति गुमाए, कैयौँले १० देखि १५ केजीसम्म आफ्नो तौल गुमाए भने निराशा र हतासका कारण कतिपयले क्युवा छाडे । तर बहुसङ्ख्यक जनताले क्युवामाथि परेको सङ्कट र चुनौतीविरुद्ध डटेर लड्ने अठोट गरे र प्रकोपलाई जित्ने साहस गरे । क्युवाको समाजवादलाई आर्थिक रूपले कमजोर पार्न अमेरिकाले क्युवामाथि लगाएको नाकाबन्दीलाई झन् कडा बनाउँदै लग्यो । अमेरिकाले क्युवामा आफ्ना मित्र देशका उद्योगहरूले समेत खाद्यान्न, औषधिलगायत बेच्न नपाउने नियम बनायो । सङ्कटको समयमा आफ्नो देश बचाइराख्न योजनाबद्ध रूपमा क्युवाले विविध रणनीतिहरू अँगाल्यो । साथै परिस्थितिको सामना गर्न क्युवाले वैकल्पिक उपायहरू पनि अवलम्बन गर्न थाल्यो । परिणामस्वरूप क्युवाले प्राङ्गारिक खेतीको थालनी गऱ्यो । क्युवाले अँगालेका केही राष्ट्रिय स्तरका उपायहरू निम्नानुसार रहेका छन् :

## शत्रुकीरा व्यवस्थापन

क्युवामा रासायनिक विषादीको आयात बन्द भएपछि बाली संरक्षणका वैकल्पिक रणनीतिहरू अवलम्बन गरिए । मित्र कीराहरू (शिकारी कीराहरू) को बृहतस्तरमा उत्पादन र प्रयोगलाई जोडतोडले अगाडि बढाउने कार्य गरियो । शत्रु कीराहरूको अनुगमन र मित्र कीराहरूको विश्लेषण, उत्पादन र प्रयोगलाई व्यापकता दिँदै लगियो । शत्रुकीरा व्यवस्थापनमा मित्र कीराहरूको प्रयोग अचेल एक प्रकारले मापदण्ड नै बनिसकेको छ । एकीकृत शत्रुजीव व्यवस्थापनको नमूना संसारभर प्रचार भइरहेको छ ।

## बालीरोग व्यवस्थापन

क्युवामा खेती गरिने लगभग ९० प्रतिशत बालीहरूमा लाग्ने रोगहरूको पहिचान गरिएको थियो । रोग पहिचानको लागि अत्याधुनिक प्रविधिहरू जस्तैः इलेक्ट्रोन माइक्रोस्कोपी (Electron Microscopy) र इम्युनोफ्लोरेन्स (Immunofluorescence) अपनाइयो । क्युवाले रासायनिक विषादीको

ठाउँमा जैविक विरोधी (Microbial antagonists) बारे विस्तृत अनुसन्धानहरू गरी प्रयोगमा ल्याए । साथै, विविध रोग सहन सक्ने बालीका जातहरू तयार गरी प्रयोगमा ल्याइएको थियो ।

## झार व्यवस्थापन

प्राङ्गारिक खेतीमा झार व्यवस्थापन एक प्रमुख समस्या हो । विकसित धेरै देशमा झार मार्नको लागि निश्चित रासायनिक झारनाशक विषादीहरूको प्रयोग व्यापक छ भने क्युवाले यो विधिको प्रयोग निकै न्यून मात्रामा गरेको छ । कठिन मोडलहरूको निर्माण गरी खेतबारीमा हुन सक्ने विभिन्न जातका झारहरू र त्यसको घनत्वको पहिचान गर्ने गरिन्छ र मिश्रित बाली र बाली चक्रको अवधारणा प्रयोग गर्ने गरिन्छ ।

क्युवाले झार नियन्त्रण गर्न खनजोतका नयाँ उपकरणहरूको विकास र प्रयोग गर्न थाल्यो । परम्परादेखि चल्दै आएको झार व्यवस्थापन विधिको वैज्ञानिक विश्लेषण गर्ने र उपयुक्त भएका विधिहरूको प्रयोगलाई प्रोत्साहन त्यस समयमा भएको थियो । झार आउने समय, नोक्सानको मात्रा र त्यसको व्यवस्थापनलाई गणितीय मोडल निर्माण गरी योजना र कार्यक्रमहरू निर्माण गरिएका छन् । झारसँग प्रतिस्पर्धा गर्न सकिने बाली लगाउँदा अर्को वर्षमा उक्त खेतबारी झाररहित हुने गरेको पाइएको छ । उदाहरण, एक वर्ष मकै लगाउँदा छायाँका कारण होचो झारहरू नियन्त्रण भई त्यसपछिको बाली सिमी लगाउँदा राम्रो नतिजा देखिन्छ ।

## माटो व्यवस्थापन

क्युवाको माटो मिश्रित छ तर त्यति गुणस्तरीय होइन । निकै लामो समयसम्म गरिएको सघन खेती (Intensive farming) र रासायनिक विषादी, रासायनिक मल, ठूला मेसिन आदिको अत्यधिक प्रयोगका कारण माटोको प्राङ्गारिक तत्वमा कमी र गुणस्तर खस्किएको थियो । नुनको मात्रामा वृद्धि (Salinization) र भू-क्षयले माटोलाई खराब बनाइसकेको थियो । माटोमा प्राङ्गारिक तत्वको मात्रा पनि एक प्रतिशतभन्दा कम थियो ।



सोभियत सङ्घसँगको सम्बन्ध बिग्रिसकेपछि क्युवाले देशभरको माटोको जाँच र माटोको गुणस्तर सुधारलाई देशव्यापी बनायो । गँड्यौला मल (Vermicompost) र जैविक मलको प्रयोगलाई बढाउने काम भयो । यसरी माटोमा प्राङ्गारिक तत्व भने वृद्धि हुँदै गयो । वृक्षारोपण कार्यक्रमलाई व्यापक बनाउँदै खनजोत गर्ने काम घटाएर भू-क्षयको समस्या नियन्त्रण गर्न थालियो । माटोमा प्राङ्गारिक तत्व र जैविक मल वृद्धि गर्ने अभियानलाई व्यापकता दिइएको थियो । हावामा उपलब्ध खाद्यतत्व (नाइट्रोजन) लाई माटोमा उपलब्ध गराउने सूक्ष्म ब्याक्टेरिया माटोमा प्रयोग गरियो । उदाहरण, राइजोबियम ब्याक्टेरियाको वृहत उत्पादन गरेर कोसे बालीहरूमा प्रयोग गरिएको थियो । यसको नतिजामा बालीको लागि आवश्यक ८० प्रतिशतसम्म नाइट्रोजन माटोमा उपलब्ध गराउने कार्य गरेको प्रतिवेदनमा उल्लेख छ ।

माटोको खाद्यतत्वको अर्को महत्त्वपूर्ण श्रोत हरियो मल हो । हरियो मलको उत्पादन गरी माटोमा मिसाएर खनजोत गर्दा विरुवालाई खाद्यतत्वको उपलब्धता बढी हुने गर्दछ । उदाहरण, सेस्बानिया जातको हरियो मल ।

बालीको खेर गएका भागहरू (जरा, पात) लाई माटो मुनि गाड्नाले माटोमा प्राङ्गारिक तत्वको मात्रामा वृद्धि हुन्छ । विभिन्न बालीको बीचमा घुसुवा बाली लगाउनाले बालीको उत्पादन पनि बढ्ने गरेको पाइन्छ ।

सन् १९८७ मा २ हजार मेट्रिक टन गँड्यौला मलको उत्पादन भएकोमा सन् १९९२ सम्ममा ९६ हजार मेट्रिक टन उत्पादन भयो । गँड्यौला मलले विरुवामा खाद्यतत्व सोस्ने क्षमतामा वृद्धि ल्याउने र विरुवालाई माटोमा हुने रोगबाट पनि बचाउँछ ।

## जनशक्ति परिचालन

कृषिमा यान्त्रिकीकरणलाई घटाउनु अर्को विकल्प थियो । यसको सट्टामा क्युवाले ग्रामीण भेगका स्वयम्सेवकको परिचालनलाई वृद्धि गर्दै कामदार र जमिन बीचको सम्बन्ध बलियो बनायो । किसानहरूलाई वित्तीय र नैतिक सहयोगमा वृद्धि गरिएको थियो । शहरी क्षेत्रका बासिन्दाहरूलाई आफ्नो कामको २ हप्तादेखि २ वर्षसम्म कृषि मजदुरको रूपमा स्वयमसेवक भई खटिन आव्हान गरिएको थियो । उनीहरूलाई स्थायी घरको व्यवस्था र सहरमा भएको कामको स्थायित्व सरकारले गरेको थियो ।

सहरी बासिन्दाहरूलाई सहरमै प्राङ्गारिक खेती गर्नको लागि प्रोत्साहन गरिएको थियो जसकारण कृषि उपजको लागि ग्रामीण भेगका जनताप्रतिको निर्भरता घटाउन सकिएको थियो । परिणामतः हरेक शहरको घर, चोक, कार्यालय क्षेत्र र

विद्यालयहरूमा प्राङ्गारिक बगैँचाहरूको (Organoponics) विस्तार गरिएको छ ।

अर्गानोपोनिक्स एक नमुना शहरी प्राङ्गारिक बगैंचा खेती हो जहाँ बहुबाली लगाउने (Polyculture), बाली चक्र अपनाउने (Crop rotation), एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) को प्रयोग र थोपा सिँचाइ मुख्य विशेषता हुन् । सहरी क्षेत्रमा ताजा तरकारी र फलफूल उपलब्ध गराउन, सहरको सौन्दर्यता बढाउन र रोजगारी सिर्जना गर्न यो खेती मौलाएको हो । अर्गानोपोनिक्स क्युबाको मौलिक प्रविधि हो र अहिले विश्वमा यो निकै चर्चित छ । क्युवामा ७,००० अर्गानोपोनिक्स केन्द्रहरू सञ्चालित छन् जसमा हवानामा मात्रै २०० केन्द्रहरू छन् । हवानामा यसले ३५,००० हेक्टर क्षेत्र ओगटेको छ जसले ९० प्रतिशत तरकारी र फलफूलको माग पूर्ति गर्दै आएको छ ।

रासायनिक मल र विषादीले वातावरणलाई बिगार्ने मात्र नभई खेतीमा कृषकको लागतमा पनि बढी भार थप्ने गर्दछ । यो डरलाग्दो पनि छ । क्युवाका कृषि वैज्ञानिकहरूले रासायनिक तरिकाको विकल्प पत्ता लगाउन र त्यसको विकास गर्न निकै वर्षसम्म अनुसन्धान र मिहिनेत गरेका थिए । हाल क्युवाको प्राङ्गारिक खेतीले विश्व चर्चा पाएको हो । **ग्रान्मा इन्टरनेशनल** पत्रिकाकाअनुसार सन् १९८९ मा बीस हजार मे.टन प्रतिवर्ष रासायनिक विषादी खपत हुनेमा सन् २००४ सम्ममा एक हजार मे.टन प्रतिवर्षमा झार्न सफल भयो र यो जारी छ ।

सन् १९९० मा ७७ हजार हेक्टर कृषियोग्य जग्गामा जैविक नियन्त्रण विधि अपनाएकोमा सन् १९९५ मा ५ लाख हेक्टरसम्म विस्तार गरिएको थियो ।



संरासङ्घको खाद्य र कृषि सङ्गठन (FAOSTAT) का अनुसार क्युवाको ६० प्रतिशत भूभाग कृषियोग्य छ । सन् १९८० मा जब क्युवाको जनसङ्ख्या एक करोड पुगेको थियो तब उत्पादन चार करोड मानिसलाई पुग्ने कृषि उत्पादन थियो । सन् १९८८ मा मात्र क्युवाले विदेश निर्यात गर्ने वस्तुहरूमा चिनीले ७५ प्रतिशत भाग रहने गर्दथ्यो । समाजवादी देश क्युवामा ७५ प्रतिशत कृषि भूभागमा सरकार नियन्त्रित कृषि फार्महरू सञ्चालन गरिएका थिए ।

क्युवामा शहरी क्षेत्रका नयाँ पुस्तालाई कृषिमा संलग्न हुन धेरै कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यी सबै कडा मिहिनेतका कारण उपनिवेशकालीन समयपछि क्युवा पहिलो पटक आर्थिक रूपमा आत्मनिर्भर बनेको अवस्था छ । दीगो कृषि अभ्यास नै क्युवाबाट हामीले सिक्नुपर्ने पाठ हो ।

क्युवाले चरम आर्थिक सङ्कटपश्चात सुरु गरेको प्राङ्गारिक खेती, जमिनलाई बाँझो नराख्ने नीतिबाट नेपालले पनि पाठ सिक्नुपर्ने बेला आएको छ । २०७२ सालको भूकम्पपश्चात छिमेकी देश भारतले नेपालमाथि पनि अघोषित अमानवीय नाकाबन्दी लगाएको थियो । त्यस समय कसरी हाम्रो देश सबै चिजहरू भारतनिर्भर भएको कुरा पुष्टि भइसकेको छ । नेपालले पनि आत्मनिर्भरताको लागि आवश्यक उपायहरू समयमै अवलम्बन गर्नुपर्ने खाँचो छ ।

यसर्थ, देशमा खाद्य सुरक्षाको निम्ति हामीले पनि क्युवाले सुरु गरेको प्राङ्गारिक खेतीबाट केही सिकेर र बाँच्नको लागि आफूलाई चाहिने खाद्य वस्तुको उत्पादन आजैबाट सुरु गर्न जरुरी छ ।

**सन्दर्भ सामग्री**

– Sara Oppenheim, 2001. Alternative Agriculture in Cuba.
– Fernando Funes-Monzote. Towards sustainable agriculture in Cuba.


तस्वीर : इन्टरनेट

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६



# किम इल सङ्को संस्मरण

# शताब्दीका साथ -%_




## पेक्डु पर्वतका गोप्य शिविर

भाग-९ । परिच्छेद ३ (ख)

देशुईग्व र वरपरका गाउँका धेरै युवकहरू हाम्रो सेनामा भर्ती हुन आए । उनीहरू सेनामा भर्ती भए पछि त्यो क्षेत्रमा सैनिक गतिविधि अझ फैलिँदै गयो । चाङबाई क्षेत्रमा क्रान्तिकारी सेनाको व्यापक विस्तारमा त्यसले ठूलो टेवा पुऱ्यायो । जनक्रान्तिकारी सेनाका गतिविधि र फैलिँदो शक्तिको कारण शत्रु नराम्ररी आत्तियो । चाङबाई क्षेत्रका प्रहरीहरूले भकाभक सामूहिक राजीनामा दिने र जिम्मेवारी छोड्ने लहर नै चल्यो । शत्रु ठूलो अन्योलमा पऱ्यो । इर्डोगाङ गाउँको शिविर भित्र पस्ने र बाहिर जाने मूल ढोकाबाट आउन जान सबैमाथि रोक लगाइएको थियो । शिविरको पछाडिको ढोकाबाट मात्र आउजाउ गर्ने अनुमति थियो ।

चाङबाई क्षेत्रमा हामीले सैनिक गतिविधिसँग-सँगै जनतालाई शिक्षित र सङ्गठित गर्ने साङ्गठनिक र राजनीतिक गतिविधि अघि बढायौँ । देशुईग्व, दियाङसिग्व र वरपरका गाउँहरूमा हाम्रा राजनीतिक समितिहरूले पितृभूमि पुन:स्थापना सङ्गठनका शाखा सङ्गठनहरू विस्तार गरे । हामीले आफ्नो भूमिमा पनि सङ्गठन निर्माणका गतिविधिलाई अघि बढायौँ । पेक्डु पर्वत वरपर विभिन्न स्थानमा बनाइएका सङ्गठनका नयाँ आधार क्षेत्र स्थापनाको लागि भरपर्दो राजनीतिक आधार पनि बन्दै गयो । सियाओदेशुईको लडाइँपश्चात शिउदाओग्वको दोङगाङ, शिसानदाओग्वको लङचुआन्ली, इर्सिदाओग्वको इर्भ्रोङदियन र चाङबाई काउन्टी तथा वरपरका धेरै ठाउँमा हामीले हाम्रो गतिविधिलाई तीव्रता दियौँ । अमनोक नदी छेउछाउका विभिन्न गाउँमा पनि हाम्रा गतिविधि सघन बन्दै गयो । नदी वरपरको क्षेत्र विथोलिएका बारुलाको घार जस्तै थियो ।

हामीले सङ्गठनको एउटा घेरा बनाउने उद्देश्य लिएका थियौँ । त्यो उद्देश्यमा हामी सफल भयौँ । अब हाम्रो ध्यान पेक्डु पर्वतको भित्रसम्म फैलिनु र एउटा मूल आधार क्षेत्र बनाउनु थियो । किम जु ह्योन र रि तोङ हकको पथप्रदर्शनमा म पेक्डु पर्वतमा हाम्रो गोप्य शिविर बनाउन छानिएको क्षेत्रमा गएँ । मसँगै केही वरिष्ठ अधिकारीहरू, रक्षा दल र केही प्रतिरोधी कम्पनीहरू थिए । अरू सिपाहीहरूलाई चाङबाई क्षेत्रमा शत्रुलाई अलमलाउने कामको जिम्मा लगाइएको थियो ।

किम जु ह्योन, रि तोङ हक, किम उन सिन र अरूहरूको अध्ययनअनुसार सोबैक्सु उपत्यकामा नै हाम्रो देशभित्रको पहिलो गोप्य शिविर स्थापना गर्ने निधो गरियो । त्यो उपत्यकाबाट झण्डै दस माइल उत्तरपश्चिमसम्म पेक्डु पर्वत अग्लिएको थियो । झण्डै पाँच माइल उत्तरपश्चिममा माउन्ट सोनो देख्न सक्थ्यौँ । सोबैक्सु उपत्यकाको चार माइल उत्तरपूर्वमा घना जङ्गलमाथि कानबैक पर्वत उभिएको थियो । त्यो उपत्यका पल्लोतिरको लामो फैलिएको उचाईलाई साजा लेक भनिन्छ ।

सोबैक्सु उपत्यकामा हाम्रो आगमन लामो समयको अनुपस्थितिपछिको भव्य गृहआगमन थियो । जापानविरोधी क्रान्तिको ऐतिहासिक सन्दर्भमा त्यो घटना पूर्वी मञ्चुरियाबाट पेक्डु पर्वतमा हाम्रो गतिविधि केन्द्रित गर्ने कोशेढुङ्गा थियो ।

एक जना मानिस घर फर्किनु उसका छिमेकीको लागि पनि खुशीको विषय बन्नु स्वाभाविक हो । तर, सोबैक्सु उपत्यका पेक्डु पर्वतको निकै भित्र रहेकोले हाम्रो त्यहाँ कोही छिमेकी भने थिएन । एक जना कविले लेखेका छन्, *'त्यो जङ्गलको एकान्त सहन नसकेर चरी पनि उडेर कतै गई ।'* त्यहाँको अवस्था वास्तवमै त्यस्तो थियो । सुसेलिरहेको जङ्गल र कलकलाइरहेको खोल्साले हामीलाई स्वागत गरिरहेको थियो । सोबैक्सु उपत्यकामा हामी आइपुगेको हाम्रो देशवासीलाई हेक्का पनि थिएन ।

सोबैक्सु उपत्यकाबाट २५ माइल पर दक्षिणमा हाम्रा देशवासीहरू थिए । हामी त्यहाँ पुग्थ्यौँ भने उनीहरूले हामीलाई हार्दिक स्वागत गर्ने थिए । तर, त्यत्तिबेला यो टापू देशमा नबोलाइएका केही पाहुना पनि थिए जो हामीमाथि बन्दुक तेर्साइरहेका थिए । यदि उनीहरूले अवरोध नतेर्साइदिएका भए हामी हाम्रा देशवासीको बीचमा जाने थियौँ र निकै उत्साहका साथ उनीहरूलाई भेट्ने थियौँ । शत्रुसँग भिड्नु नै हाम्रा देशवासीहरूसँग भेट्ने एउटै मात्र उपाय थियो । शत्रुको सामना

गर्न नै हामी पेक्डु पर्वत क्षेत्रमा गएका थियौँ र सोबैक्सु उपत्यकामा हाम्रो आधार क्षेत्र स्थापना गरेका थियौँ ।

मसँगै सोबैक्सु उपत्यकामा गएका कमरेडहरूले त्यो घना जङ्गलभित्र कुनै प्रसिद्ध ऐतिहासिक स्मारक क्षेत्र हुनसक्ने कल्पना समेत पनि गरेका थिएनन् । त्यो क्षेत्रले संसारकै पर्यटकलाई आकर्षण गर्न सक्थ्यो ।

हाम्रो गतिविधिको कुनै सङ्केत पनि नछोडी हामी खोलाको तिरैतिर हिंड्यौँ । खोलामा पातहरू तैरिरहेका थिए ।

हिजोआज त्यो ठाउँमा भ्रमण गर्ने यात्रीहरूले आजभन्दा आधा शताब्दीअघि त्यो कुनै ठाउँ प्राग–ऐतिहासिक जङ्गल जस्तै थियो भनी भन्दा पत्याउन गाह्रो मान्नेछन् । पुराना दिनका शान्त र सौम्यता हिजोआज चिल्ला पिच गरिएका सडकले हड्पिसकेको छ । पर्यटकहरू चढेका गाडी र पर्यटकहरू त्यो क्षेत्रमा हिजोआज बेरोकतोक घुम्ने गर्छन् । त्यहाँ पर्यटकहरूको लागि घर र गाउँहरू बनेका छन् । सुविधासम्पन्न होटलहरू बनेका छन् । सबै मौसममा त्यहाँ अनगिन्ती पर्यटकहरू घुमफिर गरिरहेका हुन्छन् । उनीहरूले गाएका गीतले त्यो क्षेत्रको चारैतिर सदैव गुञ्जायमान भइरहेको हुन्छ । तर, ती पुराना दिनहरूमा हामीले ती निर्जन जङ्गलमा जङ्गली जनावरका पाइला समेत भेटाउन सक्दैनथ्यौँ । त्यो उपत्यकाको मनमोहक दृश्यले हामीलाई आकर्षित बनाएको थियो । त्यत्तिबेला त्यो उपत्यकाले आफ्नो मूल स्वरुप र भीरपाखालाई कायम राखेको थियो । त्यो स्वरुपले एउटा प्राकृतिक किल्लाको भूमिका खेलेको थियो । मकुन, स्याओवाङसिनमा रहेका गुरिल्ला सेनाको दफ्फा सहित लिशुक्व उपत्यका मेरो समयमा निकै उत्कृष्ट थियो । त्यो उपत्यका निकै घना र दुर्गम थियो । त्यसकारण शत्रुलाई त्यहाँ चियाउनसमेत सजिलो थिएन । कथंकदाचित शत्रु भित्र छिरिहाले उनीहरू त्यहाँबाट पुच्छर लुकाएर भाग्नुको विकल्प नै थिएन । साजा लेकभन्दा मुन्तिर खोलाको दोभानमा सोबैक्सुको भीरबाट पेक्डु पर्वतको गोप्य शिविर पुग्ने हाम्रो बाटो थियो । त्यो ठाउँ पनि लिशुक्व उपत्यकासँग मिल्दोजुल्दो नै थियो ।

सोबैक्सु र लिशुक्व उपत्यकाबीच केही भिन्नता भने अवश्य थिए । सोबैक्सु उपत्यका अझ बढी फराकिलो, घना र सुन्दर थियो । हामी जति जति भित्र पस्थ्यौँ त्यत्ति त्यत्ति ती दुई उपत्यकाबीचको भिन्नता अनुभव गर्थ्यौँ । भव्य पक्डु पर्वतका हजारौँ पत्रको पहाड र चुचुराबीचमा अवस्थित त्यो उपत्यकालाई फैलिँदो पृष्ठभूमिले अझ आकर्षक बनाएको थियो ।

रात पर्नुअघि नै हामीले चाङ्सु पर्वतको फेदभन्दा पल्लोतिर खोलाछेउ पाल टाङ्ग्यौँ र रातभर मज्जाले निदायौँ । म दिनको तीनदेखि चार घण्टाभन्दा बढी सुत्दिनथेँ । पहाडी क्षेत्रमा बस्दा म बिहान २ बजे उठेर लेखपढ गर्थेँ । तर, त्यो रात म यति थाकेको थिएँ, बिहान उठेर मैले पढिनँ । बिहान उठेर हेर्दा राति पूरै शीत झरेको देखेँ ।

हिमाली क्षेत्रमा हिउँदमास लामो हुन्थ्यो । अन्यत्रभन्दा त्यहाँ बढी हिमपात हुन्थ्यो । हिमाली क्षेत्रमा हिउँ छोटो समयमा पग्लिदैंनथ्यो । जुनको मसान्त र जुलाईको सुरुमा पनि अघिल्लो हिउँदोको हिउँ पग्लिएको हुँदैनथ्यो । सेप्टेम्बरको मसान्त र अक्टोबरको सुरुमा त हिमालको चुचुरोमा ताजा हिउँ झरिसकेको हुन्थ्यो । त्यहाँ जम्मा भएको हिउँ मानिसको पूरै शरीर छोप्ने खालको हुन्थ्यो । त्यहाँ बाटो खोल्न सुरुङ नै खन्नुपर्ने हुन्थ्यो । गोप्य शिविरको बाहिर हिँड्न पनि हिउँमा हिँड्ने जुत्ता लगाउनुपर्थ्यो । त्यस्तो जुत्ता नलगाए हिउँमा डाबिन सक्थ्यो र दुर्घटना हुन सक्थ्यो ।

हिमाली क्षेत्रको कठोर मौसममा हिमआँधी र भारी हिमपात त भइरहन्थ्यो । त्यही भएर विभिन्न मौसम र त्यहाँको मौसम भिन्न खालको थियो । हामी त्यही भएर केही मौसमजन्य लाभ पनि प्राप्त गर्‍यौँ ।

लाओहेशानको लडाइँमा मैले पहिलो पटक हिम कमल खाएको थिएँ । मलाई त्यसको स्वाद मिठो लागेको थियो । मलाई हिमकमलमा बेरिएको भात रायोको सागमा बेरिएको भातभन्दा मिठो लाग्थ्यो । रि हुनको चाङबाई काउन्टीको शिजुइदाओक्वस्थित घरमा मैले ककलिया (एक प्रकारको हिमाली बिरुवा) चाखेको थिएँ । त्यसको स्वाद पनि गज्जबको थियो । पेक्डु पर्वत क्षेत्रमा धेरै थरी जङ्गली सागपात पाइन्थ्यो, तैहाङदानमा धेरै गरी हिम कमल, साम्जी ताल वरपरका क्षेत्रमा धेरै थरी ककलिया र पेगेई पहाडमा ‘मुसुहे’ पाइन्थ्यो । भान्छाको जिम्मा लिएका हाम्रा साथीहरूले ती जङ्गली सागपातको जोहो गर्थे । तिनले हाम्रो गर्मीयामको खाना मज्जाको बन्थ्यो ।

पेक्डु पर्वतको गोप्य शिविरमा बस्ने क्रममा हाम्रो भान्छा टोलीले घाँसेमैदानको छेउमा एउटा करेसाबारी बनाए । त्यहाँ उनीहरूले धेरै थरी सागसब्जीको उब्जनी गर्थे । वन्डाकोबी र मुला भने त्यत्ति फस्टाएन । रायोको साग र क्राउन डेजी (एक प्रकारको हिमाली फुल) भने राम्ररी फस्टायो । सोबैक्सुमा समातिएका चर माछा पनि कहिलेकाहीँ ल्याइन्थ्यो । त्यत्तिबेलामा खोलामा चर माछा थोरै मात्र पाइन्थ्यो । हिजोआज भने त्यहाँ धेरै माछा हुर्काएको छ ।

हामी पुगेको भोलिपल्ट मैले अन्य सैनिक अधिकारीहरूसँग गएर गोप्य शिविरका लागि छानिएको ठाउँ अवलोकन गर्‍यौँ । अगाडि नै त्यहाँ पुगेको टोलीले ब्यारेकको लागि उपयुक्त ठाउँ पनि छनौट गरिसकेका थिए । त्यही सबै अधिकारीहरूसँग बैठक बसेर हामीले नाहुतोदेखि पेक्डु पर्वतसम्मको हाम्रो यात्राको समीक्षा गर्‍यौँ । हाम्रा जिम्मेवारीबारे छलफल

भयो । अनि अधिकारीहरूबीच जिम्मेवारी विभाजन पनि गरियो । हामीले सकेसम्म चाँडो पेक्डुसान आधार क्षेत्र स्थापना गर्ने सङ्कल्प गऱ्यौँ । पेक्डुसान आधारका दुई पक्ष थिए : पहिलो गोप्य शिविरको निर्माण र अर्को पेक्डु पर्वत वरपरका गाउँहरूमा भूमिगत क्रान्तिकारी सङ्गठनहरू स्थापना गर्नु थियो ।

सन् १९३० दसकको पहिलो सुरुको आधा समय पूर्वी मञ्चुरियामा गुरिल्ला क्षेत्रको स्थापना र त्यही दसकको पछिल्ला आधा समयमा नयाँ पेक्डुसान आधार स्थापना गर्नुबीच रूप र आन्तर्यमा ठूलो भिन्नता थियो । पहिलो खालको आधार भनेको गुरिल्ला युद्धको लागि स्थायी, देखिने खालको खुला आधार थियो भने पछिल्लो खालको आधार भनेको नदेखिने क्रान्तिकारी आधार क्षेत्र थियो । त्यसमा गोप्य शिविरका साथै भूमिगत क्रान्तिकारी सङ्गठनहरू पनि समावेश थियो । त्यसले सैनिक तथा राजनीतिक गतिविधिको लागि आधारको काम गरेको थियो ।

सुरुका आधा दसकमा बनेको आधारमा बस्ने जनता जनताको क्रान्तिकारी सरकारको नीतिअनुरुप बस्थे । तर, पछिल्लो आधा दसकमा बनेका भूमिगत सङ्गठनहरूसँग सम्बद्ध जनता हेर्दा शत्रुको नियन्त्रणमा बसेका थिए । तर, व्यवहारमा भने उनीहरू हाम्रो निर्देशन र नीतिअनुसार काम गरिरहेका थिए ।

पहिलो आधा दसकमा गुरिल्ला क्षेत्रको रक्षाको लागि ठूलो मिहिनेत गर्नुपर्थ्यो भने पछिल्लो समयको आधार रक्षाको लागि त्यस्तो मिहिनेतको खाँचो पर्दैनथ्यो ।

त्यही भएर हामी गुरिल्ला गतिविधिलाई अझ फराकिलो गरी अघि बढाउन सक्यौँ । अर्को शब्दमा गुरिल्ला आधारको प्रकारमा आएको अन्तरले हामी थप आक्रामक बन्न सक्ने भएका थियौँ । जति जति गुरिल्ला आधार विस्तार हुँदै गयो, हाम्रो गतिविधि पनि फराकिलो बन्दै गयो ।

हामीले पेक्डु पर्वतको गोप्य शिविरलाई केन्द्रमा पारेर गुरिल्ला क्षेत्रलाई चाङबाई क्षेत्र र त्यसपछि पेक्डु र कैमा पठार, रङमिन पर्वतमा विस्तार गर्ने लक्ष्य बनायौँ । एवम्रीतले हामीले सशस्त्र सङ्घर्षको आगो कोरियाको उत्तरी क्षेत्रबाट मध्य र दक्षिण क्षेत्रमा फैलाउने सोच बनायौँ । सँगै हामीले पार्टी सङ्गठन विस्तार र विकासलाई पनि जोड दियौँ । संयुक्त मोर्चा आन्दोलनलाई पनि बलियो बनाउने हाम्रो तयारी थियो । देशव्यापी प्रतिरोधको लागि तयारीस्वरुप हामीले यी सबै क्रियाकलापलाई जोड दिइरहेका थियौँ ।

गोप्य शिविरको सञ्जाल स्थापना र भूमिगत सङ्गठनको सञ्जाल विस्तार जापानविरोधी क्रान्तिको हाम्रो नियति र विजय निर्भर रहने विषय थिए । त्यही भएर हामीले अरू कुनै पनि विषयभन्दा पहिला यी विषयको टुङ्गो लगाउनु थियो । सुरुमा हामीले एउटा टोलीलाई गोप्य शिविरहरू बनाउने जिम्मा लगायौँ । किम जु ह्योनलाई खाना र कपडाको बन्दोबस्त गर्ने जिम्मेवारी तोकियो । गोप्य शिविर निर्माण र सञ्चालनको लागि हाम्रो प्रमुख समस्या भनेका खाद्यान्न, लत्ताकपडा र आवासको बन्दोबस्त नै थिए ।

भूमिगत गतिविधिको लागि सक्षम सहयोद्धाहरूको भर्ती र जनतालाई राष्ट्रिय मुक्ति आन्दोलनको पवित्र लक्ष्यमा लाग्न उत्साहित बनाउन प्रतिरोधी कदम पनि महत्त्वपूर्ण कार्य थिए । ती कामको जिम्मेवारी रि तोङ हक नेतृत्वको कम्पनीलाई सुम्पियो ।

जिम्मेवारी तोकिएका कमान्डिङ अधिकारीहरूले पेक्डुसान आधार बनाउने आफ्नो जिम्मेवारी फत्ते गर्नेमा सक्रियतापूर्वक लागे । किम जु ह्योन, रि तोङ हक र उनीहरूको कम्पनी हामीलाई छोडेर जिम्मेवारी पूरा गर्ने काममा लागे । धेरै अरू कमरेडहरूलाई पनि विभिन्न ठाउँमा व्यक्तिगत मिसनमा परिचालन गरियो । केही सुरक्षाकर्मी र सातौँ रेजिमेन्टका केही सदस्यहरूसँगै म हैसियाजिक्वतिर लागेँ । हवाङगोङदोङ गाउँमा विछोडिएका हामी सबै त्यही भेला हुने तय भएको थियो । सोबैक्सु उपत्यकादेखि हैसियाजिक्वसम्म यात्राको हाम्रो अनुभव गज्जबको रह्यो ।

बाटोमा मैले सोनो पर्वत र समदन झरनाको अवलोकन गरेँ । त्यहाँको मनमोहक दृश्यको कुरा गरी साध्य थिएन । हिँड्दा हिँड्दै हामीले बाटो विरायौँ । हामी जङ्गलमै केही समय अलमलियौँ । म अझै पनि डेज तातोपानी झरनाको हाम्रो अनुभव सम्झन्छु । दुई घण्टासम्म हिँड्दा पनि बाटो पहिल्याउन नसके पछि जङ्गलको चारैतिर मैले स्काउटहरू खटाएको थिएँ । एक जना स्काउटले पनि एउटा बूढो मान्छेलाई सँगै लिएर आयो । त्यस बूढो मान्छेले आफू पेक्डु पर्वतको एउटा लेकमा एक्लै बस्ने गरेको अनि मानजियाङबाट नुन र कोदो बोकेर फर्किरहेको बेला स्काउट टोली भेटेको बताए । उनले हामीलाई घाँसे छानो छाएको एउटा सानो झुपडीमा लिएर गए । तातोपानी बग्ने झरनाको छेउमै उनको झुपडी थियो । त्यहाँको पानी यति तातो थियो, कुनै झिङ्गेमाछा  त्यसमा परिहाल्यो भने पनि त्यसको कलेवर पूरै रातै हुन्थ्यो । तातोपानीमा हामी नुहायौँ, हाम्रा लुगाफाटा धोयौँ र तातोपानीमै झिङ्गेमाछा पकाएर खायौँ । टेलिभिजनमा मध्य जाडोयाममा एक जना हिमाली भेगको मान्छे खुला हावामा नुहाइरहेको दृश्य देख्दा मलाई उत्तिबेला हामीले तातोपानीमा नुहाएको त्यो घटना झलक्क सम्झना भयो ।

त्यत्तिबेला मैले त्यस बूढो मान्छेसँग निकै लामो कुराकानी गरेँ । मैले उनलाई यस्तो दुर्गम पहाडमा किन बस्नुभएको भनी सोधेँ । उनले आफू तल समथर भूमिमा जाँदा

त्यहाँ ताराहरू मधुरो देखिएको हुँदा आफू आफ्नै पुर्ख्यौली पहाडमा फर्केको बताए ।

'यदि म एउटा दास बनाइएको राष्ट्रमा मरेँ भने म कहाँ मरेँ भन्ने कुराले ठूलो अर्थ राख्दैन । तर, म पेक्डु पर्वतकै काखमा बाँच्न र मर्न चाहन्छु । मलाई हजार चिनियाँ अक्षर सिकाएका मेरा गाउँका गुरुले मलाई कोरियालीहरू पेक्डु पर्वतकै अंगालोमा बाँच्नु पर्छ र पेक्डुलाई सिरानी राखेर नै मर्नुपर्छ भनेर उपदेश दिनुभएको थियो । उहाँका ती शब्द दिव्यवचन हुन् । तिनलाई त शिलालेखमा कोर्नुपर्ने थियो', बूढो मान्छेले भने ।

पेक्डु पर्वतमा एकटकले नियालिरहेका उनका चिम्लाचिम्ला आँखालाई लगातार पछ्याउँदै गर्दा मलाई उनका आँखासामु विगतका सबै दुःखद् समय एकपछि अर्को बाहिरिएको अनुभव भयो । पेक्डु पर्वतकै काखमा बस्न र मर्न चाहन्छु भन्ने उनका वाक्यले मलाई भावुक बनायो ।

'तपाईँलाई पेक्डु पर्वतमै बस्न किन मन भयो र ?'

'हेर्नोस् । आलु उमार्ने र हरिणको सिकार गरेर यहाँ बस्न पक्कै सजिलो छैन । तथापि, म निकै आनन्द र आत्मीय अनुभव गर्छु किनभने मैले यहाँ कोही पनि जापानीलाई देख्नुपर्दैन ।'

बूढो मान्छेसँगको कुराकानी पछि पेक्डु पर्वतले जनतालाई बलियो नैतिक शक्ति दिने मेरो विश्वास अझ दरिलो बन्यो । क्रान्तिको रणनीतिक केन्द्रको रूपमा पेक्डु पर्वतलाई छान्ने मेरो निर्णय शतप्रतिशत सही भएकोमा म ढुक्क भएँ । आफ्ना बुढेसकालका दिनहरू यो पहाडमा निर्भिक भएर एक्लै बसिरहेका त्यस बूढो मान्छे वास्तवमै देशभक्त थिए । उनको नाम मैले सोध्न बिर्सेकोमा मलाई पछिसम्म थकथक लागिरह्यो ।

लोजिक्व पहाडी क्षेत्रको 'बूढो मा'सँग जस्तै उनीसँग पनि धेरै पुस्तक थिए । डेजको तातोपानी झर्ने झरनामा नुहाएर हामी हैसियाजिक्वबाट अघि बढ्यौँ । विछोडिने बेलामा बूढो मान्छेले मलाई केही पुस्तक दिए । क्रान्ति पछि हामीले त्यो तातोपानी बग्ने झरनामा विरामी र कमजोरको लागि आराम गर्ने केन्द्र बनायौँ ।

हैसियाजिक्वमा हामी पुगेको एक दिनपछि जियाओहेमा परिचालित दोस्रो रेजिमेन्ट हामी बसेको ठाउँमा आइपुग्यो । दोस्रो रेजिमेन्टसँगै क्वान योङ ब्योक, ओ जु हुप, काङ वी न्योङ र अरू केही मानिसहरू आएका थिए । उनीहरूले हामीसँग आफूले भोगेको कठिन समय र मनका कुरा साटे ।

बाटोमा उनीहरूले धेरै कष्ट भोगेका रहेछन् । कठ्याङ्ग्रिँदो जाडोबीच पातलो लुगा र आधा पेट खाएरै उनीहरू पेक्डु पर्वततिर आइपुगेका थिए । एउटा काठको चौकीमा हमला गरेर केही वस्तुभाउ कब्जा गरेका थिए । तीमध्ये दुई ओटा त हाम्रो लागि भनी जिउँदै त्यहाँ ल्याएका थिए । उनीहरू दुब्लाएर हाड र छालामात्र बनिसकेका थिए । उनीहरूको त्यस्तो अवस्था देखेर हामीलाई साह्रै नरमाइलो लाग्यो । मलाई ग्वाम्लाङ्ग अंगालोमा बेरेर उनीहरू धेरै बेर रोए । मैले तत्कालै उनीहरूको लागि भित्र र बाहिर लगाउने लुगाको बन्दोबस्त गरेँ । अनि मोजा र रबरको तलुवा भएको बोराको जुत्ता पनि उपलब्ध गराएँ । अनि नुवाई धुवाई गर्ने सर-सामान, सुर्ती र सलाई पनि दिएँ ।

मुख्यालयको निर्देशनमा जियाओहेबाट फर्केका काङ वी न्योङ र पाक योङ सुनले हैसियाजिक्व, हेङशान, होङतो पर्वत र अरू धेरै ठाउँमा गोप्य शिविरहरू स्थापना गरे । पाक योङ सुन र काङ वी न्योङ काठको काम गर्न निकै सिपालु थिए । उनीहरू दुई-तीन दिनभित्रै बञ्चरोमात्र प्रयोग गरेर रेजिमेन्टको लागि पुग्ने ठूलो काठको मुढाका घरहरू बनाउँथे । अरू कोही कमरेडहरूले भन्दा उनीहरूले चाङबाई क्षेत्रमा गोप्य शिविर बनाउन निकै काम गरे । हैसियाजिक्वमा काओ क्व-अनको एकाइ आइपुग्दा ती काठको काममा सिद्धहस्त सिकर्मीहरूले एकै दिनमा उनीहरूको लागि ब्यारेक बनाएकोमा खुलेर प्रशंसा गरे । त्यसको सबै जस तिनै दुई जना काठे मिस्त्रीहरूलाई जान्छ ।

हैसियाजिक्वमा केही समय बसेर म सोबैक्सु उपत्यका फर्केको बेलासम्ममा धेरै ठाउँमा काठे मुढाका घर बनाइएका थिए । जङ्गलको जतातते मुख्यालयको लागि ब्यारेक, शाखा एकाइ, छापाखान, लुगा पसल र चेकपोस्टहरू छरिएका थिए ।

काठका मुढाले बनेका घरको ढोका खोल्न समाउने ह्यान्डल जरायोको सिङबाट बनाइएको थियो । त्यत्तिबेलाका केही त्यस्ता ह्यान्डल भने अझै मेरो मानसपटलमा ताजा छन् । एउटा ऐतिहासिक अवधिको कोशेढुङ्गाको रूपमा म ती ह्यान्डललाई सम्झन्छु । जब पेक्डु पर्वतको हाम्रो 'बस्ने कोठा'का ढोकामा जरायोका सिङका ह्यान्डल बने र सोबैक्सु उपत्यकामा हाम्रो घर बने तबबाट पेक्डु पर्वतका गोप्य शिविरले कोरियाली क्रान्ति र केन्द्रीय नेतृत्वको आधार स्थापना गऱ्यो ।

पेक्डु पर्वतका गोप्य शिविर कोरियाली क्रान्तिका रणनीतिक केन्द्र र हृदयमात्र थिएन, त्यो एउटा महत्त्वपूर्ण कारबाहीको आधार, गतिविधिको आधार र बन्दोबस्तीका सामग्रीको आधार पनि थियो ।

धेरै गोप्य आधारहरू चाँडै नै यो गोप्य शिविरबाट कोरियाका उत्तरी र मध्य क्षेत्रका विभिन्न स्थानमा छरिए । गोप्य शिविरबाट क्वान योङ ब्योक, किम जु ह्योन, किम फ्योङ, किम जोङ सुक, पाक रोक गम, मा तोङ हुई, जि थाए हुवान र अरू धेरै राजनीतिक कार्यकर्ताहरूले क्रान्तिको बिउ पितृभूमिका कुनाकाप्चासम्म पुऱ्याए । त्यहीँबाट रि जे सुन,

पाक तल, पाक इन जिन र हामीलाई भेट्न पेक्डु पर्वतमा आएका जनताका अन्य धेरै प्रतिनिधिहरू क्रान्तिको ज्योति बोकेर जनताबीच फर्के । त्यहीँबाट हाम्रा एकाइहरूले शत्रुलाई ध्वस्त बनाउन लडाइँका मोर्चामा खटिए । साना होस् वा ठूला, सबै कदम क्रान्तिको भविष्यसँग अन्योन्याश्रित रूपमा गाँसिएको थियो । ती सबै योजनाको तर्जुमा भने पेक्डु पर्वतमै गरिएको थियो ।

कोरियाका विभिन्न स्थान र चीनका विभिन्न गोप्य शिविरहरू पनि पेक्डु पर्वतकै गोप्य शिविरको सञ्जालअन्तर्गत थिए ।

कोरियाभित्र साजाबोङ गोप्य शिविर, कोमसान गोप्य शिविर, सोनोसान गोप्य शिविर, कानबैक्सान गोप्य शिविर, मुडुबोङ गोप्य शिविर, सोयोङजिबोङ गोप्य शिविर आदि थिए । चीनतिर पश्चिम जियानदाओ क्षेत्रमा हैसियाजिक्व गोप्य शिविर, दियाङसी गोप्य शिविर, इर्डाओगाङ गोप्य शिविर, हेङशान गोप्य शिविर, लिमिङशुई गोप्य शिविर, फुहोसुई गोप्य शिविर, छिङफेङ गोप्य शिविर र फुसोङका अरू गोप्य शिविरहरू थिए । जतिबेला खाँचो पर्छ हामीले यी सबै शिविरको उपयोग गर्‍यौँ ।

पेक्डु पर्वत क्षेत्रका गोप्य शिविरबाट धेरै कारबाही र जिम्मेवारी पूरा गर्‍यो । वास्तवमै गोप्य शिविर भएकोले त्यहाँ लुगा पनि सिलाइन्थ्यो, हातहतियारको मर्मत सम्भार गरिन्थ्यो, घाइते र बिरामीको उपचार र सेवा गरिन्थ्यो । कतिपय गोप्य शिविरले कार्यकर्ताहरूको लागि सम्पर्क केन्द्र र आवासको पनि काम गरेका थिए ।

सोबैक्सु उपत्यकाको गोप्य शिविर पेक्डु पर्वतका गोप्य शिविर सञ्जालको मूल केन्द्र थियो । त्यही भएर ती दिनमा सोबैक्सु उपत्यकाको पेक्डुसान गोप्य शिविरलाई हामी नं १ शिविर भन्थ्यौँ । हिजोआज त्यसलाई पेक्डुसान गोप्य शिविर वा पेक्डु गोप्य शिविर नामाकरण गरिएको छ ।

यो शिविर मुख्यालय र त्यसको प्रत्यक्ष मातहतमा रहेका विभागहरू, सुरक्षा गार्ड र अन्य केही प्रमुख एकाइको घर थियो । त्यहाँभित्र पस्ने र बाहिर आउने प्रवेशद्वारमा अधिकतम सुरक्षा व्यवस्थाका साथै गोप्यता पनि कायम गरिएको थियो । हाम्रो नियमित सम्पर्कमा नभएको मातहतका शाखा वा व्यक्ति हामीलाई भेट्न आए हामी उनीहरूलाई गोप्य शिविर नं २ (साजाबोङ गोप्य शिविर) मा भेट्थ्यौँ । सोबैक्सु उपत्यकाको गोप्य शिविरमा भेट्ने गर्दैनथ्यौँ । गोप्य शिविर नं २ मा मुख्यालमा आएका एकाइ र व्यक्तिहरूलाई भेटिन्थ्यो, उनीहरूलाई आराम गराइन्थ्यो र बिदा गरिन्थ्यो । कतिबेला त्यहाँ छोटो समयावधिका तालिम र प्रशिक्षण पनि सञ्चालन गरिन्थ्यो । मुख्यालयमा आउने पाहुनाहरूको लागि स्वागत गर्ने केन्द्र थियो – दोस्रो नं.को शिविर । पाहुनाहरू त्यहाँ बसेर केन्द्रको निर्देशनको प्रतिक्षा गर्थे, आफ्ना कुरा सुनाउँथे, त्यही सुत्थे अथवा छोटो समावधिका तालिम र प्रशिक्षण पनि लिन्थे । त्यत्तिबेला मुख्यालयमा आउने सन्देशवाहकले लिमिङशुईतिरबाट आउनुपर्ने नियम नै थियो । अनि सोबैक्सु उपत्यका प्रवेश गर्न उनीहरू त्यहाँको खोल्सा खोल्सा भएर आउनुपर्थ्यो । मुख्यालयमा आउने बाटोमा कुनै पदचाप नछोडियोस् भनी खोल्सा खोल्सा आउनुपर्ने नियम बनाइएको थियो । गोप्य शिविर कहाँ छ कसैलाई थाहा थिएन । कसैलाई गोप्य शिविर कहाँ छ भन्ने थाहा भयो भने त त्यो गोप्य नै रहेन नि ।

पेक्डुसान गोप्य शिविर र वरपरका अन्य गोप्य शिविरबारे विस्तृत रूपमा किम जु ह्योन, किम है सान, किम उन सिन र मा तोङ हुईलगायत सबै सम्पर्क कार्य गर्ने थोरै मानिसलाई मात्र थाहा थियो । साथै सानो सङ्ख्यामा कमान्डिङ अधिकारीहरूलाई पनि थाहा थियो ।

सौभाग्यवश, ती गोप्य शिविर र त्यहाँका 'बासिन्दा'हरूले जापानविरोधी क्रान्ति सफल नहुँदासम्म आफ्नो गोप्यता कायम नै राखे ।



पेक्डु पर्वतको गोप्य शिविरमा किम इल सङको 'घर'

मेरो युवाकालका अत्यन्त महत्त्वपूर्ण समयमा पेक्डु पर्वत मेरो 'घर' थियो । यो 'घर' मा धेरै सङ्ख्यामा मेरा सहयोद्धाहरू छन् । मेरो बाल्यकालीन घरको मेरो परिवारभन्दा त्यो परिवार कति हो कति ठूलो थियो । उनीहरू मेरो 'घर' मा मसँगै बस्थे, पेक्डु पर्वतमा पानी परे पनि, हिउँ परे पनि उनीहरू मसँगै काम गर्थे र उनीहरू सबै गृहभूमिलाई आजको जस्तो बनाउने सपना देख्थे ।

पेक्डु पर्वतमा मसँगै दुःख–सुख साट्ने थोरै मानिसहरू मात्र अहिले बाँचेका छन् । त्यही भएर हाम्रो पार्टीको क्रान्तिकारी इतिहास र हाम्रा पुर्खाहरूका सङ्घर्षका उपलब्धिबारे नयाँ पुस्तालाई बताउने हाम्रो लक्ष्य अलि अघि नै पूरा गर्न सकेनौँ । ती इतिहास

र सङ्घर्षका उपलब्धि पेक्डु पर्वतका प्रत्येक चट्टान र माटोमा कुँदिएको छ ।

मैले पनि पेक्डुसान गोप्य शिविरबारे नयाँ पुस्तालाई अघि नै बताउन सकिनँ । पार्टी, सरकार, सेना, युद्धका बोझ, युद्धपछिका पुनःनिर्माण आदि मेरो काँधमा रहेका धेरै जिम्मेवारीको कारण मेरा युवा दिनहरूमा पेक्डु पर्वतको मेरो घरमा जाने समय नै मिलाउन सकेको थिइनँ ।

मैले बारम्बार पाक योङ सुन र अरू साथीहरूलाई पेक्डुसान गोप्य शिविर क्षेत्रमा उनीहरूले बिताएका दिनहरूबारे नयाँ पुस्तालाई बताउन आग्रह गरेको थिएँ । तर, त्यत्तिबेलाका पोख्त सिकर्मी र उनका सहकर्मीहरूले पनि सबै ठाउँहरू भेटाउन सकेनछन् । यद्यपि, हैसिआजिक्व, दियाङ्सी र हेङशानका गोप्य शिविरहरू भने उनीहरूले जसोतसो भेटाउन सफल भए । ती शिविरहरू उनी आफैले बनाएका थिए । साथै चोङबोङ, पेगे पहाड र मुफोका शिविर स्थलहरूले पनि उनीहरू पत्ता लगाएका छन् । सबै गोप्य शिविर भेटाउन नसकेकोमा म उनीहरूलाई दोष लगाउन चाहन्न किनभने उनीहरू कहिल्यै पनि सोबैक्सु उपत्यकाको गोप्य शिविरमा गएका थिएनन् ।

अन्ततः मेरो अन्तिम वर्षहरूमा मात्र मैले पेक्डुसानका गोप्य शिविर स्थल पहिचान गर्न म सफल भएँ । त्यत्तिबेला मात्र मैले केही फुर्सद पाएँ अनि पेक्डु पर्वत क्षेत्रतिर फर्किने मौका जुऱ्यो । त्यो क्षेत्रमा नयाँ बनेका गोप्य शिविरहरू पनि मैले अवलोकन गर्न चाहेको थिएँ । फर्किने क्रममा सोबैक्सुमाथिको पुल छेउछाउ भिरालो पाखा देखेँ । त्यो ठाउँ मलाई चिनाजानको जस्तो लाग्यो । त्यसकारण मैले एउटा अध्ययन टोली सोबैक्सु उपत्यकामा खोजको लागि परिचालन गरेँ । मैले उनीहरूलाई एउटा ठूलो चट्टानको मूनि एउटा सानो घाँसे मैदान नभेटिँदासम्म लगातार उकालो लागिरहन सङ्केत गरेँ । मैले उनीहरूलाई बाहिरबाट हेर्दा त्यो उपत्यका अरू उपत्यकाभन्दा फरक नदेखिने पनि स्पष्ट पारेँ किनभने त्यहाँबाट पहाड निकै नजिक थियो । त्यत्तिबेलासम्म पनि त्यो क्षेत्रको जङ्गल यति घना र भिरालो थियो कि त्यहाँ पर्यटकको लागि अमनोक नदीको किरानामा बाटो बनाउन अनुगमनको लागि पठाइएका मेरा वरिष्ठ सचिव र मेरा अङ्गरक्षकहरूले बाटो बिराए र धेरै बेरसम्म त्यहीं अलमलिए । उनीहरू हराएको थाहा पाए पछि खोज्न गएको अर्को सेनाको टुकडीले मात्र उनीहरूलाई भेटाउन सकेको थियो । खासमा त्यो जङ्गल मिहुनचेनभन्दा कम रहस्यमय थिएन । अध्ययन टोलीले जङ्गलमा केही त्यस्ता रुख देखे जसमा विभिन्न नाराहरू कुँदिएका थिए । अनि उनीहरूले त्यही वरपर काठको मुढाले बनेको घरहरू र शिविर क्षेत्र पहिल्याउन सफल भए । यसप्रकार पेक्डुसानको गोप्य शिविर नयाँ पुस्ताको लागि आफ्नो वास्तविक रूपमा फेला पऱ्यो ।

पेक्डु पर्वत आज एउटा विद्यालय बनेको छ जहाँ हाम्रो क्रान्तिका दोस्रा, तेस्रो र चौथा पुस्ताले पेक्डुको क्रान्तिकारी भावना सिक्छन् र पहिलो पुस्ताप्रति सम्मान गर्छन् । पेक्डुको विशाल भूमिमा एउटा विशाल खुला आकाशमूनिको क्रान्तिकारी सङ्ग्रहालय स्थापना भएको छ ।

इतिहासको प्रगतिसँगै पेक्डु पर्वतको साङ्केतिक अर्थ अझ समृद्ध बनेको छ । सन् १९३०-दसकको पछिल्ला आधा खण्डमा पेक्डु पर्वतले आफ्नो वास्तविक साङ्केतिक अर्थभन्दा बढी अर्थ भेटायो ।

पेक्डु पर्वतको ज्वालामुखीबाट विस्फोटन भएको कोरिया मुक्तिको 'लाभा'ले २ करोड कोरियाली देशभक्तहरूलाई आकर्षित गऱ्यो । त्यो स्थानको भ्रमण गरेपछि लेखक सोङ योङले जापानविरोधी क्रान्तिको आगोको लप्काबाट प्रभावित भएर आफ्नो यात्रा वृत्तान्तको शीर्षक नै 'पेक्डु पर्वत जहाँबाट पनि देखिन्छ' राखेका थिए । यो शीर्षकले राष्ट्रिय मुक्तिको सक्रिय ज्वालामुखी, क्रान्तिको पवित्र पेक्डु पर्वत हामी त्यो पर्वतमा एकाकार भएदेखि जुनसुकै ठाउँबाट देखिने सङ्केत गरेको छ । **(क्रमशः)**

*तस्बिर : इन्टरनेट*

*नेपालीमा अनुवाद : नीरज*

# हार्दिक समवेदना



**स्व. रामकृष्ण नायजु**

**जन्म : २०३४ फागुन १५ | निधन : २०७७ फागुन २४**

भक्तपुर नगरपालिकाका कर्मचारी **रामकृष्ण नायजु**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

पुस्तक समीक्षा

# हेनरी किसिञ्जरको आँखामा चीन (३)

● एक शिक्षक



## सङ्कटको एक दशक

अध्यक्ष माओले चीनको ग्रामीण विकास तथा उद्योगधन्दाको विकास गर्ने उद्देश्यका साथ **'महान् फड्को'** (Great Leap Forward) cभियानको नेतृत्व गर्नुभयो। उत्पादनको वृद्धि गरी चिनियाँ जनताको जीवनस्तर उकास्ने र सोभियत सङ्घसँग प्रतिस्पर्धा गर्ने त्यसको उद्देश्य थियो। सन् १९५७ मा मस्कोमा भएको समाजवादी देशहरूको सम्मेलनमा खुश्चेभले १५ वर्षमा संरा अमेरिकालाई आर्थिक क्षेत्रमा उछिन्ने दाबी गरे। अध्यक्ष माओले सोही समयावधिमा बेलायतलाई चीनले स्टिल, कोइला र कपास उत्पादनको क्षेत्रमा पनि त्यस्तै महत्त्वाकाङ्क्षा र तयारीका साथ अगाडि बढ्यो। आर्थिक, वैचारिक तथा कूटनीतिको क्षेत्रमा उथलपुथल ल्यायो 'महान् फड्को' अभियानले।

खुश्चेभले सन् १९५८ मा पेचिङ भ्रमण गर्दा एक प्रसङ्गमा अध्यक्ष माओले चीनले सोभियत सङ्घभन्दा अगाडि नै पूर्ण समाजवाद हासिल गर्ने दाबी गर्नुभयो। निश्चय पनि सोभियत सङ्घको लागि त्यो कर्णप्रिय भएन। चीनले सोभियत सङ्घलाई अन्न–अनाज दियो र त्यसको सट्टा चीनले ठूला–ठूला यन्त्र र हातहतियार आयात गऱ्यो। यसरी चीन र सोभियत सङ्घबीच सङ्घर्ष र सहयोगको सम्बन्ध अगाडि बढ्यो। तर, सन् १९५९ देखि सन् १९६२ सम्म चीनमा ठूलो खडेरी भयो। चीनको निम्ति त्यो अकल्पनीय प्राकृतिक विपत्ति थियो। ठूलो धनजनको नोक्सानी भयो। यसप्रकार यस अध्यायमा **'महान् फड्को'** बारे सङ्क्षिप्त चर्चा गरिएको छ। त्यसैगरी **'महान् सर्वहारा सांस्कृतिक क्रान्ति'** को पनि छोटकरीमा उल्लेख गरिएको छ। यी दुई ओटै विषयमा लेखक किसिञ्जरले आलोचनात्मक धारणा प्रस्तुत गरेका छन्। यथार्थमा सांस्कृतिक क्रान्ति पुराना विचारहरू, पुराना संस्कार, पुराना रीतिरिवाज र पुराना व्यवहारविरूद्ध थालिएको जागरण अभियान थियो।

## सन् १९६२ को चीन-भारत सीमा भीडन्त


मुक्ति प्राप्त गरेको एक दशकभित्र चीनले संरा अमेरिकासँग कोरियामा युद्ध लड्यो र थाइवानको विषयलाई लिएर संरा अमेरिकासँग दुई पटक सैन्य द्वन्द्व सामना गऱ्यो। सन् १९६२ मा भारतले चिनियाँ सिमानामा अतिक्रमण सुरु गऱ्यो।

सन् १९५९ मा चीन–भारतबीच सीमा विवाद सुरु भएको थियो। त्यतिखेर अध्यक्ष माओले युद्ध भड्किन नदिने हिसाबले चिनियाँ सेनालाई २० किलोमिटर भित्र बोलायो। भारतले त्यसलाई कमजोरीको रूपमा बुझ्यो र आफ्नो फौजलाई अगाडि बढ्ने आदेश दियो। **सन् १९६१ मा भारतले 'अगाडि बढ्ने नीति'** (Forward Policy) अवलम्बन गऱ्यो। भारतले चिनियाँ सुरक्षा चौकी नजिकै आफ्नो चौकी बनाउन थाल्यो। भारतले आफ्नो फौजलाई चिनियाँ फौजविरुद्ध गोली हान्ने अधिकार दियो।

चीन भने भिडन्त सुरु गर्ने पक्षमा थिएन। भारतीय सेना बसेको ठाउँबाट पचास मिटर अगाडि बढेको खण्डमा मात्र गोली हान्ने अधिकार चिनियाँ फौजलाई दिइएको थियो। त्यसदेखि बाहेक उच्च अधिकारीहरूको आदेशमा मात्र सैन्य कारबाही थाल्न सकिने प्रावधान राखिएको थियो। चीनले दुई ओटा नीति लिएको थियो – भारतलाई थप अगाडि बढ्न नदिने र रक्तपात हुन नदिने। भारतलाई अचानक सवक सिकाएर वार्ताको टेबलमा ल्याउने उपायबारे पनि अन्तिम निर्णय लिन अध्यक्ष माओले सन् १९६२ को अक्टोबरको सुरुतिर चिनियाँ नेताहरूको बैठक बोलाउनुभयो। अध्यक्ष माओले भन्नुभयो, *'हामीले बुढो चियाङ काई–सेकसँग युद्ध लड्यौँ। हामीले जापान र अमेरिकासँग पनि लड्यौँ। ती कोहीसँग हामी डराएनौँ। हरेक युद्धमा हामीले नै जित्यौँ। अहिले आएर भारत हामीसँग लड्न चाहन्छ। निश्चय पनि, हामी डराउनुपर्ने कुरै छैन। हामीले उनीहरूलाई मौका दिने प्रश्नै उठ्दैन। यदि दियौँ भने हामीले लगभग फुचियान प्रान्त बराबरको जमिन गुमाउनेछौँ। नेहरूले जिद्दी गरेपछि, भिड्न कर*

*गरेपछि, हामीले मानेनौँ भने त्यो कुनै मित्रता नै भएन । शिष्टाचारले पारस्परिक व्यवहारको माग गर्दछ ।'* अक्टोबर ६ को दिन चीनले निर्णय लियो । सीमा भिडन्त सुरू हुनुभन्दा अगाडिसम्म खुश्चेभले आफ्नो साथ चीनलाई रहने घोषणा गरेका थिए तर पछि उनले भारतलाई साथ दिए ।

अक्टोबर २० को दिन चीनले कारबाही आरम्भ गऱ्यो । त्यो चार दिनसम्म चालू रह्यो । अझ ठूलो कारबाही मध्य नोभेम्बरमा भयो । कोरियाली युद्धमा संरा अमेरिकाविरुद्ध जसरी सफलता मिलेको थियो त्यस्तै घटना चीन-भारत सीमा भिडन्तमा दोहोरियो । यद्यपि, **चीनले कुनै भू-भाग कब्जा गरेको थिएन । म्याकमोहन लाइनको दक्षिणी भू-भागमाथिको दाबी भने छोडेन ।**




सोभियत सङ्घले तटस्थताको बहाना गरेकोमा चिनियाँ कम्युनिस्ट पार्टीको पत्रिका **'जन दैनिक'** ले रोष प्रकट गर्दै एउटा कम्युनिस्ट देशले पूँजीवादी देशलाई समर्थन गरेको पहिलो घटना भनी टिप्पणी गऱ्यो । **'जन दैनिक'** ले लेख्यो– कम्युनिस्टको निम्नत्तम कर्तव्य भनेको शत्रु र मित्र स्पष्ट चिन्ने हो । आफ्ना मित्रप्रति दयालु र शत्रुप्रति निर्मम बन्न सक्नुपर्छ । **'जन दैनिक'** ले मित्रहरूलाई आह्वान गऱ्यो – 'विवेकको परीक्षण गरौँ । मार्क्सवाद-लेनिनवादको अवस्था कस्तो छ ? सर्वहारा अन्तर्राष्ट्रवादको स्थिति के छ ?' सन् १९६४ मा सोभियत सङ्घले तटस्थता पनि पूर्णरूपमा त्याग्दै चीनलाई दोषारोपण गऱ्यो । सोभियत कम्युनिस्ट पार्टीको पोलिटब्युरो सदस्य **मिखाइल सुस्लोभ**ले भने, *'क्यारिबियाली सङ्कटको उच्चत्तम विन्दुमा चीनले चीन-भारत सीमामा सैन्य द्वन्द्व सुरू गऱ्यो ।'*

भर्खरै खडेरीबाट मुक्त भएको चीनले सम्पूर्ण सीमा क्षेत्रमा सङ्कटकाल घोषणा गऱ्यो ।

### मेलमिलापको बाटोमा

अध्यक्ष **माओ** र संरा अमेरिकी राष्ट्रपति **रिचार्ड निक्सन**ले मेलमिलापको ढोका खोल्ने प्रयत्न गरिरहँदा अमेरिकामा भियतनाम युद्धको व्यापक विरोध भइरहेको थियो । चीनभित्र पनि वातावरण फरक थियो । सांस्कृतिक क्रान्ति उत्कर्षमा पुग्दै थियो । उत्तरी सिमानामा चीन र सोभियत सङ्घबीच द्वन्द्व चर्किंदै थियो । अध्यक्ष माओ र संरा अमेरिकी राष्ट्रपति निक्सनद्वारा वार्ता थाल्न प्रयत्न गरिए तापनि बाधा-व्यवधान प्रशस्त थिए । चीन संरा अमेरिकालाई 'पूँजीवादी-साम्राज्यवादी' मान्थ्यो । बीस वर्षदेखि दुवै देशले एक-अर्कालाई शत्रु नै देख्थे । द्वन्द्व चर्कंदै थियो । युद्धको सम्भावना बलियो बन्दै गइरहेको थियो ।

**सन् १९६५ को मार्चमा संरा अमेरिकी राष्ट्रपति जोन्सनले भियतनाममाथि सेना पठाउन निर्देशन दिए ।** अमेरिकी सेना चीनको छेउछाउका क्षेत्रमा बसे । सेनाको सङ्ख्या ८२ हजार थियो । चीनले पनि भियतनामलाई आवश्यक सामग्री, नैतिक समर्थन प्रदान गऱ्यो । साथै, भौतिक पूर्वाधार विकास तथा सञ्चार जगतको विकासको निम्ति बन्दोबस्त मिलाउने या प्राविधिक टोली भियतनाम पठायो । सङ्ख्याको हिसाबले त्यो एक लाख थियो । अध्यक्ष माओले संरा अमेरिकासँग *'चीनले यसतर्फबाट युद्धको सुरुआत हुनेछैन । संरा अमेरिकाले सुरु गरेमा मात्र हामी लड्नेछौँ । मैले भनिहालेँ ढुक्क हुनुहोस् कि हामी संरा अमेरिकालाई आक्रमण गर्नेछैनौँ ।'* अध्यक्ष माओले भियतनामले आफ्नै बल-वर्कतले परिस्थितिसँग मुकाबिला गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, *'चिनियाँहरू आफ्नै आन्तरिक मामिलामा व्यस्त छन् । आफ्नो सीमाभन्दा पर गएर लड्ने त अपराधी हुन् । चिनियाँहरूले त्यसो किन गर्लान् ? परिस्थिति सम्हाल्न भियतनामीहरू सक्षम छन् ।'*

वाशिङटनले चीनलाई सोभियत सङ्घभन्दा खतरनाक देशको रूपमा लिँदै थियो । उता सोभियत सङ्घले चीनको सिमानामा दबाब बढाउँदै थियो । संरा अमेरिका र सोभियत सङ्घसँगै अत्यन्त सावधानीपूर्वक व्यवहार गर्नुपर्ने चीनको बाध्यता थियो । आफूमाथि दुई महाशक्ति देशबाट भइरहेको दबाब र बढ्दै गइरहेको युद्धको सम्भावना निमिट्यान्न पार्न संवेदनशील ढङ्गमा चीनले कूटनीति अगाडि बढायो ।

सोभियत सङ्घले चीनसँग जोडिएका सीमा क्षेत्रमा सैन्य गतिविधि निकै बढाउँदै चीनको सिन्चियाङ सीमा क्षेत्रमा युद्धको तयारी थाल्यो । तनावपूर्ण स्थितिलाई ध्यानमा राखी चिनियाँ कम्युनिस्ट पार्टीले अगस्ट २८ को दिन सीमावर्ती क्षेत्रमा सेनाका टुकडी परिचालन गर्न आदेश जारी गऱ्यो । त्यस परिस्थितिमा रणनीतिकरूपमा संरा अमेरिकासँगको सम्बन्ध केही सहज बनाउनु चीनका निम्ति तत्कालीन आवश्यकता थियो ।



मार्शल चेन यी

युद्धको त्यो गम्भीर परिस्थितिलाई ध्यानमा राखी अध्यक्ष माओले सैनिक अधिकारीहरूसँग छलफल प्रारम्भ गरिसक्नुभएको थियो । सैनिक जनरलहरूले नजिकका शत्रुहरूले हमला गरे टाढाका शत्रुसँग समन्वय गर्ने प्राचीन चिनियाँ उक्ति सम्झाए । संरा अमेरिकी साम्राज्यवादको मनस्थिति बुझेरमात्र सोभियत संशोधनवादीले निर्णय गर्ने अनुमान गरे । साथै, संरा अमेरिकासँग अगाडि बढ्न नसकेको राजदूत तहको वार्ता फेरि सुरु गर्न सुझाव दिए । शान्तिका निम्ति दुईओटै महाशक्ति देश खतरनाक भए तापनि दुईमध्ये चीनका निम्ति सोभियत सङ्घ बढी खतरनाक भएको धारणा मार्शलहरूले राखे । **मार्शल चेन यी**ले संरा अमेरिकाका नयाँ राष्ट्रपति निक्सन चीनसँग सम्बन्ध जोड्न इच्छुक भएको र राजदुत तहमा मात्र होइन मन्त्री स्तरमा वार्ता गर्न तयार भएको जानकारी गराए ।

हेनरी किसिङ्गर सुरुमा निक्सनका सल्लाहकार थिए र पछि विदशमन्त्री भएका थिए । **भियतनामबाट सरा अमेरिकी सेना निःशर्त फिर्ता ल्याउन र युद्ध अन्त्य गर्न निक्सन सहमत भए ।** चीनले त्यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । निक्सन र उनको प्रशासन चीनसँग सम्बन्ध गाँस्न र दक्षिण-पूर्वी एसियाबाट फर्कन तयार भयो ।

चेनपाओ (Zhenbao) टापूको उसुरी (Ussuri) नदीमा सोभियत सेना र चिनियाँ सेनाबीच झडप भयो । सन् १९६९ को गर्मी यामको सुरुतिर चीनको सिन्चियाङमा सोभियत सेनाद्वारा हमला भयो । त्यही परिस्थितिमा चीन र संरा अमेरिकाबीच आदानप्रदान आरम्भ भयो । संरा अमेरिकाले व्यापार प्रतिबन्ध खुकुलो पारेर सकारात्मक सन्देश दियो । चीनले दुई जना अमेरिकीलाई मुक्त गर्‍यो । चीन र सोभियत सङ्घबीच युद्धको सम्भावना झन् बढ्यो । चिनियाँ सीमा आसपास सोभियत सङ्घले ४२ ओटा सैनिक डिभिजन खडा गर्‍यो । त्यो झन्डै दश लाख जना सैनिकको हाराहारीमा थियो । परिस्थितिको गाम्भीर्यलाई ध्यानमा राखी (अध्यक्ष माओले) चाउ एन लाइ एकजनाबाहेक सम्पूर्ण नेतालाई देशभरि छरिएर बस्न र चीनको परमाणु शक्तिलाई पनि तयार अवस्थामा राख्न निर्देशन दिनुभयो ।

हो चि मिन्हको अन्तिम बिदाइमा भाग लिएर हनोइबाट फर्केका सोभियत सङ्घका प्रधानमन्त्री **अलेक्सी कोसिजिन** (Aleksi Kosygin) फर्कने क्रममा पेचिङ पुगे । एयरपोर्टमा कोसिजिन र चाउ एन लाइबीच ३ घण्टा छलफल भयो । प्रधानमन्त्री चाउले सिमानाबाट सैनिक फिर्ता बोलाई तनाव घटाउने प्रस्ताव राख्नुभयो तर हस्ताक्षर नगरी कोसिजिन फिर्ता भए । त्यसपछि अध्यक्ष माओले अक्टोबरमा पेचिङ खाली गर्न निर्देशन जारी गर्नुभयो । रक्षामन्त्री लिन प्याओले सैनिकलाई तयार रहन आदेश दिए ।

यही जटिल परिस्थितिमा चीन र संरा अमेरिकाबीच संवाद सुरु भयो । सन् १९६९ को नोभेम्बरदेखि सन् १९७० को फेब्रुअरीभित्र चीन र अमेरिकाबीच दश पटक वार्ता भयो । वार्ता विभिन्न देशका राजधानीमा भएका थिए । अरू वार्ता, भेटघाट तथा छलफलले पनि निरन्तरता पाउँदै गयो । अमेरिकी वार्ता टोलीलाई निक्सनले भने, *'यो बच्चा नजन्मिँदै तिनले मार्लान् !'*

सन् १९७० को अक्टोबरमा अध्यक्ष माओले अमेरिकी पत्रकार **एड्गर स्नो**लाई अन्तर्वार्ता दिनुभयो । विजय दिवसको भव्य परेड समारोहमा अध्यक्ष माओले स्नोलाई आफूसँग राख्नुभयो । त्यसले ठूलो अर्थ राख्थ्यो र महत्त्वपूर्ण सन्देश दिन्थ्यो । अन्तर्वार्ताको क्रममा



अक्टोबर क्रान्ति दिवसको समारोहमा अध्यक्ष माओका साथमा अमेरिकी पत्रकार एड्गर स्नो र श्रीमती स्नो

अध्यक्ष माओले राष्ट्रपति निक्सनलाई पेचिङमा राष्ट्रपति या पर्यटकको रूपमा स्वागत गर्न आफू तयार भएको बताउनुभयो ।



तीन पटकका विश्व टेबल टेनिस च्याम्पियन चुयाङ चेतोङ **(बायाँ)** अमेरिकी खेलाडीलाई उपहार दिँदै

सोही वर्ष **पिङपङ कूटनीति** सुरु भयो । चिनियाँ पिङपङ टोलीले जापानमा भएको अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनायो । चिनियाँ सांस्कृतिक क्रान्ति सुरु भएपश्चात् चीनले विदेशमा भएका खेल गतिविधिमा भाग लिएको त्यही नै पहिलो अवसर थियो ।

सन् १९७१ को अप्रिल १४ मा अमेरिकी खेलाडीहरू पेचिङ आमन्त्रित गरिए । प्रधानमन्त्री चाउ एन लाइले ग्रेट हल अफ पिपल्समा भव्य स्वागत गर्नुभयो । उहाँले भन्नुभयो, *'चिनियाँ र अमेरिकी जनताको सम्बन्धमा तपाइँहरूले एउटा नयाँ अध्याय उद्घाटित गर्नुभयो ।'* प्रधानमन्त्री चाउले भन्नुभयो, *'हाम्रो मित्रताको सुरुआतप्रति बहुसङ्ख्यक जनताले समर्थन जनाउनेमा म विश्वस्त छु ।'*

**सम्बन्धको पुनः सुरुआत**

**राष्ट्रपति निक्सनले एउटा टोली गुप्त ढङ्गमा पेचिङ पठाउने तयारी गरे ।** हेनरी किसिन्जरको नेतृत्वमा पेचिङका लागि टोली प्रस्थान गऱ्यो । बैङ्कक, दिल्ली हुँदै रावलपिंडी पुग्यो । टोली ठूलो भए पनि एउटा मुख्य टोली बनाइएको थियो जसमा अरू पाँच जना थिए । सञ्चारकर्मीलाई छल्नुपर्ने बाध्यता थियो । यात्राको उद्देश्य र गन्तव्यबारे राष्ट्रपति, कर्णेल अलेक्जान्डर र किसिन्जरलाई बाहेक कसैलाई थाहा थिएन । रावलपिंडी पुगिसकेपछि किसिन्जरले बिवरामी परेको अभिनय गरे । अठ्चालीस घण्टाका निम्ति पाकिस्तानकै हिमाली क्षेत्रको हिल स्टेसनमा किसिन्जर पुगे ।

अमेरिकी प्रतिनिधिमण्डल जुलाइ ९,१९७१ मा पेचिङ पुग्यो । चीनले स्वागतमा कुनै कञ्जुस्याइँ गरेन । बसाइ अवधिभर आतिथ्य सत्कारमा कुनै कमी नभएको किसिन्जर सम्झन्छन् । सम्पूर्ण व्यवस्थापन, जिम्मेवारी बाँडफाँड उच्च कोटीको थियो ।

प्रम चाउले उच्च महत्त्व तथा आत्मीयता प्रदर्शन गर्नुभयो । कूटनीतिक तह या मर्यादाभन्दा पनि दुई आत्मीय मित्रहरूको पुनर्मिलनझैँ देखिन्थ्यो । कुराकानीमा बौद्धिकता प्रस्ट झल्किरहेको थियो । अन्तर्राष्ट्रिय सम्बन्ध विषयका दुई प्राध्यापकहरूको वार्तालाप चलेझैँ कुराकानी चल्यो ।

प्रम चाउ आउनु हुँदा किसिन्जरले हात मिलाउन पहिला हात दिनुभयो । सन् १९५४ मा जेनेभा सम्मेलनको क्रममा अमेरिकी विदेशमन्त्री जोन फोस्टर डलेसले प्रम चाउसँग हात मिलाउन अस्वीकार गरेका थिए । अमेरिकी प्रतिनिधिमण्डलका सदस्यहरूको मनमा त्यो घटनाले सताइरहेको थियो । यद्यपि, अध्यक्ष माओको साथमा क्रान्ति, युद्ध, उथलपुथल र कूटनीतिक व्यवहारमा करिब आधा शताब्दी व्यतित



निक्सनले प्लेनबाट ओर्लेर हात बढाएको

प्रतिनिधिमण्डललाई पेचिङ विमानस्थलमा मार्शल **ये चियानयीङ** (Ye Jeanying) ले हार्दिक स्वागत गरे । प्रतिनिधिमण्डल बसेकै ठाउँमा प्रधानमन्त्री चाउ एनलाइ पुग्नुभयो । मर्यादा क्रमले किसिन्जर राष्ट्रिय सुरक्षा सल्लाहकार अर्थात् तीन तहमुनि थिए । गरिसक्नुभएका प्रम चाउसँग पहिलो पटक भेटिरहँदा अमेरिकी टोली फरक अनुभव गर्दै थियो ।

**प्रम चाउ एनलाइसँग भेट**

*'मेरो साठी वर्षको सार्वजनिक जीवनमा मैले चाउ एनलाइ जति प्रभावशाली व्यक्तित्वका धनी कोही*


प्रम चाउ र किसिञ्जर

*भेटेको छैन ।'* हेनरी किसिञ्जर खुसीपूर्वक स्मरण गर्छन् । उनी अगाडि भन्छन्, *'मैले उनलाई भेट्दा उनले बाइस वर्ष प्रधानमन्त्री र चालीस वर्ष माओका सहयोद्धा भई काम गरिसकेका थिए ।'* प्रम चाउको बौद्धिकताबाट आफू निकै प्रभावित भएको किसिञ्जरले सहर्ष स्वीकारेका छन् । प्रम चाउ एउटा भनाइ सधैं दोहोऱ्याउनुहुन्थ्यो, *'माझीले सधैँ आँधीबेहरीसँग जुझ्नुपर्छ ।'* उहाँ आफ्नो कार्यशैली, चुनौती तथा गहन जिम्मेवारीबारे प्रस्ट पार्ने क्रममा त्यसो भन्नुहुन्थ्यो । चाउ एनलाइको अत्यन्त व्यवस्थित तथा संवेदनशील तरिकाले काम गर्ने शैलीका कारण दुई फरक धारका देश तथा शत्रुतापूर्ण स्थितिबाट गुज्रिरहेका देशबीच बीस वर्षपछि सुरू भएको वार्तामा खासै अप्ठ्यारा, तीतापिरा घटना घटेनन् । पहिलो भेट अत्यन्त सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो । प्रम चाउले चीन – संरा अमेरिकाबीच मित्रता पुनः स्थापित गर्नु नै मुख्य उद्देश्य रहेको प्रस्ट पार्नुभयो ।

तीन महिनापछि किसिञ्जर र प्रम चाउबीच दोस्रो भेट भयो । त्यस भेटमा प्रम चाउले पुराना मित्रहरूलाई झैँ नजिकको व्यवहार गर्नुभयो । प्रम चाउले भन्नुभयो, *'यो दोस्रो भेट हो । तर म खुलस्त बोल्दै छु । तपाइँ र विन्स्टन लर्ड यसबारे अवगत हुनुहुन्छ तर डायना र नयाँ साथी (कमान्डर जोन) भने अझै अवगत हुनुहुन्न । चिनियाँ कम्युनिस्ट पार्टीको तीन वटा टाउको र ६ ओटा हात छ भनेर तपाइँहरूले सोच्नुभएको हुनुपर्छ । तर, हेर्नुस् त म पनि तपाइँहरूजस्तै छु । त्यस्तो मान्छे जोसँग तपाइँहरू तर्कसहित इमानदारीपूर्वक कुरा गर्नसक्नुहुन्छ ।'*

सन् १९७३ मा किसिञ्जरलाई स्वागत गर्ने क्रममा अध्यक्ष माओले भन्नुभयो, *'संरा अमेरिका र चीन एक समय 'दुई शत्रु' थिए । तर, अहिले हामी सम्बन्धलाई मित्रतामा परिणत गर्दै छौँ ।'*

प्रम चाउ र किसिञ्जरबीचमा भेटघाट मित्रवत त थियो नै, प्रम चाउको भद्र, विनम्र व्यवहार र सरलता विशेष खालको थियो । आफ्नो मित्रलाई उच्च आदरमात्र होइन उच्च स्थान तथा महत्त्व दिन प्रम चाउ चुक्नुभएन । प्रम चाउले भन्नुभयो, *'प्रशान्त महासागरको दुई छेउका हाम्रा दुई देश । तपाइँको देश दुई सय वर्षको इतिहास भएको । तर, नयाँ चीन स्थापनालाई हेर्दा हाम्रो देश मात्र बाइस वर्षको इतिहास बोकेको । त्यसकारण, हामी तपाइँहरूभन्दा कम उमेरका छौँ ।'* आश्वस्त पार्दै प्रम चाउले अर्को प्रसङ्गमा भन्नुभयो, *'अध्यक्ष माओले विभिन्न अवसरमा भन्नुभएको छ कि चीन महाशक्ति देश बन्ने छैन । कुनै पनि देश, सानो होस् या ठूलो, समान बन्नका निम्ति सक्दो मिहिनेत गर्नेछौँ ।'*

अर्को पाँच दश वर्षमा चीनले द्रुत ढङ्गमा आर्थिक विकास गरेता पनि महाशक्तिको होडमा लाग्ने या दम्भ देखाउनेतिर नजाने प्रस्ट पाऱ्यो ।

प्रम चाउ र किसिञ्जरबीचको भेटघाटमा विशेषतः थाइवान, भियतनाम र सांस्कृतिक क्रान्तिबारे छलफल भयो । प्रम चाउले **'एक चीन नीति'** मा संरा अमेरिका सहमत हुनुपर्नेमा जोड दिनुभयो । थाइवान चीनको अभिन्न अङ्ग मान्दै त्यहाँ र वरपरबाट निश्चित समयभित्र अमेरिकी सेना फिर्ता लानुपर्ने धारणा उहाँले राख्नुभयो । **'एक चीन नीति'** मा संरा अमेरिकाले पाइला–पाइला गरी सहमति जनायो ।

सन् १९७१ सम्म पेचिङलाई चीनको राजधानीको मान्यता संरा अमेरिकाले दिएको थिएन । एकले अर्कोको राजधानीमा राजदूत पठाइसकेको थिएन । थाइवानको थाइपेइमा आधिकारिक प्रतिनिधि थिए भने पेचिङलाई कुनै किसिमको मान्यता थिएन ।


अध्यक्ष माओ र किसिञ्जर

प्रम चाउ र किसिञ्जर राति अबेरसम्म बसेपछि दुई देशबीचको प्रेस वक्तव्य तयार भयो । **'यो वक्तव्यले संसार हल्लाउनेछ ।'** प्रम चाउले भन्नुभयो । जुलाई १५ को दिन पेचिङ र लसएन्जेल्सबाट एउटै समयमा त्यो गोप्य भ्रमण र अध्यक्ष माओले राष्ट्रपति निक्सनलाई दिनुभएको निम्तोबारे जानकारी सार्वजनिक गरियो ।

(क्रमशः)

*मजदुर दैनिकबाट*

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ फागुन ३ गते, सोमबार

२. उपप्रमुख श्री रजनी जोशी ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ
९. वडाध्यक्ष श्री उकेश कवां ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल ऐ
१८. सचिव श्री रामलाल श्रेष्ठ ऐ

## निर्णयहरू

### ख्वप अस्पताल सञ्चालन कार्यविधि

भक्तपुर नगरपालिकाको 'ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७' पारितका लागि नगर सभा समक्ष पेश गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

### ख्वप कलेजको विनियम संशोधन

देहाय बमोजिमको 'ख्वप कलेजको विनियम–२०७७ ( पहिलो संशोधन)' पारितका लागि नगर सभा समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो :

ख्वप कलेज विनियम २०६५ मा पहिलो संशोधन गर्न वाञ्छित हुँदा भक्तपुर नगरपालिकाको आठौँ नगरसभाबाट निम्न बमोजिमको संशोधन गरिएको छ ।

**संशोधनको तीन महले विवरण**

| क्र.सं. | सम्बन्धीत दफा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | नियम ३(२०) | 'कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ ।' | 'कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ । कलेज साधारण सभाको सदस्य हुन नेपाली नागरिक हुनु पर्नेछ ।' | स्पष्ट गर्नु आवश्यक भएकोले |
| २ | नियम ६ | ६. देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ :<br>१. अध्यक्षः सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष : रजनी जोशी, उप प्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रबीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य | ६. क. देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ :<br>१. अध्यक्षः सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष : रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रबीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य<br>ख. कलेज सञ्चालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । सञ्चालक समितिको पदावधि पाँच वर्षको हुनेछ । भक्तपुर<br><br>नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा बहालवाला सञ्चालक समिति नै पदाधिकारी हुनेछ । | स्पष्ट गर्नु आवश्यक भएकोले |
| ३ | | | ६६.कुनै पनि कारणले कलेज सञ्चालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल-अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । | स्पष्ट गर्नु आवश्यक भएकोले |

## आधारभूत स्वास्थ्य सेवा केन्द्र

यस नगरपालिकाको सबै वडाहरूमा घर दैलो नर्सिङ सेवा सञ्चालन गरिरहेकोमा मिति २०७७ फागुन १५ गतेदेखि सबै वडामा परिचालित नर्सहरूमार्फत् **आधारभूत स्वास्थ्य सेवा केन्द्र** सञ्चालन गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

### युवा तथा खेलकुद समिति

**मिति २०७७।११।२ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म अन्तरनगर बुद्धिचाल प्रतियोगिता आयोजना गर्ने निर्णय गरियो ।

# मिति २०७७ फागुन १७ गते, सोमबार

## निर्णयहरू

## ऋण सम्झौता

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको 'देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजना' को ब्लक १५(क), १५(ख) र १५(ग) मा जग्गा विकास आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनको लागि कुल लागत अनुमान रु.२७,३६,६२,०००।– मध्ये नगर विकास कोष, नयाँ बानेश्वर, काठमाण्डौसँग वार्षिक ८(आठ) प्रतिशत व्याज दरमा २ वर्षको सहुलियत अवधि (Grace Period) सहित ५ वर्षको परिपक्व अवधि (Maturity Period) भित्र तिर्ने गरी हाललाई रु.२० (बीस) करोड ऋण लिने र बाँकी रकम नगरपालिकाले व्यहोर्ने गरी नगर विकास कोषसँगको ऋण सम्झौताको लागि यस नगरपालिकाको तर्फबाट हस्ताक्षर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

## सामाजिक सुरक्षा भत्ता

नगरवासी जेष्ठ नागरिक, एकल महिला, पूर्ण तथा आंशिक अपाङ्गता भएका महानुभावहरूलाई नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता र आर्थिक सहायता साविक झैं सबै वडा कार्यालयहरू मार्फत यही २०७७ फागुन १९, २० र २१ गते वितरण गर्ने निर्णय गरियो ।

## अन्तरनगर बुद्धिचाल मूल समिति

यस नगरपालिकाको आयोजनामा यही २०७७ फागुन २९, चैत्र १, २ र ३ गते हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिताको सञ्चालन एवं व्यवस्थापनका लागि नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा १२५ सदस्यीय मूल समारोह समिति गठन गर्ने निर्णय गरियो ।

## नगरव्यापी विद्यालयस्तरीय खेलकुद

यस नगरपालिकाको आयोजनामा यही २०७७ फागुन २९ गतेदेखि भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने र प्रत्येक वडा कार्यालयलाई देहाय बमोजिमको खेलकुद प्रतियोगिताको व्यवस्थापन गर्न जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो–

| | |
|---|---|
| वडा नं. १ – भलिबल | वडा नं. २– टेबुलटेनिस |
| वडा नं. ३ – उसु | वडा नं. ४– कबड्डी |
| वडा नं. ५ – तेक्वाण्डो | वडा नं. ६ – कराँते |
| वडा नं. ७ – एथलेटिक्स | वडा नं. ८ – ब्याडमिन्टन |
| वडा नं. ९ – फुटसल | वडा नं. १० – खो खो |

## अन्तरनगर बुद्धिचालको अनुमानित लागत

यस नगरपालिकाको आयोजनामा सम्पन्न हुने अन्तरनगर बुद्धिचाल प्रतियोगिता र विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि देहाय बमोजिम लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो–

### अनुमानित खर्च विवरण

| क्र.सं | विवरण | खर्च रकम रु. |
|---|---|---|
| १ | उदघाटन समारोह | ५०,०००।- |
| २ | नगद पुरस्कार | |
| | क) प्रथम पुरस्कार | १,५०,०००।- |
| | ख) द्वितीय पुरस्कार | १,००,०००।- |
| | ग) तृतीय पुरस्कार | ५०,०००।- |
| | घ) क्रमागत पुरस्कार (५०००X५) | २५०००।- |
| ३ | मायाको चिनो, मेडल, ट्रफी र प्रमाणपत्र | १,७५,०००।- |
| ४ | खेल सामग्री | १,००,०००।- |
| ५ | रेफ्री निर्णायक भत्ता | ३७,५००।- |
| ६ | स्वयंसेवक, खेलाडी, अफिसियल र वास व्यवस्थापन | २,००,०००।- |
| ७ | भ.न.पा. टिम तयारी + जर्सी + खाजा र खेलाडी छनौट | १,००,०००।- |
| ८ | प्रचार प्रसार (पत्रकारसम्मेलन) | १,००,०००।- |
| ९ | जलपान तथा अतिथि सत्कार | ५०,०००।- |
| १० | विद्यालयस्तरीय खेलकुद प्रतियोगिता प्रति वडा कार्यालय (१०X१,००,०००) | १०,००,०००।- |
| ११ | विद्यालय स्तरीय खेलकुद प्रतियोगिता पुरस्कार | २,००,०००।- |
| १२ | प्रतियोगिता स्थल व्यवस्थापन | १,००,०००।- |
| १३ | समापन समारोह | ५०,०००।- |
| १४ | अन्य | १,१२,५००।- |
| | जम्मा | २६,००,०००।- |

## समितिहरूका निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

### युवा तथा खेलकुद समिति

**मिति २०७७ फागुन ६ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तरनगर बुद्धिचाल प्रतियोगितामा सहभागी हुने महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका खेलाडी, अफिसियलहरूलाई **वास (आवास) व्यवस्था गर्ने** निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७ फागुन १३ गते**

१. भक्तपुर नगरपालिकाद्वारा हालै जीर्णोद्धार सम्पन्न ऐतिहासिक ङातापोल्हँ (पाँच तल्ले मन्दिर) को प्राविधिक अध्ययन प्रतिवेदनको रङ्गीन पुस्तिका **प्रकाशन गर्ने** निर्णय गरियो ।

२. भनपा ५ स्थित बरदायणी निम्न मा.वि. (आधारभूत विद्यालय) प्राङ्गणमा ईँटा छपाइ तथा पर्खाल मर्मत गर्ने कार्यको लागि भ.न.पा. ५ नं. वडा कार्यालयबाट ल.ई. रु.५,५७,५९५।२७ (अक्षेरूपी पाँच लाख सन्ताउन्न हजार पाँच सय पन्चानब्बे रूपैयाँ सत्ताइस पैसा) पेश भएकोमा सो योजनालाई यस नगरपालिकामा सङ्घीय सरकारबाट चालू आ.व. २०७७/०७८ को शिक्षातर्फको स:शर्त अनुदान शीर्षकमा विनियोजित रकमबाट **अनुदान प्रदान गर्ने** निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाद्वारा जीर्णोद्धार सम्पन्न ङातापोल्हँ (पाँच तल्ले मन्दिर) को ऐतिहासिक एवं साँस्कृतिक लेखहरू, उपभोक्ता समितिहरूबाट भएका गरेका क्रियाकलापहरू र जीर्णोद्धारको क्रममा विभिन्न सङ्घ संस्था र व्यक्तिहरूबाट प्राप्त आर्थिक, भौतिक सहयोग र जन श्रमदान समेत उल्लेख गरी जीर्णोद्धार कार्यमा भएको आय व्ययसहितको पुस्तक प्रकाशनको लागि नगरपालिकामा देहायको **कोटेशन प्राप्त** भएको छ–

क. मित्रता छापाखानाबाट प्राप्त कोटेशन (गोल्मढी, भक्तपुर) को प्रस्तावित मूल्य रु.९९.३८ (मू.अ.करसहित)

ख. युनिक प्रिन्टिङ्ग हाउस प्राप्त कोटेशन (पुतली सडक, काठमाण्डौ) को प्रस्तावित मूल्य रु.११०।– (मू.अ.करसहित)

ग. सी.टी.पी. सोलुसन प्रा.लि.बाट प्राप्त कोटेशन (काठमाण्डौ) को प्रस्तावित मूल्य रु.१२०।– (मू.अ.करसहित)

उपरोक्त विवरण अनुसार मित्रता छापाखाना, गोल्मढी भक्तपुरबाट प्राप्त कोटेशन सबैभन्दा कम मूल्य रहेकोले 'ङातापोल्हँ जीर्णोद्वार – २०७७' पुस्तक प्रकाशनका लागि मित्रता छापाखाना, गोल्मढीलाई **जिम्मेवारी दिने** निर्णय गरियो ।

**निर्माण समिति**

**मिति २०७७ फागुन १२, १६ र १७ गते**

| क्र.सं | योजनाका बिवरण | वडा नं | | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | दुबेंके फल्चा पुन:निर्माण कार्य | ८ | टीभी, एफएम रिकर्डिङ केन्द्र निर्माण कार्य | ४,८२०,४३७।५० | | | | | | | | ३० लाख विनियोजित |
| २ | चन्द्रबिन्दु दीप प्रवेशद्वार निर्माण कार्य | ७ | | ३,७०५,१९०।०० | | | | | | | | चन्द्रविन्दु दीप प्रवेशद्वार (ध्वाका) निर्माण समितिबाट बजेट व्यहोर्ने |
| ३ | कमलविनायक कभर्ड हलको छाना मर्मत र रङ्गरोगन कार्य | १० | खेलकुद | १,३२५,६१४।१२ | | | | | | | | |
| **पेश्की फछ्र्योट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | पाटिंग:देखि खंचा हनुमान घाटसम्मको ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल र नपा | १,०८८,४१६।३६ | पहिलो फछ्र्योट | ३५०,०००।०० | ६४०,३१३।०५ | २९०,३१३।०५ | ७१०,५३।४७ | सम्पन्न | राजाराम ख्याजू | १० लाख सडक बोर्ड नेपाल र भनपा संयुक्त बजेट बाट र रू.८०६३१।२३ भ.न.पा.को बाँकी भुक्तानी शीर्षकबाट व्यहोर्ने |
| | | | | | दोस्रो फछ्र्योट | २७५,०००।०० | ४४०,३१८।२३ | १६५,३१८।२३ | ६३४,६३४।३१ | | | |
| | | | | | जम्मा | ६२५,०००।०० | १,०८०,६३१।२८ | ४५५,६३१।२८ | १,३४५,१६७।७८ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | याताछेँदेखि थालाछेँ चोक हुँदै बसिकुल ईँटा छपाइ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड | १,०९२,५३४।४० | | ३६०,०००।०० | ९८९,७६३।१८ | ६२९,७६३।१८ | १,१९२,२४७।५८ | सम्पन्न | पशुपति मान थकू | |
| | मिनिबस पार्क ढलान बाटो मर्मत कार्य | १ | सडक बोर्ड | १,०६६,७९३।६४ | | ३३०,०००।०० | ९७०,२५४।३९ | ६४०,२५४।३९ | १,०६६,२८६।३० | सम्पन्न | मदन गाइसी | |
| ३ | वन्टी पाटीसँगैको पर्खाल निर्माण कार्य | ६ | नपा | २,४४९,५७९।२७ | | ५००,०००।०० | ५००,९७४।९० | ९७४।९० | ८७५,४६०।४९ | सम्पन्न | तुल्सी प्रसाद खाताखो | |
| ४ | नपली आधारभूत स्वास्थ्य | १ | स्वास्थ्य तथा जनसङ्ख्या | ६,१७४,७२१।३९ | पहिलो फछ्र्यौट | २,०००,०००।०० | २,१६७,१९३।१७ | १६७,१९३।१७ | ३,१८६,०७७।६० | सम्पन्न | सम्झना प्रेमी | २० लाख थप पेश्की दिने |
| | चौकी निर्माण कार्य | | | | दोस्रो फछ्र्यौट | ३३२,८००।०० | ३४४,१११।०४ | ११,३११।०४ | ३७९,४५२।४६ | | | |
| | | | | | जम्मा | २,३३२,८००।०० | २,५११,३०४।२१ | १७८,५०४।२१ | ३,५६५,५३०।०६ | | | |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | पुरानो जगातीस्थित फाहोर प्रशोधन केन्द्र निर्माण स्थल जाने बाटो ग्राभेलिङ कार्य | ८ | वातावरण | १,६०४,७७१।१७ | | उ.स.अ. : रामप्रसाद किसी<br>अ.स.स. : नारायण कपाली | | | | | | ३० लाख विनियोजित |
| २ | प्रभात माविको पर्खाल, ढल निकास तथा शौचालय निर्माण कार्य | ६ | बागमती प्रदेश सांसद कोष | २,६०८,७९३।२१ | | उ.स.अ.: सुजता ध्वजू<br>अ.स.स. : सीतादेवी नेपाली | | | | | | ३० लाख विनियोजित |
| ३ | जग्गाती कृषि सिँचाइ कार्य (दोस्रो चरण) | ८ | खानेपानी शीर्षक | १,१४३,२८६।०४ | | उ.स.अ. : कृष्णभक्त सैंजू<br>अ.स.स. : शिवप्रसाद बाला | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यमा भऱ्याङमा मार्बल लगाउने कार्य | ९ | | | | | | | २०७,८४८।६० | | | |

मिति २०७७/११/१६ गते

| क्र.सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.र कम | रिल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | मचो भैरव लाहलांदेखि मेंतंसम्मको ईंटा तथा ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ८ | सडक बोर्ड | १,०५७,६५५।७३ | १,०५५,८१३।४८ | | | | | | सिता राम बोहजू | रि.ल.ई गर्नुको कारण ईंटा छपाइको सट्टा ढुङ्गा छपाइ गर्नुपर्ने भएकोले |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | हनुमानघाट (त्रिवेणीघाट) खोला सुधार कार्य | ७ | खोला सुधार | ६२२,८१४।३८ | | २००,०००।०० | ५२८,७५०।०० | ३२८,७५०।०० | ५६६,५५०।५९ | आंशिक सम्पन्न | कृष्ण गोविन्द खाइजू | ५० हजार थप पेश्की दिने |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | नपली आधारभूत स्वास्थ्य चौकी निर्माण कार्य | १ | स्वास्थ्य तथा जनसङ्ख्या | ६,१७४,७२१।३९ | | उ.स.अ. : सम्झना प्रेमी अ.स.स. : सूर्यप्रसाद श्रेष्ठ | | | | | | आ.व. २०७७/७८ का लागि ३६ लाख बजेटको अख्तियारी प्राप्त |
| २ | कमलविनायक पोखरीमा ढुङ्गा पार्किङ बनाउने कार्य | १० | मर्मत सम्भार | ९२,३४२।५२ | | | | | | | ज्ञान कुमार मगजू | अमानतबाट कार्य गर्ने |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्यमा ५ मि.मि. सिसा राख्ने कार्य | ९ | | | | | | | | ४०,७७४।०० | | |
| **मर्मत शाखातर्फ** | | | | | | | | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भक्तपुर नगरपालिका क्षेत्रभित्र जडित सडक बत्ती नियमित मर्मत सम्भार | ९ | सडक बत्ती मर्मत सम्भार | ४९५,१३७।२० | | | प्रथम चरण सामान तर्फ | | ९१,६५३।२७ | आंशिक सम्पन्न | | सामान जिन्सी शाखाबाट प्राप्त |
| | | | | | | | प्रथम चरण ज्याला भुक्तानीमात्र | ५७,८५१।०० | ५७,९००।०० | | | |
| २ | सीसी टीभी जडान कार्य दत्तात्रय–च्याम्हासिंह, वाकुपति नारायण परिसरसहित) | ९ | सडक बत्ती मर्मत सम्भार | ३७८,७८९।०३ | | | | ११७,१४६।६० | १३१,०४६।०० | आंशिक सम्पन्न | | |

**मिति २०७७।११।१७ गते**

१. प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश समपूरक र विशेष अनुदान सम्बन्धी आयोना/कार्यक्रमको प्रस्ताव प्रदेश समपुरक अनुदानसम्बन्धी कार्यविधि, २०७७ र प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिम यस भक्तपुर नगरपालिकाबाट आगामी आ.व. २०७७/८ को लागि प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न निम्न आयोजना/कार्यक्रम प्रस्ताव गरी स्वीकृतिका लागि बागमती प्रदेश सरकारलाई **अनुरोध गर्ने** निर्णय गरियो ।

क) समपूरक अनुदान अन्तर्गतका आयोजना/कार्यक्रम (नगरपालिकाको ५०% रकमको सहलगानी रहनेछ ।)

| क्र.सं. | आयोजना/कार्यक्रम | ठेगाना (वडा नं.) | लागतअनुमान (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | बाराही पुल निर्माण कार्य (बहुवर्षीय क्रमागत) | ३ | २९,४५६,१३३।११ | सानाँमझौला पुल |
| २ | बेखाल कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) | १० | २६,३४५,१६९।२२ | खेलकुद पूर्वाधार निर्माण |
| ३ | भेलुखेलदेखि ५ न. वडा कार्यालय अगाडि हुँदै टौमढीसम्मको बाटो ढुङ्गा छपाइ कार्य | ५ | १८,५६९,८१६।२५ | पर्यटन पूर्वाधार निर्माण |
| | **जम्मा** | | **७४,३७१,११८।५८** | |

ख) विशेष अनुदान अन्तर्गतका आयोजना/कार्यक्रम

| क्र.सं. | आयोजना/कार्यक्रम | ठेगाना (वडा नं.) | लागतअनुमान (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | बाराही दिप बोरिङ्ग कार्य | ३ | ४,१९१,१८७।१४ | खानेपानीसम्बन्धी |
| २ | तुमचो, दुगुरे, चोखा क्षेत्रमा खानेपानीको पाइप बिछ्याउने कार्य | ९ | ९,९९१,०७६।६९ | खानेपानीसम्बन्धी |
| ३ | राम मन्दिर स्वास्थ्य केन्द्र भवन निर्माण कार्य | ४ | ७०,२६,०४७।४६ | स्वास्थ्यसम्बन्धी |
| | **जम्मा** | | **२१,२०८,३११।२९** | |

२. बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा यस भक्तपुर नगरपालिकाबाट आगामी आ.व. २०७८/७९ को लागि तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरूको लागि आवश्यक बजेट माग गर्न स्वीकृति आयोजना/कार्यक्रमहरू पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजना/कार्यक्रम | वडा नं. | लागत अनुमान |
|---|---|---|---|
| १ | केटामरू घाटमा पुल निर्माण कार्य | ४, ५ | ५४,७६३,४२०।२१ |
| २ | हनुमानघाट पुल निर्माण कार्य | ७ | ५४,७६३,४२०।२१ |
| ३ | हनुमान्चास्थित लर्के पुल निर्माण कार्य | ८ | ५४,७६३,४२०।२१ |
| ४ | भार्वाचो बस पार्कमा इन्टरलकिङ्ग ब्लक छाप्ने कार्य | १ | १८,०४७,९३४।१५ |
| ५ | सल्लाघारी–निकासेरा पुलदेखि देकोचा चाँगु रोडसम्म ग्राभेल कार्य | २ | २९,९९३,५३१।०७ |
| ६ | महाकाली पिठ सुधार कार्य | ६ | २५,१०१,९७५।६६ |
| ७ | लिबाली प्लानिङ्गमा पीच कार्य | ८ | ४७,५७०,२३७।६९ |
| ८ | कमलविनायक प्लानिङ्गमा पीच कार्य | १० | २६,००८,४४५।४५ |
| | जम्मा | | **३११,०१२,३८४।६५** |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. नपाद्वारा सञ्चालित मंगलतीर्थ शिशु स्याहार केन्द्रमा अध्ययनरत शिशु प्रलस सुवाल खेल्दै गर्दा लडेर घाइते भएकोमा निजको उपचार गराउँदाको रु. १७२५।– **उपचार खर्च** भुक्तानी दिने निर्णय गरियो ।

ख. नपाबाट स्वास्थ्य संस्थालाई निकासा बजेट शीर्षकबाट ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई रु.१०,००,०००।– (अक्षरूपी दश लाख मात्र) **निकासा** दिने निर्णय गरियो ।

ग. नपाको बा १ क ३५५८ को सफाइ गाडी मर्मत गरे वापत रु.६,२१५।– भक्तपुर अटो पार्टसलाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ. नपाको फोहोर सङ्कलन गर्ने बा १ क ८१५६ को गाडी मर्मत गरे वापत रु.६४५९२।५२ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ. नपाको बा २ प ३८५८ को मोटरसाइकल मर्मत गरे वापत रु.१,४६०।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च. नपामा जलपान उपलब्ध गराए वापत रु. ३,६००।– झछेँ खाजा घरलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ. नपाको विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१०,२१५।– ब्रदर्श क्याफेलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज. नपाको आठौँ नगर सभाको आठ दिनको बैठकहरूमा खाजा उपलब्ध गराए वापत रु.२,५६,२१८।– सुर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ. २०७७ माघ ३० देखि फागुन ३ गतेसम्म भएको स्थानीय तहहरूको प्रदेश स्तरीय अभ्यास आदान प्रदान कार्यक्रममा सहभागिताको लागि कम्प्युटर अधिकृत श्री जौवन कोजूले रु.२५,०००।– पेश्की लिएकोमा रु.२१,८८४।– खर्च भएको खर्च समर्थन गरी निजको नाममा रहेको **पे.फ.** गर्ने निर्णय गरियो ।

## मिति २०७७ फागुन २१ गते, शुक्रबार

## निर्णयहरू

### अन्तरनगर बुद्धिचाल र नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको ऱ्यालीसहितको उद्घाटन फागुन २९ गते र समापन कार्यक्रम चैत ३ गते गर्ने निर्णय गरियो ।

### समितिहरूको निर्णय अनुमोदन

नपाका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**नगर शिक्षा समिति**

**मिति २०७७ फागुन १७ गते**

१) आधारभूत तह (कक्षा ८) उत्तीर्ण २०७७ को लागि **सहयोग** स्वरूप सामुदायिक विद्यालयको लागि रु.२००।- (दुई सय रूपैयाँ मात्र) प्रति विद्यार्थी र संस्थागत विद्यालयका लागि रु.४५०।- (चार सय पचास रूपैयाँ मात्र) प्रति विद्यार्थी लिन पाउने निर्णय गरियो । विद्यालयको प्रयोगात्मक परीक्षा र अन्य विषयको परीक्षा व्यवस्थापनवापत प्रति विद्यार्थी बढीमा रु.१५०।- (एक सय पचास रूपैयाँ) सम्म थप लिन पाउने निर्णय गरियो ।

२) कक्षा ८ मा स्थानीय पाठ्यक्रम अध्यापनरत शिक्षकहरूका लागि मिति २०७७।११।२८ गते शुक्रबारका दिन ईन्जिनियरिङ्ग कलेजमा **प्रवोधीकरण** कार्यक्रम गर्ने निर्णय गयो ।

३) यस नगरपालिकाभित्र कक्षा ११/१२ सञ्चालित विद्यालयहरूमा कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूको छनौट एवं सिफारिस गर्नका लागि परीक्षा सञ्चालनलगायतका प्रक्रियाको लागि नगर शिक्षा शाखा प्रमुख उपसचिव श्री हरिप्रसाद निरौलाको नाममा रु.१०,०००।- (अक्षेरूपी दश हजार रूपैयाँ मात्र) पेश्की लिइएकोमा जम्मा खर्च रु.१९,२८०।- (अक्षेरूपी उन्नाइस हजार दुई सय अस्सी रूपैयाँ मात्र) भएकोले उक्त खर्चलाई समर्थन गरी कर वापतको रकम रु.२,२०४।- (अक्षेरूपी दुई हजार दुई सय चार रूपैयाँ मात्र) कट्टा गरी नपुग रकम रु.७,०७६।- (अक्षेरूपी सात हजार छैहत्तर रूपैयाँ मात्र) भुक्तानी गरी **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

४) कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण भौतिक रूपमा कक्षा सञ्चालन हुन नसकेको बेलामा विद्यार्थीको पठन पाठनलाई नियमितता दिन वैकल्पिक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको क्रममा यस नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १,२ र ३ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई र प्रत्येक संस्थागत विद्यालयलाई १/१ नमूना प्रति अभ्यास पुस्तिका (Work Sheet) वितरण गर्नका लागि टाइपिङ्ग, सेटिङ्ग, डिजाइन, प्रिन्टिङ्गलगायतका विभिन्न कार्यमा जम्मा रु.२६,९३२।- (अक्षेरूपी छब्बीस हजार नौ सय बत्तीस रूपैयाँ मात्र) खर्च भएकोले उक्त खर्चलाई समर्थन गरी दत्तात्रय डिजाइन एण्ड प्रि प्रेस भेन्चरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

**मिति २०७७ फागुन ६ गते**

१) भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्न भ.न.पा. १ देखि १० वडा कार्यालयहरूलाई प्रति वडा रु.१,००,०००।- (अक्षरूपी एक लाख) **निकासा पठाउने** निर्णय गरियो ।

**मिति २०७७ फागुन १८ गते**

१) भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताबारे फागुन २१ गते **पत्रकार भेटघाट** कार्यक्रम गर्ने निर्णय गरियो ।

२) भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न रु.८,००,०००।- (अक्षेरूपी आठ लाख मात्र) समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई **पेश्की लिन लगाउने** निर्णय गरियो ।

**मिति २०७७ फागुन २० गते**

१) अखिल नेपाल टेबल टेनिस सङ्घको तत्वावधानमा स्पिङ्ग इभेन्टस प्रा.लि.को आयोजनामा २०७७ चैत्र २ गतेदेखि ७ गतेसम्म सम्म हुने देशव्यापी अन्तर वडा टेबुल टेनिस प्रतियोगितामा विभिन्न वडा कार्यालयबाट सहभागी हुने खेलाडीहरूलाई १/१ वटा **टिसर्ट**को व्यवस्था गर्ने र खेलाडी **दर्ता शुल्क**को व्यवस्था गर्ने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७७ फागुन २१ गते

| क.सं. | योजनाकाविवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | उ.स.अ. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उपभोक्ता समितिगठन सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लिवालीआवास क्षेत्रमा सडक पेटी स्तरोन्नति गर्ने कार्य | १ | | ४,९९९,९९७।०४ | | उ.स.अ. : कृष्णसागर वासी अ.स.स. : बलरामप्रजापति | | | | | | |
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बहुउद्देश्यीय भवनब्रम्हायणीमाविद्युतीकरण तथा सोलार, व्याक अप सिस्टम तथा सी.सी. टीभीलगायत इन्टरकमइमर्जेन्सी लाइट जडानकार्य | ९ | बाँकी भुक्तानी | ८,११८,३२६।०२ | ७,५०५,६८३।११ | प्रथमआंशिकभुक्तानी | १,७१९,६४६।०२ | | २,६१५,५९६।५२ | | | बाँकीभुक्तानीबजेट शीर्षकबाट व्यहोर्ने |
| | | | | | | दोस्रो आंशिक भुक्तानी | २,६२६,९७७।६० | | ४,६२९,७२८।९२ | | | |
| | | | | | | जम्मा | ४,३४६,६२३।६२ | | ७,२४५,३२५।४४ | | | |
| ठेक्का स्वीकृति सम्बन्धी | | | | | | | | | | | | |
| १ | ठेक्का नं. bktmun/NCB/works/03/077/78 (भ.न.पा. वडा नं ५ र ७ स्थित गय:भिन्चो पुलदेखि आदर्श बस स्टपसम्मपीचतथा पेटी निर्माण कार्य (दोस्रो चरण) का लागिम्यादभित्रप्राप्तभएकाबोलपत्रहरूमध्ये भ्याट सहित रू.१,४५,६०,७०१।१४ (अक्षरेपि एक करोड पैंतालीस लाख साठीहजार सात सय एक रूपैयाँ चौध पैसा) कबोल गर्ने श्री तुल्सीकन्स्ट्रक्सनको प्रस्तावन्यूनत्तममूल्याङ्कीत सारभूतरूपमाप्रभावग्राही देखिएकोले स्वीकृतकालागिमूल्याङ्कन समितिको मिति २०७७ फागुन २० गतेको बैठकबाट सिफारिस भई आएकोले सोहीबमोजिम**स्वीकृत गर्ने** निर्णय गरियो । साथै उक्तबोलपत्र स्वीकृत गर्ने आशयको सूचनाप्रकाशन गर्ने निर्णय गरियो । | | | | | | | | | | | बाँकीभुक्तानीबजेट शीर्षकबाट व्यहोर्ने |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. नपाबाट स्वास्थ्य संस्थालाई निकासा बजेट शीर्षकबाट ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई रु.१०,००,०००।– (अक्षरूपी दश लाखमात्र) **निकासा दिने** निर्णय गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

## शहीद दिवसको अवसरमा




# समुद्घाटन कार्यक्रम

शहीद दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाको आयोजनामा अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको एक समारोहबीच फागुन २९ गते पानसमा दीप प्रज्ज्वल गरी उद्घाटन गर्नुभयो । २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने प्रतियोगिताको समुद्घाटन समारोहमा शहीदहरूमा श्रद्धाञ्जलीस्वरूप मौनधारण गर्दै बासुरीको धुन (भक्तपुर साकोसबाट) बजाइएको थियो ।

उद्घाटन समारोहका प्रमुख अतिथि **अध्यक्ष बिजुक्छेँ**ले बुद्धिचाल खेल एक प्रकारको लडाइँ हो भन्नुहुँदै राजनीतिक कार्यकर्तामा भएको नागरिक भावनाको कमीले उनीहरूको उद्देश्य र व्यवहारमा भिन्नता देखिएको र यसमा शासक दल जिम्मेवार रहेको उल्लेख गर्नुभयो ।


अध्यक्ष बिजुक्छेँ

भक्तपुर नपाद्वारा विद्यालयस्तरमा लागू गरेको स्थानीय पाठ्यक्रममा नागरिक भावना र देशभक्तिपूर्ण पाठहरू समावेश गर्नुपर्ने



बताउनुहुँदै उहाँले खेलाडीहरूले खेलकुदको माध्यमबाट देशलाई चिनाउने अवसरको रूपमा सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

बुद्धिचाल खेल बौद्धिक खेल भएको र यसले खेलाडीहरूको मानसिक विकासमा समेत टेवा पुऱ्याउने बताउनुहुँदै अध्यक्ष रोहितले खेलकुद मित्रताको लागि खेलिनुपर्ने र शारीरिक स्वस्थताको निम्ति पनि खेलकुद अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नपाले आयोजना गरेको नगरस्तरीय र विद्यालयस्तरीय खेलकुद प्रतियोगितालाई खेलकुद महोत्सवको रूपमा व्याख्या गर्नुहुँदै खेलाडीहरूले आत्मकेन्द्रित भई खेल खेलको निम्ति मात्र नखेली देशको सार्वभौमिकता रक्षाको निम्ति पनि हो – उहाँले भन्नुभयो ।



प्रमुख सुनिल प्रजापति

कार्यक्रमका सभापति एवं नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगर चार दिनसम्म खेलकुदमय हुने बताउनुहुँदै प्रतियोगिता व्यवस्थित र अनुशासित ढङ्गले सम्पन्न हुने आशा व्यक्त गर्नुभयो । भक्तपुर नपाले प्रतिकूल अवस्थालाई पनि अनुकूलतामा परिणत गरी यो वर्ष अन्तरनगर बुद्धिचाल प्रतियोगिता सञ्चालन गर्न लागिरहेको बताउनुहुँदै भक्तपुर नगरलाई बुद्धिचाल खेलमार्फत चिनाउन र खेलाडीलाई उत्साहित बनाउन यो खेल प्रतियोगिता आयोजना गरेको उहाँले बताउनुभयो ।



सभासद सुरेन्द्रराज गोसाई

बागमती प्रदेशका सभासद **सुरेन्द्रराज गोसाई**ले नयाँ पुस्तालाई भक्तपुरका अग्रज व्यक्तित्व र शहीदहरूको योगदानबारे यथार्थ जानकारी दिनु हाम्रो कर्तव्य हो भन्नुभयो । तीस वर्षमा शासक दलहरूले नेपालीहरूको जीवनमा कुनै परिवर्तन ल्याउन नसकेको बताउनुहुँदै उहाँले दुर्गम जिल्लामा भोकमरी, अशान्ति, हत्या, हिंसाको समस्या ज्यूँका त्यूँ रहेको जिकिर गर्नुभयो ।

सभासद गोसाईले युवा विद्यार्थीले देशको राजनीतिलाई अलग्ग राख्न नहुने बताउनुहुँदै देशमा अहिले शासक दलका नेताहरूमा नैतिकताको चरम अभाव रहेको बताउनुभयो । उहाँले खेलाडीहरूलाई मित्रवत् एवं अनुशासित ढङ्गले खेलमा सहभागी हुन सम्पूर्ण खेलाडीहरूलाई प्रोत्साहित गर्नुभयो ।

भनपाका उपप्रमुख **रजनी जोशी**ले भनपाद्वारा आयोजित खेल प्रतियोगिताले नगरवासी फूर्तिलो र उत्साहित हुनेमा आशा व्यक्त गर्नुहुँदै



उपप्रमुख रजनी जोशी

भक्तपुर बुद्धिचाल खेलमा अग्रपङ्क्तिमा रहेको बताउनुभयो । खेलकुद प्रतियोगिता हारजितभन्दा पनि भाइचारा र सहिष्णुताको लागि खेलिनुपर्ने उहाँले बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले खेलकुद प्रतियोगिता र खेलाडी सम्मानले खेलाडीहरूमा उत्साह थप्ने र खेल विकासमा टेवा पुग्ने बताउनुहुँदै खेलकुद प्रतियोगिताले विद्यार्थीको शारीरिक र मानसिक विकासमा मद्दत पुग्नुका साथै देशको गौरव पनि बढाउने उल्लेख गर्नुभयो ।



वडाध्यक्ष उकेश कवां

नेपाल बुद्धिचाल सङ्घका अध्यक्ष **एकलाल श्रेष्ठ**ले कोभिडको महामारी कम हुँदै गएको अवस्थामा नेपाल बुद्धिचाल सङ्घले विभिन्न खेल प्रतियोगिताको शुभारम्भ गरिसकेको बताउनुहुँदै खेलाडीहरूमा बौद्धिक विकासको निम्ति बुद्धिचाल खेलमा



बुद्धिचाल सङ्घका अध्यक्ष एकलाल श्रेष्ठ

संलग्नता आवश्यक छ भन्नुभयो । बुद्धिचाल खेल शारीरिक र बौद्धिक खेल भएको बताउनुहुँदै नेपालबाट अन्तर्राष्ट्रिय स्तरमा सर्वाधिक सहभागिता हुने लोकप्रिय खेलको रूपमा बुद्धिचाल रहेको बताउनुभयो ।


प्रहरी उपरीक्षक तारादेवी थापा

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक **तारादेवी थापाले** खेलकुद मानव जीवनको अङ्ग हो र व्यक्तित्व विकाससँग पनि खेलकुद जोडिएको हुँदा खेलकुदले मानव जीवनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले खेलकुदमा लागेका युवाहरू विग्रिन्छ भन्ने कथन गलत सावित हुँदै गएका छन् भन्नुहुँदै बौद्धिक खेलमा युवाहरूलाई उत्साहित गनुपर्नेमा जोड दिनुभयो ।


उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रदिप श्रेष्ठ

भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **प्रदिप श्रेष्ठले** शुभकामना मन्तव्य दिनुहुँदै अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको व्यक्तित्व विकासमा तथा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा सफलता हासिल गर्न मद्दत पुऱ्याउने बताउनुभयो ।


उद्योग सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजा

घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **प्रेमकृष्ण खर्बुजाले** प्रतियोगिताको पूर्ण सफलताको कामना गर्नुहुँदै प्रतियोगितालाई मित्रताको हिसाबमा लिई खेलमा सहभागी हुन प्रेरित गनुभयो । खेलकुद विकासले युवाहरूको सर्वाङ्गीण विकासमा मद्दत पुऱ्याउने बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई शिक्षा सँगसँगै खेलकुदमा पनि अगाडि बढाउनु आवश्यक छ भन्नुभयो ।


वडाध्यक्ष श्यामकृष्ण खत्री

कार्यक्रममा भक्तपुर नगरपालिकाको तर्फबाट भनपा १ नं.का वडाध्यक्ष **श्यामकृष्ण खत्रीले** स्वागत, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने रेफ्रीको तर्फबाट **निरन्जन प्रजापति** र खेलाडीको तर्फबाट **सुमन सुवालले** खेललाई अनुशासित र निष्पक्ष ढङ्गले सञ्चालन गर्ने प्रतिबद्धतासहित शपथ ग्रहण गर्नुभएको थियो ।


वडाध्यक्ष हरिप्रसाद बासुकला


रामलाल श्रेष्ठ


निरञ्जन प्रजापति


सुमन सुवाल


बिनोदचरण राय

उद्घाटन समारोहमा वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले पनि बोल्नु भएको थियो। चिनीयाँ व्यायाम 'छिकोङ' को सामान्य परिचय राष्ट्रिय भलिबल खेलाडी **विनोदचरण राय**ले दिनुभएको र प्रदर्शनी पनि गरिएको थियो।

यसअघि अन्तर नगर खेलकुद प्रतियोगिताको **उद्घाटन र्‍याली** भक्तपुर नगरपालिका वडा नं. १ वडा कार्यालय अगाडिबाट शुरु भई भार्वाचो, वंशगोपाल, नासमना, टौमढी, सुकुलढोका, गोल्मढी, इनाचो, दत्तात्रय, सूर्यमढी, च्याम्हासिंह हुँदै माहेश्वरी बैंक्वेट सभास्थलसम्म पुगेको थियो। र्‍यालीमा मूल ब्यानरसहित जनप्रतिनिधिहरू, पूर्व जनप्रनिधिहरू, प्लेकार्डसहित सहभागी नगरपालिकाका पदाधिकारी तथा खेलाडीहरू, विभिन्न विद्यालयका शिक्षक र विद्यार्थीहरू, भनपाका विभिन्न खेलका प्रशिक्षक र प्रशिक्षार्थीहरू, महिला स्वास्थ्य स्वयम्सेविकाहरू, आत्मरक्षाका प्रशिक्षक, विभिन्न बाजा समूहहरू तथा भनपाका कर्मचारीहरूलगायत सर्वसाधारको सहभागिता रहेको थियो।

## उद्घाटन कार्यक्रममा सहभागी









## र्‍यालीका केही झलक













अन्तरनगर बुद्धिचाल र नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता फागुन २९ गतेबाटै बुद्धिचाल माहेश्वरी बैंक्वेटको हलमा र अन्य खेल नगरका वडाहरूमा शुरु भयो।




# समापन कार्यक्रम

## अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सफलताकासाथ सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा भएको अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समापन कार्यक्रम चैत्र ३ गते माहेश्वरी बैङ्क्वेटमा सम्पन्न भयो। समापन कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भएको थियो।



सांसद प्रेम सुवाल

कार्यक्रममा बोल्नुहुँदै **सांसद सुवाल**ले प्रतियोगितामा सहभागी र विजयी खेलाडीहरूलाई बधाई ज्ञापन गर्नुहुँदै पुरस्कार जित्नको लागि मात्र प्रतियोगितामा भाग लिने भन्दा पनि शारीरिक र मानसिक विकासका निम्ति खेललाई निरन्तरता दिनुपर्ने बताउनुभयो।

विद्यार्थी जीवनबाट खेलाडी हुनेहरू अरूको तुलनामा अनुशासित र मर्यादित हुने बताउनुहुँदै उहाँले सभ्य र सुसंस्कृति नयाँ पुस्ता निर्माणमा सबैले जोड दिनुपर्ने बनाउनुभयो।

खेलाडीहरूले देश विदेशको राजनीतिक अवस्थाबारे जानकारी लिनुपर्ने आवश्यकता बोध गराउनुहुँदै सांसद सुवालले खेलकुद क्षेत्रलाई अगाडि बढाउन मद्दत गर्नुपर्ने र समाजमा उदाहरणीय खेलाडीको रूपमा अघि बढ्न प्रेरित गर्नुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूलाई शिक्षा र खेलकुद क्षेत्रमा सँगसँगै अगाडि बढाउने भावनाको विकास गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुभयो।



प्रमुख सुनिल प्रजापति

चार दिने प्रतियोगिता सफल रूपमा सम्पन्न भएकोमा सहभागी सबैमा धन्यवाद ज्ञापन गर्नुहुँदै उहाँले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र उद्देश्य अनुरूप भक्तपुर नगरपालिका अगाडि बढिरहेको बताउनुभयो।

स्थानीय तहको निर्वाचन २०७४ मा नेमकिपाले भक्तपुर नगरपालिकाको लागि प्रस्तुत गरेको घोषणापत्र अक्षरशः पालनामा जोड दिइरहेको छ भन्नुहुँदै उहाँले भक्तपुरको सर्वाङ्गीण विकास नै भक्तपुर नपाको चाहना हो भन्नुभयो।



प्रदेश सभा सदस्य सृजना सैंजु

बागमती प्रदेश सभा सदस्य **सृजना सैंजु**ले पूँजीवादी बेथितिविरुद्ध लड्नु भनेको नदीको विपरीत धारमा हिँड्नु सरह भएको बताउनुहुँदै व्यापक जनताको हितको निम्ति भक्तपुर नपा त्यही दिशामा हिँडिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले गरिरहेको कामबाट देशभरका स्थानीय तहले सिक्न जरुरी रहेको औँल्याउनुहुँदै उहाँले शासक दलको अकर्मन्यता र अदूरदर्शिताका कारण देश शैक्षिक, आर्थिक र सामाजिक रूपमा पछाडि परिरहेको बताउनुभयो ।

शैक्षिक रूपले अब्बल समाजले देश विकासमा टेवा पुऱ्याउने र खेलकुद जगतलाई जीवन पद्धतिसँग जोडेर यस क्षेत्रबाट देशको अखण्डतारक्षार्थ लड्ने नयाँ पुस्ता तयार गर्ने अभियानमा अगाडि बढिरहेका छौँ – उहाँले भन्नुभयो ।



उपप्रमुख रजनी जोशी

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले आयोजना गरेको खेलकुद प्रतियोगिताले खेलाडीहरूलाई पुनर्ताजगी प्रदान गरेको बताउनुहुँदै अबको नयाँ पुस्ता शिक्षा सँगसँगै खेलकुदको माध्यमबाट पनि अगाडि बढ्ने अवसर पाएको बताउनुभयो ।

उहाँले सैद्धान्तिक शिक्षालाई व्यवहारिकतामा उतार्नु आजको आवश्यकता भएको बताउनुहुँदै कोभिडको कहर पछि नपाद्वारा आयोजित विद्यालयस्तरीय प्रतियोगिताले खेलाडीहरूलाई उत्साहित बनाएको बताउनुभयो ।



सहायक प्रजिअ मुकेशकुमार केशरी

भक्तपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी **मुकेशकुमार केशरी**ले भक्तपुर नपा शिक्षामा अगाडि बढेको देशकै उत्कृष्ट नपामा दरिन सफल भएको बताउनुहुँदै खेलकुदले विद्यार्थी जीवनदेखिनै अनुशासन, सफलता–असफलता, हार–जितको पाठ सिकाउँछ भन्नुभयो ।



वडाध्यक्ष उकेश कवां

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर नगरब्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा ५५ वटा विद्यालयबाट १८६९ जना खेलाडीहरूले सहभागिता जनाएको अवगत गराउनुहुँदै सबै वडामा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयी विद्यालय र उत्कृष्ट खेलाडीहरू घोषणा गर्नुभएको थियो ।



पुरुषोत्तम चौलागाईं

हेटौंडा उपमहानगरपालिकाका खेलाडी एवं वर्तमान बुद्धिचाल च्याम्पियन **पुरुषोत्तम चौलागाईं**ले कोभिडको जोखिमबीच पनि भक्तपुर नगरपालिकाले आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरेकोमा खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि सुवालले अन्तर नगर बुद्धिचाल प्रतियोगिताका विजयी नगरपालिका र च्याम्पियन खेलाडीहरूलाई नगद पुरस्कारसहित पुरस्कार प्रदान गर्नुभयो भने विशिष्ट अतिथि तथा अतिथिहरूले विद्यालयस्तरीय प्रतियोगितामा विजयी विद्यालयहरू र उत्कृष्ट खेलाडीहरूलाई ट्रफी र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रेम सुवालले प्रतियोगितामा **प्रथम हुने हेटौंडा उपमहानगरपालिका**को टिमलाई रु. १,५०,०००।–, **दोस्रो हुने ललितपुर महानगरपालिका**को टीमलाई रु.

१,००,०००।–, **तेस्रो हुने काठमाडौं महानगरपालिका**को टीमलाई रु. ५०,०००।– नगद पुरस्कार सहित ट्रफी, पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले च्याम्पियन खेलाडीहरू बोर्ड १ बाट टोखा नपाका **मिलन लामा**, बोर्ड २ बाट भक्तपुर नपा (बी)का **निकेन कुसाथा**, बोर्ड ३ बाट दमक नपाका **प्रकाश चन्द्र नेपाल**, बोर्ड ४ बाट हेटौंडा उपमहानगरपालिकाका **रूपेश जैसवाल** र बोर्ड ५ बाट भक्तपुर नपा (बी) का **केशव मानन्धर**लाई जनही रु. ५,०००।– नगद पुरस्कारसहित ट्रफी र प्रमाणपत्र वितरण गर्नुभयो । साथै उहाँले अन्तर नगर बुद्धिचाल प्रतियोगितामा सहभागी नगरपालिकाहरूलाई सहभागिताको प्रमाणपत्र वितरण गर्नुभएको थियो ।



निरन्जन प्रजापति

कार्यक्रममा भक्तपुर जिल्ला बुद्धिचाल सङ्घका अध्यक्ष **निरन्जन प्रजापति**ले ५ ओटै बोर्डका च्याम्पियन खेलाडीहरू घोषणा गर्नुभएको थियो ।



वडाध्यक्ष श्यामकृष्ण खत्री



वडाध्यक्ष हरिप्रसाद बासुकला



प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले स्वागत मन्तव्य, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।

## प्रतिस्पर्धामा सहभागी नगरपालिकाहरू

भक्तपुर नगरपालिकाको आयोजनामा ४ दिनसम्म सञ्चालित अन्तर नगर बुद्धिचाल प्रतियोगितामा मध्यपुर थिमी नगरपालिका (भक्तपुर), बनेपा नगरपालिका (काभ्रे), भीमेश्वर नगरपालिका (दोलखा), दमक नगरपालिका (झापा), मेचीनगर नगरपालिका (झापा), धरान उपमहानगरपालिका (सुनसरी), हेटौंडा उपमहानगरपालिका (मकवानपुर), काठमाडौं महानगरपालिका (काठमाडौं), ललितपुर महानगरपालिका (ललितपुर), नागार्जुन नगरपालिका (काठमाडौं), पोखरा महानगरपालिका (कास्की), सूर्यविनायक नगरपालिका (भक्तपुर), टोखा नगरपालिका (काठमाडौं), गोदावरी नगरपालिका (कैलाली), तारकेश्वर नगरपालिका (काठमाडौं), बुढानिलकण्ठ नगरपालिका (काठमाडौं), गोकर्णेश्वर नगरपालिका (काठमाडौं), र भक्तपुर नगरपालिका 'ए' र 'बी' (भक्तपुर) गरी १८ ओटा नगरपालिकाले प्रतिस्पर्धामा सहभागिता जनाएका थिए ।





# अन्तरनगर बुद्धिचाल प्रतियोगिता : केही प्रतिक्रिया

### निरञ्जन प्रजापति
**अध्यक्ष, भक्तपुर बुद्धिचाल सङ्घ,**



पूर्व पश्चिमबाट आएका टीमहरूले सांस्कृतिक नगरी घुमेर रमाइलो मानेका छन् । हिजो बेलुका (चैत २ गते) नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँज्यूसँग खेलाडीहरूले भेट गर्नुभयो । अन्तरनगरलाई उपत्यकामा भएको एक प्रतिष्ठित टुर्नामेन्टको रूपमा खेलाडीहरूले लिएका छन् । प्रतियोगितामा नेपालका उत्कृष्ट खेलाडीहरू, वर्तमान नेपाल चयम्पियन, महिला नेपाल च्याम्पियन, युनाइटेड नेशनल च्याम्पियन, यु १६ च्याम्पियनलगायतका पूर्व नेपालका च्याम्पियनहरूको सहभागीता रहयो । स्तरीय खेलाडीहरूको सहभागिताले खेल आयोजना सफल भएको ठानेका छौँ ।

### केशव श्रेष्ठ
**सहभागी, पूर्वनेपाल च्याम्पियन, काठमाडौं महानपा**



भक्तपुर नगरपालिकाले आयोजना गरेको यो अन्तर नगर धेरै नै व्यवस्थित छ । कोरोनाको महामारीको बेलामा राखेको प्रोटोकल सराहनीय छ । पूर्व मेचीदेखि पश्चिम कञ्चनपुरसम्मका खेलाडीको सहभागिताले सबैसँग भेट्ने मौका पाइयो, खेलाडीहरूलाई यस्तो मौका दिएकोमा आयोजकलाई धन्यवाद ।

### सुरवीर लामा
**क्याप्टेन, हेटौंडा उपमहानपा**



यो टुर्नामेन्ट साहै राम्रो छ । व्यवस्थापनमा, पुरस्कार राशी, प्रतियोगिता स्थल (हल), बस्ने खाने सुविधा, एकदम राम्रो र व्यवस्थित छ । मलाई अहिलेसम्मकै नगरपालिका टीम इभेन्टमा सर्वोत्कृष्ट लागेको छ । जुन किसिमले आयोजना गरिएको छ, आयोजक टीमलाई धन्यवाद दिनचाहन्छु ।

### नवीन तण्डुकार
**पूर्व नेपाल च्याम्पियन, सहभागी, काठमाडौं महानपा**



नेपाली चेस खेलाडीहरूको लागि एउटा धेरै ठूलो तपो भूमि जस्तो भएको छ, धेरै खेलाडीहरू सन्तुष्ट भएका छन् । आयोजक साथीहरूको प्रयासलाई मुटुदेखि धन्यवाद दिनुपर्छ, आयोजकहरू त्यस्का पात्र पनि हुनुहुन्छ । खेल र खेल विस्तारको लागि जुन कदम भक्तपुर नपाले चालेको छ यो सत्प्रयासप्रति हामी सम्पूर्ण खेलाडीहरू हर्षित भएका छौँ । हामी खेलाडीका निम्ति यो वरदान सावित भएको छ । यस्तै प्रतियोगिता नेपालमा हुँदै जाने हो भने यो खेलले अरु खेलको

तुलनामा बाजी मार्ने छ भन्ने विश्वास लिएको छु । यसको लागि सबैबाट प्रयास हुनु अत्यन्त जरुरी छ । हामी विश्वस्त छौं खेलाडीहरू एकजुट भए, आयोजकहरूको अभिरुचि हुनु र सम्पूर्ण खेलाप्रेमीहरूको लागि चासो हुनु खेल विकासको एक मुख्य आधार हो र यो होस् भन्ने शुभकामना दिन चाहन्छु ।

### सुजना लोहनी

**महिला च्याम्पियन, सहभागी, हेटौंडा उपमहानपा**



भक्तपुर नपाले टुर्नामेन्ट आयोजना गरेकोमा एकदमै खुशी लागेको छ । आगामी वर्षहरूमा पनि यस्तै टुर्नामेन्ट आयोजना गरे खेलाडीहरू अझ प्रोत्साहित हुने आशा गर्दछु ।

### बिलम लाल श्रेष्ठ

**सहभागी, ललितपुर महानपा**



आयोजकहरूले राम्रोसँग प्रतियोगिता सञ्चालन गर्नुभयो । हाम्रो तर्फबाट धेरै धन्यवाद छ ।

### पदमकृष्ण श्रेष्ठ

**सहभागी, मध्यपुर थिमि नपा**




प्रतियोगितामा भागलिन पाउँदा धेरै खुशी लागेको छ । भक्तपुर नपाले एकदम राम्रो व्यवस्था गरेको छ । यस्ता प्रतियोगिताहरूले युवा खेलाडीहरूलाई प्रोत्साहन मिल्नेछ । खेलाडीहरूको तर्फबाट भक्तपुर नपालाई धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनहरूमा पनि यस्ता प्रतियोगिता आयोजना गरिरहन आग्रह गर्न चाहन्छु ।

### भुपेन्द्र निरौला

**सहभागी, दमक नपा**



भक्तपुर नपाले आयोजना गरेको यो अन्तरनगर चेस प्रतियोगिता लामो समयको ग्यापमा भएको छ, म भक्तपुर नपालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । सम्पूर्ण खेलाडीहरूको तर्फबाट पनि म धन्यवाद दिन चाहन्छु । आउँदा दिनमा पनि यस्ता प्रतियोगिता भइरहे नयाँ खेलाडीहरूलाई पनि हौसला मिल्नेछ । कोरोनाको कारण खेल क्षेत्र पनि चलायमान भएको अवस्था छैन । भक्तपुर नपाले सबै नपालाई समेटेर जुन प्रतियोगिता गऱ्यो फेरि पनि धन्यवाद । यति राम्रो टुर्नामेन्ट हल, बस्ने ठाउँको व्यवस्था, एकदम उत्कृष्ट छ । आउँदा दिनमा पनि भक्तपुर नपाले यस्तै प्रतियोगिता आयोजना गरेर हामीलाई फेरि सहभागी हुने मौका प्रदान गर्नेछ भन्ने मैले आशा लिएको छु ।

### सुशील चौधरी

**सहभागी, भीमेश्वर नपा, दोलखा**




प्रतियोगितामा खेलाडी र अन्यगरी देशका विभिन्न नपाबाट दुई सय जनाभन्दा बढी भेला भएका छन् । यसले धेरै राम्रो भएको अनुभव गरेको छु । बुद्धिचाल डटकम चलाइरहेको हुनाले यस्तो माहोल देख्दा एकदमै खुशी लागेको छ । यस्तै माहोल फेरि भक्तपुरमा आयोजना हुने, हरेक विद्यालयमा पनि चेस प्रतियोगिता हुने आशा राख्दछु । त्यसले विद्यार्थीहरूको दिमाग विकासमा ठूलो सहयोग गर्ने छ । बुद्धिचाल खेलमात्र होइन यसले मानसिक विकासलगायतको विकासमा फाइदा गर्छ ।

**स्रोत : भादगाउँ टीभीको प्रत्यक्ष प्रसारण**

# अध्यक्ष बिजुक्छेँसँग अन्तर नगर बुद्धिचालका खेलाडीहरूको भेटघाट




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भइरहेको चार दिने अन्तर नगर बुद्धिचाल प्रतियोगितामा नेपालका विभिन्न जिल्लाबाट भाग लिन आउनुभएका बुद्धिचाल खेलका खेलाडीहरूको भेटघाट कार्यक्रम चैत्र २ गते भयो ।

भेटमा अध्यक्ष बिजुक्छेँले भक्तपुर नपाले आयोजना गरेको बुद्धिचाल प्रतियोगिताले नयाँ पुस्तामा स्वाभाविक रूपमा उत्साह थप्ने बताउनुहुँदै कुनै पनि खेल ठूलो–सानो नहुने र खेलकुदलाई सम्मानजनक क्षेत्रको रूपमा विकास गर्दै लानुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

सबै खेलहरूको आ–आफ्नै विशेषताहरू रहेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले बुद्धिचाल खेलको व्यवहारिक ज्ञानबारे विद्यार्थी तथा खेलाडीहरूलाई प्रशिक्षित गर्नुपर्नेमा जोड दिनुहुँदै बुद्धिचाल खेल रणनीतिक हिसाबले पनि महत्त्वपूर्ण खेल रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोभिडका कारण सबै क्षेत्र प्रभावित बनिरहेको समयमा पनि भक्तपुर नपाले अन्तर नगर खेलकुद प्रतियोगिता आयोजना गरी नगरपालिकाले खेलाडीको निम्ति सम्मान र उत्साहित गर्ने कार्यमा जोड दिइरहेको बताउनुभयो । भक्तपुर नपाले लागू गरेको स्थानीय पाठ्यक्रममा भक्तपुरका मौलिक र स्थानीय खेललाई प्राथमिकताका साथ समावेश गरेको प्रसङ्ग उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भारतीय विस्तारवाद, हस्तक्षेपकारी नीतिको विरोध खेलाडीहरूले गर्नुपर्नेमा जोड दिनुभयो । गरिब जनताको निम्ति शिक्षा हासिल गर्नु निकै चुनौती बनिरहेको वर्तमान समयमा भक्तपुर नपाले सञ्चालन गरिरहेको कलेजहरूमा देशभरिका विद्यार्थीहरूले गुणस्तरीय शिक्षा हासिल गरिरहेका छन् भन्नुभयो ।

बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाइँले नयाँ पुस्ताका विद्यार्थीहरू बढीजसो मोबाइलको खेलमा संलग्नता बढाइरहेको बताउनुहुँदै बुद्धिचाललगायतका खेलमा उनीहरूको आकर्षण बढाउनु आजको आवश्यकता रहेको बताउनुभयो ।

चीन, क्युवा, प्रजग कोरियालगायतका समाजवादी देशहरूले आफ्ना नागरिकहरूलाई शारीरिक र मानसिक स्वस्थताको लागि ठाउँ ठाउँमा शारीरिक अभ्यासस्थलको व्यवस्थामा जोड दिएको उदाहरणहरू प्रस्तुत गर्नुहुँदै उहाँले खेलाडीहरू देशका गहना हुन् र देशको प्रतिष्ठा बढाउने कार्य खेलाडीहरूबाट भइरहेको बताउनुभयो ।

कोभिड १९ सङ्क्रमणको त्रासले परेको मनोवैज्ञानिक असरका कारण नयाँ पुस्तालाई हिजो भन्दा फरक बनाएकोमा चिन्तित हुँदै सांसद गोसाइँले भक्तपुर बुद्धिचाल, टेबलटेनिस, कबड्डीलगायतका खेलहरूमा अग्रस्थानमा रहेको चर्चा उहाँले गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो भने विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्नुभएका नेपाल बुद्धिचाल सङ्घका सदस्य धनबहादुर बोगटी, दोलखाका नारायणप्रसाद उप्रेती, वर्तमान नेपाल च्याम्पियन पुरुषोत्तम चौलागाई, पूर्व नेपाल च्याम्पियन नवीन तण्डुकार, मेची नगरका विश्वविजय घिमिरे, वर्तमान नेपाल महिला च्याम्पियन सुजना लोहनीलगायतले भक्तपुर नपाले आयोजना गरेको खेलकुद प्रतियोगिताले खेलाडीहरूलाई आफ्नो प्रतिभा देखाउने अवसर पाएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै भक्तपुर नपाले जस्तै अन्य स्थानीय तहहरूले यस्ता गतिविधि गरी खेलाडीहरूलाई प्रोत्साहन गर्न जरुरी रहेको बताउनुभयो । उहाँहरूले का. रोहितको विचारबाट आफूहरू प्रभावित रहेको र उहाँ विचारका स्पष्ट व्यक्ति भएको हुँदा भक्तपुरका नागरिकहरूको इमानदारी, मिहिनेती र सहयोगी भावनाबाट आफूहरू प्रभावित भएको बताउनुभयो । साथै बुद्धिचाल खेललगायत अन्य खेलाडीहरूलाई अगाडि बढ्न निरन्तर प्रोत्साहनको आवश्यकता भएको, बुद्धिचाल खेलको लागि आवश्यक सम्भाव्यताबारे राज्यस्तरबाटै पहल हुनुपर्नेलगायतका धारणा उहाँहरूले व्यक्त गर्नुभएको थियो ।

# अन्तर नगर बुद्धिचाल प्रतियोगिताका विजयी टोली र उत्कृष्ट खेलाडी पुरष्कृत

## विजयी टोली

**प्रथम- हेटौंडा उपमहानगरपालिका**

**खेलाडी :** १) सुरबिर लामा २) पुरुषोत्तम चौलागाई ३) सुजना लोहनी ४) रुपेश जैसवाल ५) क्षितिज भण्डारी



**द्वितीय- ललितपुर उपमहानगरपालिका**

**खेलाडी :** १) सजिन महर्जन २) बद्रिलाल नेपाली ३) बिलमलाल श्रेष्ठ ४) सुरोज महर्जन ५) सुमन राइ



**तृतीय - काठमाडौं महानगरपालिका**

**खेलाडी :** १) केशव श्रेष्ठ २) रिजेन्द्र राजभण्डारी ३) नवीन तण्डुकार ४) राजेन्द्र बज्राचार्य ५) सुजेन्द्रप्रसाद श्रेष्ठ



## उत्कृष्ट खेलाडी



मिलन लामा



निकेन कुसाथा



प्रकाशचन्द्र नेपाल



रुपेश जैसवाल



केशव मानन्धर

उत्कृष्ट खेलाडी : बोर्ड १ का मिलन लामा (टोखा नपा); बोर्ड २ का निकेन कुसाथा (भक्तपुर नपा 'बी'); बोर्ड ३ का प्रकाशचन्द्र नेपाल (दमक नपा); बोर्ड ४ का रुपेश जैसवाल (हेटौंडा उपमहानपा); बोर्ड ५ का केशव मानन्धर (भक्तपुर नपा 'बी')

# शहीद दिवसको अवसरमा

# भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता

जनताको मौलिक र राजनैतिक अधिकार पुन:वहालीको लागि २०४६ मा भएको जनआन्दोलनका अमर शहीदहरूको स्मृतिमा भक्तपुर नगरपालिकाद्वारा आयोजित भक्तपुर नगर व्यापी विद्यालयस्तरीय विभिन्न १० को खेल प्रतियोगिता भक्तपुर नपाका १० वडामा २०७७ फागुन २९ गते शुरु भई चैत ३ गते सम्पन्न भएको छ । सफलताकासाथ सम्पन्न प्रतियोगिताको परिणाम यसप्रकार रहेको छ –

## भलिबल प्रतियोगिता

भक्तपुर नगरपालिका १ नं. वडा समितिको आयोजनामा शहीद स्मृति खेल मैदानमा भएको भलिबल प्रतियोगिता चैत्र १ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भलिबल प्रतियोगिताको समापन कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरलाई शिक्षा, स्वास्थ्य सँगसँगै खेलकुद क्षेत्रमा खेलाडीहरू अगाडि बढ्नुपर्ने बताउनुहुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न समेत प्रेरित गर्नुभयो ।

भलिबल प्रतियोगिताको अन्तिम परिणामअनुसार **छात्रतर्फ** श्रीपद्म मा.वि.ले प्रथम स्थान, वागीश्वरी मा.वि.ले द्वितीय स्थान तथा ख्वप मा.वि.ले तृतीय स्थान हासिल गर्न सफल खेलाडीहरूलाई प्रमुख प्रजापतिले पदक तथा प्रशंसापत्र वितरण गर्नुभयो ।

त्यसैगरी **छात्रातर्फ** श्रीपद्म मा.वि.– प्रथम स्थान, ख्वप मा.वि.– द्वितीय स्थान र वागीश्वरी मा.वि.– तृतीय हुन सफल खेलाडीहरूलाई उपप्रमुख रजनी जोशीले पदक तथा प्रशंसा पत्र वितरण गर्नुभयो ।

**छात्रतर्फ उत्कृष्ट** खेलाडीको उपाधि श्रीपद्म माविका प्रदिप तोलाङ्ग घोषित भए भने **छात्रातर्फ** श्रीपद्म माविकै स्मृति खड्काले सो उपाधि हासिल गरेको थियो ।

सम्पन्न प्रतियोगिताका सबै उत्कृष्ट विद्यालयहरू र उत्कृष्ट खेलाडीहरूलाई ट्रोफी वितरण चैत्र ३ गते हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समापन समारोहमा वितरण गरिने जानकारी दिइयो ।

### भलिबलका केही झलक



भक्तपुर नपाका प्रमुखलगायत प्रथम टोली- श्रीपद्म



द्वितीय टोली-वागीश्वरी



तृतीय टोली-श्रीपद्म



वडाध्यक्ष हरिप्रसाद बासुकलाबाट बल हस्तान्तरण गरी उद्घाटन



प्रतिस्पर्धा गर्दै एक छात्र टोली



प्रतिस्पर्धा गर्दै एक छात्रा टोली



प्रतियोगिताका रेफ्रीहरू

# टेबुलटेनिस प्रतियोगिता

भक्तपुर नगरपालिका २ नं. वडा समितिको आयोजनामा बासु माविमा भएको टेबुल टेनिस प्रतियोगिता चैत्र १ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा टेबुल टेनिस प्रतियोगिताको समापन कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूको शारीरिक र मानसिक विकासको लागि खेलकुद अपरिहार्य रहेको बताउनुहुँदै विद्यार्थीहरूले शिक्षा र खेललाई सँगसँगै अगाडि लानुपर्नेमा जोड दिनुभयो ।

टेबुल टेनिस प्रतियोगिताको विभिन्न इभेन्टस्मा उत्कृष्ट खेलाडीहरूलाई प्रमुख प्रजापतिले पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो । प्रतियोगितामा **ब्वाईज** टिम इभेन्टमा प्रोक्सिमा इन्टरनेशनल एकेडेमी प्रथम, द राईजिङ इङ्लिस स्कूल द्वितीय तथा हिमालयन ग्लोरी इङ्लिस स्कूल र जेन्यूइन सेकेण्डरी स्कूल तृतीय हुन सफल भएको थियो भने **गर्ल्स** टिम इभेन्टमा प्रोक्सिमा इन्टरनेशनल एकेडेमी प्रथम, प्रभात इङ्लिस स्कूल द्वितीय तथा जेन्यूइन सेकेण्डरी स्कूल र माउण्ट भ्याली स्कूल तृतीय हुन सफल भएको थियो ।

त्यसैगरी **ब्वाईज** यु–१६ इभेन्टमा प्रोक्सिमा इन्टरनेशनल एकेडेमीका उज्ज्वल न्हुछे प्रथम, प्रभात इ. स्कूलका प्रज्ज्वल गोथे द्वितीय र प्रोक्सिमा इन्टरनेशनल एकेडेमीका सफल लामा र हिमालयन ग्लोरी इ. स्कूलका विमित पञ्च तृतीय हुन सफल भएको थियो ।

**गर्ल्स** यु–१६ इभेन्टमा भने प्रोक्सिमा इन्टरनेशनल एकेडेमीका दिया देउला प्रथम, प्रभात इ. स्कूलका आरती सुवाल द्वितीय र प्रभात इ. स्कूलकै कृतिका तामाङ र प्रदिपा सुवाल तृतीय हुन सफल भएको थियो ।

प्रतियोगिताको अर्को इभेन्ट **ब्वाईज यु–१२** मा माउण्ट भ्याली इ. स्कूलका सोहन गोर्खाली प्रथम, प्रोक्सिमा ईन्टरनेशनल एकेडेमीका विशाल कवां द्वितीय र प्रभात इ. स्कूलका रोशन त्यात र माउण्ट भ्याली इ. स्कूलका अभिनव अधिकारी तृतीय हुन सफल भएको थियो ।

**गर्ल्स यु–१६** इभेन्टमा प्रभात इ. स्कूलका क्यारिना सुवाल प्रथम, प्रोक्सिमा इन्टरनेशनल एकेडेमीका नर्मदा खाइतु द्वितीय र प्रोक्सिमा इन्टरनेशनल एकेडेमीकै सृष्टिका लिवी र प्रभात इ. स्कूलका सौरभी कोजू तृतीय हुन सफल भएको थियो ।

कार्यक्रममा मिति २०७७ चैत्र २ गतेदेखि हुने **देशव्यापी वडास्तरीय टेबुलटेनिस प्रतियोगिता**मा भक्तपुर नगरपालिकाको तर्फबाट सहभागी हुने विभिन्न वडाका खेलाडीहरूलाई जर्सी वितरण गरिएको थियो ।

## टेबलटेनिसका केही झलक



प्रथम टोली- प्रोक्सिमा



तेस्रो टोली-माउन्ट भ्याली



दोस्रो टोली-प्रभात



छात्र U-12 दोस्रो - प्रोक्सिमा



छात्रा फाइनलको प्रतिस्पर्धा



छात्र फाइनलको प्रतिस्पर्धा



विजयी टोलीहरू

# उसु प्रतियोगिता

भक्तपुर नगरपालिका ३ नं. वडा समितिको आयोजनामा श्रीपद्म मा.वि.को प्राङ्गणमा भएको उसु प्रतियोगिता चैत्र २ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उसु प्रतियोगिताको उद्घाटन चैत्र २ गते गर्नुभयो । कार्यक्रमको समापन भनपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा सोही दिन सम्पन्न भयो ।

उपप्रमुख जोशीले समापन कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

प्रतियोगिताको **ब्वाइज तिलूमा** जेसिस् इ. स्कूलका समिट श्रेष्ठ, लिटिल वर्ल्ड स्कूलका एलेक्स सुवाल र जेसिस् इ. स्कूलका उत्सव खाईतु क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भए भने **गर्ल्स तिलूमा** जेसिस् इ. स्कूलका अदिति बिरवल, मतिना कोजू र उजा नापित क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भएका थिए ।

**ब्वाइज सान्चो** २५-३० केजी तौल समूहमा जेसिस् इ. स्कूलका रिडम लामा, जनिथ कोजू, रेमण कोजू क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भए भने **गर्ल्स सान्चो** २५-३० केजी तौल समूहमा मेधा माविका आयुश्री शिल्पकार, ज्ञान विजय माविका सृजना क्षेत्री र हिमालयन स्कूलका कृजना कुचुमणी क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भए ।

**ब्वाइज सान्चो** ३०-३५ केजी तौल समूहमा जेन्यूइन इ. स्कूलका दिब्यांसु सुवाल, जेसिस् इ. स्कूलका समिर गोर्खाली र निग्मा लामा क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भएका थिए भने **गर्ल्स सान्चो** ३५-४५ केजी तौल समूहमा जेसिस् इ. स्कूलका कृति थापा, रजिशा कोजू र अनुष्का विरबल क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भए ।

**ब्वाइज सान्चो** ४०-४८ केजी तौल समूहमा जेसिज् इ. स्कूलका अनुज धौभडेल, श्रीपद्म माविका धिरजकुमार मण्डल र विशेष खर्बुजा क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भए भने ४८-५२ के.जी तौल समूहमा जेजिस् इ. स्कूलका कृतिन सुवाल प्रथम, श्रीपद्म माविका विशेष मोक्तान द्वितीय हुन सफल भए ।

प्रतियोगितामा **उत्कृष्ट खेलाडी**को उपाधि **छात्रतर्फ** श्रीपद्म माविका धिरजकुमार मण्डल र **छात्रातर्फ** जेसिस् इ. स्कूलका अदिति बिरवलले प्राप्त गर्न सफल भए ।

## उसुका केही झलक








जेसिसका उत्सब खाइतु



जेसिसका समित श्रेष्ठ







## कबड्डी प्रतियोगिता

भक्तपुर नगरपालिका ४ नं. वडा समितिको आयोजनामा काँलाचास्थित एण्टिक ड्राइभिङ सेन्टरमा भएको कबड्डी प्रतियोगिता चैत्र ३ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा कबड्डी प्रतियोगिताको समापन कार्यक्रम भयो ।

कार्यक्रममा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यालयका खेलाडीहरूलाई उपप्रमुख जोशीले पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो ।

कबड्डी प्रतियोगिताको **छात्रतर्फ**को खेलमा मिनर्वा इङ्लिस स्कूल प्रथम, जेन्युइन सेकेन्डरी स्कूल दोस्रो, वागीश्वरी मावि र ख्वप्रिङ इङ्लिस स्कूलले तेस्रो स्थान हासिल गरेको थियो भने कबड्डी **छात्रातर्फ** साईनिङ इ. स्कूल प्रथम, पारागन एकेडेमी दोस्रो, बासु मावि र वागीश्वरी माविले तेस्रो स्थान प्राप्तगर्न सफल भएको थियो ।

## कबड्डीका केही झलक




छात्र पहिलो- मिनर्वा




छात्रा पहिलो- साइनिङ




छात्र दोस्रो- जेन्युइन




छात्रा दोस्रो-पारागन

## तस्बिरमा केही गतिविधि



नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा गुठी संस्थान कार्यालयको भवन पुन:निर्माणको नक्सासम्बन्धी बैठक (फागुन १९ गते )



प्रमुख सुनिल प्रजापतिबाट वडा नं. ७ मा खानेपानी ट्यांकी तथा फिल्टर जडान योजनाको उद्घाटन (फागुन २२ गते)



प्रमुख प्रजापति, वडाध्यक्षहरूलगायत भाज्यापुखुमा जलेश्वर मन्दिर पुन:निर्माण कार्यको निरीक्षणमा (चैत्र ५ गते)



नपा प्रमुख सुनिल प्रजापतिलगायत दरबार क्षेत्रमा पुन:निर्माणाधीन फसी देग: को अवलोकनमा (फागुन १९ गते)

# अन्तर नगर बुद्धिचाल प्रतिस्पर्धाका केही झलक



नपाका प्रमुख प्रजापति अन्तर नगर बुद्धिचाल प्रतियोगिताको खेल निरीक्षणमा (चैत २ गते)




हेटौंडा (बायाँ) र भीमेश्वरबीच फाइनलको लागि अन्तिम प्रतिस्पर्धा (चैत्र ३ गते)



ललितपुर (बायाँ) र भक्तपुरबीच प्रतिस्पर्धा




काठमाडौं (दायाँ) र तारकेश्वरबीच प्रतिस्पर्धा

अन्तर नगर बुद्धिचाल प्रतियोगिताका केही झलक










## तस्बिरमा केही गतिविधि



भक्तपुर (बायाँ) र भीमेश्वर



अन्तर नगर बुद्धिचाल प्रतियोगिताबारे पत्रकार भेटघाट (फागुन २१ गते)



उपप्रमुख रजनी जोशी वडा नं. ४ को स्वास्थ्य शिविरमा (चैत ७ गते)



भक्तपुरको प्रसिद्ध नाग पुखुमा जमेको हिलोमाटो सफा गर्ने काम हुँदै (चैत १४)

# तेक्वाण्डो प्रतियोगिता

भक्तपुर नगरपालिका ५ नं. वडा समितिको आयोजनामा विद्यार्थी निकेतन माविमा भएको तेक्वाण्डो प्रतियोगिता चैत्र २ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले खेलकुदले विद्यार्थीहरूको शारीरिक र मानसिक विकासमा टेवा पुऱ्याउने बताउनुहुँदै विद्यार्थीले खेलकुद सँगसँगै शिक्षा र अनुशासनमा जोड दिनुपर्ने बताउनुभयो ।




तेक्वाण्डो प्रतियोगिताको सम्पन्न खेलमा **मेडलको आधारमा** प्यारागन एकेडमी प्रथम, वागीश्वरी मावि द्वितीय र रोम्बस स्कूल तृतीय हुन सफल भएका छन् ।

नतिजाअनुसार **छात्रतर्फ ४१–४५ केजी समूह**मा समन कार्की (रोम्बस स्कूल) प्रथम, प्रशान्त श्रेष्ठ (लिटिल वर्ल्ड) द्वितीय र दाउड लामा (गोल्डेन गेट स्कूल) र कृष तुईतुई (सूर्योदय स्कूल) तृतीय हुन सफल भए ।




त्यसैगरी **छात्रतर्फ ३७–४१ केजी समूह**मा राजेश कार्की (पारागन एकेडेमी) प्रथम, पुकार जोशी (शान्ति निकेतन) द्वितीय, सुमित ठकुरी (रोम्बस) र समिर माझी (क्रियटिभ स्कूल) तृतीय हुन सफल भएका छन् ।

**छात्रतर्फ ३३–३७ केजी समूह**मा विज्ञान लामा (लिशा) प्रथम, एलेक्स सुवाल (हिमालयन ग्लोरी) द्वितीय, महेन्द्र आचार्य (वागीश्वरी मावि) र असिम मोक्तान (स्याक्रिड हार्ट एकेडेमी) तृतीय भएका छन् ।




**छात्रतर्फ २९–३३ केजी समूह**मा दिपेश लवजु (वागेश्वरी मावि) प्रथम, श्रीजन मारिखु (रोम्बस) द्वितीय, कुशल तामाङ (क्रियटिभ स्कूल) र विपिन तामाङ (आदर्श आजाद मावि) तृतीय हुन सफल भए ।

**छात्रतर्फ २५–२९ केजी समुह**मा सौरभ के.सी. (रोम्बस) प्रथम, विजय तामाङ (वागीश्वरी) द्वितीय, सौगात तामाङ (पारागन) र रन्जीत गोले (श्री सिद्धि शारदा) तृतीय भएका छन् ।



**छात्रतर्फ अन्डर २५ केजी समूह**मा सिमोन विक (पारागन) प्रथम, मेरित अधिकारी (लिटिल वर्ल्ड) द्वितीय, डायमण्ड जति (बाल विकास) र रिशल शंकर (समता) तृतीय हुन सफल भए ।

यसैगरी **छात्रातर्फ ४५–४९ केजी तौल समूह**मा सृष्टि पौडेल (ख्वप) प्रथम, संगिता लामा (समता) द्वितीय, आयुषा किलम्बू (मेधा मावि) र परिशा दुवाल (लिटिल वर्ल्ड) तृतीय भएका छन् ।

**छात्रातर्फ ४१-४५ केजी तौल समूह**मा सोफिया त्यात (क्रियटिभ) प्रथम, इनिषा मगर (वागीश्वरी मावि) द्वितीय, एन्जेलिका राउत (जेन्यून मावि) र विपना घर्तिमगर (बासु) तृतीय हुन सफल भए ।

**छात्रातर्फ ३७-४१ केजी तौल समूह**मा रितिका महर्जन (पारागन) प्रथम, सलिना राई (रोम्बस) द्वितीय, प्रिन्शा मल्ल ठकुरी (श्रीपद्म मावि) र सन्जली तामाङ (श्री सिद्धि शारदा मावि) तृतीय हुन सफल भएको थियो ।

**छात्रातर्फ ३३-३७ केजी तौल समूह**मा जेनीफर दुवाल (पारागन) प्रथम, प्राची किवानायो (क्रियटिभ) द्वितीय, स्वर्ण प्रजापति (बाल विकास इ.स्कूल) र एनि श्रेष्ठ (स्प्रिङडेल इ. स्कूल) तृतीय हुन सफल भएका थिए ।

**छात्रातर्फ २५-२९ केजी तौल समूह**मा क्यारिजा लामा (गोल्डेन गेट) प्रथम, अनामिका रानामगर (स्प्रिङडेल) द्वितीय, अलिशा लामा (लिशा इ. स्कूल) र सुप्रिया बस्नेत (वागीश्वरी मावि) तृतीय भएका थिए ।

**छात्रा अन्डर २५ मा** सुस्मिता शाही (वागीश्वरी) प्रथम, समीषा बस्नेत (स्प्रिङडेल) द्वितीय र आष्मा कार्की (बाल विकास इ. स्कूल) तृतीय हुन सफल भए ।

## तेक्वाण्डोका केही झलक















# कराँते प्रतियोगिता

भक्तपुर नगरपालिका ६ नं. वडा समितिको आयोजनामा वडा समिति कार्यालयको प्राङ्गणमा भएको कराँते प्रतियोगिता चैत्र ३ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र वितरण गर्नुभयो भयो ।

प्रतियोगिताको परिणामअनुसार **छात्रातर्फको २० के.जी. तौल समूह**मा रिदिसा त्यात (जेन्यूइन इ. स्कूल) प्रथम, रोहिनी लामा (क्रियटिभ इ. स्कूल) द्वितीय र मनिसा राई (साइनिङ स्कूल) तृतीय हुन सफल भए ।

**छात्रातर्फको २५ के.जी. समूह**मा आयरा प्रजापति (बाल विकास से. स्कूल) प्रथम, रितिका तामाङ (गोल्डेन गेट इ. स्कूल) द्वितीय तथा रिजी त्यात (जेन्यूइन स्कूल) र गायत्री लामा (क्रियटिभ स्कूल) तृतीय भए ।

**छात्रातर्फको** ३० के.जी. तौल समूहमा श्रेया शाही (वागीश्वरी) प्रथम, सेव्रिना दुवाल (जेन्यूइन) द्वितीय तथा करुणा तामाङ (हंसबाहिनी स्कूल) र सुबी श्रेष्ठ (जेन्यूइन स्कूल) तृतीय हुन सफल भए ।

**छात्रातर्फको** ३५ के.जी. तौल समूहमा क्रितिका राई (रोम्बस) प्रथम, अस्मिता तामाङ (सेक्रेड हार्ट) द्वितीय तथा प्रियन्सा तामाङ (साईनिङ स्टुडेण्ट) र रिड्डी गाईजु (केयर किण्डर) तृतीय भए ।

त्यसैगरी **छात्रातर्फको ४० के.जी. तौलसमूह**मा स्माइल्डा सुवाल (जेन्यूइन), यज सिं बजिको, कृष्मा ढुङ्गाना (क्रियटिभ स्कूल) र सजिना तामाङ (साईनिङ स्टुडेन्ट) क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।

**छात्रातर्फको ४५ के.जी. तौल समूह**मा सिरुसा भुजु (सेक्रेड हार्ड), ससिका राई (ख्वप्रिङ), विविशा तामाङ (सेक्रेड हार्ट) यूनिसा प्रजापति (माउण्ट भ्याली) क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।

**छात्रातर्फको ५० के.जी. तौल समूह**मा पिपल डोंग (माउण्ट भ्याली) प्रथम, प्रतिभा राई (पारागन) द्वितीय तथा जिना सुवाल (हिमालयन स्कूल) र प्रतिभा गाईजु (माउण्ट भ्याली)ले तृतीय स्थान हासिल गरेको थियो ।

कराँते प्रतियोगितामा **छात्रतर्फ २० के.जी. तौल समूह**मा युवी कर्माचार्य (माउण्ट भ्याली) प्रथम, वरदान सिं बजिको (केयर किण्डर) द्वितीय तथा गजेन्द्र सिराडी (केयर किण्डर) र रासेस बासुकला (प्रभात इ. स्कूल तृतीय हुन सफल भए ।

**छात्रतर्फको २५ के.जी. समूह**मा सुजल कोण्डा (जेन्यूइन) प्रथम, सुमन सेवदी (आदर्श आजाद) द्वितीय तथा दिपेज अवाल (विज्डम स्कूल) र गौरव पाण्डे (विद्या आर्जन) तृतीय हुन सफल भए ।

**छात्रतर्फको ३० के.जी. तौल समूह**मा यूकेश तामाङ (सेक्रेड हार्ट) प्रथम, जेम्स लामा (डेमोन्स) द्वितीय तथा श्रीजन खोंजू (पारागन एकेडेमी) र कृष्ण ग्वाछा (वागीश्वरी मावि) तृतीय भए ।

**छात्रतर्फको ३५ के.जी. तौल समूह**मा विमल कुमार थापा (वागीश्वरी मावि) प्रथम, विराज चित्रकार (जेन्यूइन) द्वितीय तथा आभाष सुकेमनी (पारागन) र रौनिक तामाङ (डेमोन्स) तृतीय भए ।

**छात्रतर्फको** ४० के.जी. तौल समूहमा विकास तामाङ (वागीश्वरी मावि) प्रथम, अनुभव आचार्य (वागीश्वरी) द्वितीय तथा राज तामाङ (वागीश्वरी मावि) र शक्ति परियार (जागृति मावि) तृतीय भए ।

**छात्रतर्फको ४५ के.जी. तौल समूह**मा विशाल तामाङ (सेक्रेड हार्ट) प्रथम, श्रयश लवजू (माउण्ट भ्याली) द्वितीय, धनराज विष्ट (बासु मावि) र रमिन मोक्तान (बासु मावि) तृतीय हुन सफल भए ।

**छात्रतर्फको ५० के.जी. तौल समूह**मा अभिषेक लामा (बासु) प्रथम, श्रीजल तमखु (विद्यार्थी निकेतन) द्वितीय तथा आभास बोहरा (वागीश्वरी मावि) र सुवास लामा (डेमोस) तृतीय हुन सफल भएको थियो ।

कराँते प्रतियोगिताको **काँटा छात्रतर्फ** भने विमल कुमार तामाङ (वागीश्वरी) प्रथम, विराज चित्रकार (जेन्यूइन) द्वितीय तथा वरदान सिं बजिको (केयर किन्डर) र अनुभव तामाङ (वागीश्वरी) तृतीय हुन सफल भए भने **काँटा छात्रातर्फ** प्रियन्सा तामाङ (साइनिङ) प्रथम, यजु बजिको (माउण्ट भ्याली) द्वितीय तथा करुणा तामाङ (हंशबाहिणी) र सुवी श्रेष्ठ (जेन्यूइन) तृतीय भएका थिए ।

कराँतेमा **उत्कृष्ट खेलाडीको उपाधि** छात्रतर्फ डेमोन्स स्कूलका जेम्स लामा र छात्रातर्फ माउन्ट भ्याली स्कूलका यजु बजिकोले हात पारे भने **उदयमान खेलाडी** (राइजिङ स्टार) को उपाधि गोल्डेनगेटका रितिका तामाङले प्राप्त गरे ।

**पदकको आधारमा** उत्कृष्ट विद्यालय छनौटमा वागीश्वरी मावि प्रथम, माउण्ट भ्याली से. स्कूल द्वितीय र जेन्यूइन स्कूल तृतीय हुन सफल भए ।

## कराँतेका केही झलक











## एथ्लेटिक्स प्रतियोगिता

भक्तपुर नगरपालिका ७ नं. वडा समितिको आयोजनामा माहेश्वरी खेल मैदानमा भएको एथ्लेटिक्स प्रतियोगिता चैत्र २ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन कार्यक्रम भयो ।

प्रमुख अतिथि प्रजापतिले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यका साथै खेलकुदलाई प्राथमिकतामा राख्दै आएको र विद्यार्थीहरूले हार जितभन्दा पनि सिकाइको रूपमा खेलकुदलाई लिनुपर्ने बताउनुभयो ।

खेलकुदलाई अनुशासनसँग तुलना गर्नुहुँदै उहाँले खेलको माध्यमबाट आफूलाई परिचित बनाउन अझ बढी मिहिनेत र लगनशीलताको खाँचो रहेको र खेलाडीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको खेलहरूमा भाग लिई देशकै गौरब बढाउनुपर्ने बताउनुभयो ।

प्रमुख अतिथि प्रजापतिले समापन कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

**छात्र ६० मीटर दौड प्रतियोगिता**मा रोहित तामाङ (गणेश मावि), अभ्यास बस्नेत (प्रभात इ. स्कूल) र अनिल तामाङ (समाज सुधार मावि) क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए भने **छात्रातर्फ सोही विधामा** श्रीतृ ग्वाछा (सूर्योदय मावि), सविना श्रेष्ठ (प्रभात इ. स्कूल) र निरुता तामाङ (प्रोक्सिमा इन्टरनेशनल) क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।

**छात्र १५०० मीटर दौड प्रतियोगिता**मा रोनिश लासिवा (प्रभात इ. स्कूल), मुन्ताज मोहम्मद (गणेश मावि) र कृजल फाँजु (जेसीस् इ. स्कूल) क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए भने **छात्रातर्फ सोही विधामा** दिया दनुवार (वागीश्वरी मावि), मनिषा मानन्धर (वागीश्वरी मावि) र रिमा तामाङ (गणेश मावि) क्रमशः प्रथम, द्वितीय र तृतीय भए ।

**छात्र ३००० मीटर दौड प्रतियोगितामा** विश्वराम कुँवर (गणेश मावि), निर्शिप सुवाल (होली गार्डेन) र अजय क्षेत्री (बासु मावि) क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए भने **छात्रातर्फ सोही विधामा** स्वागता खाइजु (जेसीज् इ. स्कूल), स्वस्तिका कर्माचार्य (जेसीज् इ. स्कूल) र निशा ब्लोन (गणेश मावि) क्रमशः प्रथम, द्वितीय र तृतीय हुन सफल भए ।

**सटपुट छात्रतर्फ** डिविस विक्रम शाही (प्रभात इ. स्कूल) प्रथम, अर्जुन मानन्धर (वागीश्वरी मावि) द्वितीय र रवि वाडी (वाईज ल्याण्ड इ. स्कूल) तृतीय हुन सफल भएको थियो । **सटपुट छात्रातर्फ** कविता डाँगी (वाईज ल्याण्ड इ. स्कूल) प्रथम, स्वागता खाइजु (जेसीस् इ. स्कूल) द्वितीय र रुविसा सितिखु (प्रभात इ. स्कूल) तृतीय हुन सफल भए ।

**ज्याब्लिन थ्रो छात्रतर्फ** अर्जुन मानन्धर (वागीश्वरी मावि) प्रथम, नेत्र सुनार (जेसीस् इ. स्कूल) द्वितीय र अमन माझी (समाज सुधार मावि) तृतीय भए भने **छात्रातर्फ** निशा ब्लोन (गणेश मावि) प्रथम, स्वस्तिका कर्माचार्य (जेसीस् इ. स्कूल) द्वितीय र प्रिती प्रधानाङ्ग (वाइजल्याण्ड इ. स्कूल) तृतीय हुन सफल भए ।

### एथ्लेटिक्सका केही झलक












# ब्याटमिन्टन प्रतियोगिता

भक्तपुर नगरपालिका ८ नं. वडा समितिको आयोजनामा ख्वप इन्जिनीयरिङ कलेजमा भएको ब्याटमिन्टन प्रतियोगिता चैत्र ३ गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले छात्र/छात्रा ब्याटमिन्टन प्रतियोगिताको समापन समारोहमा विजयी खेलाडीहरूलाई प्रमाणपत्र र मेडल वितरण गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले खेलकुदको माध्यमबाट भविष्यको निम्ति राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम खेलाडीहरू उत्पादन गर्ने उद्देश्यका साथ प्रतियोगिताको आयोजना भएको बताउनुहुँदै नागरिकको सुस्वास्थ्यको निम्ति नगरका सबै वडाहरूमा नि:शुल्क व्यायामशाला स्थापना गरेको बताउनुभयो ।



सोही कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ र भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले पनि आ–आफ्नो धारणा राख्नुभएको थियो ।

प्रतियोगिताको अन्तिम नतिजाअनुसार **सिनियर छात्रतर्फ** समिर याकामी (गोल्डेन गेट स्कूल) प्रथम, युनिस तिमिल्सना (पद्म मावि) द्वितीय, डिविस विक्रम शाह (प्रभात मावि) र यमन सुवाल (प्रभात इङ्गलिस स्कूल) ले तृतीय स्थान हासिल गरेका थिए ।



**जुनियर छात्रतर्फ** सिबिक ज्याख्व (वागीश्वरी) प्रथम, रोजन गोरा (सामुदायिक मावि) द्वितीय, रोहित शिल्पकार (हिमालयन ग्लोरी) र रोश तमखु (क्रियटिभ इङ्गलिस स्कूल) तृतीय हुन सफल भएका थिए ।

**सिनियर छात्रातर्फ** प्रिति देशेमरु (हिमालयन ग्लोरी) प्रथम, प्रसिद्धि आगन्जा (बासु मावि) द्वितीय, सबिरा बुद्धाचार्य (द राइजिङ स्कूल) र निकिता कोजु (प्रभात इङ्गलिस स्कूल) तृतीय भएका थिए ।



**छात्रा जुनियरतर्फ** हिमालयन ग्लोरीका रुसा जति प्रथम, वागीश्वरी माविका सेफिना लागे द्वितीय, प्रभात स्कूलका रन्जु सुलु र द राइजिङका रन्जु तामाङले तृतीय स्थान हासिल गर्न सफल भए ।

## ब्याटमिन्टनका केही झलक















# फुटसल प्रतियोगिता

भक्तपुर नगरपालिका ९ नं. वडा समितिको आयोजनामा राममन्दिर सुटर फुटसलमा भएको फुटसल प्रतियोगिता चैत्र २ गते सम्पन्न भयो ।

भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा प्रतियोगिताको फाइनल खेल तथा पुरस्कार वितरण कार्यक्रम भयो ।

प्रमुख अतिथि सुनिल प्रजापतिले खेलकुद विकासको लागि भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको छ ओटा खेलकुद प्रशिक्षणहरूलाई निरन्तरता दिइरहेको बताउनु भयो । उहाँले देश विकासको लागि शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रलाई अगाडि बढाइ रहेको बताउनुहुँदै खेलाडीहरू अनुशासित भई खेल खेल्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा ४ नं वडाध्यक्ष कुमार चवालले खेल मैत्रीपूर्ण खेल्नुपर्ने बताउनुहुँदै निर्णायकले निष्पक्ष ढङ्गले काम गर्नुपर्ने र खेलाडीहरूले अनुशासित रूपमा खेल्नुपर्ने बताउनुभयो । फाइनल खेलको नतिजाअनुसार डेमोस इ. स्कूल प्रथम, प्रभात इ.मावि दोश्रो, सन साईन नेशनल स्कूल तृतीय र शान्त्वनामा रोम्बस भए ।

विजेताहरूलाई प्रमुख अतिथि प्रमुख सुनिल प्रजापतिले पुरस्कार वितरण गर्नुभयो ।

## फुटसलका केही झलक





# खो खो प्रतियोगिता

भक्तपुर नगरपालिका १० नं. वडा समितिको आयोजनामा लामगाल चउरमा भएको खो खो प्रतियोगिता चैत्र ३ गते सम्पन्न भयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भएको समापन कार्यक्रममा प्रतियोगिताका विजयी खेलाडीहरूलाई प्रमाणपत्र र मेडल वितरण गर्नुभयो ।

नतिजाअनुसार **छात्रतर्फ** विद्या आर्जन स्कूल प्रथम, प्रभात इङ्गलिस स्कूल दोस्रो, बाल विकास इङ्गलिस स्कूल र शारदा माविले तेस्रो स्थान हासिल गर्न सफल भए भने **छात्रा तर्फ** वागीश्वरी मावि प्रथम, बालविकास सेकेन्डरी दोस्रो, बासु मावि र वाइजल्याण्ड सेकेन्डरी स्कूलले तेस्रो स्थान हासिल गरेका थिए । प्रतियोगितामा उत्कृष्ट खेलाडी छात्रातर्फ मतिना श्रेष्ठ (५ वर्ष) र छात्रतर्फ सृजल वैद्य (१३ वर्ष) भएका थिए ।











## खो खोका केही झलक















# भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिताका विजयी विद्यालयहरू

(फागुन २९-चैत्र ३ गते)

### खो खो प्रतियागिता

छात्रतर्फ

प्रथम : विद्या आर्जन सेकेण्डरी स्कूल
द्वितीय : प्रभात इङ्लिस सेकेण्डरी स्कूल
तृतीय : शारदा माध्यमिक विद्यालय
तृतीय : बाल विकास सकेण्डरी स्कूल
उत्कृष्ट खेलाडी : श्रेजल बैद्य (विद्या आर्जन

छात्रातर्फ

प्रथम : वागीश्वरी माध्यमिक विद्यालय
द्वितीय : बाल विकास सकेण्डरी स्कूल
तृतीय : वाईजल्याण्ड सेकेण्डरी स्कूल
तृतीय : बासु माध्यमिक विद्यालय
उत्कृष्ट खेलाडी : मनिता श्रेष्ठ (वागीश्वरी

### टेबुल टेनिस प्रतियोगिता

प्रथम : प्रोक्सिमा ईन्टरनेशनल एकेडेमी
द्वितीय : प्रभात इङ्लिस सेकेण्डरी स्कूल
तृतीय : माउण्ट भ्याली इ. से. स्कूल
उदयमान खेलाडी :
छात्र : सोहन ग्यामरु (हिमालय इ. स्कूल, वर्ष ९)
छात्रा : उर्वि सुवाल (सामुदायिक इ.स्कूल, वर्ष ८)

### भलिबल प्रतियोगिता

छात्रतर्फ

प्रथम : श्रीपद्म माध्यमिक विद्यालय
द्वितीय : ख्वप माध्यमिक विद्यालय
तृतीय : वागीश्वरी माध्यमिक विद्यालय
सात्वना : बासु माध्यमिक विद्यालय
उत्कृष्ट खेलाडी : प्रदिप तोलाङ्ग (श्रीपद्म माध्यमिक विद्यालय)

छात्रातर्फ

प्रथम : श्री पद्म माध्यमिक विद्यालय

द्वितीय : वागीश्वरी माध्यमिक विद्यालय
तृतीय : ख्वप माध्यमिक विद्यालय
सान्त्वना : हिमालयन ग्लोरी इङ्लिस स्कूल
उत्कृष्ट खेलाडी : स्मृति खड्का (श्रीपद्म माध्यमिक विद्यालय)

### ब्याटमिन्टन प्रतियोगिता

प्रथम : हिमालयन ग्लोरी इङ्लिस स्कूल
द्वितीय : वागीश्वरी माध्यमिक विद्यालय
तृतीय : गोल्डेन गेट इङ्लिस स्कूल
सान्त्वना : बासु माध्यमिक विद्यालय
उत्कृष्ट खेलाडी :
छात्र : कपिल न्यौपाने (प्रभात इङ्लिस सेकेण्डरी स्कूल )
छात्रा : भब्यता राई (सामुदायिक इङ्लिस स्कूल)

### एथ्लेटिक्स प्रतियोगिता

प्रथम : गणेश माध्यमिक विद्यालय
द्वितीय : प्रभात इङ्लिस सकेण्डरी स्कूल
तृतीय : जेसिस् सेकेण्डरी स्कूल
सान्त्वना : वागीश्वरी माध्यमिक विद्यालय

### फुटसल प्रतियोगिता

प्रथम : डेमोस इङ्लिस स्कूल
द्वितीय : प्रभात इङ्लिस सेकेण्डरी स्कूल
तृतीय : सन्साईन नेशनल स्कूल
सान्त्वना : रोम्बस् नेशनल स्कूल
उत्कृष्ट खेलाडी : लाक्पा तामाङ (डेमोस इङ्लिस स्कूल, जर्सी नं. ७ )

### तेक्वाण्डो प्रतियोगिता

प्रथम : पारागन इङ्लिस सेकेण्डरी स्कूल
द्वितीय : वागीश्वरी माध्यमिक विद्यालय
तृतीय : रोम्बस् नेशनल स्कूल
सान्त्वना : क्रियटिभ इङ्लिस स्कूल
उदयमान खेलाडी :
छात्र : समन कार्की (रोम्बस् नेशनल स्कूल)
छात्रा : सुस्मिता शाही (वागीश्वरी माध्यमिक विद्यालय)

### उसु प्रतियोगिता

प्रथम : जेसिस् इङ्लिस स्कूल
द्वितीय : जेन्यूइन सेकेण्डरी स्कूल
तृतीय : मेधा माध्यमिक विद्यालय
सान्त्वना : श्रीपद्म माध्यमिक विद्यालय
उत्कृष्ट खेलाडी :
छात्र : धिरजकुमार मण्डल (श्रीपद्म माध्यमिक विद्यालय)
छात्रा : अदिति बिरबल (जेसिस् इङ्लिस स्कूल)

### कराँते प्रतियोगिता

प्रथम : वागीश्वरी माध्यमिक विद्यालय
द्वितीय : माउण्ट भ्याली सेकेण्डरी स्कूल
तृतीय : जेन्यूईन सेकेण्डरी स्कूल
उत्कृष्ट खेलाडी :
छात्र : जेम्स लामा (डेमोस् इङ्लिस स्कूल)
छात्रा : यजु बजिको (माउण्ट भ्याली इङ्लिस स्कूल)

### कबड्डी प्रतियोगिता


**छात्रतर्फ**

प्रथम : मिनर्वा इङ्लिस स्कूल
द्वितीय : जेन्यूईन सेकेण्डरी स्कूल
तृतीय : वागीश्वरी माध्यमिक विद्यालय
तृतीय : ख्वप्रिङ इङ्लिस सेकेण्डरी स्कूल
उत्कृष्ट खेलाडी : कविन तामाङ (मिनर्वा इङ्लिस स्कूल)

**छात्रातर्फ**

प्रथम : साईनिङ स्टुडेन्ट एकेडेमी
द्वितीय : पारागन इङ्लिस सेकेण्डरी स्कूल
तृतीय : बासु माध्यमिक विद्यालय
तृतीय : वागीश्वरी माध्यमिक विद्यालय
उत्कृष्ट खेलाडी : मनिषा ग्वाछा (साईनिङ स्टुडेन्ट एकेडेमी)

### बासिबियाँलो



चित्रमा आठओटा काँटीबाट एउटा वर्गाकार, एउटा विषमकोण बनाइएको छ । अब तीनवटा काँटी सारेर एउटा विषमकोण, एउटा वर्गाकार र एउटा समभूज त्रिकोण बनाउनुहोस्। (उत्तर ८० पृष्ठमा)

## अन्तर नगर बुद्धिचाल र नगरव्यापी खेलकुद प्रतियोगिताबारे

# पत्रकार भेटघाट




भक्तपुर नगरपालिकाले शहीदहरूको स्मरणमा आयोजना गर्ने **अन्तर नगर बुद्धिचाल प्रतियोगिता**बारे फागुन २१ गते पत्रकार भेटघाटको आयोजना गऱ्यो । भक्तपुर नपाले विगतमा अन्तर नगर (फूटबल, कबड्डी, बक्सिङ, टेबुलटेनिस, करााँते र एथ्लेटिक्स) खेलकुद प्रतियोगिता सफलतापूर्वक आयोजना गरिसकेको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विगतका वर्षहरूमा झैं यो वर्ष हुने अन्तर नगर बुद्धिचाल प्रतियोगिता भव्यरूपमा सम्पन्न गर्न पत्रकारहरूले सक्रिय भूमिका खेल्ने आशा व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले समाज परिवर्तनको लागि खेलाडीहरू बढी जागरुक भएर सेवा गर्नुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले भक्तपुरको मौलिक खेललाई जीवन्त तुल्याउन स्थानीय पाठ्यक्रममा समावेश गरी नयाँ पुस्ताका विद्यार्थीमाझ पठनपाठन गराइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर नपाले खेलकुद महोत्सवको रूपमा खेलकुद प्रतियोगिताहरू आयोजना गर्दै आएको छ र यसबाट खेलाडीहरू प्रोत्साहित भएका छन् ।'

पत्रकार भेटघाट कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नपाको आयोजनामा हुने अन्तर नगर बुद्धिचाल र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताबारे प्रेस विज्ञप्ति वाचन गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष, वडा नं. २ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका सदस्यद्वय उकेश कवां र हरिप्रसाद बासुकलाले खेलकुदको विकासले खेलाडीहरूको व्यक्तित्व विकास हुने, खेलाडीहरूलाई उत्साहित गर्न प्रतियोगिताको खाँचो रहेको र भक्तपुर नपाले सबै खेलहरूलाई समानरूपमा प्राथमिकतामा राखी प्रतियोगिताहरू आयोजना गर्दै आएको बताउनुभयो ।

पत्रकार भेटघाटमा पत्रकारहरूले प्रतियोगिताबारे राखेका जिज्ञासा को प्रमुख प्रजापतिले स्पष्ट गर्नुभयो ।

कार्यक्रममा अन्तर नगर बुद्धिचाल प्रतियोगितामा २२ ओटाभन्दा बढी नगरपालिकाले भाग लिन नाम दर्ता गराइसकेको जानकारीका साथै अन्तरविद्यालय खेलकुद प्रतियोगितामा १० ओटा विधा १० वडामा खेलाइने बन्दोबस्त भएको जानकारी दिइएको छ ।



**अन्तरविद्यालय खेल विधा र आयोजक**

| खेल विधा | आयोजक वडा नं. | खेल विधा | आयोजक वडा नं. |
|---|---|---|---|
| भलिबल | १, | टेबलटेनिस | २ |
| उसु | ३ | कबड्डी | ४ |
| तेक्वाण्डो | ५ | कराते | ६ |
| एथ्लेक्सि | ७ | ब्याडमिन्टन | ८ |
| फुटसल | ९ | खो खो | १० |

# भक्तपुर नगरपालिकाबाट खेल प्रतियोगिताबारे जारी

# प्रेस विज्ञप्ति

**पत्रकार मित्रहरू,**

भक्तपुर नगरपालिकाले कला–संस्कृति संरक्षणसँगै खेलकुदलाई पनि उत्तिकै जोड दिइरहेको छ । प्रत्येक युवालाई कुनै न कुनै खेलमा सहभागी गराउनुपर्छ भन्ने मान्यताअनुरूप भक्तपुर नपाले भलिबल, फुटबल, टेबुलटेनिस, बक्सिङ, कराँते, जिम्नेष्टिकलगायत ६ ओटा खेलहरूको नियमित प्रशिक्षण चलाउँदै आएको छ । विद्यालयहरूमा खेलहरूको विकास गर्ने उद्देश्यअनुसार पूर्णकालीन प्रशिक्षकहरूको व्यवस्था गरी विद्यालय स्तरदेखि नै खेललाई जीवनको अभिन्न अङ्ग बनाउने प्रयास पनि भक्तपुर नपाले गर्दैछ ।

समय–समयमा हुने खेलकुद प्रतियोगिताहरूले मात्रै राम्रा खेलाडीहरू तयार हुनेछन् । यही मान्यताअनुसार भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष एउटा खेलको अन्तर नगर प्रतियोगिता गर्दै आएको छ । पहिलो वर्ष अन्तर नगर भलिबल प्रतियोगिता, दोस्रो वर्ष अन्तर नगर सितेरिया कराँते प्रतियोगिता र तेस्रो वर्ष अन्तर नगर एथ्लेटिक्स प्रतियोगिता सफलताका साथ सम्पन्न गऱ्यौं । हरेक वर्षको प्रतियोगिताले हामीलाई हौसला र उत्साह प्रदान गरेको छ । निर्वाचनको बेला व्यक्त गरिएका हाम्रा हरेक प्रतिबद्धताहरू दृढताका साथ पूरा गर्दैछौं ।

२०७७ साल हामी कसैको निम्ति सुखद् रहेन । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को कारण लामो समय बन्दाबन्दीमै बित्यो । त्यस अवधिमा धेरै मानिसहरू कोभिड सङ्क्रमित भए । खेलाडीहरू पनि त्यसबाट अछुतो रहेनन् । नागरिकहरूबीच भौतिक दूरी कायम गरी सबै खाले स्वास्थ्य मापदण्ड अपनाएर अघि बढनुपर्ने समयमा खेलकुद गतिविधिहरू सञ्चालन सम्भव थिएन । अझै पनि कोभिड सङ्क्रमणको डर पूरै हटिसकेको छैन । बिस्तारै जनजीवन सहज हुँदै गएपछि ढिलै भए पनि यो वर्ष पनि विगतका वर्षहरूमा झैं अन्तर नगर खेलकुद प्रतियोगितामा बुद्धिचाल प्रतियोगिता गर्ने निष्कर्षमा पुग्यौं ।

बुद्धिचाल खेलमा भक्तपुर देशकै अग्रणी जिल्लामध्ये पर्दछ । देशका १० जना अन्तर्राष्ट्रिय आर्बिटरमध्ये भक्तपुरका २ जना छन् । राष्ट्रिय आर्बिटरको लाइसेन्स प्राप्त देशभरिका ५० जनामध्ये भक्तपुर जिल्लाका मात्र १० जना छन् । तसर्थ प्राविधिक दृष्टिकोणले भक्तपुर निकै अगाडि छ । १९ वर्षमुनिको राष्ट्रिय उत्कृष्ट (राष्ट्रिय च्याम्पियन) खेलाडी पनि भक्तपुरकै छन् । भक्तपुरका खेलाडीहरू १२ वर्षमुनिको, १६ वर्षमुनिको र १९ वर्षमुनिको समूहमा नेपाल च्याम्पियन भइसकेका छन् । भक्तपुरले वि.सं. २०६१ सालमा बुद्धिचाल खेलमा राष्ट्रिय प्रतियोगिता सफलतापूर्वक आयोजना गरिसकेको छ । भक्तपुर नगरपालिकाले हरेक वर्ष आयोजना गर्ने विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा बुद्धिचाल पनि समावेश गरेको छ । गत वर्ष नपाले आयोजना गरेको विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका विधाहरूमा सबैभन्दा बढी बुद्धिचालमा ३९ ओटा विद्यालयबाट २२० जना खेलाडीहरूले सहभागिता जनाएका थिए ।

यो वर्ष छोटो समयमा बुद्धिचाल सङ्घका साथीहरूले निकै मिहिनेत गरी प्रतियोगिता सञ्चालनको तयारी गर्नुभयो । प्रतियोगिता तयारीको क्रम चालू छ । विगतका वर्षहरूमा झैं यो वर्ष हुने अन्तरनगर बुद्धिचाल प्रतियोगिता पनि भव्य रूपमा सम्पन्न हुने आशा गर्दछौं ।

अन्तर नगर बुद्धिचाल प्रतियोगिताको उद्घाटन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेँ (रोहित) ले गर्नुहुनेछ । २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने उक्त प्रतियोगिता आयोजक मूल समारोह समिति र सचिवालय, निर्णायक समिति, स्वयम्सेवक परिचालन समिति, प्रचार समिति, पुरस्कार व्यवस्थापन समिति, जलपान समिति, यातायात तथा बास व्यवस्थापन समिति, ज्याली व्यवस्थापन समिति, मञ्च तथा ग्राउण्ड व्यवस्थापन समिति, प्राथमिक उपचार समिति र खेलाडी निरीक्षण समिति–उपसमितिहरू गठन गरी ती समितिहरूमार्फत तयारीको कार्यहरू भइरहेका छन् ।

खुशीको कुरा हो, अन्तर नगर बुद्धिचाल प्रतियोगिता अवधिमै भक्तपुर नगरभित्र रहेका विद्यालयहरूबीच अन्तर विद्यालय खेलकुद प्रतियोगिता पनि चलिरहनेछ । गत वर्ष अन्तर विद्यालय खेलकुद प्रतियोगितामा ७२ वटा विद्यालयबाट २१०० भन्दा बढी विद्यार्थीहरूले भाग लिएका थिए भने यो वर्ष अझ बढी विद्यालय र विद्यार्थीहरूले भाग लिने हामीले आशा गरेका छौं । त्यसको तयारीमा पनि खेलाडी साथीहरू जुटिरहनुभएको छ । प्रतियोगिता अवधिभर सिङ्गो भक्तपुर नगर खेलकुदमय हुने अपेक्षा हामीले गरेका छौं । यस वर्ष भलिबल, टेबुलटेनिस, उसु, कबड्डी, टेक्वान्डो, कराँते, एथ्लेटिक्स, ब्याटमिन्टन, फुटसल र खो–खो

प्रतियोगिता सञ्चालन हुनेछ ।

युवाहरूलाई धुमपान, मद्यपान तथा लागूऔषध दुर्व्यसनी जस्ता विकृतिहरूबाट जोगाई एक अनुशासित नागरिक तयार गर्ने हाम्रो उद्देश्य हो । समाजलाई सभ्य र सुसंस्कृत बनाउने उद्देश्यले नगरका वडा वडामा शारीरिक व्यायामको लागि व्यायामशालाहरूको स्थापना गरेका छौँ भने कलेजहरूमा पनि त्यसको क्रमशः विस्तार गर्दैछौँ ।

प्रतियोगितामा विभिन्न जिल्लाबाट हालसम्म जम्मा २२ ओटा नगरपालिकाहरूले भाग लिन नाम दर्ता गराइसकेका छन् । ती नगरपालिकाहरूको नाम यसप्रकार छन् –

| | |
|---|---|
| १) मध्यपुर थिमी नगरपालिका | २) बनेपा नगरपालिका |
| ३) भक्तपुर नगरपालिका (ए) | ४) भक्तपुर नगरपालिका (बी) |
| ५) भीमेश्वर नगरपालिका | ६) बुटवल उपमहानगरपालिका |
| ७) चाँगुनारायण नगरपालिका | ८) नारायण नगरपालिका |
| ९) दमक नगरपालिका | १०) धरान उपमहानगरपालिका |
| ११) हेटौँडा उपमहानगरपालिका | १२) गोदावरी नगरपालिका (कैलाली) |
| १३) काठमाडौँ महानगरपालिका | १४) कीर्तिपुर नगरपालिका |
| १५) ललितपुर महानगरपालिका | १६) महालक्ष्मी नगरपालिका |
| १७) नागार्जुन नगरपालिका | १८) नेपालगञ्ज उपमहानगरपालिका |
| १९) पोखरा महानगरपालिका | २०) राजबिराज नगरपालिका |
| २१) रुकुम नगरपालिका | २२) सूर्यविनायक नगरपालिका |
| २३) टोखा नगरपालिका | |

प्रतियोगितामा प्रथम हुने टीमलाई रु. १,५०,०००।–, दोस्रोलाई रु. १,००,०००।–, तेस्रो टीमलाई रु. ५०,०००।– र प्रत्येक बोर्डको उत्कृष्ट खेलाडीलाई प्रति खेलाडी रु. ५,०००।– नगद पुरस्कार प्रदान गरिनेछ । यस प्रतियोगिता सञ्चालन गर्न कूल रू. २६ लाख रकम बजेट विनियोजन गरिएको छ ।

**मित्रहरू,**

खेलकूदको लागि आवश्यक पूर्वाधारहरू बिना राम्रा राम्रा खेलाडी उत्पादन सहज छैन । हामीले विभिन्न खेलकुदलाई अगाडि बढाउन यसका पूर्वाधारहरू निर्माण कार्यमा पनि जोड दिएका छौँ । भक्तपुर नपा वडा नं. ८ मा कभर्ड हल निर्माण भइरहेको छ भने भक्तपुर नपा वडा नं. १० मा कभर्ड हल निर्माण कार्य निकट भविष्यमै सुरु हुँदैछ ।

अन्त्यमा, आगामी फागुन २९ गते बिहान ७ बजे उद्घाटन ऱ्याली भक्तपुर नपा वडा नं. १ स्थित वडा कार्यालय अगाडिबाट सुरु भई नगरको मुख्य बजार नासमना, टौमढी, सुकुलढोका, इनाचो, तचपाल, सूर्यमढी, च्याम्हासिंह हुँदै प्रतियोगिता स्थलमा पुगी उद्घाटन कार्यक्रम हुनेछ । यस प्रतियोगिताबारे आ–आफ्नो सञ्चार माध्यमबाट व्यापक प्रचारप्रसार गरी सहयोग गरिदिनुहुन सम्पूर्ण सञ्चारकर्मी मित्रहरूलाई हार्दिक अनुरोध गर्दछौँ ।

***भक्तपुर नगरपालिका***

*२०७७ फागुन २१ गते, शुक्रबार*

# बुद्धिचाल प्रतियोगिताका खेलाडीहरूलाई खेल सामग्री र ट्र्याक सुट वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म हुने 'अन्तरनगर बुद्धिचाल प्रतियोगिता' मा भक्तपुर नगरपालिकाको तर्फबाट सहभागी टीम ए र बी का खेलाडीहरूलाई फागुन २८ गते खेल सामग्री र ट्र्याकसुट वितरण गर्नुभयो ।

भक्तपुर नपाबाट प्रतियोगितामा सहभागी खेलाडीहरू

| **भक्तपुर नपा 'ए'** | **भक्तपुर नपा 'बी'** |
|---|---|
| गणेशमान दुवाल–क्याप्टेन | सुमन सुवाल – क्याप्टेन |
| जगन्नाथ ताम्राकार | विक्रम जती |
| बलराम नापित | निकेन कुसाथा |
| राजेश कक्षपती | विजय जती |
| गणेश अवाल | केशव मानन्धर |

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## ब्यासी २, भक्तपुर

# हार्दिक धन्यवाद

भक्तपुर नगरपालिकाको आयोजनामा सहिद दिवसको अवसरमा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म आयोजित **अन्तर नगर बुद्धिचाल प्रतियोगिता** र भक्तपुर **नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता**को उद्घाटन समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यू, अतिथि नेमकिपा बागमती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईज्यूलगायत कार्यक्रमका विशिष्ट अतिथिज्यूहरू, उद्घाटन ऱ्यालीमा सहभागी जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, विभिन्न नगरपालिकाका सहभागी खेलाडीहरू, महिला स्वास्थ्य स्वयम्सेविकाहरू, बाजा समूह, कर्मचारी, विद्यालयका शिक्षक–शिक्षिकाहरूलगायत उद्घाटन ऱ्याली र कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।





















# भक्तपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**ब्यासी २, भक्तपुर**

# हार्दिक बधाई एवम् धन्यवाद

भक्तपुर नगरपालिकाको आयोजनामा २०७७ फागुन २९ गतेदेखि चैत्र ३ गतेसम्म सम्पन्न अन्तर नगर बुद्धिचाल प्रतियोगिता र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका विजयी नगरपालिकाहरू र विद्यालयहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्नुहुने उद्घाटन समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) र समापन समारोहका प्रमुख अतिथि नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल र विशेष अतिथिहरू बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाई र सृजना सैंजु, कार्यक्रमका अतिथिज्यूहरू, भलिबल, फुटसल, एथ्लेटिक्स, कराँते, तेक्वाण्डो, कबड्डी, उसु, खोखो, टेबलटेनिस, ब्याटमिन्टन खेलका जिल्ला सङ्घहरू, वडा नं. १ देखि १० सम्मका वडा खेलकुद समितिहरू, विभिन्न खेलकुद समितिका पदाधिकारीहरू, रेफ्री र निर्णायकहरू, नेपाल बुद्धिचाल सङ्घ, भक्तपुर जिल्ला बुद्धिचाल सङ्घ, जनप्रतिनिधिज्यूहरू, पूर्वजनप्रतिनिधिज्यूहरू, सहभागी खेलाडीहरू, कर्मचारीहरू, स्वयम्सेवकहरू, पत्रकार, सांस्कृतिक समूहहरू, विद्यालयका शिक्षक शिक्षिका एवम् विद्यार्थीहरू, प्रतियोगिता स्थल उपलब्ध गराउने बासु मावि, श्रीपद्म मावि, ख्वप इन्जिनियरिङ कलेज, सहिद स्मृति खेलमैदान, सरस्वती विद्यागृह, विद्यार्थी निकेतन मावि, महेश्वरी खेलमैदान, सुटर्स फुटसल, एन्टिक ड्राइभिङ स्कूल, महेश्वरी बैंक्वेट र आवासको व्यवस्था गर्ने सीबीआर संस्था र नागपोखरी गेष्ट हाउसलगायत समारोहमा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अन्तर नगर बुद्धिचाल प्रतियोगितामा प्रथम हुन सफल हेटौंडा उपमहानगरपालिका, दोस्रो हुन सफल ललितपुर महानगरपालिका र तेस्रो हुन सफल काठमाडौं महानगरपालिका र भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा विजयी तथा सहभागी विद्यालयहरू र पुरस्कृत खेलाडीहरूमा पनि हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछ । साथै अन्तर नगर बुद्धिचाल प्रतियोगिता सफल पार्न प्रतियोगितामा सहभागिता जनाउनुहुने हेटौंडा उपमहानगरपालिका, ललितपुर महानगरपालिका, काठमाडौं महानगरपालिका, दमक नगरपालिका, मध्यपुर थिमी नगरपालिका, मेची नगर नगरपालिका, गोकर्णेश्वर नगरपालिका, नागार्जुन नगरपालिका, टोखा नगरपालिका, भिमेश्वर नगरपालिका, धरान उपमहानगरपालिका, सूर्यविनायक नगरपालिका, तारकेश्वर नगरपालिका, बुढानिलकण्ठ नगरपालिका, बनेपा नगरपालिका, गोदावरी नगरपालिका (कैलाली) र पोखरा महानगरपालिकामा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# नगरपालिका गतिविधि

## मौलिक शैलीमै गुठी संस्थान कार्यालयको भवन पुनःनिर्माण हुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपा वडा नं. ५ स्थित गुठी संस्थान कार्यालयको भवन पुनःनिर्माणको लागि तयार पारिएको नक्सासम्बन्धी फागुन १९ गते सरोकारवालाहरूसँग बैठक बस्यो ।



बैठकले दरबार क्षेत्रमा अवस्थित गुठी संस्थान भक्तपुरको कि.नं. ७५४, क्षेत्रफल ०–८–३–० कित्ता जग्गाको पेश भएको नक्सा सम्बन्धमा साविक बमोजिम स्मारक संरक्षण हुने स्मारक शैली र स्वरूपअनुसार नक्सा पास प्रक्रियाको लागि अगाडि बढाउने निर्णय गऱ्यो ।

पुरातत्त्व विभागले ३५ फिटभन्दा अग्लो बनाउन नहुने तर्क गर्दै साबिक भवनमा रहेको मन्दिरको झण्डै एक तला घटाई नक्सा स्वीकृत गरेपछि नगरपालिकाले त्यसलाई अस्वीकार गर्दै आएको थियो । प्राचीन स्मारक संरक्षण ऐन २०१३ अनुसार सम्पदामा निजी घरसरह उचाइ मापदण्ड कायम हुन नसक्ने भन्दै नगरपालिकाले पटक पटक उक्त नक्सा साविक बमोजिम परिमार्जन गरी ल्याउन पुरातत्त्व विभागमा पठाएको थियो । तर पुरातत्त्व विभागले सच्याउन नमानेपछि नगरपालिकाको अगुवाईमा बैठक बसी मौलिक शैलीमा साबिक बमोजिमको नक्सा पास अगाडि बढाउन सबै सरोकारवालाहरू सहमत भएको हो ।

बैठकमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको सहर भएको हुँदा यहाँका सम्पदाहरू पुनःनिर्माण वा जीर्णोद्धार संवेदनशील विषय भएको बताउनुहुँदै प्राप्त ऐतिहासिक प्रमाण र तथ्यको आधारमा गुठी संस्थान कार्यालयको भवन पुनःनिर्माण हुनुपर्नेमा जोड दिनुभयो । भक्तपुर नगरपालिकाले यहाँका सम्पदाहरू पुनःनिर्माणमा जनताको राय–सुझाव र जनताकै सहभागितामा अगाडि बढाइरहेको बताउनुभयो ।

स्मारक संरक्षण तथा दरबार हेरचाह केन्द्र भक्तपुरका प्रमुख अरुणा नकर्मीले भन्नुभयो – 'गुठी संस्थानको भवन स्मारक हो, निजी घर होइन । दरबार क्षेत्रमा सिलु महादेव बन्दैछ, त्यो पनि स्मारक हो । स्मारकमा उचाइ घटाउन उपयुक्त हुँदैन । पुरातत्त्व विभागमा स्पष्ट पारेर प्रस्ताविक नक्सा पास प्रक्रिया अगाडि बढाउन सहमत छु ।'

बैठकमा नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, गुठी संस्थान कार्यालयका प्रमुख आनन्दप्रसाद कर्माचार्य, जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसर भक्तपुरका प्रतिनिधि, प्रशासकीय अधिकृत दामोदर सुवाल, भक्तपुर नपा सम्पदा शाखा, नक्सा शाखा र योजना शाखाका प्रमुखहरूले प्राप्त ऐतिहासिक प्रमाणका आधारमा गुठी संस्थान कार्यालयको भवन पुनःनिर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

## कक्षा ८ को स्थानीय पाठ्यक्रमबारे प्रबोधीकरण

भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम **'ख्वपको पहिचान'** आधारभूत तह (कक्षा ८) बारे शिक्षकहरूलाई प्रबोधीकरण कार्यक्रम फागुन २८ गते सम्पन्न भयो ।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले भक्तपुरको सामाजिक, राजनैतिक, सांस्कृतिक र भौगोलिक अवस्थाबारे विद्यार्थीहरूलाई शिक्षित पार्ने उद्देश्यले भक्तपुर नपाले स्थानीय पाठ्यक्रमको अवधारणा बनाई नगरभित्रका ९२ ओटै विद्यालयहरूमा पठनपाठन सुरु गरिसकेको

बताउनुभयो । पाठ्यक्रममा समाहित विषयवस्तुहरू सम्बन्धित विषयका विज्ञ र सरोकारवालाहरूसँगको छलफलबाट तयार भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपा स्थानीय पाठ्यक्रम लागू गर्ने देशकै पहिलो स्थानीय तह भएको बताउनुभयो ।

समाजका विकृति विसंगतिहरूबाट विद्यार्थीलाई सचेत बनाउन र भक्तपुरको कला र संस्कृतिको महत्त्वबारे नयाँ पुस्तालाई अवगत गराउने उद्देश्यले पाठ्यक्रम निर्माण भएको बताउनुहुँदै असल र सभ्य नागरिक तयार गर्ने उद्देश्य भक्तपुर नपाको रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेँ, सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखू, रोशनराज तुईतुई र राजेन्द्रप्रसाद श्रेष्ठले पाठ्यक्रममा समाविष्ट विषयबारे प्रस्तुतीकरण देखाउनुभएको थियो । कार्यक्रममा भक्तपुर नपाभित्रका ६२ विद्यालयका शिक्षक प्रतिनिधिहरूको उपस्थिति थियो ।

**भक्तपुर नपामा कर्मचारीसँग भेटघाट**

## ‘इमानदारी र निःस्वार्थ भावनाले गरेको कामबाट मात्र समाजमा इज्जत र प्रतिष्ठा बढ्ने’

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तालिमले कर्मचारीलाई कार्य सम्पादनको निम्ति ज्ञान प्रदान गर्नुका साथै व्यक्तिको ज्ञान, सीप र व्यवहारमा परिवर्तन ल्याई हरेक चुनौती सामना गर्ने अवसर प्रदान गर्ने बताउनुभएकोछ ।

भक्तपुर नपा पर्यटन शाखाका कर्मचारीहरूसँगको फागुन २५ गते भएको भेटघाट कार्यक्रममा मार्गनिर्देश गर्नुहुँदै नगर प्रमुख प्रजापतिले कर्मचारीहरूले अध्ययनमा जोड दिनुपर्ने र देशको हित विपरीत काम गर्ने कर्मचारीहरूबाट सचेत र सजग रहनुपर्ने बताउनुभयो ।



इमानदारी र निःस्वार्थ भावनाले गरेको कामबाट मात्र समाजमा इज्जत र प्रतिष्ठा बढ्ने बताउनुहुँदै उहाँले राजनीतिमा राजनैतिक नैतिकताको ठूलो महत्व भएको बताउनुभयो । उहाँले प्रम ओलीले गरेको संसद विघटन स्वाभाविक प्रक्रिया हुँदाहुँदै पनि सर्वोच्चले गरेको संसद पुनःस्थापनाले देश झन् अस्थिरतातर्फ धकेलिएको बताउनुभयो ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउने प्रयास जारी रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले कोभिड महामारीबीच पनि भक्तपुर नपाले यहाँको विकास निर्माण र संस्कृति सम्पदा संरक्षणलाई तीव्रता दिँदै अवसरको रूपमा लिएको बताउनुभयो ।

उहाँले नेपालमा साम्राज्यवादी देशहरूबाट चलखेलहरू भइरहेकोतर्फ सचेत पार्नुहुँदै नेपाललाई अस्थिरतातर्फ उन्मुख गर्न तल्लिन साम्राज्यवादी देशको चरित्रबारे कर्मचारीहरू सचेत हुनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा पर्यटन शाखा प्रमुख गौतमप्रसाद लासिवाले समयअनुसार कर्मचारीहरूले दक्षता हासिल गर्न नसके आफ्नो कार्यक्षेत्रमा दक्ष कर्मचारीहरूबाट प्रतिष्ठापन हुने खतरा बढ्ने बताउनुभयो । उहाँले पर्यटन क्षेत्रमा कोभिड १९ को जोखिमले पुऱ्याएको असरबारे प्रष्ट पार्नुहुँदै भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिनुपर्ने औँल्याउनुभयो ।

भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले कर्मचारीहरूले कार्यालयको प्रशासनिक अनुशासनको पालना गर्नुपर्ने, आर्थिक पारदर्शिता, व्यक्तिगत सरसफाइ र व्यक्तिगत आचरण र स्वभावमा ध्यान दिनुपर्ने बताउनुहुँदै समयसापेक्ष बौद्धिक क्षमता अभिवृद्धि, शैक्षिक योग्यता र कार्यदक्षता बढाउँदै लानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कर्मचारी मुरज दिदियाले पनि बोल्नुभएको थियो ।

## स्थानीय पाठ्यक्रममा ‘सौन्दर्यकला’ विषयमा छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग फागुन १८ गते संस्थागत विद्यालय अभिभावक सङ्घका केन्द्रीय अध्यक्ष सुवास भण्डारी र सौन्दर्यकला व्यवसायी सङ्घका अध्यक्ष कमला श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलले भेट गऱ्यो । भेटमा उहाँहरूबीच स्थानीय पाठ्यक्रममा ‘सौन्दर्यकला’ विषय समावेश गर्ने विषयमा छलफल भयो ।

भेटमा नगर प्रमुख प्रजापतिले कुनै पनि काम सानो वा ठूलो नहुने बताउनुहुँदै सबैले श्रमको सम्मान गर्नुपर्ने



बताउनुभयो । भक्तपुर नपाले भक्तपुरवासी युवालाई हात हातमा सीप दिने उद्देश्यले विभिन्न सीपमूलक र जीवनउपयोगी तालिमहरू सञ्चालन गरिरहेको बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले प्राविधिक विषयलाई प्राथमिकता दिई पठनपाठनमा जोड दिँदै आएको बताउनुभयो । भक्तपुर नपा स्थानीय पाठ्यक्रम लागू गर्ने नेपालकै पहिलो स्थानीय तह भएको बताउनुहुँदै उहाँले नेपालमा प्राविधिक विषयको महत्त्व धेरै भएको बताउनुभयो ।

भेटमा अभिभावक सङ्घका अध्यक्ष भण्डारीले विद्यालय तहदेखि नै सीपमूलक तालिम दिनुपर्नेमा जोड दिनुहुँदै श्रमको सम्मान गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

भेटमा सौन्दर्यकला व्यवसायी सङ्घका अध्यक्ष कमला श्रेष्ठले सौन्दर्यकला नेपाल सरकारले केन्द्रीय विषय कक्षा ९ र १० मा स्वीकृति दिएको हुँदा यसलाई पाठ्यक्रममा समावेश गरी व्यवस्थित ढङ्गले पठनपाठन गराई यो व्यवसायलाई मर्यादित र सम्मानजक पेशाको रूपमा विकास गर्न नगरपालिकाको तर्फबाट सहयोगको लागि आग्रह गर्नुभयो ।

## ‘खानेपानी ट्यांकी तथा फिल्टर जडान योजनाको उद्‌घाटन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपाको नगरस्तरीय बजेटअन्तर्गत निर्माण गरिएको खानेपानी ट्यांकी तथा फिल्टर जडान योजनाको उद्‌घाटन तथा खानेपानी वितरण कार्यक्रम फागुन २२ गते भयो ।

योजनाको उद्‌घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाभित्र खानेपानीको स्रोत नभएको कारण खानेपानीको सहज आपूर्तिका लागि नगरका विभिन्न ठाउँहरूमा डीप बोरिङ कार्यलाई अगाडि बढाइरहेको बताउनुभयो ।

मानव जीवन, कृषि, उद्योगलगायतका क्षेत्रमा पानीको महत्त्वबारे चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले पानीको स्रोत तथा मुहान बचाउन प्रकृतिको संरक्षण गर्नु अपरिहार्य भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नगरवासीहरूहरूको जनजीवनमा रूपान्तरण गर्ने हिसाबले यहाँको शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले भन्नुभयो ‘भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको शैक्षिक संस्थाहरू देशभरिका विद्यार्थीहरूको पहिलो रोजाइ बनेको छ ।’

नगर प्रमुख प्रजापतिले नगरवासीहरूलाई मौलिक शैलीमा घर बनाउन प्रेरित गर्नुहुँदै भक्तपुर नगरपालिकाले देशकै स्थानीय तहको लागि नेतृत्व गरिरहेको बतानुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुरमा लिच्छविकालदेखि नै खानेपानी आपूर्तिको लागि विभिन्न ठाउँमा राजकुलो, ढुङ्गेधारा, इनार, पोखरी, कुवालगायतका पानीको स्रोतको व्यवस्था रहेको बताउनुहुँदै विज्ञान र प्रविधिको विकासका कारण जमिनमुनिको पानीलाई पिउन योग्य बनाउन सफल भएको बताउनुभयो ।

भक्तपुर नपा खानेपानी समितिका संयोजक एवम् वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले भक्तपुरमा खानेपानी वितरण प्रणाली व्यवस्थित गर्न खानेपानीको पाइपलाइनमा सुधार भइरहेको अवगत गराउनुहुँदै खानेपानी अभावको समस्या समाधानको लागि नगरपालिकाले विभिन्न प्रयासहरू अवलम्बन गरिरहेको बताउनुभयो ।

खानेपानी ट्यांकी निर्माण उपभोक्ता समितिका अध्यक्ष बलराम गोसाइँको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडा सदस्य रञ्जना त्वाती, नेमकिपा इनाचो एकाइ समितिका संयोजक कृष्णगोविन्द लाखाजु, आदर्श आजाद कलेजका प्राचार्य श्रीकृष्ण किसी, स्वयम्सेवी लक्ष्मीभक्त कवां, अनुगमन समितिका सदस्य भुवन गोसाइँ र समितिका सचिव राकेश सुकुपायोले पनि आआफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

आज उद्घाटित खानेपानी ट्यांकी तथा फिल्टर जडान योजनाको कूल खर्च ७० लाख ५४ हजार २ सय ४९ रहेको उपभोक्ता समितिले जनाएको छ ।

**विभिन्न वडामा स्वास्थ्य शिविर**

## १० वडामा आँखा शिविर

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा वडा नं १० समितिको आयोजनामा फागुन २२ गते आँखा शिविर भयो ।




कार्यक्रममा उपप्रमुख रजनी जोशीले नेपाल मजदुर किसान पार्टीको घोषणापत्र अनुसार जनताको स्वास्थ्य र शिक्षामा ध्यान दिँदै जनस्वास्थ्य केन्द्रबाट निरन्तर सेवा उपलब्ध गराउँदै आएको र जटिल तथा नसर्ने रोग सम्बन्धी उपचारको लागि रु.१०,०००।- रूपैयाँ आर्थिक सहयोग गर्दै आएको, स्वासप्रस्वास उपचार केन्द्र नेपालमै पहिलो स्थापना गरेको बताउनुभयो हुँदै आँखा धमिलो भएमा समस्या समाधानतिर लाग्नु समझदारी हुने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाद्धारा सञ्चालित ख्वप कलेज र इन्जिनियरिङ कलेजमा ६५ जिल्लाका विद्यार्थीहरू अध्ययन गर्दै आइरहेको छ भन्नुभयो ।

उहाँले अन्तराष्ट्रिय महिला दिवसको अवसरमा महिला उत्पीडनबाट मुक्त हुनको लागि प्रमुख हतियार भनेको शिक्षा नै भएको बताउनुहुँदै आ–आफ्ना सन्तानलाई सु–संस्कार, विकृति र विसंगतिबाट टाढा राखी युवाहरूलाई सचेत र सङ्गठित गर्न खेलकुद प्रति आकर्षण बढाउन प्रतियोगिताहरू आयोजना गरिरहेको बताउनुभयो ।

कार्यक्रममा पूर्ववडाध्यक्ष चन्द्रबहादुर उलकले समय समयमा जाँच नगरिकन आँखामा के भइरहेको छ भन्ने थाहा हुँदैन भन्नुहुँदै समयमै उपचार नगरे दृष्टिविहिन हुनुपर्ने जस्ता जटिल अवस्था पनि आउन सक्छ भन्नुभयो ।

वडाध्यक्ष लक्ष्मीप्रसाद हयौंमिखाको सभापतित्वमा भएको कार्यक्रममा डा.धिरज अधिकारी र वडा सचिव गोबिन्दराम थुसाले पनि बोल्नु भएको थियो ।

शिविरमा १६९ जनाको परीक्षण गरिएकोमा २७ जनाको मोतिविन्दुको शल्यक्रिया गर्नुपर्ने देखिएको छ ।

## ७ नं. वडामा स्तन तथा पाठेघर क्यान्सर परीक्षण शिविर

भक्तपुर नगरपालिका ७ नं. वडा कार्यालयको आयोजनामा पुरुष र महिला स्तन तथा महिला पाठेघर निःशुल्क परीक्षण शिविर फागुन २७ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नपाका उप प्रमुख रजनी जोशीले नगरवासीहरूको स्वास्थ्य सुधार गर्न र निरोगी हुन भक्तपुर नगरपालिकाले विभिन्न विषयमा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको बताउनु भयो ।

उहाँले घर व्यवहार चलाउन महिलाहरू पनि योग्य र स्वस्थ हुनुपर्ने भएकोले महिला दिदिबहिनीहरूलाई आफ्नो स्वास्थप्रति सचेत हुनु पर्नेमा जोड दिनुभयो ।

वडा अध्यक्ष उकेश कवांले पुरुषहरूमा भन्दा महिलाहरूमा बढी रोग लाग्ने हुँदा महिलाहरूलाई रोगबारे जानकारी दिनुपर्नेबारे नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले कार्यकर्ता र जनप्रतिनिधिहरूलाई घचघच्याई रहेको स्मरण गर्नुहुँदै श्रमिक महिलाहरू आफ्नो स्वास्थप्रति सजग हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा डा. श्रेया श्रेष्ठ र स्वास्थ्यकर्मी सुमित्रा राजचलले पनि बोल्नु भएको थियो भने वडा सदस्य रञ्जना त्वातीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।




उक्त शिविरमा १५९ जना महिलाको स्वास्थ्य परीक्षण गरिएको थियो ।

शिविरबारे वडा कार्यालयको आयोजनामा वडा अध्यक्ष उकेश कवांको अध्यक्षतामा डा. श्रेया श्रेष्ठको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम फागुन २४ गते सञ्चालन गरिएको थियो ।

# ४ नं वडामा पाठेघर र स्तन क्यान्सर परीक्षण शिविर




भक्तपुर नपा ४ नं वडा स्वास्थ्य समितिको आयोजनामा चैत ७ गते पाठेघर तथा स्तन क्यान्सर परीक्षण शिविर सम्पन्न भयो ।

शिविरमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरवासीहरू स्वस्थ, निरोगी भएको खण्डमा भक्तपुरको संस्कृति र सम्पदा संरक्षण कार्यलाई निरन्तरता दिन सकिने बताउनुभयो । शिक्षा, संस्कृतिबाहेक भनपाले जनताको स्वास्थ्यलाई प्राथमिकता दिँदै ख्वप अस्पताल निर्माण कार्यलाई अगाडि बढाइरहेको चर्चा गर्नुभयो ।

शारीरिक, मानसिक तथा बौद्धिकरूपमा सक्षम नयाँ पुस्ता तयार गर्न भनपाले हालै अन्तर विद्यालय खेलकुद प्रतियोगिता सम्पन्न गरेको उल्लेख गर्नुहुँदै उपमेयर जोशीले देशकै नमुना नगरपालिकाको रूपमा भक्तपुर नपा अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपा ४ नं वडाका वडाध्यक्ष कुमार चवालले स्वस्थ जीवनका लागि शरीरको प्रत्येक अङ्ग उत्तिकै महत्त्वपूर्ण हुने बताउनुहुँदै वडावासीहरूले निःशुल्क स्वास्थ्य शिविरको भरपुर उपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।



भक्तपुर नपा वडा नं ४ स्वास्थ्य समितिका सल्लाहकार उपेन्द्र सुवालले हालसम्म वडामा सञ्चालन हुँदै आएका स्वास्थ्य शिविरहरूमा ५ हजारभन्दा बढी वडावासीहरूले स्वास्थ्य परीक्षण गराएको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पताललाई भ्रष्टाचारमुक्त बनाउन भनपा र स्थानीय जनताले खेल्दै आएको भूमिका सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका प्रशासन प्रमुख राजाराम तजलेले सुरुमै उपचार गरे क्यान्सर रोग निको हुने बताउनुहुँदै कुनै पनि खालको स्वास्थ्य समस्या देखिए तुरुन्तै स्वास्थ्य परीक्षण गराउनुपर्छ भन्नुभयो ।

स्वास्थ्य समिति संयोजक कृष्णलक्ष्मी दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वास्थ्य समिति सदस्य कृष्णगोविन्द दुवाल, स्वयम्सेविका बुद्धलक्ष्मी त्वायना, रशिला सुवाललगायतले बोल्नुभयो ।

उक्त शिविरमा कुल २५७ जना महिलाको स्वास्थ्य परीक्षण गरिएको थियो ।

# कोभिड १९ विरुद्धको खोपबारे अभिमुखीकरण

भक्तपुर नगर खोप समन्वय समितिको आयोजनामा कोभिड १९ विरुद्धको खोपसम्बन्धी अभिमुखीकरण कार्यक्रम फागुन १८ गते भयो ।



कार्यक्रममा बोल्नुहुँदै नगर खोप समन्वय समितिका संयोजक एवम् नगर प्रमुख सुनिल प्रजापतिले नेपाल सरकारको आधिकारिकता प्राप्त कोभिड सिल्ड खोप अभियानमा व्यापक जनताको सहभागिताको लागि जनतालाई प्रोत्साहित गर्ने बताउनुभयो ।

उहाँले खोप अभियानलाई जनप्रतिनिधिहरू जनताबीच नजिक जाने अवसरको रूपमा लिएर जनताप्रति समर्पित भएर सेवा गर्नुपर्ने बताउनुभयो ।

उहाँले कोभिड १९ बारे देखिएको भ्रमबाट जनतालाई सचेत पार्नुपर्ने बताउनुहुँदै कोरोना भाइरसविरुद्धको खोपको प्रभावकारिता दर वृद्धि भइरहेको हुँदा जनताको स्व–इच्छामा खोप लगाउन प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

नयाँ स्वरूपको कोरोना भाइरस पत्ता लागेको वर्तमान समयमा नेपालमा पनि सक्रिय सङ्क्रमितहरूको सङ्ख्या बढ्न सक्ने भएकोले सबैजना सचेत र सजग हुनु आजको आवश्यकता हो– उहाँले भन्नुभयो ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णबहादुर मिजारले अभिमुखीकरण कार्यक्रम सञ्चालनको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै कोभिड १९ रोगको परिचय, खोप लगाउनुको औचित्य, रोग पहिचान गर्ने तरिका र यसबारे बच्ने उपायहरूबारे आफ्नो प्रस्तुतीकरण देखाउनुभएको थियो ।

जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरका प्रमुख डा. रत्नसुन्दर लासिवाले सञ्चालन गर्नुभएको सो कार्यक्रममा भक्तपुर नपाका जनप्रतिनिधिहरू, प्रमुख स्वास्थ्य संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

# नगर प्रमुख प्रजापतिद्वारा कोभिड खोप केन्द्रको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फागुन २६ गते भक्तपुर नगरपालिकाभित्र कोभिड १९ विरुद्धको खोप सञ्चालन भइरहेका स्वास्थ्य केन्द्रहरूको स्थलगत निरीक्षण गर्नुभयो । निरीक्षणका क्रममा उहाँले जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंह, सिद्धि स्मृति महिला तथा बाल अस्पताल, भेलुखेल, जनस्वास्थ्य सेवा केन्द्र, भगवतीस्थान, भक्तपुर अस्पताल, दुधपाटी र इवामुरा अस्पताल, सल्लाघारीमा स्थलगत निरीक्षण गर्नुभई त्यहाँको यथार्थ विवरणबारे जानकारी लिनुभयो ।

भक्तपुर नगरपालिकाभित्र कोभिड १९ रोगविरुद्ध पहिलो चरणको खोप लगाउने अभियान २०७७ साल फागुन २३ गते आइतबारदेखि सुरु भइरहेको छ भने ६५ वर्ष उमेरदेखिका ज्येष्ठ नागरिकहरूलाई लगाइने उक्त खोप माथि उल्लेखित स्वास्थ्य केन्द्रहरूबाट पायक पर्ने केन्द्रबाट प्रदान भइरहेको छ ।

निरीक्षणका क्रममा उहाँले केन्द्रका स्वयम्सेवक तथा स्वाथ्यकर्मीहरूसँग खोप लिएका ज्येष्ठ नागरिकहरूको स्वास्थ्यस्थिति रतथ्याङ्क सम्बन्धी जानकारी लिनुभएको थियो । उहाँले कोभिड १९ विरुद्धको खोप दिलाई रोगबाट सुरक्षित बनाउन जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य पालनाको लागि निर्देशन दिनुभयो ।

# बजार अनुगमन

### कमलविनायकमा

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा चैत्र ९ गते कमलविनायक आवास क्षेत्रमा विभिन्न नामका कस्मेस्टिक, ब्यूटी पार्लर, तरकारी तथा किराना, डेरी एण्ड बेकरी, स्टोर गरी २५ वटा पसलहरू अनुगमन गरेकोमा ८ वटा दर्ता नभएकोले सोही स्थानमा दर्ता गराएको छ ।

एउटा पसल वडा नं ९ मा दर्ता गरिराखेकोले वडा नं १० मा नयाँ दर्ता गर्न निर्देशन दियो ।

अनुगमनको क्रममा प्याकेजिङ्ग सामानमा खाद्य अनुज्ञा पत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो ।

त्यस्तै समयमै पसल नवीकरण गर्न, सामानको उत्पादन मिति र म्याद नाघ्ने मिति बरोबर हेर्न, लेबल नभएको कष्मेटिक सामानहरू नबेच्न, साइनबोर्ड राख्न, मूल्य सूची राख्न, पसल व्यवस्थित र सरसफाइमा ध्यान दिन सम्बन्धितलाई निर्देशन दिइयो ।

अनुगमन टोलीले विभिन्न पसलमा फेला परेका म्याद नाघेका विभिन्न परिमाणका सामानहरू हेयरलोसन, पर्फ्युम, हेयर स्प्रे, क्लासिक ओलिभ आयल, स्मुथ साइन, नाइसिल, हर्वल जिन्जर किङ, रोगन बदाम, हर्वल फेयरनेस क्रिम, सेफ्टि प्याड, बेगन, स्याम्पु, सेभेन अप, स्लाईस, चाउचाउ, पापड आदि जफत गरी नष्ट गरियो ।

### सल्लाघारी नपलीमा

त्यस्तै चैत १० गते सल्लाघारी नपलीमा विभिन्न नामका खाद्य स्टोर, ब्युटी पार्लर, कष्मेटिक, फेन्सी पसल, मासु पसल, सुन चाँदी पसल, दूध डेरी पसल, खाजा घर गरी १५ ओटा पसलहरू अनुगमन गरेकोमा ७ ओटा दर्ता नभएकोले साही स्थानमा दर्ता गराएको र एउटा नविकरण गरियो ।

अनुगमनमा खरिद बिक्रीमा प्यान वा भ्याट बिल

मात्र प्रयोग गर्न, प्याकेजिङ्ग सामानमा उत्पादन मितिसहित लेबल राखी मात्र बिक्री वितरण गर्न, खाद्यको अनुज्ञापत्र लिईमात्र प्याकेजिङ्ग गर्न, खाद्य वस्तु र अखाद्य वस्तु छुट्टाछुट्टै राख्न, तराजु नापतौल विभागमा नवीकरण गर्न सम्बन्धितलाई निर्देशन दिइयो ।

त्यस्तै टोलीले पसलमा साइनबोर्ड राख्न, मूल्य सूची राख्न, पसल सफा र व्यवस्थित गर्न पनि निर्देशन दियो ।

अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, श्यानिटेशनका व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी व्याञ्जू, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अमिर श्रेष्ठ र लव कस्पाल, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका पोष्टराज पोखरेल, उद्योग वाणिज्य सङ्घ भक्तपुरका विश्वराम दुवाल सहभागी थिए ।

# भक्तपुर नपामा पसल व्यवसायीहरूको भेला




भक्तपुर नगरपालिकाले नगरपालिकाभित्रका पसल व्यवसायीहरूको भेला चैत्र १८ गते आयोजना गरी भक्तपुर नपाद्वारा गठित बजार अनुगमन समितिबाट भए/गरेका विविध गतिविधिहरूबारे छलफल गरेको छ ।

भेलालाई सम्बोधन गर्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले आर्थिक अनुशासन र पारदर्शीता नै भक्तपुर नगरपालिकाको पर्याय भएको बताउनुभयो । भक्तपुर नगर पालिकाले आत्मनिर्भरतामा जोड दिँदै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशीको भरमा देशको प्रगति र विकास सम्भव नहुने धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाले सातओटा शैक्षिक संस्थाहरू सफलतापूर्वक सञ्चालन गरी सस्तोमा इन्जिनियरिङ, नर्सिङ, सिभिलगायतका विषयमा देशभरिका विद्यार्थीहरूलाई गुणस्तर ीय शिक्षा प्रदान गर्दै आइरहेको र स्वीकृति पाएको खण्डमा विश्वविद्यालय सञ्चालन गर्न पनि नगरपालिका सक्षम रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले नागरिकहरूलाई आफ्नो अधिकार र कर्तव्यबारे सचेत पार्ने कार्यमा पनि नगरपालिकाले जोड दिइरहेको बताउनुहुँदै कानुन उल्लङ्घन गर्नेहरू दण्ड–सजायको भागीदार हुन्छ भन्नुभयो । उहाँले भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी र नगरवासीहरूको संयुक्त प्रयासले नपाको हरेक गतिविधि व्यवस्थित रूपले अगाडि बढाउन सहयोग पुऱ्याएको बताउनुहुँदै जनप्रतिनिधि जनताको निःस्वार्थ रूपमा सेवामा समर्पितभावले लागेको बताउनुभयो ।

भेलामा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष एवम् बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराले भेलाको मुख्य उद्देश्य व्यवसायी र उपभोक्तालाई समयमै सचेत पारी स्वस्थ प्रतिस्पर्धाको लागि भएको बताउनुभयो । उहाँले पसल तथा व्यवसाय सञ्चालन गर्दा दर्ता तथा नवीकरण गर्नु अपरि हार्य भएको बताउनुहुँदै नगरपालिकामा तिर्नुपर्ने कर पनि नियमित तिर्नुपर्ने र स–साना पसल व्यवसायीहरू सङ्गठित हुनुपर्नेमा जोड दिनुभयो ।

भेलामा बजार अनुगमन समितिका सदस्यद्वय वडाध्यक्ष हरिराम सुवाल र कार्यपालिका सदस्य रोशनमैंया सुवालले बजार अनुगमनमा व्यवसायीले निकै लापरबाही गरेको पाइएको हुँदा नगरपालिकाले ती व्यवसायीहरूलाई सचेत पार्ने कार्यहरू गर्दै आइरहेको, भक्तपुर नपाले स्थानीय सामग्रीलाई बढी प्राथमिकतामा राख्दै आएको र भक्तपुरलाई सभ्य र सुसंस्कृत बनाउन नगरवासी व्यवसायीहरूको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।



उपस्थित पसल व्यवसायीहरूले आफ्ना व्यवसायका समस्या, नगरपालिकाले सरसफाइ र व्यवसायीहरूलाई दिनुपर्ने सुविधाबारे राय–सुझावहरू प्रस्तुत गर्नुभएको भेलामा भक्तपुर नपाका वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# घरपालुवा कुकुर धनीको भेला तथा बेल्ट वितरण

भक्तपुर नगरपालिका ७ वडा कार्यालयले माघ २२ गतेदेखि फागुन ९ गतेसम्म १५६४ घरधुरीमा सर्वेक्षण गरी २२३ ओटा घरपालुवा कुकुर भएको तथ्याङ्क फागुन २४ गते एक कार्यक्रम गरी सार्वजनिक गरेको छ ।

स्वास्थ्य स्वयम् सेविका र भेटनरी डाक्टरहरू समेतको दुई समूह बनाई तथ्याङ्क सङ्कलन गर्नुका साथै रेविजविरुद्धको भ्याक्सिनसमेत निःशुल्क दिइएको थियो ।

आफैले खोप लगाइएका कुकुरको सङ्ख्या ४३ ओटा भएको र टोलीले १५३ ओटालाई रेविजविरुद्धको खोप दिइएको जानकारीका साथै २७ ओटा कुकुरका धनीले खोप दिलाउन नचाहेको बताइयो ।

कार्यक्रममा वडा अध्यक्ष उकेश कवांले छाडा कुकुर र घरपालुवा कुकुरले सामाजिक आर्थिक र स्वास्थ्य क्षेत्रमा प्रभाव पारेको, निश्चित स्थानमा दिसा पिसाब नगराई घर अगाडि लगेर फोहोर गराउने, कुकुर बिरामी वा कमजोर भएपछि बाहिर त्यतिकै छोड्ने बढी भएको, छाडा छोड्डा कुकुरको सङ्ख्या वृद्धि भई टोल र समाजमै अवरोध सृजना गरेको हुँदा बाहिर कुकुर नछाड्न अनुरोध गर्नुभयो ।

उहाँले कार्यक्रममा उपस्थित कुकुर पाल्ने घर धनीहरूलाई कुकरको डोऱ्याउने पेटी (बेल्ट) पनि निःशुल्क बाँड्नु भयो ।

कार्यक्रममा कुकुरलाई लाग्ने रोगहरू र कुकुरबाट मानिसहरूलाई सार्ने ९ प्रकारका रोगहरू रेविज, दाद, लेप्टोईस्पाईरोसिस, गोलो जुका, अंकुशे जुका, फित्ते जुका, लुतो, सालमोनेलोसीस र जिया डियोसिसबारे डा. पंकज खनाल र डा. सन्दिप जोशीले प्रस्ट पार्नुभयो ।

उहाँहरूले लेप्टोईस्पाईरोसिस रोगमा जण्डिस हुँदै मृगौलासमेत बिगार्ने, पाँच वर्ष मुनिका बालवालिकामा कुकुरको फोहोरबाट गोलो जुका सर्ने, दाद र लुटो सजिलै मानिसमा सर्ने भएकोले विशेष ध्यान पुऱ्याउनु पर्नेमा जोड दिनुभयो ।

यदि कुकर पाल्ने नै हो भने समय, पैसा र ठाउँको पर्याप्ततामा मात्र उपयुक्त हुने, कुकुरलाई व्यवस्थित रूपमा पाल्न सकेमात्र राम्रो हुने धारणा डाक्टरहरूले राख्नुभयो ।

वडा सचिव विजय लोहलाले तथ्याङ्ग सङ्कलनमा सहयोग गर्ने वडाका स्वयम् सेविकाहरू र प्राविधिक टोलीलगायत कर्मचारीहरूलाई धन्यवाद दिनुभयो ।

# बुटवल उपमहानपाका प्रमुख भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले चैत्र १२ गते भक्तपुर नपाको सभाकक्षमा भेट गर्नुभयो ।



भेटका क्रममा उहाँहरुबीच बुटवल उपमहानपा र भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण तथा विकास निर्माणलगायतका क्षेत्रमा गरिरहेको कार्य प्रगति, समस्या र चुनौतीहरु तथा विविध गतिविधिबारे अनुभव आदानप्रदान भयो ।

प्रमुख सुवेदीलाई सांस्कृतिक नगर भक्तपुरमा भादगाउँले टोपी र खादा ओढाइ स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सांस्कृतिक नगर भक्तपुरको सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धारमा नपाले जोड दिइरहेको र पुरानो नगर क्षेत्रको निजी घरहरु मौलिक स्वरुपमा पुनःनिर्माण गर्न नगरवासीहरुलाई आर्थिक सहयोगको व्यवस्था गरी उत्साहित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सातओटा शैक्षिक संस्थाहरुको विषयगत विशेषताबारे अवगत गराउनुहुँदै उहाँले ती कलेजहरुको स्थापनाको पृष्ठभूमि र उद्देश्यबारे पनि प्रष्ट पार्नुभयो । भक्तपुरको सामुदायिक शैक्षिक संस्थाहरुको स्तरोन्नतिको लागि नगरपालिकाले राम्रा र उत्कृष्ट विद्यालय तथा कलेजहरुको अनुभवबाट पाठक सिक्दै अगाडि बढिरहेको उहाँले स्मरण गर्नुभयो ।

भेटमा बुटवल उपमहानपाका प्रमुख सेवदीले बुटवलमा सञ्चालित बुटवल टेक्निकल इन्स्टिच्युटलाई व्यवस्थित रुपमा सञ्चालन गर्न भक्तपुर नपाबाट सञ्चालित कलेजहरुबाट आफूहरुले सिक्न चाहेको बताउनुभयो । बुटवल टेक्निकल इन्स्टिच्युटलाई पनि इन्जिनियरिङ कलेजको रुपमा सञ्चालन गर्ने योजना रहेको बताउनुहुँदै उहाँले कलेज सञ्चालनको लागि भक्तपुर नपाको समन्वय र सहयोगको अपेक्षाको निम्ति अनुरोध गर्नुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भनपा २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवाल, बीटीआई, बुटवलका उपनिर्देशक ईन्जिनियर अभिमन्यु भीमार्जुन पन्थीलगायतको उपस्थिति थियो ।

नगर प्रमुख प्रजापतिले उहाँहरुलाई भक्तपुर नपाका प्रकाशनहरु, भक्तपुर नपाद्वारा प्रकाशित 'सम्पदा जीर्णोद्धार तथा पुन:निर्माण' पुस्तक उपहारस्वरुप प्रदान गर्नुभयो ।

## 'भक्तपुर' मासिक पत्रिकाबारे अन्तरक्रिया

भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा भक्तपुर नगरपालिकाको मासिक प्रकाशन 'भक्तपुर' बारे स्थानीय शिक्षक तथा बुद्धिजीवीमाझ अन्तरक्रिया कार्यक्रम फागुन २२ गते भयो ।



कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले नगरपालिका गतिविधिहरू पारदर्शी ढङ्गले जनतामाझ प्रस्तुत गर्ने बौद्धिक खुराकको रूपमा भक्तपुर मासिकको नियमित प्रकाशनमा जोड दिइरहेको बताउनुभयो ।

भक्तपुर सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको सहर भएको हुँदा नगरपालिकाको प्रकाशनमा भक्तपुरको संस्कृति, राष्ट्रिय-अन्तर्राष्ट्रिय लेख तथा रचनाहरू समावेश गर्दै आएको छ भन्नुहुँदै प्रमुख प्रजापतिले समाजलाई सही दिशामा डोऱ्याउन 'भक्तपुर' मासिकले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो । उहाँले पत्रिकामा प्रकाशित लेख तथा रचनाबारे पाठकहरूको रचनात्मक आलोचना र सुझावको आवश्यकता रहेको बताउनुहुँदै पठन संस्कृतिको विकासको निम्ति विभिन्न पुस्तकहरूबारे अन्तरक्रिया कार्यक्रमहरू गरिरहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले वडाको विकास निर्माणका गतिविधिबारे जानकारी दिनुहुँदै भक्तपुर नपाको गतिविधिलगायत विचारप्रधान पत्रिका 'भक्तपुर' मासिक नियमित अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।



कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवालले कोभिड महामारीबीच पनि भक्तपुर नपाको मासिक र पाक्षिक प्रकाशन नियमित प्रकाशन भई जनतालाई सचेत र सङ्गठित गर्ने कार्यहरू गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा स्थानीय बुद्धिजीवीहरू महेन्द्रप्रसाद मास्के, सिद्धिरत्न शाक्य, चन्द्रभक्त भुजु, रमेश त्वायना, तुल्सीराम धुख्वा, राजु अवाल र अनिल न्यौपानेले 'भक्तपुर' मासिक पत्रिकाबारे आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडा सदस्य कृष्णगोपाल चौगुठीले पनि बोल्नुभएको थियो ।

### 'भक्तपुर' मासिकलाई

**नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् । साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ । लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।**

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

# सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता वितरण

भक्तपुर नगरपालिकाले आ.व. २०७७।७८ को सामाजिक सुरक्षा अन्तर्गत दोस्रो चौमासिक (मङ्सीर-फागुन) भत्ता तथा आर्थिक सहायता रकम सम्बन्धित वडामार्फत् मिति २०७७ फागुन १८ र २० गते वितरण गरेको छ । वडा कार्यालयमा आउन नसक्ने वृद्ध-वृद्धालगायतलाई घर -घरमै गएर वितरण गरिएको थियो ।



वडा नं. १ मा



वडा नं. ४ मा



वडा नं. २ मा



वडा नं. ५ मा



वडा नं. ३ मा



वडा नं. ६ मा



वडा नं. ७ मा



वडा नं. १० मा



वडा नं. ८ मा



अशक्त एवम् वृद्ध-वृद्धालाई घरदैलोमै गएर वडा कार्यालयका जनप्रतिनिधि वा कर्मचारीबाट वितरण गरियो



वडा नं. ९ मा

## नेपालमा कोरोना सङ्क्रमण

**चैत्र १५ गते**

परीक्षण प्रयोगशाला : ८४ (सरकारी- ४८, निजी- ३६)

परीक्षण सङ्ख्या (पीसीआर) : २२,६१,१४६

सरकारी- १४,७१,३५५ / निजी- ७,८९, ७९१


कूल सङ्क्रमित : २,७६,८३९ (पु. १७९५९४, म. ९७२४५)

सक्रीय सङ्क्रमित सङ्ख्या : १२८२

निको भएका सङ्ख्या : २,७२,५३०

मृत्यु भएको सङ्ख्या : ३,०२७

## बसिबियाँलोको उत्तर



# प्रमुख सुनिल प्रजापति विभिन्न स्थानीय तहसँग अनुभव आदान प्रदानमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विभिन्न स्थानीय तहसँग अनुभव आदानप्रदानको क्रममा केही नगरपालिकाको भ्रमण गर्नुभयो । भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य सुनिता अवाललगायतको टोलीले चैत्र ७ गतेदेखि १० गतेसम्म भ्रमण गरेको थियो ।

## नगर प्रमुख सुनिल प्रजापति हेटौंडा उपमहानपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतबीच भेटघाट चैत्र ८ गते हेटौंडा उपमहानगरपालिकामा भेटघाट भयो ।

भेटमा नगर प्रमुख प्रजापतिले विभिन्न स्थानीय तहसँग अनुभव आदान प्रदानका क्रममा हेटौंडा उपहानपामा पुगेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रहरूमा गरिरहेको विविध गतिविधिबारे अवगत गराउनुभयो ।

जनताको स्वास्थ्यलाई प्राथमिकता दिई भक्तपुर नपा ख्वप अस्पताल सञ्चालनको तयारीमा जुटेको बताउनुहुँदै भक्तपुर नपामा सम्पदा पुनःनिर्माण, जीर्णोद्धारलगायतमा उपभोक्ता समितिमार्फत जनताको सहभागिताबाट काम अगाडि बढाइरहेको बताउनुभयो ।

हेटौंडा उपमहानपाका प्रमुख महतले हेटौंडा देशकै तेस्रो ठूलो औद्योगिक नगर भएको बताउनुहुँदै हेटौंडा उपमहानपाको क्षेत्रफल निकै ठूलो र पहाडै पहाडले घेरिएको बताउनुभयो । भक्तपुर नपा सबै क्षेत्रमा अगाडि बढिरहेको छ भन्दै उहाँले भक्तपुर नपाको सुशासन र विकास निर्माणका कार्यहरू आफूहरूले पनि सिक्न चाहेको बताउनुभयो ।

उपमहानपामा १९ वटा वडामा विभाजित रहेको र देशका विभिन्न ठाउँहरूबाट नागरिकहरू बसोबास गरिरहेको अवगत गराउनुहुँदै उहाँले उपमहानपाले सूचनाको प्रविधिको माध्यमबाट आफ्ना सेवाहरू उपलब्ध गराउँदै आएको र सुशासनको क्षेत्रमा पनि निकै उपलब्धी हासिल गरिरहेको बताउनुभयो ।

भेटकै क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नपाबाट प्रकाशित विभिन्न प्रकाशनहरू र फोटो पुस्तक मायाको चिनोस्वरूप प्रदान गर्नुभएको थियो । भेटमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य सुनिता अवाललगायत हुनुहुन्थ्यो ।

## प्रमुख प्रजापति वीरगञ्ज महानपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीबीच चैत्र ९ गते भेटभयो । भेटका क्रममा दुई नगरपालिकाबीच अनुभव आदानप्रदान भयो ।

भेटमा नगर प्रमुख प्रजापतिले सांस्कृतिक नगर भक्तपुरको विभिन्न पक्षबारे अवगत गराउनुहुँदै ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरमा अवस्थित औद्योगिक क्षेत्र काठमाडौं उपत्यका बाहिर स्थानान्तरणको निम्ति आवश्यक पहल भइरहेको बताउनुभयो ।

उहाँले नगरपालिकाबाट सञ्चालित कलेजहरूबाट दक्ष जनशक्ति उत्पादन गर्नुका साथै भक्तपुर नपाले कोभिड नियन्त्रण तथा रोकथामको लागि नेपाल सरकारको मापदण्डअनुरूप सुविधासम्पन्न व्यवस्थित आइसोलेसन सञ्चालन गरेको अनुभव सुनाउनुभयो ।

वीरगञ्ज महानपामा भक्तपुर नपाको टोलीलाई स्वागत गर्नुहुँदै वीरगञ्ज महानपाका प्रमुख सरावगीले फोहोर व्यवस्थापनमा महानपाले निकै चुनौती सामना गरिरहेको बताउनुहुँदै महानपाले कुहिने फोहोर सङ्कलन गरी महिनाको ६ लाख आम्दानी गरिरहेको बताउनुभयो । उहाँले कोभिड सङ्क्रमणको जोखिम अहिले पनि यथावत भएको बताउनुहुँदै काठमाडौं उपत्यका प्रवेश गर्ने नाकाहरूमा कडाइ गर्न जरुरी रहेको बताउनुभयो ।

वीरगञ्ज महानपामा ५७ प्रतिशत नागरिक स्थानीय



रहेको र ४३ प्रतिशत नागरिक अन्य ठाउँहरूबाट बसोबास गर्दै आएको हुँदा नागरिकहरूमा सेवा प्रवाहमा विभिन्न प्रकारका चुनौतीहरू सामना गरिरहेका छौँ– उहाँले भन्नुभयो । साथै वीरगञ्ज देशकै ठूलो औद्योगिक सहरमध्ये एक हो भन्नुहुँदै प्रमुखर सरावगीले वीरगञ्जमा कृषि इन्जिनियरिङ खोल्ने चाहना भएको तर स्वीकृति प्राप्त नहुँदा समस्या भइरहेको बताउनुभयो ।

सोही क्रममा प्रमुख प्रजापतिले प्रमुख सरावगीलाई भक्तपुर नपाका प्रकाशनहरू, सम्पदा पुन:निर्माण तथा जीर्णोद्धारको फोटो पुस्तिका उपहारस्वरूप प्रदान गर्नुभयो ।

## भक्तपुर नपाका प्रमुख कलैया उपमहानगरपालिकामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाराको कलैया उपमहानगरपालिकाका प्रमुख राजेश राय यादवसँग चैत्र १० गते भेट गर्नुभयो । भेटमा उहाँहरूबीच दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, विकास निर्माण, कृषिलगायतका क्षेत्रमा गरिरहेको गतिविधि तथा कार्य प्रगतिबारे अनुभव आदानप्रदान भयो ।

भेटमा नगरप्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले आफ्नो स्वामित्वमा सञ्चालन गरेको कलेजहरूकाबारे अनुभव सुनाउनुहुँदै ती शैक्षिक संस्थाका कारण भक्तपुर शैक्षिक विकासमा आमूल परिवर्तन आएको बताउनुभयो ।

भक्तपुर नपा देशकै सानो नगरपालिका भए पनि सन्तुलित विकासमा क्रियाशील रहेको बताउनुहुँदै उहाँले नगरपालिकाले घरदैलो नर्सिङ सेवा, आवास आयोजना सञ्चालन, उपभोक्ता समितिमार्फत् भइरहेको विकास निर्माणलगायतका विषयबारे अवगत गराउनुभयो । विभिन्न स्थानीय तहका जनप्रतिनिधिबीच आफ्नो अनुभव आदानप्रदानका क्रममा कलैया पुगेको बताउनुहुँदै उहाँले कलैयामा कृषि र औद्योगिक क्षेत्र विकासका धेरै सम्भावनाहरू रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको प्रतिनिधिमण्डललाई कलैया उपमहानपामा खादा ओढाई स्वागत गर्नुहुँदै प्रमुख यादवले जनताको सहभागिता र सहयोगमा विकास निर्माण सम्भव भएको बताउनुभयो । कुनै पनि ठाउँको विकासको काममा जनताको चेतनास्तर महत्त्वपूर्ण हुने बताउनुहुँदै उहाँले कलैया ग्रामीण क्षेत्रले ओगटेको, २७ वडाहरू रहेको र करिब डेढ लाख जनसङ्ख्या बसोबास गर्दै आएको बताउनुभयो ।

प्रमुख यादवले कलैयाको सीमित विद्यालय मात्र राम्रो भएको तर अधिकांश शैक्षिक संस्थाको स्थिति दयनीय रहेको हुँदा यहाँको शैक्षिक विकासमा बाधा पुगिरहेको बताउनुहुँदै कलैया महानपाले वार्षिक १५ करोडको हाराहारीमा आफ्नो आयस्रोत भित्र्याइरहेको बताउनुभयो ।

सोही क्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कलैया उपमहानपाका प्रमुख यादवलाई भक्तपुर नपाको प्रकाशनहरू मायाको चिनोको रूपमा प्रदान गर्नुभयो ।



## प्रमुख प्रजापति र मुख्य सचिव मानबहादुर बीकेबीच भेट

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिव डा. मानबहादुर बीकेबीच चैत्र ८ गते भेटघाट भयो । भेटमा उहाँहरूबीच आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने भक्तपुर नगरपालिकाका योजनाहरूबारे छलफल भयो । साथै भक्तपुर नपाले सम्पदा पुन:निर्माण तथा संरक्षणमा उपभोक्ता समितिमार्फत गरिरहेको अभ्यास र निर्माणाधीन ख्वप अस्पतालबारे पनि उहाँहरूबीच कुराकानी भयो ।



## प्रमुख प्रजापति सञ्चार माध्यममा

**सिनर्जी एफएम**

### 'ख्वप विश्वविद्यालय स्थापनाको निम्ति निरन्तर प्रयासरत छौँ : नगर प्रमुख प्रजापति

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कम्युनिष्टहरू विचार र सिद्धान्तको आधारमा चल्ने र कम्युनिष्टहरूले विचारको निम्ति अन्तरसङ्घर्ष गर्नु स्वाभाविक भएको बताउनुभयो ।




चितवनस्थित सिनर्जी एफएमका कार्यक्रम प्रस्तोता विवेक पोखरेलसँग चैत्र ८ गते 'सिनर्जी विशेष' मा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले राजनीति व्यक्तिगत स्वार्थको निम्ति नभई व्यापक जनताको सेवाको निम्ति हुनपर्नेमा जोड दिनुभयो ।

उहाँले शासक दलहरूबीचको झगडाबाट उनीहरूको नक्कली चरित्र जनतामाझ अझ प्रष्ट हुँदै गएको बताउनुहुँदै कम्युनिष्ट व्यवस्थाअनुसार यो सरकार चल्न नसकेको र निजीकरणको पक्षमा काम गर्ने, शिक्षा क्षेत्रलाई व्यापारीकरण गर्ने सरकार कम्युनिष्ट सरकार हुन नसक्ने बताउनुभयो ।

रातो लुगा लगाउने सबै कम्युनिष्ट हुँदैनन् भन्नुहुँदै कोभिड नियन्त्रण तथा रोकथामको लागि भक्तपुर नगरपालिकाले जनतासँग नजिक रहेर निरन्तर खटेको अनुभव सुनाउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरू आफैमा विश्वविद्यालय तहमा पुगिसकेको र ख्वप विश्वविद्यालय स्थापनाको निम्ति निरन्तर प्रयासरत रहेको बताउनुभयो ।

श्रमलाई शिक्षासँग जोड्ने नीतिअनुरूप ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य नेमकिपाको रहेको बताउनुहुँदै उहाँले ठूलठूला भवन र चिल्लो सडक हुनुमात्र विकासको मापन होइन भन्नुभयो ।

**रेडियो वीरगञ्ज**

## 'जनता निराशभन्दा पनि राजनैतिक रूपमा सचेत र सङ्गठित हुन जरुरी'

उक्त कुरा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले रेडियो वीरगञ्जको एक कार्यक्रममा बताउनु भएको हो ।

रेडियो वीरगञ्जको 'फरक कोण' का प्रस्तोता उज्ज्वल शर्मासँग चैत्र ९ गतेको अन्तरसंवादमा उहाँले नेकपाबीचको झगडाले राजनीतिक सङ्कट निम्त्याएको बताउनुहुँदै नेमकिपा जनताको राजनैतिक चेतनास्तर उकास्न निर्वाचनको पक्षमा रहेको बताउनुभयो ।

उहाँले निर्वाचनको समयमा व्यक्तिगत प्रलोभनमा परी बद्नाम व्यक्तिलाई निर्वाचनमा जिताउने जनता स्वयम् पनि देशमा राजनीतिक अस्थिरता निम्तिनुमा दोषी भएको बताउनुहुँदै जस्तोसुकै विषम् परिस्थितिमा पनि जनता निराश भन्दा पनि राजनैतिक रूपमा सचेत र सङ्गठित हुन जरुरी रहेको बताउनुभयो ।

निर्वाचनको समयमा उम्मेद्वार चयन गर्दा जनताले विवेकपूर्ण निर्णय गर्नुपर्ने र व्यापक जनताको हितमा काम गर्ने राजनीतिक दललाई आफ्नो मत दिई जिताउनुपर्ने भन्नुहुँदै उहाँले संसद पूँजीपति वर्गले गरेको अवैधानिक कार्यलाई वैधानिकता गर्ने थलोको रूपमा विकास हुनु देशकै निम्ति खतरा बनेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नेमकिपा स्थापनाकालदेखि नै चुनावलाई उपयोग गर्दै कामदार जनताको पक्षमा कानुन निर्माण गर्न सडकदेखि सदनसम्म आवाज उठाउँदै आइरहेको बताउनुभयो ।



उहाँले भन्नुभयो– नेपालका व्यापक गरिब जनताहरू आफ्नो मौलिक तथा नैसर्गिक हक अधिकारबाट वञ्चित छन्, कृषि प्रधान देशमा किसानको हितमा कुनै काम हुन नसक्नु बिडम्वना हो ।

विश्वका विभिन्न देशहरूमा सशस्त्र सङ्घर्षबाट स्थापित शासन सत्ताहरू सफल र दिगो बनेको उदाहरण प्रस्तुत गर्नुहुँदै उहाँले अपार स्रोत र सम्भावना बोकेको देश र जनताको स्थिति दर्दनाक हुनुमा शासक दल नै जिम्मेवार भएको बताउनुभयो ।

भक्तपुरलाई शैक्षिक हबको रूपमा विकास गर्ने लक्ष्यअनुरूप भक्तपुर नगरपालिका अग्रसर रहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले न्यून आय भएका नागरिकलाई शिक्षाको पहुँच दिन शैक्षिक ऋण प्रदान गर्दै आइरहेको छ भन्नुभयो ।

# अध्यक्ष रोहितसँग ललितपुर महानपाका प्रमुख चिरिबाबु महर्जनको भेट

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले चैत्र १८ गते भेट गर्नुभयो । अध्यक्ष बिजुक्छेँसँग उहाँको निवासमा भएको भेटमा ललितपुर महानपाले गरिरहेको गतिविधि तथा समसामयिक विषयमा कुराकानी भयो ।



भेटमा अध्यक्ष बिजुक्छेँले जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने र जनप्रतिनिधिले इमानदारीपूर्वक देश र जनताको सेवा गर्दा जनताले सुख पाउने बताउनुभयो ।

प्राचीन र ऐतिहासिक सहर तथा सम्पदा क्षेत्रमा भारी सवारीसाधन प्रवेश निषेध गर्नुपर्ने र व्यवस्थित रूपले काम गर्न नगरपालिकामा कार्यरत निरीक्षकहरूलाई इन्जिनियरिङ तालिम दिनुपर्ने अध्यक्ष बिजुक्छेँले बताउनुभयो । उहाँले पुरानो सीप तथा प्रविधिहरूलाई संरक्षण गर्नुपर्ने बताउनुहुँदै भाषा तथा साहित्य क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरूलाई नगरपालिकाले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

भेटमा ललितपुर महानपाका प्रमुख चिरिबाबु महर्जनले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यको क्षेत्रमा देशकै लागि उदाहरणीय कार्य गरिरहेको र ललितपुरले पनि सम्पदा बस्ती संरक्षण गर्ने हेतुले आवश्यक नीति-नियमहरू बनाउँदै अगाडि बढिरहेको बताउनुभयो ।

ललितपुरको सम्पदा संरक्षणमा महानपाले गरिरहेको कार्यहरूबारे अवगत गराउनुहुँदै प्रमुख महर्जनले सम्पदा पुन:निर्माण तथा जीर्णोद्धारमा ठेकेदारलाई भन्दा स्थानीय उपभोक्ता समितिमार्फत् गराउन महानपाले निरन्तर जोड दिँदै आएको बताउनुभयो । सो भेटमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको पनि उपस्थिति थियो ।

अध्यक्ष बिजुक्छेँले नेमकिपाको पार्टी प्रकाशनहरू मायाको चिनोस्वरूप प्रमुख महर्जनलाई प्रदान गर्नुभएको थियो भने प्रमुख महर्जनले पनि उहाँलाई उपहारस्वरूप केही प्रकाशनहरू प्रदान गर्नुभएको थियो ।



भेटपश्चात प्रमुख चिरिबाबु महर्जन र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबीच नगरपालिकाको सभाकक्षमा दुई नगरपालिकाबीच अनुभव आदानप्रदान भयो । ललितपुर महानपाले सञ्चालनमा ल्याएको सङ्ग्रहालय व्यवस्थापन र महानगरले सञ्चालन गरिरहेको विविध विषयमा उहाँहरूबीच छलफल भयो ।

नगर प्रमुख प्रजापतिले प्रमुख महर्जनलाई भक्तपुरको प्रसिद्ध 'मयूर झ्याल' र नगरपालिकाका प्रकाशनहरू मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो ।

# प्रमुख प्रजापतिसँग सुनवल नपाका उपप्रमुख अर्यालको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नवलपरासीको सुनवल नगरपालिकाका उपप्रमुख दधिराम अर्यालले चैत्र १८ गते भेट गर्नुभयो । भेटका क्रममा उहाँहरूबीच दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा भइरहेका विविध गतिविधिबारे अनुभव आदानप्रदान भयो ।

नगर प्रमुख प्रजापतिले उपप्रमुख अर्याललाई भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।



# विविध समाचार

### श्रमिक महिला दिवसमा वादविवाद प्रतियोगिता

## 'बलात्कारीलाई मृत्युदण्ड दिनुपर्छ या पर्दैन ?'

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थानहरूको आयोजनामा १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विविध कार्यक्रम गरी मनाइयो । यस अवसरमा विद्यार्थीहरूबीच **'बलात्कारीलाई मृत्युदण्ड दिनुपर्छ या पर्दैन'** भन्ने विषयमा वादविवाद प्रतियोगिता, कार्यरत महिला शिक्षक/कर्मचारीहरूबीच टेबलटेनिस, दौड, सटपुट, उडबल प्रतियोगिताका साथै प्रवचन कार्यक्रम सम्पन्न भयो ।




प्रवचन कार्यक्रममा मञ्चासिन प्रमुख अतिथिलगायत

फागुन २४ गते ख्वप मा.वि./कलेज प्राङ्गणमा भएको प्रवचन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले अन्तर्राष्ट्रिय महिला आन्दोलन स्वयम् मजदुर आन्दोलनको एक हिस्सा भएको बताउनुभयो । सम्पूर्ण कामदार जनताबीच भ्रातृत्व विकास गर्नु आवश्यक भएको चर्चा गर्नुहुँदै अध्यक्ष रोहितले शोषक वर्ग कामदार जनताको शत्रु हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कुनै हिंस्रक जनावरले नगर्ने अपराध मानिसले गर्दैछ । यसको दोष व्यक्ति विशेषलाई दिनुभन्दा राज्य व्यवस्थालाई दिनु आवश्यक छ । महिला हिंसा र शोषण बढ्नुमा राज्य व्यवस्था बढी जिम्मेवार छ ।'

महिला सत्तामा पुग्नु तथा उच्च पदमा पुग्नु ठूलो कुरा नभई पदमा पुग्ने व्यक्तिले कसको प्रतिनिधित्व गर्छ र कसको पक्षमा काम गर्छ त्यो महत्त्वपूर्ण हुने धारणा उहाँले राख्नुभयो ।

संविधान संशोधन गरेर भए पनि मृत्युदण्डको प्रावधान राख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष रोहितले जघन्य अपराधी, देशका गोप्य सूचनाहरू विदेशीलाई दिने र देशद्रोहीका अपराधीहरूलाई मृत्युदण्ड दिनुपर्नेमा जोड दिनुभयो ।

लागूपदार्थ दुर्व्यसनीमा फसेका व्यक्तिहरूले आफूलाई नियन्त्रण गर्न नसक्ने र त्यस्ता व्यक्तिले हत्या, बलात्कारजस्ता अपराध गर्न पछि नपर्ने हुनाले लागूपदार्थजस्ता अपराध नियन्त्रण गर्न राज्यले कडा नीति नियम बनाई कार्यान्वयनमा ल्याउनुपर्छ, उहाँले भन्नुभयो ।

'सत्तामा पुगेका पार्टीहरूले अपराधीहरूलाई प्रश्रय दिइरहेको कारण समाजमा अपराध बढ्दो छ । अपराध मनोवृत्तिका व्यक्तिले आपराधिक घटना दोहोऱ्याउने हुनाले त्यस्ता जघन्य अपराध गर्ने अपराधीहरूलाई ज्यान सजाय दिनु आवश्यक छ', अध्यक्ष रोहितले भन्नुभयो ।

हरेक कुरालाई सूक्ष्म ढङ्गले अध्ययन र विश्लेषण गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भन्नुभयो, 'बेलायतको क्रान्तिलाई गौरवपूर्ण क्रान्ति भनी भ्रमपूर्ण इतिहास फैलाइएको छ । यथार्थमा पूँजीपति र सामन्त वर्ग मिलेर उक्त आन्दोलनबाट गरीब र कामदार जनतालाई दबाइएको थियो ।'

अपराध न्यूनीकरणमा शिक्षण संस्था र विश्वविद्यालयको भूमिका महत्त्वपूर्ण हुने धारणा अध्यक्ष रोहितले व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप कलेजहरूका सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले सामन्तवादी र पूँजीवादी सोच भएका व्यक्तिहरूले महिलालाई नाफाको निम्ति प्रयोग गर्दै आइरहेको बताउनुभयो ।



प्रवचन कार्यक्रममा सहभागी

समाजमा वर्ग रहेसम्म महिला शोषण अन्त्य नहुने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले समाजवादी व्यवस्था कायम नभएसम्म महिला हिंसा र शोषणको अन्त्यको सम्भावना छैन भन्नुभयो ।

उहाँले भन्नुभयो, 'प्रत्येक स्थानीय तहले प्रत्येक वडामा शिशु स्याहार केन्द्रको व्यवस्था गरेको खण्डमा बालबालिकाको मानसिक, व्यावहारिक र शैक्षिक विकास हुने थियो भने हजारौं महिलाहरूले रोजगारी पाउँथे ।'

महिलाहरू राजनीतिकरूपमा सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै प्रमुख प्रजापतिले महिला मुक्ति, उत्थान र स्वतन्त्रताका कुरा बोलेरभन्दा व्यवहारले देखाउनु आवश्यक भएकोले भक्तपुर नगरपालिकाले यसको सुरुआत गरेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ महिलाको मात्र नभई सम्पूर्ण कामदार जनताको दिवस भएको बताउनुभयो ।

महिलालाई लिङ्गीय आँखाले होइन वर्गीय आँखाले हेर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'सामन्त वर्गको अवशेष बाँकी रहेको पूँजीवादी व्यवस्था कायम रहेसम्म आर्थिक समानता दिँदैमा महिला मुक्ति सम्भव छैन । कामदार वर्गको महिला आन्दोलनलाई कमजोर बनाउन विदेशी डलर खर्च गरिरहेको छ । यसमा हामी सजग हुनैपर्छ ।'

आधा संसार ढाकेका महिला जबसम्म राजनीतिक सङ्घर्षको अग्रमोर्चामा सक्रियता र सचेतताका साथ अगाडि बढ्दैन तबसम्म महिला मुक्ति र स्वतन्त्रता नारामा मात्र सीमित हुने सभासद् सैंजूले बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले १११ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइरहँदा अधिकांश श्रमिक नेपाली महिलाहरू शिक्षाबाट वञ्चित हुनुपरेको बताउनुभयो ।

भनपाले शिक्षालाई विशेष जोड दिँदै आएको चर्चा गर्नुहुँदै उपप्रमुख जोशीले 'थिङ्क ग्लोबली-एक्ट लोकली' भन्ने तथ्यलाई साकार पार्न भनपा अग्रसर छ भन्नुभयो ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख तारादेवी थापाले केही अपराधीहरूको चरित्र र क्रियाकलापका कारण मानिस सर्वश्रेष्ठ प्राणी भन्ने भनाइलाई अठेरोमा पारिरहेको छ भन्नुभयो ।

विश्वको निरक्षर र अशिक्षित जनसङ्ख्यामध्ये दुईतिहाइ महिला रहेको संरा सङ्घको तथ्याङ्क रहेको र महिला हिंसाका घटनामध्ये ५५ प्रतिशत बढी घर-परिवार, आफन्त र संरक्षणकर्ताबाट हुने गरेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'प्रहरी र समुदायबीच सहकार्य आवश्यक छ । प्रहरी र समुदायको सहकार्यविना अपराधी पत्ता लगाउन कठिन हुनेछ ।'

## वादविवाद प्रतियोगिता

कार्यक्रममा वादविवाद प्रतियोगिताको नतिजा कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवम् अधिवक्ता रामप्रसाद प्रजापतिले सुनाउनुभएको थियो ।



कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य रत्नशोभा प्रजापति, शिक्षिका सुषमा सापकोटा र मीना महतले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको बीचमा शिक्षक तथा कर्मचारीहरूबाट कविता वाचन र विद्यार्थीहरूबाट नृत्य प्रस्तुत गरिएको उक्त कार्यक्रममा श्रमिक महिला दिवसको अवसरमा भएको विविध प्रतियोगिताका विजयीहरूलाई प्रमुख अतिथि एवम् अतिथिहरूबाट पुरस्कार वितरण गरिएको थियो ।

## चितवनमा जिल्लास्तरीय भेला एवम् प्रशिक्षण

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेमकिपा चितवन जिल्ला समितिको आयोजनामा जिल्ला भेला तथा प्रशिक्षण कार्यक्रम चैत्र ७ गते रत्ननगरमा सम्पन्न भयो ।




कार्यक्रममा प्रमुख प्रजापतिले पूँजीवादी प्रजातन्त्रमा संसद विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई हुने बताउनुहुँदै राजनीति कहिल्यै सरल बाटोमा हिँड्दैन भन्नुभयो ।

सशस्त्र सङ्घर्षबाट राज्य सत्ता कब्जा गरेको इतिहासबारे प्रशिक्षित गर्नुहुँदै उहाँले प्रजातान्त्रिक समाजवाद भनेको पूँजीवादी व्यवस्था भएको बताउनुभयो । पूँजीपति वर्गको

हितमा काम गर्ने, राज्यको उद्योग–कलकारखानाहरू निजीकरण गर्नेहरू कम्युनिष्ट हुनै सक्दैन भन्नुहुँदै उहाँले नेपाललाई छिमेकी देश भारतले आर्थिक रूपले उपनिवेश बनाउँदैछ भन्नुभयो ।

नेपालको शासन सत्तामा जाने नेताहरू विदेशी दलाल सावित हुँदै गएको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालको राजनीति विदेशकेन्द्रित हुनुमा शासकहरूको कमजोरीका कारण भएको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'नेमकिपाले केपी ओलीको देशघाती काममा समर्थन गरेको होइन, नेपालको सार्वभौमिकता रक्षा गर्ने सवालमा मात्र समर्थन गरेको हो । नेमकिपा व्यापक जनताको राजनीतिक चेतनास्तर उठाउने अभियानमा क्रियाशील छ ।'

शासन सत्ता स्वयम् अधिनायकवादी हुने बताउनुहुँदै उहाँले चुनावदेखि डराउनेहरू प्रजातन्त्रवादी हुनसक्दैन भन्नुभयो । सशस्त्र सङ्घर्षबाट मात्र समाजवाद स्थापना हुने धारणा व्यक्त गर्नुहुँदै उहाँले राजनीतिक स्पष्टता र शत्रुलाई सजिलै चुनावमा जित्न नदिन नेमकिपाले चुनावको उपयोग गर्ने बताउनुभयो ।

नेमकिपासँग सैद्धान्तिक बहस गर्ने शक्ति शासक दलहरूमा नभएको विचार व्यक्त गर्नुहुँदै नेता प्रजापतिले नेमकिपाको उद्देश्य कामदार जनताको इमानदारीपूर्वक सेवा गर्ने भएको बताउनुभयो ।

राजनीति भनेको निःस्वार्थ भावनाले देश र जनताको हितमा काम गर्ने हो भन्नुहुँदै उहाँले असल व्यक्ति राजनीतिमा नआए खराब व्यक्ति शासन सत्तामा पुग्ने खतरा हुनेतर्फ सचेत पार्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नपा खेलकुदको माध्यमबाट देशको सार्वभौमिकताको लागि लड्ने र आवाज उठाउने नयाँ युवा पुस्ता तयार गर्ने अभियानमा रहेको बताउनुहुँदै नेमकिपाको घोष्णापत्रअनुरूप भक्तपुर नगरपालिकाले आफ्ना गतिविधिहरू अगाडि बढाइरहेको छ भन्नुभयो । उहाँले समाजवादी गणतन्त्रले मात्र व्यापक जनताको हित गर्ने बताउनभुयो ।

कार्यक्रमका सभापति एवम् नेमकिपा चितवन जिल्ला समितिका अध्यक्ष हरिप्रसाद दुवालले पार्टी प्रकाशनहरू नियमित अध्ययनमा जोड दिनुपर्ने र सैद्धान्तिक छलफलको माध्यमबाट सङ्गठन विस्तारमा आ–आफ्नो तर्फबाट अग्रसर रहनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय उपाध्यक्ष प्रकाश गुरुङले क्युवाली क्रान्तिबाट नेपालले सिक्नुपर्ने पाठ र क्युवाली नेता चे ग्वेभाराले क्युवाली जनता र विश्वको निम्ति गरेका देशभक्तिपूर्ण गतिविधिहरूबाट शिक्षित भई अगाडि बढ्न जरुरी रहेको र नेतृत्वकर्ताहरूले नयाँ पुस्तालाई मार्गनिर्देशन गर्नुपर्ने धारणा राख्नुभयो ।

नेक्रायुसङ्घ चितवनका जिल्ला अध्यक्ष ज्ञानेन्द्र चेपाङले देशको समसामयिक राजनीतिक विषयमा आफ्नो धारणा राख्नुहुँदै शासक दलको अदूरर्शिता र अकर्मन्यताले गर्दा देशको स्थिति झन् बिग्रिँदै गएको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा चितवन जिल्ला समितिका सदस्य सुमित्रा महतोले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै कोभिडबाट बच्ने उपाय र रोकथामबारे प्रशिक्षित गर्नुभएको थियो ।

नेक्राकिसङ्घ चितवनका सदस्य मोहनबहादुर चेपाङले नेमकिपाका पार्टी प्रकाशनहरू 'मजदुर' दैनिक, 'श्रमिक' साप्ताहिकलगायतको अध्ययनबाट कार्यकर्ताहरूको बौद्धिक क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका उपाध्यक्ष राजकुमार श्रेष्ठ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ चितवन जिल्ला सचिव अर्जुन चेपाङले शासक दलले कम्युनिष्टको नाममा जनतालाई ढाँटिरहेको हुँदा जनता सचेत हुनुपर्ने र युवा–विद्यार्थीहरू राजनीतिक रूपमा सचेत र सङ्गठित हुनुपर्नेमा जोड दिनुभयो ।



रत्ननगरमा विद्यार्थी भेला

यसैबीच नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा रत्ननगरमा विद्यार्थी भेला सम्पन्न भयो । सो भेलाले अर्जुन चेपाङको संयोजकत्वमा ९ सदस्यीय नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ पाँचौं जिल्ला सम्मेलन तयारी समिति चितवन गठन भयो ।

## नेता प्रजापतिसँग हेटौंडामा कार्यकर्ताको भेट

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिसँग हेटौंडामा कार्यकर्ताले चैत्र ८ गते भेट गऱ्यो ।

भेटका क्रममा उहाँले संसद पुनःस्थापनाका कारण सरकार सञ्चालनमा अप्ठेरो परिस्थिति निम्त्याएको बताउनुहुँदै वर्तमान सरकारले पुनः निर्वाचनको घोषणा गर्ने सम्भावना रहेको बताउनुभयो । निर्वाचनले जनताको राजनीतिक चेतनास्तर



उकास्ने ब्यारोमिटर भएको हुँदा नेमकिपा निर्वाचनको पक्षमा भएको बताउनुहुँदै नेता प्रजापतिले नेमकिपा आकारले सानो भए पनि विचार र सिद्धान्तमा दृढ र प्रतिबद्ध रहेको प्रष्ट पार्नुभयो ।

उहाँले पूँजीवादी व्यवस्थाले कामदार जनताको हित नगर्ने हुँदा समाजवादी व्यवस्था स्थापनाको निम्ति नेमकिपा सङ्घर्षरत रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरूले दक्ष र इमानदार जनशक्तिहरू उत्पादन गरिरहेको छ भन्नुभयो ।

सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिइनुपर्नेमा जोड दिनुहुँदै केन्द्रीय सदस्य प्रजापतिले कार्यकर्ताहरूले पार्टी प्रकाशनको नियमित अध्ययन गर्नुपर्ने र कामदार जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित गर्न क्रियाशील हुनुपर्ने बताउनुभयो ।

## पर्सामा समसामयिक राजनीतिक विषयमा भेला

'नेमकिपा कामदार वर्गलाई राजनैतिक रूपमा सचेत र सङ्गठित बनाई उनीहरूलाई शासन सत्तामा पुऱ्याउने उद्देश्यका साथ अगाडि बढिरहेको छ ।'

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पर्साको पोखरियामा चैत्र ९ गते भएको भेलामा बताउनु भएको हो ।



उहाँले शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार भएको र शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा भक्तपुर नगरपालिकाले समाजवादी मोडल अनुसार काम गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरी समाजलाई वैज्ञानिक ढङ्गले अगाडि बढाउन क्रियाशील रहेको बताउनुहुँदै नेपाल कृषि प्रधान र जलस्रोतमा धनी देश भएर पनि व्यवस्थित सिँचाइको अभावका कारण कृषि क्षेत्रको समुचित विकास हुन नसकेको बताउनुभयो ।

नेपालमै सुविधासम्पन्न मल कारखाना खोल्नुपर्नेमा जोड दिनुहुँदै उहाँले नेपालको कृषि क्षेत्रमा विदेशी लगानी भित्र्याउने सरकारको नीति किसानविरोधी नीति भएको र खेती योग्य जमिन, खनिज पदार्थ तथा प्राकृतिक स्रोतसाधनको संरक्षण गरी सही सदुपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देश विकासमा विदेशीको भर पर्नु भनेको नेपाललाई भारतको उपनिवेश बनाउनुसरह हुने बताउनुहुँदै नेता प्रजापतिले आफ्नो हक अधिकारको सुनिश्चितताको लागि कामदार वर्ग सचेत र सङ्गठित हुनुपर्ने र राजनैतिक रूपले सचेत नागरिकहरूले कुनै प्रलोभनमा नपरी देश र जनताको इमानदारीपूर्वक सेवा गर्छ भन्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले समाजवादी गणतन्त्रको प्रचार अभियानमार्फत् युवा विद्यार्थीलाई सङ्गठित पार्दै नेमकिपाले देशका विभिन्न जिल्लाहरूमा भेला तथा छलफल चलाइरहेको बताउनुभयो । नेमकिपाका निर्वाचित जनप्रतिनिधि जनताको सेवामा समर्पित भएर काम गरिरहेको बताउनुहुँदै उहाँले समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपा क्रियाशील रहेको बताउनुभयो ।

भेलामा नेमकिपा पर्सा जिल्ला समितिका अध्यक्ष सरोज साहले कामदार वर्गको प्रजातन्त्र भन्नु नै समाजवादी गणतन्त्र भएको बताउनुहुँदै राजनीतिक चेतनाको विकासले देश र समाजको विकासमा मद्दत पुग्ने बताउनुभयो ।

भेलामा नेमकिपा पर्सा जिल्ला समितिका सदस्य इस्लाम मियाँले पनि बोल्नुभएको थियो ।

## कलैयामा कार्यकर्ता भेटघाट तथा प्रशिक्षण

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख



आतिथ्यमा बाराको कलैयामा चैत्र १० गते कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रम भयो।

कार्यक्रममा बोल्नुहुँदै केन्द्रीय सदस्य प्रजापतिले देशलाई आत्मनिर्भर बनाउन आफूसँग भएको स्रोत साधनको अधिकत्तम प्रयोग गर्नुपर्ने बताउनुभयो। उहाँले नेमकिपा सिङ्गो समाजलाई सभ्य र सुसंस्कृत बनाउने उद्देश्यका साथ कामदार वर्गका जनतालाई आफ्नो राजनीतिक अधिकारबारे सचेत र सङ्गठित बनाउने अभियानमा रहेको प्रष्ट पार्नुभयो।

समाजवादी व्यवस्था काम गरी खाने वर्गको स्वर्ग हो भन्नुहुँदै नेता प्रजापतिले कम्युनिष्ट पार्टी दाबी गर्ने सरकारले समाजवादी देशहरू क्युबा, प्रजग कोरिया, चीनलगायतका देशहरूको शासन व्यवस्थाबाट सिक्नु पर्ने बताउनुभयो। भक्तपुर नगरपालिकाले देश र जनतालाई केन्द्रमा राखेर विभिन्न कार्यक्रम तथा गतिविधिहरू अगाडि बढाइरहेको बताउनुभयो।

समाज परिवर्तनको निम्ति कामदार वर्गलाई राजनैतिक रूपले सचेत पार्नु पर्नेमा जोड दिनुहुँदै उहाँले नक्कली कम्युनिष्टहरूबाट जनता सचेत हुनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले कामदार वर्गको पक्षमा ऐन कानुन बनाउन जनता आफैं सचेत र सङ्गठित हुनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले कृषि लक्षित तालिमहरू सञ्चालन गरिरहेको र महिलाहरूको लागि नि:शुल्क स्वास्थ्य शिविरहरू पनि सञ्चालन गर्दै आइरहेको बताउनुभयो।

नेमकिपा पर्सा जिल्ला समितिका अध्यक्ष सरोज साहले आर्थिक समानताको निम्ति वैज्ञानिक समाजवादको खाँचो औँल्याउनुहुँदै नेमकिपा स्थापनाकालदेखि कामदार वर्गको पक्षमा आफ्नो आवाज बुलन्द गर्दै आइरहेको छ भन्नुभयो।

कार्यक्रमका सभापति एवम् नेमकिपा बारा जिल्ला समितिका अध्यक्ष मुक्ति यादवले वर्तमान सरकारले आफ्नो पार्टीको नाममा कम्यनिष्ट राखेर जनता झुक्याउने काम गरिरहेको बताउनुहुँदै पूँजीपति वर्गले सधैँ कामदार वर्गलाई शोषण गर्ने बताउनुभयो।

सोही कार्यक्रममा नेमकिपा बारा जिल्ला समितिका सदस्य रन्जुदेवी शाह र जिल्ला सचिव इनर दासले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

## नगर प्रमुख प्रजापतिद्वारा सिम्रौनगढको अवलोकन





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, वडाध्यक्ष श्यामकृष्ण खत्री, कार्यपालिका सदस्य सुनिता अवाललगायतले चैत्र १० गते बारा जिल्लाको दक्षिणपूर्वी भागमा अवस्थित ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेको सिम्रौनगढमा स्थलगत अवलोकन गर्नुभयो। सोही क्रममा उहाँले बारा जिल्लाको गढीमाई मन्दिरको पनि अवलोकन भ्रमण गर्नुभएको थियो। सिम्रौनगढस्थित ऐतिहासिक सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धारको कार्य चालु छ।

# ज्ञानबहादुर न्याइच्याईको दसौँ स्मृति सभा तथा छात्रवृत्ति वितरण



'नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचार, आर्थिक समानता, सामाजिक न्याय, व्यक्तित्व विकासमा समान अवसर, सर्वहारा वर्गको आधिपत्यलाई स्वर्गीय ज्ञानबहादुर न्याइच्याईले जीवन पर्यन्त आत्मसात गर्नुभयो ।'

उक्त भनाइ नेमकिपाका केन्द्रीय सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले चैत १२ गते गणेश मावि, भार्वाचोद्वारा आयोजित किसान नेता एवम् भक्तपुर नपाका पूर्वप्रमुख ज्ञानबहादुर न्याइच्याईको दसौँ स्मृतिसभा तथा छात्रवृत्ति वितरण कार्यक्रममा राख्नुभएको हो ।



राजनीति राम्रो काम भएको धारणा राख्दै उहाँले राम्रो काम जीवनभर गर्नु जरूरी रहेको बताउनुभयो ।

केन्द्रीय सचिव सुवालले भन्नुभयो, 'ज्ञानबहादुर दाइ बिरामी भएको बखत उहाँलाई अस्पताल पुऱ्याउन र उपचार गर्न आवश्यक बन्दोबस्त साथीहरूले गर्नुभएको काम उदाहरणीय छ ।'

'सरकारले शिक्षा र स्वास्थ्य उपचार निःशुल्क गर्नुपर्ने थियो । तर, पञ्चायतको विरोधमा सङ्घर्ष गरेको दाबी गर्ने पार्टीहरूले सरकारमा गएर यो काम गरेनन्', सचिव सुवालले भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'काठमाडौं उपत्यकाका ८ हजार रोपनी सार्वजनिक जग्गा निजीको नाममा दर्ता गरेका सरकारी अधिकारीहरू र म्याद नाघेको खाद्यान्न नयाँ प्याकेट र नयाँ मिति राखी बेच्नेहरू पनि सरकारकै संरक्षणमा छन् ।'

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले किसान नेता ज्ञानबहादुर न्याइच्याईले 'पार्टीको विश्वविद्यालय' बाट मार्क्सवादी दर्शनको अध्ययन गरी जनताको बीचमा बसेर काम गरेको स्मरण गर्नुहुँदै व्यक्तिगत स्वार्थ छोडेर प्रतिक्रियावादी तथा विरोधीहरूको अगाडि कहिल्यै नझुक्ने व्यक्तित्वप्रति जनताले सम्मान गर्ने विचार राख्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले किसान नेता न्याइच्याईले पार्टीको निर्देशनअनुसार विभिन्न तह र पदमा बसी किसान आन्दोलन र सङ्घर्षको नेतृत्व गरेको, भक्तपुरलाई सरसफाइ र शिक्षाको विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र खर्बुजाको सभापतित्वमा सम्पन्न स्मृति सभामा अतिथिहरू लक्ष्मीनारायण राजलवट, श्यामकृष्ण खत्रीले पनि आ-आफ्नो विचार राख्नुभएको थियो । विद्यालयका प्रधानाध्यापक गणेशराम थुसाले स्वागत गर्नुभएको सो सभामा 'ज्ञानबहादुर न्याइच्याई छात्रवृति कोष' बाट विद्यालयका गरिब, जेहेनदार र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट ६ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो । कार्यक्रममा विद्यालयका शिक्षक लक्ष्मीसुन्दर सुवालले पनि बोल्नुभएको थियो ।

**भक्तपुरको तेस्रो जिल्ला सभा बैठक सम्पन्न**

# जिल्ला समन्वय समितिको औचित्यतामाथि प्रश्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सांसदहरू नीति निर्माताहरू भएको हुँदा निर्माणको जिम्मेवारी स्थानीय तहलाई दिनुपर्नेमा जोड दिनुहुँदै सङ्घ र प्रदेशले स्थानीय आवश्यकताअनुसार प्राथमिकताको आधारमा स्थानीय तहहरूमा बजेट निकासा गर्नुपर्नेमा जोड दिनुभयो ।

जिल्ला समन्वय समिति भक्तपुरले बोलाएको तेस्रो जिल्ला सभा बैठकमा फागुन २८ गते नगर प्रमुख प्रजापतिले जिल्ला समन्वय समिति भक्तपुरको औचित्यतामाथि प्रश्न गर्नुहुँदै प्रस्तुत नीति तथा कार्यक्रम एनजीओ/आइएनजीओहरूको प्रतिवेदन जस्तो भएको बताउनुभयो ।



उहाँले निजीकरणको पक्ष लिनेहरू समाजवादी हुन नसक्ने बताउनुहुँदै देशलाई समाजवादउन्मुख दिशामा अगाडि बढाउन जनप्रतिनिधिहरू लाग्नुपर्छ भन्नुभयो । उहाँले भक्तपुरको चारओटा नगरपालिकालाई कोषमा रहेको रकम समान रूपमा निकासा गर्नुपर्ने र सभाको नीति तथा कार्यक्रममा भक्तपुर नपाको निम्ति सञ्चित कोषबारे उल्लेख नहुनुको कारणबारे प्रश्न गर्नुभयो ।

कार्यक्रमका सभापति जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष नवराज गेलालले जिसस बैठकबाट पारित नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । उक्त बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, सूर्यविनायक नपाका प्रमुख बासुदेव थापा, सूर्यविनायक नपाका उपप्रमुख बीणा बास्तोला, तेस्रो जिल्ला सभाका सदस्यहरूको उपस्थिति थियो । बैठकमा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता कुँवरले स्वागत गर्नुभएको थियो भने जिल्ला समन्वय अधिकारी जगन्नाथ लामिछानेले जिसस भक्तपुरको योजना, बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

नीति तथा कार्यक्रम र बजेटमाथि नगर प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले असहमति प्रकट गर्नुभएको थियो ।

## नपा प्रकोप व्यवस्थापन कोषमा सहयोग

भक्तपुर नपा प्रकोप व्यवस्थापन कोषमा विभिन्न संस्थाबाट आर्थिक सहयोग गर्ने क्रम जारी रहेको छ ।

### समय साकोसद्वारा सहयोग



यसै क्रममा नपा प्रकोप व्यवस्थापन कोषमा भक्तपुर नपा वडा नं. ८ स्थित समय बचत तथा ऋण सहकारी लि.ले चैत्र २ गते रु. ५० हजार पाँच सय पचपन्न रूपैयाँ सहयोग प्रदान गरेको छ ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले सहयोगको लागि धन्यवाद दिनुहुँदै भक्तपुर नपाको प्रकाशन प्रदान गर्नुभयो ।

## सहलह साकोसको अर्धवार्षिक समीक्षा




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु राजनीतिज्ञको धर्म भएको बताउनुभयो ।

सहलह साकोसको फागुन २२ गते भएको अर्धवार्षिक समीक्षा कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले जनतालाई राजनीतिप्रति वितृष्णा पैदा गर्ने कार्य शासक दलका नेताहरूबाट भइरहेको र राजनीतिलाई जनताको सेवाभन्दा पनि अपराधीकरणतर्फ उन्मुख बनाइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

सहकारी संस्थाहरूले समुदायको हितको लागि सहकारीको मूल्य र मान्यताका आधारमा काम गर्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले देशलाई आत्मनिर्भर बनाउन सबैले आ आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्ने बताउनुभयो ।

वर्तमान राजनीतिक घटनाक्रमबारे प्रमुख प्रजापतिले देशको राजनीति निकै जटिल अवस्थामा रहेको बताउनुहुँदै संसद

पुन:स्थापनाले जनतालाई राजनैतिक रूपमा सचेत गर्ने अवसर गुमेको बताउनुभयो । उहाँले देश अब अर्को चुनावमा जान सक्ने र सांसदहरूको किनबेचको सम्भावना रहेको बताउनुहुँदै भारतले नेपालमा आफ्नो अनुकूलको सरकार बनाउन अनेक चलखेल गरिरहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले महिलाहरूलाई राजनैतिक रूपमा सचेत र सङ्गठित गराउन सहकारी संस्थाका महिला उपसमितिहरूले भूमिका खेल्नुपर्नेमा जोड दिनुहुँदै क्रान्तिकारी महिलाहरूको सङ्घर्षपूर्ण जीवनी अध्ययनबाट प्रेरणा लिनुपर्ने बताउनुभयो । सहकारी संस्थाहरू राजनीतिबाट अलग रहन नसक्ने धारणा राख्नुहुँदै वडाध्यक्ष कवांले राजनीतिक संस्कारबिना सहकारी संस्थाले इमानदारीपूर्वक काम गर्न नसक्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका कानुनी सल्लाहकार पुरुषोत्तम ग्वाछाले सहकारी संस्थाहरू आर्थिक अनुशासनमा बस्नुपर्ने र जनताको हितमा अझ व्यवस्थित ढङ्गले कार्य अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

सो कार्यक्रममा सहलह साकोसका अध्यक्ष श्याम तजले, संस्थाका सचिव रामेश्वर मचामसी, सञ्चालक समितिका सदस्य प्रबिन तजलेले पनि बोल्नुभएको थियो ।

*चित्रः मजदुर दैनिक*

# सक्षम साकोसको भ्रमण टोली भक्तपुर नगरपालिकामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग बनेपाको सक्षम बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष रमेशकाजी श्रेष्ठको नेतृत्वमा भक्तपुरको सहकारी तथा सांस्कृतिक अध्ययन भ्रमणको लागि आउनुभएका भ्रमण टोलीले चैत्र १४ गते भेट गऱ्यो । भेटका क्रममा भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, विकास निर्माण, सहकारी गतिविधिलगायतका विविध विषयबारे छलफल तथा अनुभव आदानप्रदान भयो ।

भ्रमण टोलीलाई भक्तपुर नपामा स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले आर्थिक लेनदेन तथा कारोबार हुने ठाउँमा आर्थिक अनियमितता तथा भ्रष्टाचारको सम्भावना हुने बताउनुहुँदै आर्थिक क्षेत्रमा पारदर्शी ढंगले काम गर्नुपर्ने बताउनुभयो ।

सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नपाले नगरवासी विद्यार्थीहरूको लागि शैक्षिक ऋण, सस्तोमा गुणस्तरीय शिक्षा, सरसफाइ अभियान पनि अगाडि बढाइरहेको उहाँले बताउनुभयो । उहाँले मौलिकता जोगाउन नसके आफ्नो पहिचान नै गुम्ने खतरा हुने बताउनुहुँदै सहकारी संस्थाहरूले सदस्यहरूको सांस्कृतिक स्तर उकास्न र सेवाभावले सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो ।

छलफलमाथि उठेका जिज्ञासाबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सहकारी संस्थाहरूले विभिन्न सीप र रोजगारीमूलक तालिम, अन्तरक्रिया, राजनीतिक विषयमा प्रशिक्षण, स्वास्थ्य शिविरलगायत सञ्चालन गरी व्यापक जनतालाई राजनैतिक रूपले पनि सचेत र सङ्गठित गर्ने कार्यहरू गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुरको सहकारी संस्थाहरू बद्नाम हुनु भनेको सिङ्गो नगर र जिल्लाकै बद्नाम हुने हुँदा सहकारी संस्थाहरूले सामाजिक उत्तरदायित्व बहन गरी इमानदारीपूर्वक काम गर्न सहकारी संस्थाहरूलाई मार्गनिर्देशन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले भक्तपुर नपाबाट गठित सहकारी समितिबाट भए/गरेका गतिविधिबारे अवगत गराउनुहुँदै भक्तपुर नपाभित्र अवस्थित सहकारी संस्थाहरूको अवस्थाबारे बुझ्न नियमित अनुगमन गर्दै आइरहेको बताउनुभयो । सहकारी संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रेरित गर्दै भक्तपुर नपाले ती सहकारीहरूको लागि अनुदानको व्यवस्था पनि गर्दै आएको बताउनुभयो ।

सक्षम साकोसका अध्यक्ष रमेशकाजी श्रेष्ठले भक्तपुरको सांस्कृतिक सम्पदा संरक्षणमा भक्तपुर नपाले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको र भक्तपुर नपाले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा गरिरहेको कामबाट आफूहरूले सिक्न चाहेको बताउनुभयो । उहाँले सक्षम साकोस अन्य क्षेत्रको भन्दा फरक ढङ्गले सामाजिक उत्तरदायित्व बहन गर्दै अगाडि बढिरहेको अवगत गराउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले सञ्चालन गर्नुभएको सो भेट तथा छलफलमा साकोसका प्रतिनिधिहरूले भक्तपुर नपाको गतिविधिबारे आ–आफ्नो जिज्ञासा राख्नुभएको थियो ।

भेटपश्चात सक्षम साकोसका प्रतिनिधि टोलीलाई भक्तपुरमा अवस्थित ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको स्थलगत अवलोकन गराएको थियो । साथै उहाँहरूलाई नगर प्रमुख प्रजापतिले भक्तपुर नपाका प्रकाशनहरू पनि उपहारस्वरूप प्रदान गर्नुभयो ।

भ्रमण टोलीलाई भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले खादा ओढाई स्वागत गर्नुभयो ।

## निओ फ्युजन इन्स्टिच्युटमा प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा निओ फ्युजन स्कूल अफ कम्प्युटर इन्स्टिच्युटले सञ्चालन गरेका भिडियोग्राफी, फोटोग्राफी, वेभ पेज डिजाइन, अकाउन्टिन प्याकेजलगायत विभिन्न तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र तथा प्रशंसा पत्र वितरण कार्यक्रम फागुन २९ गते सम्पन्न भयो ।



प्रमाणपत्र वितरण गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नयाँ नयाँ प्रविधिको प्रयोगबाट नयाँ जीवनउपयोगी सीपन र ज्ञान सिक्ने अवसर प्राप्त भएको बताउनुभयो । कानुनको अज्ञानता क्षम्य नहुने बताउनुहुँदै उहाँले फोटोग्राफी आफैमा निकै महत्त्वपूर्ण पेशा भएको र औचित्यपूर्ण र अर्थपूर्ण फोटोग्राफीले व्यक्तिलाई सफलता हासिल गर्न मद्दत पुर्‍याउने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले फोटोग्राफी र भिडियोग्राफी निकै संवेदनशील विषय भएको हुँदा जथाभावी फोटो खिच्ने, भिडियो खिच्ने प्रवृत्तिले साइबर अपराधको सङ्ख्या बढाइरहेको बताउनुहुँदै आफ्नो ज्ञान र सीपको प्रयोग जिम्मेवारीपूर्वक प्रयोग गर्न मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा उपस्थिति प्रशिक्षार्थीहरूलाई व्यक्तिकेन्द्रित प्रवृत्तिले समाज र देशलाई फाइदा नहुने बताउनुहुँदै आफ्नो ज्ञान र सीप समाज केन्द्रित ढङ्गले अगाडि बढाउन प्रेरित गर्नुहुँदै आफ्नो पेशामा सफल बन्न इमानदारी, अनुशासन र नैतिकताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले तालिमबाट सिकेको सीप र ज्ञानबाट समाजको सेवा गर्न प्रेरित गर्नुहुँदै युवाहरू देशको राजनीतिक घटनाक्रमबारे सचेत र जानकार हुनुपर्ने बताउनुभयो । उहाँले प्रविधिको माध्यमबाट देश र समाजलाई अगाडि बढाउने नयाँ युवा पुस्ताको खाँचो रहेको बताउनुहुँदै भक्तपुर नपाले युवाहरूलाई सीपमूलक तालिम सँगसँगै व्यवहारिक ज्ञान पनि सिकाइरहेको छ भन्नुभयो ।

इन्स्टिच्युटका निर्देशक एवम् कार्यक्रमका सभापति बालकृष्ण वनमालाले भक्तपुरलगायत देशका विभिन्न जिल्लाका प्रशिक्षार्थीहरूलाई इन्स्टिच्युटले विभिन्न तालिमहरू प्रदान गर्दै आइरहेको बताउनुहुँदै निओ फ्युजनले प्रशिक्षार्थीहरूको सीप र दक्षताको आधारमा प्रमाणपत्र वितरण गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा भिडियोग्राफीका प्रशिक्षक श्रीकृष्ण तुइतुई, वेभ पेज डिजाइनका प्रशिक्षक निरञ्जन बेकोजु, कम्प्युटरका प्रशिक्षक राधा ब्यान्जु र कार्यक्रम सञ्चालिका सन्ध्या हेंवजुले पनि आआफ्नो धारणा राख्नुभएको थियो ।

## वृहत् स्वास्थ्य शिविर

नेपाल क्रान्तिकारी महिला सङ्घ -९ वडा समितिको आयोजनामा फागुन २२ गते स्थानीय वाकुपति नारायण परिसरमा एक वृहत् स्वास्थ्य शिविर सम्पन्न भयो ।



जनस्वास्थ्य सेवा केन्द्रका इन्चार्ज डा.रत्नसुन्दर लासिवाले स्वास्थ्य शिविरको उद्घाटन गर्नुभएको थियो । शारीरिक अभ्यास र खानपानमा विशेष ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी, सूर्यमढी समितिका प्रतिनिधि काशीलाल प्रजापतिले नयाँ–नयाँ स्वास्थ्य समस्या देखापर्दै आएकोले थप जटिल हुन नदिन समयमै स्वास्थ्य परीक्षण

गराउनुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रामेश्वरी कोजूको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा समितिका सदस्य तीर्थलक्ष्मी धन्छाले पनि बोल्नुभएको थियो ।

रक्तचाप, मधुमेह, क्रिटिनाइन परीक्षण गरिएको सो शिविरमा १०५ जनाले परीक्षण गराएको आयोजकले बताएको छ ।

# राजधानी आइपुग्यो मेलम्चीको पानी

मेलम्ची खानेपानी आयोजनाको पानी झन्डै दुई दशकपछि सुन्दरीजल आइपुगेको छ । परीक्षणकै क्रममा सिन्धुपाल्चोकमा बग्ने मेलम्ची नदीको पानी काठमाडौं आइपुगेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीबाट फागुन २२ गते फ्लसिङ टनेलको हाइड्रो मेकानिकल गेटको बटन थिचेर यसको उद्घाटन



गरिएको थियो ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गा.वि.स. अन्तर्गत मेलम्ची नदीदेखि काठमाडौंको सुन्दरीजलसम्म करिब २७ किलोमिटर लामो सुरुङ निर्माण गरी दैनिक १७ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउने मेलम्ची आयोजनालाई 'राष्ट्रिय गौरवको आयोजना' पनि भनिन्छ ।

उपत्यकाको लागि ३० को दशकदेखि पानीको स्रोत खोजी गरिएको बताइन्छ । पछिल्लो पटक सन् १९८८ (विसं २०४४) मा पनि मेलम्ची नदीलाई सबैभन्दा उत्तम सम्भाव्य स्रोतको रूपमा पहिचान गरियो । आ.व.२०५५/५६ (सन् १९९८ अगष्ट) मा मेलम्ची खानेपानी विकास समिति गठन भएको थियो ।

सन् २००१ (विसं २०५८) मा एशियाली विकास बैंक आयोजनामा लगानीगर्न सहमत भई ऋण सम्झौता भयो र १२० मिलियन अमेरिकी डलर बराबरको ऋण सम्झौता स्वीकृत भएपछि मेलम्ची खानेपानी आयोजना विधिवत रूपमा शुरु भएको थियो । आयोजनाको शुरु अनुमान लागतभन्दा धेरै बढेर अहिले कूल लागत २७ अर्ब ७६ करोड पुगेको बताइन्छ ।

तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले २०४८ को चुनाव प्रचारका क्रममा बानेश्वरमा भाषण गर्दै 'म मेलम्चीको पानी ल्याएर काठमाडौंको सडक पखाल्छु' भनेका थिए । त्यसैले मेलम्चीसँग उनको नाम जोडिएको छ । तर मेलम्ची आयोजना विसं. २०४१ मै बनेको बताइन्छ । मेलम्चीको उतार–चढावमा प्रत्यक्ष संलग्न इञ्जिनियर तथा पूर्वसहसचिव हरिप्रसाद शर्मा भन्छन्, 'मेलम्ची कृष्णप्रसाद भट्टराईको घोषणा होइन, २०४१ सालमै अध्ययन सुरु भएको हो ।' वि.सं २०४२ तिर अष्ट्रेलियन कम्पनीलाई मेलम्चीको सम्भाव्यता अध्ययन गर्ने जिम्मा दिइएको थियो ।

पूर्वसहसचिव शर्मा भन्छन्– 'वि.सं. २०४८ मा सबै अध्ययन सकिइसकेको थियो । चुनावी दौरानमा कसैले सुनाइदियो र भट्टराईले बानेश्वरको चुनावी सभामा मेलम्चीको पानी ल्याएर काठमाडौंको सडक पखाल्छु भने ।'

तर चुनावमा भाषण गरेका भट्टराईले पछि प्रधानमन्त्री बन्दा पनि कहिल्यै मेलम्चीको कुरा प्राथमिकताका साथ नउठाएको र खासै चासो नदिएको शर्मा बताउँछन् ।

यसबीच व्यवस्था परिवर्तन भयो, थुप्रै सरकार र दर्जनौं मन्त्री फेरिए, मेलम्ची खानेपानी विकास समितिका अध्यक्षहरू दुई दर्जनभन्दा बढी भइसके, खनानेपानीको महसुल बढाइयो, ठेकेदार परिवर्तन हुँदै अन्तमा चिनियाँ कम्पनी सिनो हाइड्रोले सुरुङको फिनिसिङ सकेपछि आयोजना सम्पन्न भयो । त्यसको सात वर्षपछि मेलम्चीको पानी काठमाडौं ल्याउने तयारी भएको हो । गत १० फागुनमा मेलम्चीको सुरुङमा खसाइएको पानी फागुन २२ गते सुन्दरीजलमा खसेको हो ।

पछिल्लो पटक मेलम्ची आयोजना आव २०५८/५९ मा शुरु गर्दा विसं २०६४/६५ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । सरकार फेरियैपिच्छे हरेक सरकारले आफ्नो कार्यकालभित्रै आयोजना सम्पन्न हुने र मेलम्चीको पानी काठमाडौं आइपुग्ने दाबी गरेका थिए । तर कुरा उठेको ३६ वर्षपछि र आयोजना शुरु गरेको १९ वर्षपछि आयोजना सम्पन्न हुने देखिएको छ ।

शुरुको पानी फोहोरसहित पानी आउने भएकाले प्रशोधन केन्द्रमा नहाली बागमती नदीमा खसालिएको हो ।

परीक्षणपछि चैतको १५ गतेबाट ग्राहकलाई वितरण गरिएको छ । उखान बनेको 'मेलम्चीको पानी' यथार्थ हुने सर्वत्र आशा गरिएको छ ।

*चित्र : इन्टरनेट*

## काठमाडौं उपत्यकाको वायु प्रदूषण फेरि घातक अवस्थामा

काठमाडौं उपत्यकाको वायु प्रदूषण दुई महिनापछि फेरि घातक अवस्थामा पुगेको छ । वातावरण विभागका अनुसार चैत १३ गते दिउँसो काठमाडौंको एयर क्वालिटी इन्डेक्स (AQI) भैंसेपाटीमा ४४३, कीर्तिपुरमा २२१ र भक्तपुरमा २२० पुगेकोछ । अर्थात् काठमाडौं संसारका प्रदूषित हावा भएका सहरमध्ये पहिलो स्थानमा पुग्यो । उपत्यकावासीले आँखा–नाक पोलेको, घाँटी दुखेको, छातीमा समस्याको अनुभव गरेका थिए ।

विज्ञका अनुसार एक्युआई ५० सम्म हुनु राम्रो हो, ५० देखि १०० सम्मलाई मध्यम मानिन्छ । एक्युआई १५० सम्म पुग्दा संवेदनशील समूहलाई अस्वस्थकर हुन्छ । २०० सम्म पुगे सबैका लागि अस्वस्थकर हुन्छ । एक्युआई ३०० पुग्नु भनेको जोखिमपूर्ण हो । ३ सयभन्दा माथि पुग्नुचाहिँ घातक हो ।

यस पटकको घातक प्रदूषणको कारणमा दसककै सबभन्दा बढी डढेलोलाई औँल्याइएको छ । गृह मन्त्रालयका अनुसार पछिल्लो साता देशका विभिन्न ११० भागमा आगलागी भएको छ ।

काठमाडौं आसपासका क्षेत्रमा धेरै आगो लागेकोले हावामा धेरै धुवाँ मिसिएको देखिन्छ । चारैतिर पहाडले घेरिएको काठमाडौं उपत्यकाको हावामा थेग्न नसक्ने मोटर, इँटाभट्टाको धुवाँ र धूलो त मिसिराखेकै छ । त्यसैले प्रदूषण ह्वात्तै बढेको छ ।

उपत्यकाका चारैतिरका रमणीय हिमाल–पहाडहरू 'हराएको' अवस्था पानी परे वा बेस्सरी हावा चलेमा मात्र काठमाडौंको प्रदूषण कम हुने बताइन्छ । यो अवस्था केही दिन रहने बताइएको छ ।

उपत्यकामा जनसङ्ख्याको चाप थेग्नै नसक्ने अवस्थामा रहेकै छ । काठमाडौंमा ४५ लाख, ललितपुर र भक्तपुरमा १५ लाख गरी उपत्यकाको जनसङ्ख्या करिब ६० लाख पुगेको छ । उपत्यकाको जनसङ्ख्या वृद्धिदरलाई एसियामै उच्च मानिन्छ । दिनप्रतिदिन बढिरहेको जनसङ्ख्याकै कारण अनेक खालका वातावरणीय समस्या निम्त्याएका छन् । तर प्रदूषण न्यूनीकरण गर्नेतर्फ कुनै ठोस कदम चाल्ने सरकारको सुरसार नै छैन उल्टो 'स्मार्ट सिटी' बनाएर जनसङ्ख्या बढाउने र खुल्ला क्षेत्र र हरियाली मास्न उद्यत रहेको देखिन्छ ।

विज्ञहरूले काठमाडौंको हावा घातक भएकाले अत्यावश्यक नपरी घरबाहिर ननिस्कन, कम सवारी साधन चलाउन र मास्कको अनिवार्य प्रयोग गर्न सुझाव दिएका छन् । यसअघि गत पुस २० गते पनि काठमाडौं संसारकै प्रदूषित हावा भएको शहर बनेको थियो ।

## लक्ष्मीनारायणको मूर्ति फर्किँदै



ललितपुरको पाटन दरबार क्षेत्रबाट ३७ वर्ष अघि हराएको लक्ष्मीनारायणको मूर्ति अमेरिकी सरकारले नेपाललाई हस्तान्तरण गरेको छ । एकतीस वर्षदेखि टेक्सस राज्यको डलास सङ्ग्रहालयमा राखिएको उक्त मूर्ति सङ्घीय जाँच ब्यूरो (एफबिआई) र अमेरिकी विदेश मन्त्रालयको सहयोगमा वाशिङटनस्थित नेपाली दूतावासमा हस्तान्तरण गरिएको हो ।

अमेरिकी विदेश मन्त्रालय, कला, सांस्कृतिक सम्पदा संरक्षण विभाग, सञ्चार क्षेत्रलगायतको संयुक्त प्रयासबाट हराएको उक्त मूर्ति नेपाललाई हस्तान्तरण गर्न पाएकामा अमेरिकाले प्रसन्नता व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को मापदण्डअनुरूप नेपालको उपयुक्त स्थानमा स्थापना गर्न उक्त मूर्ति नेपाल पठाइने दूतावासले जनाएको छ ।

*चित्र : इन्टरनेट*

## एन्फालाई भक्तपुर जिल्ला फुटबल सङ्घको ध्यानाकर्षण

निर्वचित भक्तपुर जिल्ला फुटबल सङ्घ छँदाछँदै त्यस सङ्घको नाममा अरुले नै जिल्ला लिग फुटबल प्रतियोगिता २०७७ को सूचना प्रकाशित गरेकोमा घोर आपत्ति प्रकट गर्दै अखिल नेपाल फुटबल सङ्घ (एन्फा)लाई गौतम सुजखु अध्यक्ष रहेको भक्तपुर जिल्ला फुटबल सङ्घको तर्फबाट ध्यानाकर्षणको लागि महासचिव तीर्थ राजचलद्वारा हस्ताक्षरित एक निवेदन फागुन २५ गते दिएको छ ।

निवेदनमा उक्त सूचनालाई तुरुन्त रद्द गराउन र आधिकारिक सङ्घलाई नै जिल्ला लिगको आयोजना गराउनसमेत अनुरोध गरेको छ ।

स्मरणीय छ एन्फाका प्रतिनिधि संजिब मिश्रलगायतको उपस्थितिमा मिति २०७४ चैत २७ गते भएको साधारणसभाबाट गौतम सुजखुको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको

थियो। उक्त भक्तपुर जिल्ला फुटबल सङ्घका प्रतिनिधिहरू एन्फाको साधारणसभा र विशेष साधारणसभाहरूमा उपस्थित भएका थिए।

तर पछि एन्फाले भक्तपुर जिल्ला फुटबल सङ्घलाई विधान विपरीत विघटन गरेको विवादित विषयमा सम्मानीय सर्वोच्च अदालतमा मुद्दा पैरबी अगाडि बढिरहेको विधानअनुसार एन्फाको साधारण सभाबाट विघटनको निर्णय पारित नभएको अवस्थामा गौतम सुजखु अध्यक्ष रहेको भक्तपुर जिल्ला फुटबल सङ्घ नै आधिकारीक सङ्घ रहेको उपाध्यक्ष रामकृष्ण प्रजापतिले बताउनुभयो।

पहिला जिल्ला लिग गरेको खर्च नियमानुसार एन्फाले दिनुपर्ने भुक्तानीसमेत अहिलेसम्म नदिई फाईल नै हराइदिएको उपाध्यक्ष सुनिल प्रजापतिले बताउनु भयो।

विधान विपरित एन्फा कार्यसमितिको मिति २०७७ असार २ गतेको निर्णय बदर गरी गौतम सुजखु अध्यक्ष रहेको भक्तपुर जिल्ला फुटबल सङ्घलाई यथावत काम गर्न दिनु दिलाउनु पर्ने उपर्युक्त निर्णय आदेश गरी पाऊँ भनी सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको छ।

# राष्ट्रिय खेल भलिबलको प्रादेशिक रेफ्री तालिम

सुदूर पश्चिम प्रदेशको अछाम जिल्लास्थित कमलबजार नगरपालिकाको आयोजनामा नेपालको राष्ट्रिय खेल भलिबलको प्रादेशिक रेफ्री तालिम चैत १० गते सम्पन्न भयो। उक्त तालिममा सुदूरपश्चिमका विभिन्न जिल्लाबाट ५७ जना प्रशिक्षार्थीको सहभागिता थियो।



तालिमको समापन समारोहमा कमलबजार नगरपालिकाका प्रमुख ओमप्रकाश विष्टले भलिबल खेलको विकास गर्न नगरपालिकाले खेलकुद समिति गठन गरी प्रादेशिक रेफ्री कोर्सको आयोजना गरेको उल्लेख गर्दै विभिन्न कमी कमजोरीहरू आत्मसात गरी आगामी कार्यक्रममा सच्याउने प्रतिबद्धता जनाउनुभयो।

उहाँले कमलबजार नगरपालिका दुर्गम क्षेत्रको नगरपालिका भएकोले पूर्वाधार विकासलगायत पानीको पनि समस्या रहेको बताउनुभयो।

कार्यक्रममा प्रादेशिक रेफ्री कोर्सका कोर्स डाइरेक्टर एवं अन्तर्राष्ट्रिय रेफ्री गौतमप्रसाद लासिवाले प्रशिक्षार्थीहरूले कोर्सबाट सिकेको कुरा व्यवहारमा उतार्नसके सार्थकता पाउने बताउनुभयो।

उहाँले नेपालमा खेलकुद क्षेत्रमा भइरहेको पक्षपातले सही र योग्य मान्छे अवसरबाट वञ्चित भइरहेको हुँदा सबैले समान अवसर पाउन समाजवादी व्यवस्था आवश्यक भएको बताउनुभयो।

कमलबजार नगरपालिका उपप्रमुख भूमिसरा ढकाल बजगाईंको सभापतित्वमा सम्पन्न समापन समारोहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत खड्ग विष्टले दुर्गम क्षेत्रमा खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरू लामो समय टिक्न नसकेको बताउनुभयो।

कार्यक्रममा प्रशिक्षार्थी बिर्खबहादुर बोगटीले सिकेको सीप उपयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। समापन समारोहमा उत्तीर्ण प्रशिक्षार्थीहरूलाई नगर प्रमुख ओमप्रकाश विष्टले प्रमाणपत्र र ब्याच वितरण गर्नुभएको थियो।

# मतदाता सङ्ख्या १ करोड ६२ लाख

निर्वाचन आयोगले २०७७ पुस ५ गतेसम्म १८ वर्ष पूरा भई मतदाता नामावलीमा नाम दर्ता गराएका १ करोड ६२ लाख ४३ हजार १ सय १० मतदाताको अन्तिम नामावली चैत्र ५ गते प्रकाशन गरेको छ।

प्रतिनिधिसभा विघटनगरी मध्यावधि निर्वाचन घोषणा गरिएसँगै आयोगले मतदाता नामावली सङ्कलन स्थगित गरेको थियो।

अद्यावधिक गरिएको मतदाता नामावलीअनुसार देशभरका कुल मतदातामध्ये पुरुष ८२ लाख ११ हजार ९ सय ५४, महिला ८० लाख ३० हजार ९ सय ८४ र तेश्रो लिङ्गीको सङ्ख्या १ सय ७२ पुगेको छ।

प्रतिनिधिसभा पुनःस्थापनापछि स्थगित मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी काम पुनः सुरु गरिने जानकारी आयोगले दिएको छ।

# सरकार र चन्द समूहबीच तीन बुँदे सहमतिमा हस्ताक्षर

नेपाल सरकार र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीबीच तीन बुँदे सहमतिमा फागुन २१ गते एक कार्यक्रमबीच हस्ताक्षर भएको छ।




सहमतिका तीन बुँदा निम्न थिए –

१. दुवै पक्ष देशका राजनीतिक समस्या वार्ता र संवादबाट समाधान गर्ने सहमत ।

२. चन्द नेतृत्वको नेकपा आफ्ना सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रूपमा गर्न सहमत ।

३. नेपाल सरकार चन्द नेतृत्वको नेकपालाई प्रतिबन्ध हटाउन र कार्यकर्ता रिहाइ र सबै मुद्दा खारेज गर्न सहमत ।

हस्ताक्षर कार्यक्रमको मञ्चमा सरकारको तर्फबाट प्रधानमन्त्री केपी ओली, उपप्रधानमन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, नेकपा नेता सुवासचन्द्र नेम्वाङ र राजन भट्टराई थिए भने अर्कोतर्फ नेकपाका महासचिव चन्द, खड्गबहादुर विश्वकर्मा र उदय चलाउने थिए । कार्यक्रममा भट्टराइले १०/११ महिनादेखि प्रत्यक्ष/अप्रत्यक्ष संवादबाट वार्ता सफल भएको बताए ।

सहमतिपत्रमा सरकारी वार्ता टोलीबाट गृहमन्त्री थापा र चन्द समूहबाट प्रवक्ता विश्वकर्माले हस्ताक्षर गरेका थिए । कार्यक्रममा प्रधानमन्त्री र चन्दले सहमति पालना गर्ने प्रतिवद्धता व्यक्त गरे ।

*चित्र : इन्टरनेट*

# संरा अमेरिका र क्युवा

☐ ट्रम्पमै बाइडेनको मुकुण्डो ?

☐ क्युवाविरुद्ध झूटा आरोप खारेज गर्ने बाइडेनको तयारी

क्युवामाथि संरा अमेरिकाको सरकारले लगाइराखेको 'आतङ्कवादी' नाकाबन्दीले छ दसक नाघिसकेको छ । त्यो नाकाबन्दी क्युवा र क्युवाली जनताको विरुद्ध त छ नै विश्व मानवअधिकारका मूल्य मान्यताको घोरविरुद्ध पनि रहेको छ । क्युवा र क्युवाली जनताले यसको निरन्तर विरोध गरिरहेका छन् भने अमेरिकी जनताले पनि आफ्नो इच्छा र भावना विपरीत भन्दै विरोध गर्दै आएका छन् । सत्तामा जाने डेमोक्रेट र रिपब्लिकन पार्टीका कतिपय नेताहरूले पनि विरोध जनाउने गरेका छन् । त्यस्तै विश्वका अत्यधिक देशहरूले विभिन्न मञ्चबाट विरोध गरेका छन् । संरा सङ्घका ४–५ बाहेक बाँकी सबै सदस्य राष्ट्रहरूले नाकाबन्दीको विपक्षमा मतदान गर्दै आएका छन् ।




संरा अमेरिकी जनताले पनि नाकाबन्दी हटाउन माग गर्दै विभिन्न समयमा विभिन्न कार्यक्रम गर्दै आएका छन् । गएको फेब्रुअरी २८ मा संरा अमेरिकाको सियाटल, न्यु योर्क, वाशिङटन, लस एन्जेल्स, मिनियपोलिस र क्यानाडाको ओटावा र मन्ट्रियल शहरमा नाकाबन्दी हटाउन माग गर्दै र्‍याली भएको खबर 'ग्रान्मा' ले दिएकोछ । यस्तो र्‍याली हालै संरा अमेरिकाको बीस शहरमा भएका छन् ।



# क्युवाविरुद्ध झूटा आरोप खारेज गर्ने बाइडेनको तयारी

पछिल्लो समाचारअनुसार संरा अमेरिकी राष्ट्रपति जो बाइडेनको सरकारले अघिल्लो ट्रम्प सरकारले समाजवादी देश क्युवामाथि थोपरेको 'आतङ्कवादको प्रायोजक राज्य' को आरोप हटाउने विषयमा पुनःविचार गर्ने भएको अमेरिकी राष्ट्रपति कार्यालयले फाल्गुन २६ गते जनाएको छ ।

'हामी अघिल्लो सरकारले गरेका नीतिगत निर्णयको सावधानीपूर्वक समीक्षाप्रति कटिबद्ध छौँ । क्युवालाई 'आतङ्कवादको प्रायोजक राज्य' मान्ने निर्णयमा पनि पुनःविचार गर्न तयार छौँ', राष्ट्रपति कार्यालयका सञ्चार सचिव जेन साकीले दैनिक पत्रकार भेटघाटमा पत्रकारहरूलाई भने ।

तर, उनले 'क्युवासम्बन्धी नीति परिवर्तन नै राष्ट्रपति बाइडेनको उच्च प्राथमिकता नहुने' पनि स्पष्ट पारे ।

संरा अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपति भवन छोड्नु नौ दिनअघि उनको सरकारले जनवरी ११ मा अमेरिकी अपराधी र कोलोम्बियाली विद्रोही नेताहरूलाई लुकाएको तथा भेनेजुयलाका समाजवादी राष्ट्रपति निकोलस माडुरोलाई सुरक्षा समर्थन गरेको आरोपमा संरा अमेरिकाको शत्रुको सूचीमा राख्ने निर्णय गरेको थियो ।

आलोचकहरूले ट्रम्पको सो निर्णय 'निकै राजनीतिक' भएको र प्रमाणको कुनै आधार नभएको बताउँदै आएका छन् । संरा अमेरिकी तल्लो सदनका असी जना सांसदहरूले गत मार्च ३ मा राष्ट्रपति बाइडेनलाई एउटा पत्र लेखी क्युवामाथिको 'क्रुर' नाकाबन्दी हटाउन र नयाँ सम्बन्ध विस्तार गर्न आग्रह गरेका थिए ।

संरा अमेरिकाले सबभन्दा पहिले सन् १९८२ मा क्युवालाई 'आतङ्कवादको प्रायोजक राज्य' को सूचीमा राखेको थियो । सन् २०१५ को मे महिनामा बाराक ओबामा सरकारले औपचारिकरूपमा क्युवालाई सो सूचीबाट हटाएको थियो । यसले शीतयुद्ध कालदेखिका शत्रुहरूबीच कूटनीतिक सम्बन्ध पुनःस्थापनामा अवरोध बनेको मुख्य तगारो पन्छाएको थियो ।

सन् २०१७ मा अमेरिकी राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि अमेरिका र क्युवाबीचको सम्बन्ध नराम्ररी खस्केको थियो । ट्रम्प सरकारले क्युवाविरुद्धको नाकाबन्दी हटाउने पूर्व सरकारको प्रयासलाई उल्टाएका थिए । साथै उसले भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरोप्रति हवानाको समर्थन रोक्ने प्रयास गरेको थियो । माडुरोलाई वाशिङ्टनले पदच्युत बनाउने कोसिस गरेको थियो ।



**नाकाबन्दी हटाउन माग गर्दै र्‍यालीहरू**

त्यस्तै दुई देशको सम्बन्ध सामान्यीकरणको आग्रह गर्दै संस्थागत रूपमा प्रस्ताव पारित गर्ने संरा अमेरिका नगर परिषद्हरूको सङ्ख्या १८ पुगेको छ । हालै शिकागो नगर परिषद्ले क्युवाविरुद्धको आर्थिक, व्यापारिक र वित्तीय नाकाबन्दी हटाउन सरकारसँग माग गरिएको प्रस्ताव सर्वसम्मतले पारित गरेको छ । त्यस प्रस्तावमा राष्ट्रपति जो बाइडेनसँग ट्रम्प प्रशासनले लगाएको प्रतिबन्ध पनि हटाउन आग्रह गरिएको छ ।

एक अर्को खबरअनुसार ल्याटिन अमेरिका र क्यारिबियाका सयभन्दा बढी संस्थाहरू आवद्धरहेको ल्याटिन अमेरिकी चर्च परिषद्ले पनि दुई देशबीचको सम्बन्ध सामान्यीकरण गर्न आग्रह गर्दै राष्ट्रपति जो बाइडेनलाई पत्र लेखेका छन् । त्यस्तै पत्र यसअघि संरा अमेरिकाका ५० भन्दा बढी वातावरण, प्राज्ञिक, धार्मिक, मानवअधिकार, व्यापारिक संस्थाहरूले एक संयुक्त पत्र बाइडेनलाई बुझाएका थिए ।

तर अमेरिकीलगायत विश्वका जनताले बाइडेन प्रशासनमा ट्रम्प प्रशासनभन्दा तात्त्विक भिन्नता देख्न पाएका छैनन् । त्यसैले ट्रम्पले नै बाइडेनको मुकुण्डो लगाएको अनुभव गर्न थालेका छन् ।

क्युवाका साथै संरा अमेरिकी विदेश विभागले सिरिया, इरान र प्रजग कोरियालाई पनि आतङ्कवादलाई प्रायोजन गर्ने राज्यहरूको सूचीमा राखेको छ ।

*चित्र : इन्टरनेट*

# अन्यायपूर्वक ४० वर्ष भारतको जेलमा रहेका नेपाली रिहा



**'विश्वको सबभन्दा ठूलो प्रजातान्त्रिक देश' भनिएको भारतमा एक नेपाली विनापूर्पक्ष अन्यायपूर्वक ४० वर्ष जेल बसेर हालै रिहा भएका छन् ।**



जेलबाट रिहा गरिँदै दुर्गाप्रसाद (बीचमा सेतो लुगामा)

इलामको माई नगरपालिका-१० का दुर्गाप्रसाद १९ वर्षको छँदा तोरी बेच्न भन्दै मंगलबारे गएका थिए । त्यहाँबाट आएको पैसा लिएर उनी काम खोज्दै दार्जिलिङ पुगेका थिए । दार्जिलिङमा हत्या आरोपमा पक्राउ परे । उनले आफू निर्दोष भएको बताए तर अदालतले मानेन ।

दार्जिलिङमा भएको एक आगलागीमा उनको कागजपत्र जलेपछि उनको मानिसकस्वास्थ्य कमजोर बन्दै गयो । बरु कारबाहीविनै

सन् १९८२ को जनवरीमा अदालतले स्वास्थ्य जाँच गरेर सुनुवाइका लागि ल्याउन भनेको थियो । तर, उनको पक्षमा बोल्न मानिसहरु नभएपछि जाँचका लागि पनि लगिएन । जाँचको रिपोर्ट अदालतमा नबुझाइँदा उनले ४० वर्षसम्म विभिन्न कारागारहरू मा घुमाइराखियो । यता परिवारले उनी 'गोर्खाल्यान्ड'को क्रममा मारिएको हुनसक्ने आशंका गऱ्यो ।

कोलकाताको दमदम कारागारमा राधेश्याम दास नामक बन्दीले उनलाई १० वर्षअघि देखेका थिए । माओवादीको आरोपमा दोस्रो पटक गत जनवरीमा दमदम जेलमा पुग्दा दीपकलाई त्यहीं देखेछन् । सोधपुछ गर्दा उनी ४० वर्षदेखि सुनुवाइविना कारागारमा रहेको खुलेको थियो । र, दासले थुनामुक्त भएपछि वेस्ट बंगाल रेडियो क्लबमा खबर गरेका थिए । त्यसपछि विभिन्न सञ्चारमाध्यममा उनी ४० वर्षदेखि जेलमा रहेको खबर सार्वजनिक भयो र उनको पक्षमा आवाज व्यापक बन्यो ।

यसरी अदालती प्रक्रियाबिना ४० वर्ष भारतको जेलमा रहेका नेपाली दुर्गाप्रसाद तिम्सिना (दीपक जैसी) लाई छाड्न अदालतले आदेश दियो र गएको चैत्र ७ गते दमदम सेन्ट्रल जेलबाट रिहा गरिए ।

कलकत्ता उच्च अदालतले ४० वर्षपछि भारतीय जेलबाट रिहा भएका इलामका दुर्गाप्रसाद तिम्सिनाको परिवारले क्षतिपूर्ति मागे दिन भनेको छ ।

दुर्गाप्रसादका भाइ प्रकाशचन्द्र तिम्सिनाका अनुसार जेलमा उनले एउटा कापी पाएका थिए, त्यहाँ उनले पाएको यातनाबारे नेपाली र हिन्दी भाषामा लेखिएको थियो । 'त्यो ल्याउन त दिइएन तर हामीले पहिल्यै पढेका थियौं' उनले भने, 'त्यहाँ चरम यातना दिइएकाले बचाउन गुहार गरेको पाइन्छ ।' डायरीमा दुर्गाप्रसादले नेपाली र हिन्दी दुवै भाषामा लेखेको उनले बताए ।

अन्यायपूर्वक ४० वर्ष जेल बिताएका दुर्गाको पक्षमा आवाज उठाउने मध्येका रेडियो पत्रकार अम्बरिश नाग विश्वासले भनेका छन्– 'हामीले एउटा लडाइँ जित्यौं । दीपकजी र उहाँकी आमा यतिका वर्षपछि एक–अर्कालाई देख्न पाउनु हुने भएको छ । अम्बरिशले थपे, 'भारतीय प्रशासनको लापरबाहीले एक जना मान्छेको जीवनै बर्बाद बनाइदियो । एक भारतीय हुनुका नाताले मेरो अहिलेको खुसीमा ग्लानी मिसिएको छ ।'

*चित्र : इन्टरनेट*

**पाठक पत्र**

# ध्यानाकर्षण एवम् भूल सुधार सम्बन्धमा

भक्तपुर नगरपालिका क्षेत्रभित्र नगरपालिका कार्यालयबाट सम्पन्न विकास निर्माणका कृयाकलापहरू यहाँका जनतामाझ सुसूचित गर्दै पारदर्शिता प्रदान गर्नुका साथै अन्य जानकारीमूलक स्तरीय लेख तथा रचनाहरुद्वारा जनताको चेतनाको स्तर उकास्न प्रकाशन हुँदै आएको 'भक्तपुर' मासिक पत्रिकाको नियमित पाठकको हैसियतले मासिक सङ्ख्या २८७ (२०७७ असोज अङ्क) पनि पढ्ने मौका मिल्यो । सो पत्रिकाको पृष्ठ ५४ मा 'निर्माण र पुनर्निर्माण कार्य' शीर्षक अन्तर्गत

'भक्तपुर नपाले निर्माण गरेको **नःपुखुस्थित हाडा फल्चा**' अनुशीर्षकमा प्रकाशित सचित्र गतिविधिमा हाम्रो ध्यानाकर्षण भएको छ ।

नःपुखुस्थित सो दिगु द्यः स्थान सम्पूर्ण हाडा–बिजुक्छेँजनहरूको पवित्र भूमि एवम् आस्थाको केन्द्र रहेको पनि अवगत गराउन चाहन्छौँ । यस पुण्यभूमि परिसर विगत केही वर्षदेखि अत्यन्त जीर्ण अवस्थामा पुगी मानव सुरक्षामा समेत खतरासूचक भएपछि जीर्णोद्धारको विकल्प रहेन । सम्पदा संरक्षणमा अग्रणी भक्तपुर नगरपालिकाले यस क्षेत्र पनि जीर्णोद्धार गर्न सकिने सद्भाव प्राप्त भएता पनि सो परिसर हाडा–बिजुक्छेँजनहरूको आफ्नै कुलायन देव भएको हुँदा यसको जीर्णोद्धार र संरक्षणको दायित्व बोध गरी नगरपालिकालाई कुनै आर्थिक भार नपार्ने निधो गर्‍यौँ । सोही व्यहोरासहित नगरपालिकामा पेश गरिएको निवेदन पश्चात् त्यस आग्रहलाई नगरपालिकाले पनि सौहार्द्र रूपमा सकारात्मक चिन्तनसहित हामी सम्पूर्ण हाडा–बिजुक्छेँजनहरूद्वारा गठित जीर्णोद्धार समितिलाई जीर्णोद्धारका लागि स्वीकृति प्रदान गरेकोमा हामी मुक्त–कण्ठले प्रशंसा एवम् हृदयदेखि आभार प्रकट गर्न चाहन्छौँ । यसैको प्रतिफल स्वरूप सम्पूर्ण हाडा–बिजुक्छेँजनहरूको आर्थिक सहयोगमा करीब ६० लाखको बजेटमा जीर्णोद्धार सम्पन्न भई हालको अवस्थामा यसले नःपुखु परिसरको सुन्दरतामा अझै आकर्षण थपेको छ । यद्यपि निर्माणमा खर्च भएको करीब ५ लाख अझै ऋणमै परेको र सो को जोहो गर्न पनि सहजै सकिने जीर्णोद्धार समितिले विश्वास लिएको छ । दश नङ्ग्रा खियाई हातमुख जोडिरहेका करीब १५० घर–धुरीका हाडा–बिजुक्छेँजनहरूले स्वयम्को भौतिक एवम् निर्माण व्यवस्थापनमा सो दिगु द्यः जीर्णोद्धार सम्पन्न गर्नु हामी सबैको लागि गौरवको विषय हो । उक्त दिगु द्यः परिसर र फल्चा पक्कै पनि नगरपालिकाको नैतिक सहयोगले भएको भएतापनि यसको लागि भौतिक एवम् निर्माण व्यवस्थापन हाडा–बिजुक्छेँहरूबाट भएको हुँदा हामी हाडा–बिजुक्छेँजनहरूको सम्पदा संरक्षणको पाइलामा अझ उत्साह थप्न उक्त प्रकाशित समाचारमा भूल सुधार गरी प्रकाशन गरी दिनुहुन अनुरोध गर्दछौँ र यस कुरालाई नगरपालिकाले सकारात्मक रूपमा लिनेछ भन्ने विषयमा हामी सम्पूर्ण हाडा–बिजुक्छेँजनहरू विश्वस्त छौँ ।

यसैगरी भक्तपुर नगरपालिका नासमना टोलस्थित **'हाडा छेँ'** बारे पनि ध्यानाकर्षण गराउन चाहन्छौँ । यथार्थमा सो घर हाडाहरूको नभई घर धनी तिमिला थर भएका व्यक्तिको भएको व्यहोरा अवगत गराउन चाहन्छौँ । निज तिमिला थर भएका व्यक्तिले हाडाहरूकी छोरी दिव्यश्वरी हाडासँग विवाह गरेको तर उहाँहरूको कुनै सन्तान नभएको हुँदा मृत्युपश्चात् सबै संस्कार मावलीतर्फका निकट नातेदार बुद्धनगर, काठमाडौं निवासी श्री मदनकृष्ण हाडाले गरेको पनि अवगत गराउन चाहन्छौँ । यसरी निज तिमिलाको शेषपछि अपुताली स्वरूप श्री मदनकृष्ण हाडाले प्राप्त गरेको हुँदा सो घर 'हाडा छेँ' को नाममा प्रचार भई भ्रम सिर्जना भएको हुनसक्छ । यस सन्दर्भमा विस्तृत विवरण चाहिएमा हामी हाडा–बिजुक्छेँजनहरू सही विवरण दिन लालायित पनि छौँ । सो घरको वास्तविक नाम **'लाब्छेँ'** रहेको तथा सो घर भक्तपुरको दतात्रय मन्दिरभन्दा पनि पुरानो रहेको भन्ने जनश्रुती रहेको पाइन्छ, तसर्थ यस विषयमा पनि सही सूचना प्रवाह गर्नु हुन अनुरोध गर्दै कार्यान्वयन हुनेमा हामीले विश्वास लिएका छौँ ।

**– राजेन्द्र हाडा र हाडा–बिजुक्छेँ परिवार**

गल्ती औँल्याई दिनुभएकोमा प्रेषकलाई धन्यवाद ।



*साथै उक्त अङ्कको माथिको तस्बिरमा '**हाडा–बिजुक्छेँजनहरूबाट जीर्णोद्धार सम्पन्न हाडा फल्चा**' गरी सच्याउनु हुन,*

*त्यस्तै गताङ्कको पृष्ठ १०० को तस्बिर*



*र पृष्ठ ११६ को तस्बिर*




*हुनुपर्ने तथा आवरण दोस्रो पृष्ठको तस्बिर केप्शनमा मिति '**माघ २९**' हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनु हुन अनुरोध छ–सम्पादक)*

## अभिभावक ठग्ने विद्यालयलाई कारबाही होस्

नोबेल कोरोना भाइरस (कोभिड १९)ले गर्दा २०७६ चैतदेखि विद्यालय बन्द भयो। लामो समय विद्यालय बन्द हुँदा वैकल्पिक शिक्षा अनलाइन कक्षा सञ्चालनमा आयो। पछि विद्यालय सञ्चालनको लागि सरकारले स्थानीय तह वा स्थानीय सरकारलाई जिम्मा दियो। सो सँगै शुल्क सम्बन्धमा के गर्ने भन्ने देखियो। भक्तपुर नगरपालिकाले उचित तरिकाले शुल्क तोकी दियो। वैशाख, जेठ र असारको मासिक शुल्क मिनाहा किनकी त्यतिबेला कुनै पनि शिक्षण संस्था सञ्चालन भएको थिएन। त्यसपछि मासिक शुल्कमा श्रावण भाद्रको पचास प्रतिशत र असोजदेखि पचहत्तर प्रतिशतमात्र लिन पाउने निर्णय भयो। माघदेखि भौतिक कक्षा सञ्चालनमा आएकोले शतप्रतिशत मासिक शुल्क लिन पाउने भयो। तर नगरपालिकाको उक्त निर्णयलाई अटेर गरी अभिभावकहरूको ढाड सेक्ने गरी केही निजी विद्यालयले जथाभावी शुल्क उठाएका छन्। जबर्जस्ती डिपोजिट र ट्युसन वा कोचिङ फीको रूपमा पैसा असुल्न थालेकोमा विरोध गर्दा विद्यालय संचालकले अभिभावकहरूलाई र्दुव्यवहार गरे। पटक पटक विद्यालयमा छलफल गर्दा पनि नगरपालिकाले निर्धारण गरेको शुल्कभन्दा बढी तीर्न भनिएपछि अभिभावकहरूले भक्तपुर नगर शिक्षामा उजुरी निवेदन दिए। तर उक्त निवेदन उपर नगर शिक्षाबाट कारबाही नहुदा सञ्चालकले बच्चाहरूलाई परीक्षामा समस्या पार्ने, भने जति शुल्क नबुझाए बच्चा निकालेर लान धम्की दिने गरेका छन्। यसतर्फ नगर शिक्षा समितिको समयमै गम्भीर ध्यानाकर्षण हुने तमाम अभिभावकहरूको आशा छ।

**– पीडित अभिभावकहरू**

# हाम्रो स्वास्थ्य

## यसकारण बेलुकाको खाना चाँडै खानुहोस्

धेरैजसो मानिसहरूको बेलुका ढिला खाना खाने बानी हुन्छ। तर बेलुका ढिला खाना खानु स्वास्थ्यको लागि हानिकार क मानिन्छ। सकभर बेलुकीको खाना छिटो खानु स्वास्थ्यको दृष्टिले धेरै राम्रो मानिन्छ।

**बेलुकी छिटो खाना खानुको फाइदाहरू**

१. तौल नियन्त्रणमा रहन्छ। यदि तपाइँ तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने बेलुकीको खाना चाँडै खानुहोस्।

२. छाति पोल्दैन। अधिकांश मानिसको खाना खाएपछि सिधै सुत्न जाने बानी हुन्छ। यसो गर्नाले स्वास्थ्य खराब हुन सक्छ र छाति पोल्ने समस्या आउन सक्छ। चाँडै खाना खानुहुन्छ भने यो समस्या आउँदैन।

३. अधिक उर्जा पाउन सकिन्छ। बेलुकाको खाना अबेर खाने हो भने बिहानको नास्ता खान त्यति मन लाग्दैन, जसबाट दिनभर उर्जाको कमी हुन सक्छ।

४. हलुका महसुस हुन्छ। यदि बेलुकाको खाना सही समयमा खाइन्छ भने अर्को दिन भोक लाग्छ र समयमै तपाईंले खाना खानुहुन्छ।

५. गहिरो निद्रा पर्छ। राति ढिला खाना खानाले निद्रा पनि ढिलै लाग्छ र निद्रा पूरै लाग्दैन। यसविपरित चाँडै खाना खानाले निद्रा नआउने समस्या केही हदसम्म कम गर्न सकिन्छ र यसबाट शरीरको चक्र पनि व्यवस्थित हुन्छ।

६. पाचनका लागि बढी समय उपलब्ध हुन्छ। जति खाना खायो, उति नै पच्नु पनि पर्छ। खाना खाएपछि त्यसलाई पच्न समय लाग्छ। यदि चाँडै खाना खाने हो भने त्यसलाई पचाउने समय पनि पाइन्छ र यसबाट बिहान ताजा अनुभूति पनि हुन्छ।

७. पेटको रोग कम हुन्छ। सही समयमा खाना खानाले पूर्ण रूपमा पच्छ, यसबाट पेट सधैँ सफा रहन्छ। पेट दुख्ने, ग्यास र अपचको समस्या पनि हुँदैन। यसका साथै छाला पनि चम्किलो हुन्छ।

८. चाहेको खान सकिन्छ। चाँडै खाना खाँदा तपाइँ आफै के–के खाने भनेर निर्धारण गर्न सक्नुहुन्छ। यदि खाना खाएपछि डेजर्ट खान मन लाग्छ भने तपाइँ आरामले खान सक्नुहुन्छ, किनकि खाना पहिले नै पचिसकेको हुनेछ।

*लोकपथ डटकमबाट*

# निर्भिक बुद्धिजीवी प्राध्यापक माणिकलाल श्रेष्ठको निधन



देशका एक निर्भिक र साँचो बुद्धिजीवी प्राध्यापक माणिकलाल श्रेष्ठको चैत्र ३ गते मङ्गलबार विहान निधन भयो । लामो समयदेखि मिर्गौला र मुटु रोगबाट पीडित श्रेष्ठको ८९ वर्षको उमेरमा उपचारको क्रममा शहीद गङ्गालाल हृदयरोग केन्द्रमा निधन भएको हो । पीपलपाते बुद्धिजीवीहरुको विपरीत एक निर्भिक र साँचो वाम बुद्धिजीवीको रुपमा आफ्नो परिचय बनाउन सफल श्रेष्ठ विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो ।

उहाँको जन्म नेसं १०५२ कौलाथ्व १४ (मोहनी चतुर्दशी) तद्अनुसार विसं १९८९ असोज २७ गते ईस्वी संवत् १९३२ अक्टोबर १४, को दिन काठमाडौंको थँहिति टोलमा आमा लक्ष्मीकुमारी र पिता सुब्बा हीरालाल श्रेष्ठका माहिला छोराको रुपमा भएको हो । उहाँ चार वर्षको उमेरमै शहीद चिनियालाल सिंह र उनका दाजु फत्तेबहादुर सिंहले चलाउनुभएको ऐतिहासिक विद्यालय महावीर इन्स्टिच्युटमा भर्ना भई औपचारिक शिक्षा आरम्भ गर्नुभएको थियो । तात्कालीन समयका क्रान्तिकारीहरु शहीद गंगालाल, शहीद चिनियालाल सिंह, कवि सिद्धिचरण श्रेष्ठ, पूर्णबहादुर मानव, टङ्कविलास बज्राचार्य आदि गुरुहरुबाट उहाँले शिक्षार्जन गर्नुभयो । राणा प्रधानमन्त्री पद्म शमशेरको पालामा उहाँले एसएलसी परीक्षा उत्तीर्ण गर्नुभयो । त्यसपछि उहाँ त्रिचन्द्र कलेजमा उच्च अध्ययन गर्नुभयो भने पब्लिक स्कूल र माधवप्रसाद राजभण्डारी प्रधानाध्यापक रहेको नेपाल आदर्श विद्यालयमा शिक्षक बन्नुभयो । त्रिचन्द्र कलेजबाट बीएस्सी उत्तीर्ण गरेपछि उहाँले आईए र बीए पनि उत्तीर्ण गर्नुभयो । उहाँले अङ्ग्रेजी भाषा र कानुनको उच्च अध्ययन गर्नुभएको थियो । संवैधानिक कानुनमा स्नातक गर्ने पहिलो ब्यक्ति श्रेष्ठ अन्तर्राष्ट्रिय कानुनका ब्याख्याता पनि हुनुहुन्थ्यो ।

वामपन्थी आन्दोलनबारे मिहीनरुपमा अध्ययन गर्नुभएका श्रेष्ठ मार्क्सवादको राम्रो जानकार हुनुहुन्थ्यो । तीक्ष्ण स्मरणशक्तिका धनी श्रेष्ठ आफ्नो विषयका साथै नेपाललगायत विश्व इतिहासको तिथिमितिसमेत यकिनका साथ बताउन सक्ने क्षमता राख्नुहुन्थ्यो । मार्क्सवाद-लेनिनवाद र विभिन्न देशका क्रान्तिकारीबारे गहन अध्ययन गर्नुभएका श्रेष्ठले इतिहासको पनि गहिरो अनुसन्धान गर्नुभएको छ । नेपाली वाम आन्दोलनका शिखर बौद्धिक ब्यक्तित्व श्रेष्ठसँग कतिपय वाम नेताहरु समेत सैद्धान्तिक विषय वस्तुहरुमा प्रष्ट हुनका लागि बहस छलफल गर्ने तथा उहाँसँग सरसल्लाह लिने गर्छन् ।

विसं २०१४ मा साविकको काठमाडौं नगरपालिका-९ (हाल वडा नं १७) थँहितिको वडाध्यक्षमा निर्वाचित हुनुभएका श्रेष्ठले मातृभाषाको संरक्षण र संवर्द्धनमा विशेष भूमिका खेल्नुभएको थियो । उहाँकै पहलमा काठमाडौं महानगरभित्रका स्थानीय तहमा मातृभाषा शिक्षा लागू गराउनुभएको थियो । वामपन्थी आन्दोलनमा लागेका कारण पटकपटक जेल जीवन एवं हिरासतमा समेत पर्नुभएका श्रेष्ठ निर्भिक बौद्धिक ब्यक्तिको रुपमा चिनिनुहुन्थ्यो ।

त्रिचन्द्र क्याम्पसमा प्राध्यापनरत छँदा कम्युनिस्ट भएकै कारण थुनिएसँगै उहाँलाई सेवाबाट बर्खास्त गरिएको थियो । त्रिभुवन विश्वविद्यालयमा नेपालभाषा केन्द्रीय विभागमा पाश्चात्य समालोचना विषयमा प्राध्यापन गर्नुभएका श्रेष्ठ विज्ञान, कानुन, इतिहास तथा मातृभाषाको अभियन्ताका रुपमा चिनिनुहुन्थ्यो । उहाँको मार्गनिर्देशनमा सयौँ अध्येताहरुले विद्यावारिधि गरिसकेका छन् भने एमए गर्नेहरुको सङ्ख्या थुप्रै छन् ।

उहाँले पत्रकारिता पनि गर्नु भएको थियो । नेपाल भाषाको पहिलो दैनिक पत्रिका फत्तेबहादुर सिंहको सम्पादनमा प्रकाशित हुने **'नेपालभाषा पत्रिका'** मा पनि लामो समय काम गर्नुभएको थियो ।

स्व. माणिकलाल श्रेष्ठ बहुआयामिक ब्यक्तित्वका धनी हुनुहुन्थ्यो । वामपन्थी विचारक, साम्राज्यवाद विरोधी ब्यक्तित्व, इतिहासका सूक्ष्म ज्ञाता, विज्ञानका ज्ञाता, कानुनका ज्ञाता, नेपालभाषाका समालोचक, मातृभाषा अभियन्ता, विश्वविद्यालयका प्राध्यापक भनेर चिनिनु हुन्थ्यो । सयौँ विचरोत्तेजक लेख तथा आलेखका लेखक श्रेष्ठका **'पाश्चात्य समालोचना सिद्धान्त'** (च्वसापासाया, ने.सं. ११०८) लगायत, मानव समाजको विकासबारे मार्क्सवादी दृष्टिकोण, जापानी कथाहरुको अनुवाद आदि पुस्तक प्रकाशित छन् । उहाँ कोरियाली प्रायःद्विपको इतिहासका विशेषज्ञ मानिनु हुन्थ्यो । समालोचना सिद्धान्त पुस्तकलाई नेपालभाषा साहित्यिक इतिहासको प्रसिद्ध धरोहर र अमूल्य निधि मानिन्छ ।

माणिकलालका पत्नी सुशीला सिंह 'शिलु' नेपालकी पहिलो महिला वकिल तथा सर्वोच्च अदालतको पहिलो महिला न्यायाधीशसमेत हुनुहुन्थ्यो । उहाँको गत जेठ ९ गते निधन भएको थियो ।

माणिकलालका दुई छोरा वरिष्ठ मुटु शल्यचिकित्सक प्रा.डा. मलखलाल श्रेष्ठ र फेसियल म्याक्सिलरी सर्जरीमा पोस्ट ग्राजुएट र विद्यावारिधि गरेका चर्चित डा. सितुलाल श्रेष्ठ हुनुहुन्छ । उहाँका दुई बुहारीहरु र चार नाति नातिनाहरु हुनुहुन्छ।

स्व. श्रेष्ठको अन्त्येष्टि चैत्र ५ गते गरियो ।

**दिवंगत स्व.श्रेष्ठमा हार्दिक श्रद्धाञ्जली !**

# माणिकलाल जु जिं स्यू कथं

– सांसद भाजु नारायणमान बिजुक्छेँ



बहुआयामिक व्यक्तित्वया धनी प्राध्यापक माणिकलाल श्रेष्ठया बारे २०१४ साल पाखेया छगू घटनाया सम्झना वः। उबलय् वयकः काठमाण्डौं नगरपालिकाया निर्वाचित सदस्य जुया द्यूबलय् नयाँसडकया थौंया विशाल बजारया भवन दयेकुगु थासय् 'जनसेवा' सिनेमा हल दुगु जुल। थ्वया दक्षिणपाखे छगू देगः दुगु खः। उगु देगःया दक्षिणया फलचा नापं स्वाःगु जग्गाय् सुं मनुखं भवनया निर्माण शुरु यात। काठमाण्डौं नगरपालिकां उगु निर्माणयात रोके यात। तर नगरपालिकाया आदेश पालन मयासें निर्माण चालु यात। माणिकलाल जु व नगरपालिकाया अन्य सदस्यपिं जीपय् च्वनाः जनतायात उकिया बारे अवगत यायां झाल। लिपा जनतानापं मिले जुयाः वयकःपिसं अनियमित कथं निर्माण याःगु भाग थुने त्यंगु दृश्य जित झल्झल्ति लुमं।

२०१५ सालया महानिर्वाचनया इलय् पुष्पलाल जु नापनापं वयकः नेपाल कम्युनिष्ट पार्टीया समर्थनय् चुनाव प्रचारया ज्याय् सक्रिय जुयादिल। नेपाल कम्युनिष्ट पार्टी उबलय् निगू विचारे विभाजित जुल। डा. माझी उबलय् पार्टी महासचिव जुयाच्वंगु व वयागु समूहयात 'राजावादी' या संज्ञा ब्यूगुजुलसा पुष्पलाल जुया धारायात वामपक्ष वा 'गणतन्त्रवादी' या रूपय् काल। माणिकलाल जुयात उबलय् 'लाल कम्युनिष्ट' धकाः मनूतसें म्हस्यूगु जुल।

'लाल कम्युनिष्टं' नेपाली कांग्रेस व गोर्खा परिषदया विरोधय् थःगु दकले सत्तीम्ह मित्र-शक्ति नेपाल कम्युनिष्ट पार्टीयात उकिस नं वामपक्षयात समर्थन यायेगु नीति काल। उगु नीति अनुसार माणिकलाल जु कम्युनिष्ट पार्टीया उपत्यकाया प्रचार अभियानय् सहयोग यायेत सक्रियतापूर्वक लगेजुयादिल।

ख्पपया टौमढी त्वालय् छगू तःधंगु जनसभाय् वयकलं सम्बोधन यानाद्यूगु लुमन्ति जितः आतकं वःनि। वर्गीय दृष्टिकोणं पार्टीया मूल्याङ्कन यायां वयकलं धयाद्यूगु खः– थौं मखुसा कन्हय्, कन्हय् मखुसा कंस नेपाली कांग्रेस व गोर्खा परिषदं ल्हाःमिलेयाइ तिनि, न्हयोनय् ल्हाः मिले मयाःसां लिउने मिलेयाइ तिनि।

२०१७ साल लिपा बेनीबहादुर कार्की व भरत शम्शेर थजोपिं गोर्खा परिषदया नेतात नेपाली कांग्रेसय् प्रवेश यायेवं थ्व खँ सावित जुल। नेपाली कांग्रेस व रा.प्र.पा.या संयुक्त सरकारं नं थ्व हे विश्लेषणयात पुष्टि याः। वर्गीय विश्लेषणया छगू छर्लङ्ग उदाहरण थ्व हे खः।

२०१५ सालया महानिर्वाचनय् नेपाली कांग्रेसया समर्थक पूँजीवादी बुद्धिजीवीपिसं समाजवादी समाजय् विचार स्वतन्त्रता दइमखु धयागु मिथ्यायात पुष्टि यायेत रुसी कवि व एकेडेमीसियन पास्तरनाकया 'डा. जिवागो' उपन्यास व उकिं प्राप्तयागु नोवेल पुरस्कारया प्रसंग न्हेथनीगु।

उगु इलय् उपत्यकाया निर्वाचने थौं थें पद, धेवा, निर्माण, प्रतिज्ञा व आश्वासन थजोगु लाभ प्राप्तीया खँ तुलनात्मक रूपं सापहे कम खतसा सैद्धान्तिक व राजनैतिक विषयवस्तु अथेहे तर्कयात मतदातापिसं अप्वः महत्त्व ब्यूगु जुल।

काठमाण्डौं उपत्यकास थौंया थें जिल्ला जिल्लाया सम्पन्न, सम्भ्रान्त व राजनीतिया नामय् न्ह्यागु यानासां कमेयाये, लुटेयाये धयागु खालया व्यापारी प्रवृत्तिया संख्या व समूहया प्रभुत्व स्थापित जुये धुंकुगु मखुनि, उकिं निर्वाचन थःहे नं छगू प्राज्ञिक अभ्यास खत, राजनैतिक व सैद्धान्तिक शास्त्रार्थ जुयाच्वन। निर्वाचन सभात जनताया निम्ति राजनैतिक कक्षा खत। राजनैतिक प्रदुषण सापहे कम खत। खः गणेशमान सिंह व के.आई. सिंहया भाषणय् धाःसा हास्य-व्यंग्यया रस अप्वः दुगु जुल।

माणिकलाल जुं डा.जिवागो व नोवेल पुरस्कारया बारे थःगु विचाः निगू ढङ्गं प्रस्तुत यानादिल, छगू साहित्यकारया रूपय् व मेःगु कानूनया छम्ह विद्यार्थीया रूपय्। वयकःया विचार कथं जनसाहित्यया दृष्टिं 'डा. जिवागो' नकारात्मक व वयागु सफू अत्यन्त बहुमत जनताया हित याइगु समाजवादया

विरोधय् च्वःगु प्रतिक्रियावादी साहित्य खतसा कानूनी हिसाबं थःस्वयं रुसी एकेडेमीया सदस्य जुयाः वहे संस्थायात मसीक विदेशय् वा राजनीतिक शत्रु देशे सफू छापेयायेगु गैर कानूनी व अनैतिक खः, नापं छुं नं देशया नागरिकं विदेशी संस्थां बिइगु पदवी वा पुरस्कार उगु देशया संविधान व ऐन–कानूनया दुनय् च्वनाः कायेगु याइ । पास्तरनाकयात ब्यूगु उगु नोवेल पुरस्कार समाजवाद व सोभियत संघया विरोधय् साम्राज्यवादीतय्गु षडयन्त्र जुल । सोभियत कम्युनिष्ट पार्टीया महासचिव खुश्चेभं उबलय् रुसी संविधान व ऐन कानूनयात ध्यान बियाः धाःगुखः– पास्तरनाकं उगु पुरस्कार कायेगु खःसा वं देशया नागरिकता त्वःतय् माः ।

थन दलाई लामां काःगु शान्ति पुरस्कार नं लुमंके बहजू । अथेहे रुसीतयत बीगु पश्चिमी देशतय्गु पुरस्कार राजनैतिक उद्देश्यं प्रेरित जू धयागु तथ्यया मेगु उदाहरण गोर्भाचोभयात ब्यूगु शान्ति पुरस्कार नं खः । गुगु योगदानया निंतिं गोर्भाचोभयात पुरस्कार बिल, उगु 'योगदानं' छगू शक्तिशाली व सम्पन्न देश नव–उपनिवेशय् परिणत जुल । सोभियत संघया पतन लिपा रुसय् पूँजीवाद पुनर्स्थापित जुल अलय् पास्तरनाक नं लिहां वल ।

मार्क्सवाद व कम्युनिष्ट आन्दोलनबारे जुयाच्वनीगु छलफल व विषयवस्तुइ माणिकलाल जुं बरोबर कलम न्ह्याकाः च्वनादिल । दक्व प्रगतिशील मार्क्सवादी जुइमखु तर दक्व मार्क्सवादी प्रगतिशील जुइ धयाथें वयकलं २०१४ साल पाखे हे नेपालभाषा पत्रिकाया विशेषाङ्कय् च्वयादिल– दक्व मार्क्सवादी कम्युनिष्ट जुइ मखु तर दक्व कम्युनिष्ट मार्क्सवादी जुइ । थुगु खँया अन्यौलयात निवारण यासे वयकलं छगू थासय् च्वयादिल– मार्क्सवाद साम्यवाद मखु, छायेधाःसा मार्क्सवाद समाजया विभिन्न चरण जुयाः परिवर्तन जुइगु सम्बन्धे छगू दृष्टिकोण, सिद्धान्त व दर्शन खः । अलय् पूँजीवादया उत्थान, विकास व पतन अले समाजवादी समाजया अनिवार्यताया व्याख्या मार्क्सवाद खः । तर साम्यवाद धायेगु समाजया विकास जुजुं वनाः थ्यनीगु छगू चरणया समाज खः । मार्क्सवादयात समाज परिवर्तनया छगू चरण साम्यवाद नापं स्वायेगु खःसा मार्क्सवादयात समाजवाद, पूँजीवाद व सामन्तवाद नं धाःसां जिल धकाः वयकलं जोडदार तर्क बियाद्यूगु जुल ।

विद्वान माणिकलाल जु अंग्रेजी साहित्यया प्राध्यापक जुयाद्यूगु, नापं अंग्रेजी साहित्यबारे नेपाली भाषाय् च्वयेगु नं यानाद्यूगु खः । विगतय् छकः रेडियो नेपालं नेपाल भाषाया समाचार व 'जीवन दबू' कार्यक्रम बन्द यात अलय् नेपाल भाषाभाषीपिसं उगु बखतय् छगू आन्दोलन हे यात । उबलय् २०१४ साल पाखे वयकलं च्वयादिल – 'जि न्हापां नेवाः अले नेपाली' । वयकः न्हापां नेवाः परिवारे नेवाः जुयाः जन्म जुल अले देशया नागरिक कथं जक नेपाली जुयादिल ।

साम्राज्यवादी व प्रतिक्रियावादीपिसं जनवादी गणतन्त्र चीनया विरोधय् दलाई लामायात बिसिकाः तिब्बतया प्रश्नयात न्ह्यःने तल । नेपालय् नं थजोगु तत्त्वतसें तिब्बतबारे म्वाःगु हो–हल्ला मचेयाये त्यन । थुकिया जवाफय् प्रो.माणिकलाल श्रेष्ठं 'तिब्बत चीनया छगू अभिन्न अङ्ग' धयागु नेपाली भाषाया सफूचा च्वयादिल । नेपाल–चीन मैत्री संघया उगु प्रकाशनं तिब्बत व दलाई लामाया बारे यक्व भ्रम चीकयत ग्वाहाली यात ।

---

**वयकः नेपालभाषा, नेपाली व अंग्रेजीया सुपरिचित लेखक खःसा हिन्दी, उर्दू व बंगालीभाषां नं नवाये फु व ज्या काये फु । छोटकरीं धायेमाःसा वयकः छम्ह राजनैतिक नेता, विचारक, लेखक, वक्ता, अन्तर्राष्ट्रिय विषयया ज्ञाता, विदेशय्नापं प्रतिष्ठित छम्ह नेपाली विद्वान खः ।**

---

वयकः नेपाल–चीन मैत्री संघया छम्ह संस्थापक सदस्य (भू.पू.महासचिव) जुया द्यूगुया नापं नेपाल–कोरिया मैत्री संघया वर्तमान अध्यक्ष नं खः । धाथेंला वयकः चीनया बारे छम्ह ज्ञाता अले थौं वयकः नेपालया छम्ह कोरियाविद् नं जुयाद्यूगु दु धायेत भ्याःहे हिच्किचे जुये म्वाः । कोरियाया बारे वयकलं विभिन्न अन्तर्राष्ट्रिय सभा, गोष्ठी, सम्मेलनय् भाग कया द्यूगु दु । वयकलं थः छम्ह कोरिया विज्ञया रूपय् देश–विदेशे प्रवचन याना द्यूगु व अन्तर्राष्ट्रिय सम्मेलनतय्गु अध्यक्षता व सञ्चालन यानाद्यूगु दु । वयकःया कोरियाबारे निगू सफू *Historical Developement of Juche Cause* (जुचे लक्ष्यया ऐतिहासिक विकास) व *Brilliant Inheritance of Juche Cause* (जुचे लक्ष्यया उज्ज्वल नासो न्ह्याकेगु) प्रकाशित जूगु दु ।

अणुमुक्त कोरिया प्रायःद्वीपया बारे काठमाण्डौंस सन् १९९२ अक्टोबरे हिमालय होटेलय् छगू अन्तर्राष्ट्रिय सम्मेलन जुल । उगु बैठकय् भारत व पाकिस्तानया प्रतिनिधिपिसं नं भाग काःगु जुल । नवायेगु झोलय् छम्हस्यां 'काश्मिर' या प्रश्न न्हेथन, मेम्हसें आपत्ति क्यन । प्रसंग हिलाः गोष्ठी विरोध, समर्थन व बहिष्कारया स्थितिस थ्यनीगु निश्चित थें जुल । बैठकया अध्यक्षता माणिकलालजुं यानाच्वना द्यूगु, वयकलं ➲

# प्राध्यापक माणिकलाल श्रेष्ठप्रति नेमकिपाका नेता-कार्यकर्ताद्वारा श्रद्धाञ्जली

प्राध्यापक माणिकलाल श्रेष्ठको पार्थिव शरीरमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत वडाध्यक्ष, प्राध्यापकलगायतले श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

वाम बुद्धिजीवी एवम् वरिष्ठ समालोचक प्राध्यापक माणिकलाल श्रेष्ठको चैत्र ३ गते भएको थियो । उहाको अन्त्येष्टि चैत्र ५ गते काठमाडौंको शोभा भगवती कर्णदीपमा परम्पराअनुसार गरिएको थियो ।

दिवंगत प्रा. श्रेष्ठलाई श्रद्धाञ्जलीका लागि विभिन्न राजनीतिक दलका नेताहरू, पूर्वसभामुख, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, आफन्तजनलगायत शोभा भगवती पुगेका थिए ।



प्रा. माणिकलाल श्रेष्ठको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्नुहुँदै नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवाल र नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायत कार्यकर्ताहरू।

---


➲ बैठकयात सचेत यासे घोषणा यानादिल- 'काश्मिर विवाद छलफलया विषयवस्तु मखुगुलिं थुकियात भ्रीगु रेकर्ड व प्रतिवेदनय् तयेगु मखु ।' विवाद तुरुन्त हे मन्त, बैठक बिना बाधा बांलाक चालू जुयाः सुसम्पन्न जुल । वयकःया कार्यकौशलताया थ्व छगू नमुना खः ।

२०४८ सालय् प्योङयाङय् आयोजना जूगु कोरिया पुनः एकीकरणया निंतिं अन्तर्राष्ट्रिय विशाल पदयात्राय् भाग कायेत जि, माणिकलालजू लगायत मेपिं नेपाली पासापिं सहित न्हापां प्र.ज.ग. कोरिया वनागु जुल । उगु अन्तर्राष्ट्रिय कार्यक्रमय् विभिन्न देशया प्रतिनिधिपिं, नेतापिं, विद्वानपिं व दक्षिण कोरिया एवं प्रवासया कोरियाली प्रतिनिधिपिं नं दुगु जुल । प्योङयाङया कोरिया होटेलय् सं.रा. अमेरिकाय् च्वनीम्ह छम्ह कोरियाली विद्वाननापं माणिकलाल जुया खँल्हाबल्हा जुल । उम्ह कोरियाली विद्वान अमेरिकाया छगू विश्वविद्यालयया दक्षिण-एसियाया इतिहास ब्वंकीम्ह छम्ह प्राध्यापक जुयाच्वन । अनौपचारिक उगु खँल्हाबल्हाय् वयकलं उम्ह पासानापं कोरिया पुनःएकीकरण गुकथं संभव दु, उकिया बारे सं.रा. अमेरिकी प्रशासनया छु दृष्टिकोण दु आदि बारे छलफल यानादिल । कोरियाली विद्वानं प्रष्ट धयादिल- सं.रा. अमेरिकां हरेक खँ थःगु हितयात ध्यान बियाःस्वइ, कोरियाया एकीकरणं वं फाइदा कायेगु उपाय मालाच्वंगु दु । खँया सिलसिलाय् कोरियाली प्राध्यापकं राष्ट्रपति किम इल सङ कोरियाया पुनः एकीकरणे सं.रा. अमेरीकाय् व मेःगु देशय् बसोवास यानाच्वंपिं प्रवासी कोरियालीतय्गु योगदानया अपेक्षा याना द्यूगु खँ नं कनादिल । उगु खँल्हाबल्हा न्यना माणिकलाल जुया कोरिया बारे सूक्ष्म ज्ञान व छम्ह विदेशी न्हूम्ह व्यक्तिनापं नं पुलांम्ह थः सुं पासानापं थें व्यवहार यानाः भलाकुसारी याना च्वंगु अनुभव जुल । थुकिं पासा दयेकेगु वयकःया शैली, विषयवस्तुली गहिराइ व शिष्ट व्यवहार प्रष्ट थिनाच्वं ।

वयकः नेपालभाषा, नेपाली व अंग्रेजीया सुपरिचित लेखक खःसा हिन्दी, उर्दू व बंगालीभाषां नं नवाये फु व ज्या काये फु । छोटकरीं धायेमाःसा वयकः छम्ह राजनैतिक नेता, विचारक, लेखक, वक्ता, अन्तर्राष्ट्रिय विषयया ज्ञाता, विदेशय्नापं प्रतिष्ठित छम्ह नेपाली विद्वान खः । थ्व भ्रीगु लागि खुशीया खँ खः । पेशां वयकः छम्ह प्राध्यापक, व्यवहारे वयकः साप हे मृदुभाषी पासा, विचारय् कम्युनिष्ट व साम्राज्यवाद विरोधी छम्ह योद्धा व अन्तर्राष्ट्रवादी खः ।

साभार : **'माणिकलाल श्रेष्ठ-व्यक्तित्व व कृतित्व'**, सम्पादक- रेवती रमणानन्द श्रेष्ठ, प्रकाशक- साहित्यया मूलुखा, यल, नेसं ११९९ ।

# प्राध्यापक माणिकलाल श्रेष्ठप्रति श्रद्धाञ्जली



प्राध्यापक माणिकलाल श्रेष्ठ रहनुभएन । विशेषतः नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समयसम्म उहाँको अभाव खट्किनेछ । गहन दर्शन र विचारधारालाई सरल ढङ्गले व्याख्या गर्ने खुबी भएका प्राध्यापक श्रेष्ठ नेपालका धेरै वामपन्थी नेता र कार्यकर्ताका गुरु र प्रशिक्षक हुनुहुन्थ्यो । कुनै पनि विषयलाई ऐतिहासिक विकासक्रमसँग जोडेर बुझाउने क्षमता भएकाले पनि उहाँ धेरैका प्रिय गुरु हुनुहुन्थ्यो । उहाँले विभिन्न राजनीतिक विचारधारा, दर्शन र घटनाक्रमबारे लेख्नुभएका लेख-रचनाको सङ्कलन र प्रकाशन नेपाली साहित्यको निम्ति महत्त्वपूर्ण योगदान हुन सक्छ । मार्क्सवाद-लेनिनवाद, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, रूसी क्रान्ति, चिनियाँ क्रान्ति, कोरियाली क्रान्ति, विश्व कम्युनिस्ट आन्दोलनमा देखापरेका पूँजीवादी विचारधाराबारे प्राध्यापक श्रेष्ठले लेख्नुभएका लेखहरू नेपालका प्रगतिशील अध्येताको निम्ति आँखा बनेका छन् ।

नेपालको कम्युनिस्ट आन्दोलनमा झाङ्गिएको संशोधनवादी विचारधाराको विरोधमा उहाँले लगातार वैचारिक सङ्घर्ष गर्नुभयो । उहाँले जनताको बहुदलीय जनवाद (जबज) लाई कम्युनिस्ट आन्दोलनभित्रको संशोधनवादी र पूँजीवादी विचारधाराको रूपमा सुरुदेखि नै प्रस्ट व्याख्या गर्नुभएको थियो । विश्वका विभिन्न देशको संशोधनवादी विचारधारासँग नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको संशोधनवादको तुलनात्मक अध्ययन गर्दै क्रान्तिविरोधी विचारधाराविरुद्ध लगातार बोल्दै र लेख्दै आउनुभएको थियो ।

प्राध्यापक श्रेष्ठले नेपालको भाषिक तथा सामाजिक आन्दोलनमा पनि महत्त्वपूर्ण योगदान गर्नुभयो । विशेषतः स्थानीय तहमा मातृभाषा शिक्षणमा उहाँले लिनुभएको अग्रसरता समयक्रममा अपरिहार्य पुष्टि भएको छ । साथै नेपाल संवत्लाई मौलिक र ऐतिहासिक संवत्को मान्यता दिलाउन उहाँले बौद्धिक क्षेत्रमा उल्लेखनीय योगदान गर्नुभयो ।

लामो समयसम्म त्रिभुवन विश्वविद्यालयअन्तर्गत नेपालभाषा विभागमा प्राध्यापन गर्नुभएका श्रेष्ठले नेपालभाषाको उच्च शिक्षाको लागि पाठ्यसामग्री तयार गर्न योगदान गर्नुभयो । विशेषतः साहित्य समालोचना विषयमा उहाँले लेख्नुभएका पुस्तक सर्वदा सान्दर्भिक छन् । उहाँले विभिन्न भाषाका साहित्य नेपालभाषा र नेपाली भाषामा अनुवाद गरी नेपालको साहित्य भण्डारलाई धनी बनाउन महत्त्वपूर्ण भूमिका निभाउनुभयो । नेपालभाषाको समालोचनामा उहाँले लेख्नुभएको समालोचना उच्चस्तरीय मानिन्छ । उहाँले नेपालभाषामा लेखेका विभिन्न कृतिको समालोचनाले नेपालभाषाको साहित्यिक स्तरोन्नतिमा महत्त्वपूर्ण पाइलाको रूपमा हेरिएको छ ।

प्राध्यापक श्रेष्ठको बौद्धिकता निकै फराकिलो भएर पनि उहाँका कृतिहरू मूलतः नेपालभाषामा मात्र सीमित हुँदा नेपाल र अन्तर्राष्ट्रियरूपमै धेरै जिज्ञासु नयाँ पुस्ताले उहाँबाट सिक्ने अवसरबाट वञ्चित हुनुपरेको छ । उहाँका सर्वकालिक कृतिहरूको विभिन्न भाषामा अनुवाद हुन सके उहाँको व्यक्तित्व अझ उज्यालो बन्नेछ । प्राध्यापक माणिकलालका बहुआयामिक व्यक्तित्व उजागर गर्न जति अध्ययन हुनुपर्थ्यो, हुन सकेको छैन । उहाँको व्यक्तित्वलाई नै केन्द्र बनाएर केही कृतिहरू प्रकाशित भए पनि अझै पनि अध्ययन गर्नुपर्ने उहाँका धेरै आयाम बाँकी नै छन् ।

माणिकलाल श्रेष्ठले जीवनभर आफ्नो विचारधारामा कहिल्यै सम्झौता गर्नुभएन । जीवनका अन्तिम दिनमा उहाँले दिनुभएको एउटा अन्तर्वार्तामा पनि नेपालका संशोधनवादी दलहरूको वैचारिक स्खलनप्रति खेद व्यक्त गर्नुभयो । आजीवन समाजमा क्रान्तिकारी परिवर्तनको निम्ति आफ्नो बौद्धिक क्षमताको योगदान गर्नुभएका प्राध्यापक माणिकलाल श्रेष्ठप्रति हार्दिक श्रद्धासुमन !

*(सम्पादकीय, मजदुर दैनिक, चैत्र ४ गते)*

# स्व. प्रा. माणिकलालमा तःमुंज्याको श्रद्धाञ्जली

वामपन्थी चिन्तक एवं विद्वान लेखक दिवंगत प्रा. माणिकलाल श्रेष्ठमा नेपालभाषा साहित्य तःमुंज्याले एक सभा गरी श्रद्धाञ्जली अर्पण गरेको छ।




तःमुंज्याले चैत्र १६ गते आयोजना गरेको उक्त सभामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले स्व. श्रेष्ठको बहुआयामिक व्यक्तित्वमाथि प्रकाश पार्नुहुँदै उहाँको सर्वाङ्गीण व्यक्तित्व चिन्न अझै धेरै समय लाग्ने विचार व्यक्त गर्नुभयो।

'कुनै पनि अन्धविश्वासमा नलाग्ने अनिश्वरवादी उहाँ नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत हुनुहुन्थ्यो', सांसद सुवालले भन्नुभयो।

युवावस्थामा राणाशासनविरुद्ध लाल कम्युनिस्ट पार्टीमा लागेर तीन वर्ष जेल जीवन बिताउँदा उहाँले जेलभित्रका बन्दीहरूलाई पढाएर जनताको सेवा गर्नुभएको घटना सुनाउनुहुँदै सांसद सुवालले भन्नुभयो 'जनताको सेवा गर्ने भावना भएका मान्छेका लागि जेलको पर्खालले पनि छेक्न सक्दैन।'

संसदीय व्यवस्थाका कट्टर आलोचक उहाँ जनमत सङ्ग्रहमा बहुदलको पक्षमा उभिनुभएको थियो भन्नुहुँदै सांसद सुवालले उहाँले लेख्नुभएको 'स्तालिन अझै जिउँदै छ' भन्नुभएझैं अहिले हामीलाई उहाँ अझै जिउँदै हुनुहुन्छ जस्तो लागिरहेको बताउनुभयो।

२०१५ सालको संसदीय निर्वाचनमै उहाँले संसदीय व्यवस्थामा वाक स्वतन्त्रता भए पनि जिउने स्वतन्त्रता नहुने विचार राख्नुभएको थियो, जुन आजका दिनसम्म पनि सान्दर्भिक रहेको बताउनुहुँदै सांसद सुवालले उहाँले निर्देश गरेको बाटोमा लाग्नु नै उहाँप्रति सच्चा श्रद्धाञ्जली हुने बताउनुभयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभाका सांसद् सुरेन्द्रराज गोसाईले स्व. माणिकलाल मार्क्सवादी चिन्तक, जुछे विचारका ज्ञाता, माओ त्सेतुङ विचार धाराका व्याख्याता हुनुहुन्थ्यो भन्नुहुँदै भक्तपुरका विभिन्न मञ्चमा सरल भाषामा गहन कुरा बुझाउने क्षमता भएका उहाँ जनताका शिक्षक हुनुहुन्थ्यो भन्नुभयो।

उहाँले अगाडि भन्नुभयो, 'माणिकलाल सरले कहिल्यै पदको निम्ति काम गर्नुभएन, त्यसैले उहाँ निःस्वार्थी, निर्भिक र अनुकरणीय व्यक्ति हुनुभयो।'

बाग्मती प्रदेशसभाका अर्का सांसद सृजना सैंजूले वाम विचारमा चट्टानी अडानमा उभिनुभएका प्रा. माणिकलाल श्रेष्ठले साम्राज्यवादविरुद्ध गर्नुभएको निरन्तरको सङ्घर्षबाट हामीजस्ता नयाँ पुस्ताले प्रेरणा लिनुपर्ने धारणा राख्नुहुँदै उहाँले देखाउनुभएको बाटोमा हिंड्ने सङ्कल्प नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुने बताउनुभयो।

आयोजक नेपालभाषा साहित्य तःमुंज्याका सल्लाहकार लक्ष्मणराज जोशीको सभापतित्वमा भएको उक्त सभामा माणिकलालका पुत्रद्वय मलखलाल र सितुलालले पनि आफ्ना पिताको विचार सङ्क्षेपमा राख्नुभएको थियो भने सभामा आशाकुमार चिकंबन्जारले पनि बोल्नुभएको थियो।

ने.सं ११०० मा भक्तपुरको तालाक्वमा भएको पहिलो नेपालभाषा साहित्य तःमुँज्याको समुद्घाटन प्रा. श्रेष्ठले गर्नुभएको थियो भने ने.सं ११३० मा तीसौं तःमुंज्याको मञ्चमा उहाँलाई सम्मान गरिएको थियो।



स्वर्गीय प्रा. माणिकलाल श्रेष्ठको स्मरणमा एक मिनेट मौन धारण गरी सुरु भएको उक्त सभामा समाजका विविध क्षेत्रका अतिथिलगायत उपस्थित परिवारजनले स्व. श्रेष्ठको तस्बिरमा पुष्पार्पण गरिएको थियो।

*चित्र : अनलाइनमजदुर*

## हार्दिक समवेदना



**स्व. नेत्रप्रसाद चालिसे**

जन्म : १९९६ असार १५ | निधन : २०७७ फागुन ८

भक्तपुर नगरपालिकाका कर्मचारी प्रभासकुमार चालिसेका पिता **नेत्रप्रसाद चालिसे**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. हरिलाल छुस्याबाग**

जन्म : १९९९ पुस २९ | निधन : २०७७ फागुन २३

भक्तपुर नगरपालिकाका कर्मचारी हरिकृष्ण छुस्याबागका पिता **हरिलाल छुस्याबाग**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. मनमाया ङाखुसी**

जन्म : २०११ फागुन २| निधन : २०७७ चैत्र ४

भक्तपुर नगरपालिकाका कर्मचारी पुरुषोत्तम ङाखुसीका माता **मनमाया ङाखुसी**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

## हार्दिक समवेदना



**स्व. कृष्ण श्रेष्ठ**

जन्म : १९९१ साल | निधन : २०७७ चैत्र ११

भक्तपुर नगरपालिकाका कर्मचारी कविताकुमारी कायष्ठका पिता **कृष्ण श्रेष्ठ**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

## विश्वमा कोभिड–१९ को स्थिति (चैत १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | फागुन १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | १२७,२९४,०३५ | १०२,५७१,३७१ | २,७८९,७१० | |
| १ | संरा अमेरिका | ३०,९१७,१३० | २३,३४८,५०४ | ५६२,०१२ | १ |
| २ | ब्राजील | १२,४९०,३६२ | १०,८७९,६२७ | ३१०,६९४ | ३ |
| ३ | भारत | ११,९७१,६२४ | ११,३२३,७६२ | १६१,५८६ | २ |
| ४ | रूस | ४,५१०,७४४ | ४,१३०,४९८ | ९७,४०४ | ४ |
| ५ | फ्रान्स | ४,५०८,५७५ | २८९,३५० | ९४,४६५ | ६ |
| ६ | संयुक्त अधिराज्य | ४,३२९,१८० | ३,७८७,३१२ | १२६,५७३ | ५ |
| ७ | इटाली | ३,५१२,४५३ | २,८३२,९३९ | १०७,६३६ | ८ |
| ८ | स्पेन | ३,२५५,३२४ | ३,०१६,२४७ | ७५,०१० | ७ |
| ९ | टर्की | ३,१७९,११५ | २,९३९,९२९ | ३०,९२३ | ९ |
| १० | जर्मनी | २,७७२,६९४ | २,४७७,५०० | ७६,४०४ | १० |
| ११ | कोलम्बिया | २,३७५,५९१ | २,२६१,३७३ | ६२,७९० | ११ |
| १२ | अर्जेन्टिना | २,३०१,३८९ | २,०७२,२२८ | ५५,३६८ | १२ |
| १३ | मेक्सिको | २,२२४,७६७ | १,७५९,१२३ | २०१,४२९ | १३ |
| १४ | पोलान्ड | २,२२१,७२५ | १,७७५,०६८ | ५१,७५३ | १४ |
| १५ | इरान | १,८४६,९२३ | १,५८५,११४ | ६२,३०८ | १५ |
| १६ | युक्रेन | १,६३२,१३१ | १,२९७,२८२ | ३१,७५१ | १७ |
| १७ | दक्षिण अफ्रिका | १,५४४,४६६ | १,४७१,१६४ | ५२,६४८ | १६ |
| १८ | पेरू | १,५२०,९७३ | १,४३२,४५० | ५१,२३८ | १९ |
| १९ | चेक गणतन्त्र | १,५११,०२१ | १,२९९,९३० | २५,७७८ | २० |
| २० | इन्डोनेसिया | १,४९२,००२ | १,३२७,१२१ | ४०,३६४ | १८ |
| २१ | नेडरलान्ड | १,२४५,००७ | अप्राप्त | १६,४५० | २१ |
| २२ | चिली | ९६९,९१३ | ९०५,४३५ | २२,६५३ | २३ |
| २३ | क्यानाडा | ९६१,०८३ | ८९६,२०६ | २२,८५२ | २२ |
| २४ | रोमानिया | ९३२,१७९ | ८३४,१६२ | २२,९९७ | २५ |
| २५ | बेल्जीयम | ८६६,०६३ | ५६,३७१ | २२,८७० | २७ |
| २६ | इजरायल | ८३१,३८३ | ८१४,५०५ | ६,१६५ | २६ |
| २७ | इराक | ८२७,१५७ | ७४१,११५ | १४,१७७ | २८ |
| २८ | पोर्तुगल | ८२०,०४२ | ७७५,००७ | १६,८२७ | २४ |
| २९ | स्वीडेन | ७८०,०१८ | अप्राप्त | १३,४०२ | २९ |
| ३० | फिलिपिन्स | ७१२,४४२ | ५८१,१६१ | १३,१५९ | ३१ |
| ३१ | पाकिस्तान | ६५४,५९१ | ५९५,९२९ | १४,२१५ | ३० |
| ३२ | हङ्गेरी | ६२४,७७९ | ३९३,९९९ | १९,७५२ | ३८ |
| ३३ | स्विट्जरलान्ड | ५९२,२१७ | ५४२,५३५ | १०,२९९ | ३२ |
| ३४ | बंगलादेश | ५९१,८०६ | ५३३,६२२ | ८,८६९ | ३३ |
| ३५ | जोर्डान | ५८२,१३३ | ४७६,०९० | ६,४७२ | ४० |
| ३६ | सर्बिया | ५८१,६१७ | ४८८,९९२ | ५,१५१ | ३६ |
| ३७ | अस्ट्रिया | ५३३,७८६ | ४८८,९६४ | ९,२३१ | ३५ |
| ३८ | मोरोक्को | ४९४,३५८ | ४८२,०८४ | ८,७९८ | ३४ |
| ३९ | जापान | ४६४,८६६ | ४४०,२०० | ८,९९८ | ३७ |
| ४० | लेबनान | ४५८,३३८ | ३६०,२४४ | ६,०५८ | ४२ |
| ४१ | संयुक्त अरब इमिरेटस | ४५३,०६९ | ४३६,४६३ | १,४७७ | ३९ |
| ४२ | साउदी अरेबिया | ३८७,७९४ | ३७६,५५८ | ६,६४३ | ४१ |
| ४३ | स्लोभाकिया | ३५६,९८५ | २५५,३०० | ९,४२६ | ४४ |
| ४४ | पनामा | ३५३,४९७ | ३४२,३७९ | ६,०९० | ४३ |
| ४५ | मलेसिया | ३४०,६४२ | ३२५,१८२ | १,२५१ | ४५ |
| ४६ | बुल्गेरिया | ३२७,७७० | २४८,९०४ | १२,६५० | ५१ |
| ४७ | इक्वेडर | ३२२,६९९ | २७१,८४७ | १६,६७९ | ४७ |
| ४८ | बेलारूस | ३१७,६३१ | ३०८,२१६ | २,२११ | ४६ |
| ४९ | जर्जीया | २७९,९३६ | २७१,८०४ | ३,७४६ | ४९ |
| ५० | नेपाल | २७६,७५० | २७२,४३५ | ३,०२७ | ४८ |
| ५१ | बोलिभिया | २६९,३०२ | २१७,९२१ | १२,१६५ | ५० |
| ५२ | क्रोएसिया | २६५,९०१ | २५०,२३९ | ५,८७२ | ५२ |
| ५३ | अजरबैजान | २५४,३७० | २३५,६०६ | ३,४६४ | ५४ |
| ५४ | ग्रीस | २५२,५९० | २१४,५२७ | ७,८२६ | ६३ |
| ५५ | डोमिनिकन गणतन्त्र | २५१,५८२ | २१०,५५१ | ३,३०२ | ५३ |
| ५६ | ट्युनिसिया | २४९,७०३ | २१५,१९५ | ८,७०५ | ५५ |
| ५७ | कजाख्स्तान | २४०,३८१ | २१६,३८० | २,९८० | ५७ |
| ५८ | प्यालेस्टिन | २३४,७४८ | २०८,६७६ | २,५५७ | ६६ |
| ५९ | आयरलान्ड | २३३,९३७ | २३,३६४ | ४,६५३ | ५६ |
| ६० | कुवेत | २२७,१७८ | २११,३६० | १,२७९ | ६१ |
| ६१ | डेनमार्क | २२७,०४९ | २१६,१२६ | २,४१३ | ५८ |
| ६२ | मोल्डोभा | २२५,६६० | १९९,७३७ | ४,७८५ | ६४ |
| ६३ | कोस्टा रिका | २१५,१७८ | १९१,७०७ | २,९३१ | ५९ |
| ६४ | लिथुआनिया | २१३,४४७ | १९७,५२९ | ३,५३९ | ६० |
| ६५ | स्लोभेनिया | २१२,०४० | १९५,८४५ | ४,०११ | ६२ |
| ६६ | पारागुए | २०६,५९७ | १६९,११७ | ४,००३ | ७१ |
| ६७ | मीश्र | १९९,३६४ | १५२,६४२ | ११,८४५ | ६५ |
| ६८ | इथियोपिया | १९८,७९४ | १५३,२३६ | २,७८४ | ७२ |
| ६९ | ग्वाटेमाला | १९३,०५० | १७४,९८० | ६,७९४ | ६७ |
| ७० | आर्मेनिया | १८९,५४० | १७०,९०३ | ३,४५० | ६८ |
| ७१ | होन्डुरस | १८७,०१५ | ७१,३८४ | ४,५५७ | ६९ |
| ७२ | कतार | १७७,१३५ | १६२,५५५ | २८४ | ७० |
| ७३ | नाइजेरिया | १६२,४८९ | १५०,२०५ | २,०४१ | ७३ |
| ७४ | बोस्निया र हर्जगोभिना | १६२,०३२ | १२८,२४१ | ६,२२० | ७८ |
| ७५ | लिबिया | १५६,११६ | १४३,६९७ | २,६०२ | ७७ |
| ७६ | भेनेजुयला | १५५,६६३ | १४४,२२९ | १,५५५ | ७६ |
| ७७ | ओमान | १५३,८३८ | १४०,७६६ | १,६५० | ७५ |
| ७८ | म्यानमार | १४२,३७७ | १३१,७८८ | ३,२०६ | ७४ |
| ७९ | बहराइन | १४०,८१८ | १३२,४५५ | ५१३ | ७९ |
| ८० | केन्या | १२९,३३० | ९१,६६५ | २,१०४ | ८१ |
| ८१ | उत्तर मेसेडोनिया | १२६,२३० | १०४,३४५ | ३,६४२ | ८३ |
| ८२ | अल्वानिया | १२३,६४१ | ८८,८९९ | २,२०४ | ८२ |
| ८३ | अल्जेरिया | ११६,७५० | ८१,२४२ | ३,०७७ | ८० |
| ८४ | इस्टोनिया | १०२,७३८ | ७६,६३१ | ८६० | ९४ |
| ८५ | दक्षिण कोरिया | १०१,७५७ | ९३,८५५ | १,७२२ | ८५ |
| ८६ | लात्भिया | १००,७१६ | ९१,७२७ | १,८७२ | ८७ |
| ८७ | उरूग्वे | ९५,२७८ | ७६,०३० | ९०१ | ९८ |
| ८८ | नर्वे | ९२,४६९ | ७४,३३२ | ६५६ | ९३ |
| ८९ | श्री लंका | ९१,८३९ | ८८,३८८ | ५५८ | ८९ |
| ९० | घाना | ९०,२८७ | ८७,१३७ | ७४० | ८८ |
| ९१ | चीन | ९०,१६७ | ८५,३६४ | ४,६३६ | ८४ |
| ९२ | मोन्टेनेग्रो | ८९,७३२ | ८१,३८९ | १,२४१ | ९२ |
| ९३ | कीर्गीज्स्तान | ८७,९४६ | ८४,५३७ | १,४९४ | ८६ |
| ९४ | जाम्बिया | ८७,५८३ | ८४,२६४ | १,१९८ | ९१ |
| ९५ | उज्बेकिस्तान | ८२,१४६ | ८०,३६० | ६२५ | ९० |
| ९६ | फिन्लान्ड | ७५,५४५ | ४६,००० | ८१७ | ९९ |
| ९७ | क्युबा | ७१,५८४ | ६७,६९७ | ४१४ | १०२ |
| ९८ | मोजाम्बिक | ६७,०११ | ५५,१६७ | ७६२ | ९७ |
| ९९ | एल साल्भाडोर | ६३,७६६ | ६१,००९ | १,९९८ | ९६ |
| १०० | लक्जम्वर्ग | ६०,७५५ | ५६,३१८ | ७३८ | १०१ |
| १०१ | सिंगापुर | ६०,२८८ | ६०,११३ | ३० | ९५ |
| १०२ | अफगानिस्तान | ५६,२९४ | ४९,९९४ | २,४७० | १०० |
| १०३ | क्यामरून | ४७,६६९ | ३५,२६१ | ७२१ | १०६ |
| १०४ | साइप्रस | ४४,३०५ | २,०५७ | २५० | १०७ |
| १०५ | नामिबिया | ४३,४९९ | ४१,२९२ | ५०८ | १०४ |
| १०६ | आइभोरि कोस्ट | ४२,८६१ | ३८,५९० | २३२ | १०९ |
| १०७ | उगान्डा | ४०,७६७ | ४०,३७९ | ३३५ | १०३ |
| १०८ | बोत्स्वाना | ३८,४६६ | ३३,९०३ | ५०६ | ११२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०९ | सेनेगल | ३८,४५६ | ३६,३२२ | १,०३४ | १०८ |
| ११० | जमैका | ३७,७४७ | १७,०१६ | ५६६ | ११६ |
| १११ | जिम्बाबे | ३६,८१८ | ३४,५७५ | १,५१९ | १०५ |
| ११२ | मलावी | ३३,४५८ | २९,५८५ | १,११३ | ११० |
| ११३ | सुडान | २९,६६१ | २३,९९० | २,०२८ | ११३ |
| ११४ | अस्ट्रेलिया | २९,२५५ | २६,२६९ | ९०९ | १११ |
| ११५ | माल्टा | २८,८०८ | २६,७६३ | ३८५ | ११७ |
| ११६ | थाइलान्ड | २८,७३४ | २७,२३९ | ९४ | ११४ |
| ११७ | प्रजातान्त्रिक गणतन्त्र कंगो | २७,८८७ | २५,३९८ | ७३४ | ११५ |
| ११८ | मडागास्कर | २३,४२४ | २१,५६९ | ३८१ | ११९ |
| ११९ | माल्दिभ्स | २३,४०३ | २०,६१८ | ६६ | १२० |
| १२० | अंगोला | २२,०३१ | २०,२६९ | ५३३ | ११८ |
| १२१ | र्‍वान्डा | २१,३७० | १९,७४१ | ३०१ | १२१ |
| १२२ | गिनी | १९,५०१ | १६,३५० | ११६ | १२७ |
| १२३ | मायोत्ते | १९,३०६ | २,९६४ | १५४ | १२५ |
| १२४ | ग्याबोन | १८,७७७ | १६,०७४ | १११ | १३० |
| १२५ | फ्रेन्च पोलीनेसिया | १८,६०७ | ४,८४२ | १४१ | १२२ |
| १२६ | सिरिया | १८,३५६ | १२,२५७ | १,२२७ | १२८ |
| १२७ | मौरितानिया | १७,७५६ | १६,९८९ | ४४८ | १२३ |
| १२८ | इस्वाटिनी | १७,३१८ | १६,३८९ | ६६६ | १२४ |
| १२९ | क्याबो भर्ड | १७,०१८ | १६,०५० | १६५ | १२९ |
| १३० | फ्रेन्च गीयाना | १६,९२२ | ९,९९५ | ८९ | १२६ |
| १३१ | रियुनियन | १५,५६१ | १४,०६४ | १०२ | १३३ |
| १३२ | ताजिकिस्तान | १३,३०८ | १३,२१८ | ९० | १३१ |
| १३३ | हैटी | १२,७३६ | १०,७५४ | २५१ | १३२ |
| १३४ | बुर्किना फासो | १२,६७३ | १२,३३० | १४५ | १३५ |
| १३५ | बेलिज | १२,४१५ | १२,०६१ | ३१७ | १३४ |
| १३६ | अन्डोरा | ११,८०९ | ११,१७२ | ११५ | १३७ |
| १३७ | हङकङ | ११,४४६ | ११,०४० | २०५ | १३६ |
| १३८ | ग्वाडेलौप | ११,२९८ | २,२४२ | १६५ | १३९ |
| १३९ | सोमालिया | १०,८३८ | ४,६७८ | ४८८ | १४९ |
| १४० | लेसोथो | १०,६८६ | ४,४३८ | ३१५ | १३८ |
| १४१ | दक्षिण सुडान | १०,०७९ | ९,३९१ | १०८ | १४७ |
| १४२ | गुयाना | १०,०७२ | ८,८४२ | २२५ | १४३ |
| १४३ | माली | ९,७७३ | ६,७६३ | ३७६ | १४४ |
| १४४ | कंगो | ९,६८१ | ८,२०८ | १३५ | १४१ |
| १४५ | टोगो | ९,६७६ | ७,५६७ | १०७ | १४८ |
| १४६ | अरूबा | ९,२१४ | ८,४५५ | ८२ | १४५ |
| १४७ | सुरिनाम | ९,०९५ | ८,५७७ | १७७ | १४० |
| १४८ | बहामाज | ८,९३५ | ७,७५७ | १८८ | १४२ |
| १४९ | ट्रिनिडाड एन्ड टोबागो | ७,९५४ | ७,५९० | १४२ | १४६ |
| १५० | मार्टिनक्यू | ७,७१० | ९८ | ४९ | १५० |
| १५१ | कुरासाओ | ७,३३५ | ५,०७१ | ३० | १५८ |
| १५२ | जिबौटी | ७,२४९ | ६,२५० | ६६ | १५२ |
| १५३ | बेनिन | ७,१०० | ६,४५२ | ९० | १५५ |
| १५४ | मंगोलिया | ७,०१४ | ४,३४१ | ६ | १६९ |
| १५५ | इक्वेटोरियल गिनी | ६,९०२ | ६,४८६ | १०२ | १५४ |
| १५६ | निकारागुआ | ६,६२९ | ४,२२५ | १७७ | १५१ |
| १५७ | आइसलान्ड | ६,१६३ | ६,०३९ | २९ | १५३ |
| १५८ | गाम्बिया | ५,३६५ | ४,९९० | १६३ | १५९ |
| १५९ | पपुआ न्यू गिनी | ५,१८४ | ८४६ | ४५ | १८४ |
| १६० | केन्द्रीय अफ्रिकी गणतन्त्र | ५,०८८ | ४,९५७ | ६४ | १५६ |
| १६१ | नाइजर | ४,९७२ | ४,५७८ | १८५ | १५७ |
| १६२ | सान मारिनो | ४,६०३ | ४,००० | ८४ | १६४ |
| १६३ | चाड | ४,५०१ | ४,०९९ | १६० | १६२ |
| १६४ | जिब्राल्टर | ४,२७३ | ४,१६६ | ९४ | १६० |
| १६५ | सेन्ट लुसिया | ४,१९१ | ४,०९९ | ५८ | १६६ |
| १६६ | च्यानल टापू | ४,०४६ | ३,९६० | ८६ | १६१ |
| १६७ | सेशेल्स | ३,९९६ | ३,३१८ | २० | १७१ |
| १६८ | यमन | ३,९६९ | १,५९० | ८३२ | १७५ |
| १६९ | सिएरा लियोन | ३,९६२ | २,८०० | ७९ | १६३ |
| १७० | कोमोरोस | ३,६९० | ३,५१० | १४६ | १६५ |
| १७१ | गिनी बिसाउ | ३,६३० | २,९३० | ६१ | १६७ |
| १७२ | बार्बाडोस | ३,६०९ | ३,४२२ | ४१ | १६८ |
| १७३ | इरिट्रिया | ३,२०८ | २,९७० | ९ | १७० |
| १७४ | बुरून्डि | २,६५७ | ७७३ | ६ | १७६ |
| १७५ | लिक्टेन्स्टाइन | २,६४९ | २,५५३ | ५६ | १७२ |
| १७६ | भियतनाम | २,५८६ | २,३०८ | ३५ | १७३ |
| १७७ | न्यु जीलान्ड | २,४८२ | २,३८१ | २६ | १७४ |
| १७८ | टर्क्स एन्ड कैकोस | २,३२५ | २,१९७ | १७ | १७७ |
| १७९ | मोनाको | २,२५४ | २,०५७ | २८ | १८० |
| १८० | साओ टोम एन्ड प्रिन्सिप | २,२१० | २,०५८ | ३४ | १८१ |
| १८१ | कम्बोडिया | २,१४७ | १,१३२ | ८ | १८७ |
| १८२ | सिन्ट मार्टेन | २,१३० | २,०७३ | २७ | १७८ |
| १८३ | लाइबेरिया | २,०४२ | १,८९९ | ८५ | १७९ |
| १८४ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | १,७२३ | १,५८३ | १० | १८३ |
| १८५ | सेन्ट मार्टिन | १,६१९ | १,३९९ | १२ | १८२ |
| १८६ | आइल अफ मान | १,५५५ | ९७७ | २७ | १९५ |
| १८७ | क्यारिबियन नेडरलान्ड | १,३०० | ८८५ | १० | १९७ |
| १८८ | एन्टिगुआ एन्ड बर्बुडा | १,१२२ | ७८४ | २८ | १९० |
| १८९ | ताइवान | १,०२० | ९७८ | १० | १८५ |
| १९० | बर्मुडा | ९४७ | ७२२ | १२ | १८९ |
| १९१ | मौरिसियस | ८७१ | ५९२ | १० | १९२ |
| १९२ | भुटान | ८७१ | ८६७ | १ | १८६ |
| १९३ | सेन्ट बार्थ | ७७५ | ४६२ | १ | १९३ |
| १९४ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | १८८ |
| १९५ | फैरोए टापू | ६६१ | ६६० | १ | १९१ |
| १९६ | तान्जानिया | ५०९ | १८३ | २१ | १९४ |
| १९७ | केमान आइलान्ड | ४८७ | ४६२ | २ | १९६ |
| १९८ | टिमोर लेस्टे | ४८० | १५६ | | २०२ |
| १९९ | वालिस एन्ड फुटुना | ३६७ | ४४ | ४ | २१७ |
| २०० | ब्रुनइ | २०६ | १८८ | ३ | १९८ |
| २०१ | डोमिनिका | १६१ | १५३ | | २०१ |
| २०२ | ग्रेनाडा | १५५ | १५२ | १ | २०० |
| २०३ | ब्रिटिस भर्जिन टापू | १५३ | १३१ | १ | १९९ |
| २०४ | न्यू क्यालेडोनिया | १२१ | ५८ | | २०४ |
| २०५ | फिजी | ६७ | ६४ | २ | २०३ |
| २०६ | फक्लान्ड टापू | ५४ | ५४ | | २०५ |
| २०७ | लावस | ४९ | ४५ | | २०७ |
| २०८ | मकाओ | ४८ | ४८ | | २०६ |
| २०९ | सेन्ट किट्स एन्ड नेभिस | ४४ | ४२ | | २०८ |
| २१० | ग्रीनलान्ड | ३१ | ३१ | | २०९ |
| २११ | भेटिकन सिटी | २७ | १५ | | २१० |
| २१२ | सेन्ट पीरे मिक्वेलोन | २४ | २४ | | २११ |
| २१३ | अन्गिवला | २२ | २० | | २१३ |
| २१४ | मोन्टसेराट | २० | १९ | १ | २१२ |
| २१५ | सोलोमन टापू | १८ | १६ | | २१४ |
| २१६ | पश्चिमी सहारा | १० | ८ | १ | २१५ |
| २१७ | एमएस जान्डाम | ९ | ७ | २ | २१६ |
| २१८ | मार्शल टापू | ४ | ४ | | २१८ |
| २१९ | समोआ | ३ | २ | | २१९ |
| २२० | भनौतु | ३ | १ | | २२१ |
| २२१ | माइक्रोनेसिया | १ | १ | | २२० |
| **जम्मा** | | १२७,२९४,०३५ | १०२,५७१,३७१ | २,७८९,७१० | |
| फागुन १५ सम्म जम्मा | | ११३,९९१,७६४ | २,५२९,४२१ | ८९,५५०,८३१ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७७।१२।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

"Creation of predecessors — Our art and culture"

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१७)

## परिच्छेद–८

**४८. अधिकारक्षेत्रको प्रयोग :** (१) न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरूले सामूहिक रूपले गर्नेछन् र बहुमतको राय न्यायिक समितिको निर्णय मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

(३) न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिनेछ ।

(४) कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गासिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारबाही र किनारा हुन सक्ने छैन ।

(६) उपदफा (५) बमोजिम कुनै संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्नेछन् । संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको विवादको कारबाही र किनारा गर्दा तीन जना सदस्यमध्येको जेष्ठ सदस्यले न्यायिक समितिको संयोजक भई काम गर्नेछ ।

**४९. न्याय सम्पादनको प्रक्रिया :** (१) न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदन दर्ता गरी दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) न्यायिक समितिले आफू समक्ष पेश भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ । पक्षहरूबीच मिलापत्र हुन नसकेमा दफा ४७ को उपदफा (१) मा उल्लिखित विवादमा न्यायिक समितिले कानून बमोजिम विवादको कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ ।

(४) न्यायिक समितिले दफा ४७ को उपदफा (२) मा उल्लिखित विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याउनु पर्नेछ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पक्ष हाजिर हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम सो मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।

(६) न्यायिक समितिले आफू समक्ष परेको विवादमा वादीले प्रतिवादीको नाममा कुनै बैङ्क, कम्पनी, वित्तीय संस्था वा अन्य कुनै निकायमा रहेको खाता, निक्षेप वा प्रतिवादीले पाउने कुनै रकम यथास्थितिमा राखी कसैलाई भुक्तानी नगर्न नगराउन वा प्रतिवादीको हक भोगको कुनै अचल सम्पत्ति कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्नबाट रोक्का गर्नको लागि निवेदन दिएकोमा न्यायिक समितिले प्रारम्भिक जाँचबुझबाट सो बमोजिम गर्न उपयुक्त देखेमा अवधि तोकी रोक्काको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम रोक्का भएकोमा प्रतिवादीले त्यस्तो रोक्का फुकुवा गर्नको लागि न्यायिक समिति समक्ष निवेदन दिएमा सो समितिले त्यस्तो निवेदन बमोजिम रोक्का फुकुवा गर्न मनासिब देखेमा रोक्का फुकुवाको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी पठाएकोमा सो बमोजिम रोक्का फुकुवा गरी त्यसको जानकारी न्यायिक समितिलाई दिनु पर्नेछ ।

(८) दफा ४७ बमोजिम न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नी बीचको वा जेष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्नेछः–

(क) पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,

(ग) पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,

(घ) पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन,

(ङ) पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन ।

(९) दफा ४७ बमोजिमको कुनै विवाद सम्बन्धमा न्यायिक समितिमा कुनै निवेदन परेकोमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष प्रतिवादी उपस्थित हुनु पर्ने म्याद किटिएको भए सोही म्यादभित्र र म्याद किटिएको नभएमा बाटाका म्याद बाहेक पन्ध्रदिनभित्र प्रतिवादी आफै वा आफ्नो वारेसमार्फत लिखित व्यहोरासहित न्यायिक समिति समक्ष उपस्थित हुनु पर्नेछ ।

(१०) दफा ४७ बमोजिमको विवादमा न्यायिक समितिले मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्नेछ ।

(११) कुनै वडामा एकभन्दा बढी मेलमिलाप केन्द्र भएमा न्यायिक समितिले विवादको पक्षहरूले रोजेको वा सो विषयमा पक्षहरूबीच सहमति नभएमा सो वडाको कुनै मेलमिलाप केन्द्रमा मेलमिलापद्वारा विवाद समाधानको लागि पठाउन सक्नेछ ।

(१२) न्यायिक समितिले विवादको निवेदनमा कारबाही र किनारा गर्दा निवेदनको दर्ता, त्यस्तो विवादको आवश्यक जाँचबुझ तथा कारबाही, म्याद तामेली, पक्षहरू उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, विवादको किनारा गर्नु पर्ने अवधि, लगत कट्टा गर्ने लगायतका विवादको निरूपण सम्बन्धी अन्य कार्यविधि स्थानीय कानून बमोजिम हुनेछ ।

**५०. लिखित जानकारी दिनु पर्ने :** न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

**५१. पुनरावेदन गर्न सक्ने :** न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**५२. मिलापत्र वा निर्णय कार्यान्वयन गर्ने :** (१) कार्यपालिकाले न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको तत्काल कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(२) न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णय कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

**५३. अभिलेख राख्नु पर्ने :** (१) गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(२) न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नु पर्नेछ ।

**(क्रमशः)**



आफन्तीको कथा



विनय कुमार कसजू

## अनौठो उपचार

आफन्ती सिपालु वैद्य पनि थिए । उनीकहाँ बिरामीहरू औषधी उपचारका लागि बेलाबेलामा आउँथे । एक दिन एक जना मोटो व्यापारी उनीकहाँ आयो । ऊ साह्रै मोटाएर हिँडन पनि गाह्रो भएको थियो । ऊ हिँडेको देख्दा मानिसहरू हेर भकारी हिँडेको भनेर गिज्याउँथे ।


मोटो व्यापारीले आफू धेरै मोटाएर हिँडडुल गर्न नसकेकोले उपचारको लागि आएको भन्दै आफन्तीसँग औषधी लेखेर दिन अनुरोध गऱ्यो ।

आफन्तीले व्यापारीलाई पाइतलादेखि टाउकोसम्म नियालेर हेरे अनि औषधीको नाम लेख्ने पुर्जामा औषधीको नाम लेखेर व्यापारीको हातमा राखिदिए । त्यो पुर्जामा यस्तो लेखिएको थियो : 'पन्ध्र दिनभित्र तिम्रो मृत्यु हुनेछ ।'

पुर्जा पढेर व्यापारी छाँगोबाट खसेझैं भयो । घर पुगेर ऊ ओछ्यानमा पल्ट्यो । मर्ने पिरले उसले खानपिउन छोड्यो । उसलाई निद्रा पनि लाग्न छाड्यो । पन्ध्र दिनभित्र ऊ दुब्लाएर हाडछालामात्र बाँकी रह्यो ।

पन्ध्र दिन कटेपछि व्यापारी आफन्तीकहाँ गयो र रिसाउँदै भन्यो, 'आफन्ती, तिमीले त मलाई पन्ध्र दिनभित्र मर्छ भनेथ्यौ । तर म ज्युँदै छु । किन मलाई धोका दिएको ?'

'भो मलाई छक्काउने कोसिस नगर । मैले दिएको औषधीको पुर्जालेगर्दा नै तिम्रो जिउको बोसो हराएर तिमी निको भएका हौ । खुरुक्क मेरो फिस निकाल ।'




**Henry Ambrose Oldfield's**

# SKETCHES FROM NIPAL 58

## CHAPTER XXV.

Blood having thus been shed, the fierce passions of those present were excited beyond all control. Everyone distrusted his neighbour, and, in self-defence, all who had arms drew them and prepared, if necessary, to sell their lives as dearly as possible. The confusion was extreme in the small, low, and badly lighted apartments and passages of the building. In an instant swords were used, more blood was shed, and a promiscuous melee ensued, which, as a large number of the assembly were unarmed, soon became a slaughter rather than a fight. A party of Jang's followers and personal attendants, armed with double barrelled guns, forced their way into the building, determined to defend their master and his brothers to the last. Round them those of the Thappa party rallied, and, with Jang at their head, commenced firing on all who seemed opposed to them. It was a moment when Jang felt that all who were not friends to him must be enemies, and all present who were not members of, or known to be attached to, his party were ruthlessly shot or cut down. Some were saved by Jang's brothers, who put them out of the Kot by a small doorway at its back.

### SUBSEQUENT SLAUGHTERS

As soon as the death of Abhiman Rana was known, his troops and followers, in alarm, fled; so that Jang's own corps, named after Kali Baksh, had little difficulty in gaining possession of the quadrangle sur- rounding the Kot, the outlets of which they secured, and then opening their fire, they picked off, with little danger or loss to themselves, all members of the assembly, armed or unarmed, who were opposed to them. Those who took refuge inside the Kot were shot or cut down by the party who had rallied round Jang in person; those who came out into the quadrangle were at once slaughtered by the men of his regiment, who were in possession of it on every side. The massacre was quickly over, as resistance was feeble and unavailing. While it lasted, the Queen stood at the open window of the uppermost story, urging on the soldiers, and calling out to them, "Kill and destroy my enemies." The bodies of the slain were heaped up together, without reference to rank, and nearly filled the small quadrangle surrounding the Kot.

Before the slaughter was well over, the Queen conferred the office of Premier and Commander-in-Chief upon General Jang Bahadur; and he presented to her his nazar of acknowledgment. The Queen remained in the upper story of the Kot, a calm and unmoved witness of the horrors that were perpetrated below, till daybreak, when Jang conducted her to the Hanuman Dhoka Palace, and then he proceeded to present his nazar, and pay his respects as Premier, to the King and the prince. The King angrily demanded of him, "By whose order have so many chiefs and officers of the State been slaughtered?" Jang replied, "Everything has been done by the orders of the Queen, to whom your Majesty yourself made over sovereign power."

The King hastily repaired to the Rani for an ex- planation of her conduct, but he found that royal tigress, who, when inflamed by the passion of revenge, had been an unmoved spectator of the past night's bloody massacre, now overcome by the natural feelings of her sex, and absorbed in grief at the loss of her lover. An angry altercation ensued, in which the Queen assured him that the only way to avoid further bloodshed would be to place the elder of her own two sons upon the throne. No satisfactory agreement being come to, the King, fearful for his own life, left her and accompanied by Sardar Bhowani Singh and Captain Karbir Khatri, started towards Patan, with the intention of proceeding to Benares.

As soon as the first outbreak of grief was over, the Queen sent for Jang and for Kaji Birdhig Bashniat, and ordered them to confiscate the property of all the Sardars and officers who had been killed or had fled, and to expel their families, wives, and children from the country*; and also, to put the Heir Apparent and his brother under strict surveillance, and allow no one to approach them.

---

* This order was executed to the letter. Each individual was allowed to carry away one bundle only of his personal property or clothing. A few days afterwards, by Jang's influence and mediation, the expelled families of the fallen chiefs, mostly Chautras, the male branches of which family were nearly exterminated in the fray, were recalled; but they refused to return, and proceeded on to the plains. All persons detected remaining concealed in Nipal, after ten days, were threatened with death.

**(To be continued)**

सम्पादकको पृष्ठ

# उद्देश्य पूर्तिमा सही र ठोस पाइला

नेपाल मजदुर किसान पार्टीले स्थानीय तहको निर्वाचनमा जारी गरेको घोषणापत्रको कार्यान्वयनमा भक्तपुर नपाले अर्को सफलता प्राप्त गरेको छ। भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सफाइ, सम्पदालगायत खेलकुद क्षेत्रलाई प्राथमिकताका साथ महत्त्व दिँदै आएको तथ्य सर्वविदित छ।

युवा एवं विद्यार्थीलगायतको शारीरिक एवम् मानसिक विकास, देशको खेलकुद क्षेत्रलाई टेवा दिन भक्तपुर नपाले स्थिति पूर्ण अनुकुल नहुँदा पनि आफ्नो प्रतिवद्धता पूरा गरेको छ। विश्वव्यापी कोभिड महामारीको कारण खेलकुद प्रतियोगिता समयमै आयोजना गर्न स्थिति प्रतिकुल थियो। स्थिति केही सहज भएको अवसर पारेर यस पटक अन्तर नगर बुद्धिचाल प्रतियोगिताको आयोजना सफलताका साथ सम्पन्न गरेको छ। लामो समयको बन्दाबन्दीको कारणले पनि नाम दर्ता गराएका नपाहरू पनि प्रतिस्पर्धामा सहभागी हुन नसकेको देखिन्छ। यद्यपि वर्तमान र पूर्वच्याम्पियनलगायतका उत्कृष्ट खेलाडीहरूको सहभागीताले अन्तर नगर प्रतियोगिताको आयोजना उपलब्धिमूलक रहेको छ। यस तथ्यलाई बुद्धिचालसँग आवद्ध र खेलाडीहरूले सहर्ष व्यक्त गरेका छन्।

स्मरणीय छ स्थानीय तहको निर्वाचनपछि भक्तपुर नपाले पहिलो वर्ष भलिबल, दोस्रो वर्ष सितेरियो कराँते, तेस्रो वर्ष एथ्लेटिक्सको अन्तरनगर प्रतियोगिता सम्पन्न गरेको थियो।

अन्तर नगर बुद्धिचाल प्रतियोगिताकै समयमा नगरव्यापी विद्यालयस्तरीय विभिन्न १० खेल नपाका १० वडाले सफलताका साथ आयोजना गरेको थियो। विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा भलिबल, टेबुलटेनिस, उसु, कबड्डी, टेक्वाण्डो, कराँते, एथ्लेटिक्स, ब्याटमिन्टन, फुटसल र खो खो समावेश गरिएको थियो। यसरी महामारीको सन्त्रासको केही सहज वातावरणमा भक्तपुर नगर खेलकुदमय बनेको थियो।

खेलकुदको विकासको लागि भक्तपुर नपाले भलिबल, फूटबल, टेबुलटेनिस, बक्सिङ, कराँते, जिम्नेस्टिक गरी ६ खेलको नियमित प्रशिक्षण, विद्यालयहरूमा पूर्णकालीन शिक्षकको व्यवस्था, कर्भड हलको निर्माण गरिरहेको छ भने १० ओटै वडामा निःशुल्क व्यायामशालाहरू स्थापना गरेको छ। यी कार्यबाट खेललाई जीवनको अभिन्न अङ्ग बनाउने, नगरवासीलाई स्वस्थ बनाउने र समाजलाई सभ्य र सुसंस्कृत बनाउने उद्देश्य पूर्तिमा सही र ठोस पाइला सावित हुने आशा छ।




अन्तर नगर बुद्धिचाल प्रतियोगितामा प्रथमको पुरस्कारसहित हेटौंडा उपमहानगरपालिकाको टोली



अन्तर नगर बुद्धिचाल प्रतियोगितामा दोस्रो हुन सफल ललितपुर महानगरपालिकाको टोली



अन्तर नगर बुद्धिचाल प्रतियोगितामा तेस्रो हुन सफल काठमाडौं महानगरपालिकाको टोली



भाजुपुखुमा निर्माणाधीन जलेश्वर मन्दिर र सेरोफेरोको प्रारुप

